# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **गोविन्दराज भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

वि.सं. २०१० साउन १० गते मेची अञ्चलअन्तर्गत पाँचथर जिल्लाको फलैँचामा जन्मेका गोविन्दराज भट्टराई नेपाली साहित्यका आख्यानकार, निबन्धकार, समालोचक र अनुवादक हुनाका साथै बहुमुखी प्रतिभा हुन् । २०३१ साल साउन १५ को **गोरखापत्र**मा 'नदीका दुई किनारा' शीर्षकको कथाबाट नेपाली साहित्यमा कलम चलाएका भट्टराईका हालसम्ममा **मुगलान** (२०३१), **मणिपुरको चिठ्ठी** (२०३४) र **सुकरातका पाइला** (२०६३) उपन्यास, **तीनधारा** (२०३५ सह.) तीनजनाको संयुक्त कथासङ्ग्रह, **एक्लै एक्लै एक्लै** (२०६०) र **विश्वविद्यालयमा अग्निपूजा** (२०६१) निबन्धसङ्ग्रह, **काव्यिक आन्दोलनको परिचय** (२०३९), **पश्चिमी बलैँसीका बाछिटा** (२०६१), **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** (२०६१) र **उत्तरआधुनिक ऐना** (२०६२) चारवटा समालोचनात्मक कृतिहरू प्रकाशित भएका छन् ।

## १.४ समस्याकथन

नेपाली साहित्यमा आख्यानकार, अनुवादक, निबन्धकार र समालोचकका रूपमा स्थापित भएका भट्टराई नेपाली साहित्यलाई सङ्ख्यात्मक मात्र होइन, गुणात्मक दृष्टिले पनि उत्कर्षता प्रदान गर्ने कार्यमा निरन्तर लागिरेहका छन् । उनी नेपाली साहित्यमा स्रष्टा र द्रष्टाका रूपमा देखिन्छन् । यसरी विभिन्न क्षेत्रमा भट्टराईको योगदान महत्त्वपूर्ण रहेका अवस्थामा उनका बारेमा सामान्य चर्चा एवम् विभिन्न पत्रपत्रिकामा अन्तर्वार्ता र छिटफुट रूपमा जेजस्तो अवस्थामा अध्ययन-विश्लेषणबाहेक गहन रूपमा अध्ययन भएको पाइँदैन । त्यसैले भट्टराईको जीवनी, व्यक्तित्व र कृतिका बारेमा विस्तृत अध्ययन गर्नु यस शोधकार्यको समस्या हो । तसर्थ प्रस्तुत शोधकार्य भट्टराईका बारेमा निम्नलिखित समस्याहरूसँग सम्बद्ध भएको छ । ती समस्याहरूलाई प्रश्नात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ :

(क) गोविन्दराज भट्टराईको जीवनी केकस्तो छ ?

(ख) गोविन्दराज भट्टराईको व्यक्तित्व केकस्तो छ ?

(ग) गोविन्दराज भट्टराईको साहित्यिक यात्रा केकस्तो छ ?

(घ) गोविन्दराज भट्टराईका कृतिहरू केकति र केकस्ता छन् ?

उक्त समस्याहरूमा केन्द्रित रही स्पष्ट, सुव्यवस्थित एवम् वैज्ञानिक व्याख्या-विश्लेषणका लागि प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.५ शोधकार्यका उद्देश्यहरू

विशेषतः शोधसमस्याका क्रममा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य रहने हुनाले प्रस्तुत शोधकार्यको समस्याको सुव्यस्थित एवम् वैज्ञानिक ढङ्गले व्याख्या-विश्लेषण र समाधान के कसरी गर्ने ? भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्न निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) भट्टराईको जीवनीको अध्ययन गर्ने,

(ख) गोविन्दराज भट्टराईको व्यक्तित्वको अध्ययन गर्ने,

(ग) गोविन्दराज भट्टराईको साहित्यिक यात्राको अध्ययन गर्ने,

(घ) गोविन्दराज भट्टराईका कृतिहरूको अध्ययन गर्ने ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपालको पूर्वाञ्चलमा जन्मेर नेपाल एवम् भारतका विभिन्न स्थानमा शिक्षाग्रहण गरी विद्यावारिधि शिक्षा हासिल गरेका भट्टराईले नेपाली साहित्यमा उच्चतम मूल्य बोकेका उपन्यास, कथा र निबन्धको रचनाका साथै वर्तमान समयमा तीव्र रूपमा विकास भइरहेको उत्तरआधुनिकतावादी समालोचनालाई आत्मसात् गरी आफूलाई उत्तरआधुनिकतावादी समालोचकका रूपमा स्थापित गर्न सफलीभूत व्यक्तित्व देखिन्छन् । नेपाली साहित्याकाशमा स्रष्टा र द्रष्टा दुवैक्षेत्रलाई भट्टराईले कार्यक्षेत्रभित्र समेटेका छन् । नेपाल र नेपाली साहित्यलाई पाश्चात्य साहित्यभन्दा तल्लो दर्जामा हेर्नुहुन्न भन्ने भट्टराईका बारेमा केही विद्वान् तथा समालोचकहरूले परिचयात्मक रूपमा सामान्य जानकारी गराए तापनि उनका बारेमा विस्तृत र सुव्यस्थित रूपमा अनुसन्धान भने भएको पाइँदैन । यिनका कृतिहरूको विस्तृत विश्लेषण र मूल्याङ्कन पनि भएको देखिदैँन । यिनका बारेमा जेजति अध्ययन-विश्लेषण भएको छ त्यो केवल परिचयात्मक रूपमा मात्र भएको देखिन्छ । यसै क्रममा भट्टराईका बारेमा भएका चिनारी, भूमिका र कृतिविश्लेषणका केही पूर्वकार्यहरूको विवरण कालक्रमिक रूपमा तल चर्चा गरिएको छ :

पारिजातले **मुगलान** (२०३१) 'पारिजातको पत्र' लेखमार्फत गोविन्दराज भट्टराईप्रति आफ्नो धारणा व्यक्त गर्दै भनेकी छिन् : "विगत वर्षमा धेरैधेरै उपन्यासहरू चर्चिच भए, कति त अकारण पनि । कति त बिनायुगीन सन्दर्भ पनि मान्छेको हातहातमा महान् कृति भए । त्यस्ता खोक्र्याँईलाई समयको आवश्यकताले कता पन्छाउला, त्यो म यहाँ भन्दिन । कारण तपाइँजस्तो राजनीति नबुझ्रैरै शोषण बुझ्ने लेखकलाई त्यो कुरा थाहा पाउन धेरै लाग्दैन । ...एउटा सतही राजनैतिक दृष्टिकोण आफूसँग पाल्दापाल्दै पनि तपाइँको कलम स्वेच्छाचारी भएर एउटा शोषणको छाला पिल्साउने कथा लेख्न पुगेछ । गोविन्दज्यू कतैकतै यस्तो पनि हुन्छ" ।

**गोरखापत्र** (साउन ३, २०३२) मा उनको **मुगलान** (२०३१) उपन्यास र भट्टराईप्रति यस्तो भनिएको छ : "पल्टनमा भर्ती हुने रहरले केही रुपैयाँ लिई घरबाट भागी मुगलान

पुगेर ठगिने, दुःख पाउने र सारै हण्डर खाने नेपालका हाम्रा आँलाकाँचा तरुणाहरूको वास्तविक चित्र उतार्न भट्टराई यस उपन्यासमा सफल हुनुभएको छ" ।

**समीक्षा** (१६/३०, २०३२) मा भट्टराईलाई बधाई दिँदै उनको **मुगलान** उपन्यासका बारेमा यसरी टिप्पणी गरिएको छ : "यस उपन्यासका केही सबल पक्ष छन् । जसका निम्ति लेखक बधाइका पात्र छन् । ती पक्ष के-के हुन् भने यसले नेपालीको दुरुहतावादी र नारावादी दुवै परम्पराबाट पर बसेको छ । यो न मञ्जुल राल्फाको **छेकु डोल्मा**को अनुकरण हो न **रातो किताब**को उपदेश घोकेर लेखिएको हो । यो मध्यमवर्गीय गुलशन नन्दा प्रेमीहरूले रुचाउने खालको तरुनीको पसिना गह्नाउने पुस्तक पनि होइन । यो त नेपाली तन्नेरीहरूको करुण कथा हो । यसमा केही काम र माम खोज्ने नेपालीहरूको यो मार्मिक कथा हो"

**युगभाषा** (पूर्णाङ्क ९, २०३२) मा '**मुगलान** उपन्यासको चिनारी' लेखमा **मुगलान** उपन्यासबारे यसरी विश्लेषण गरिएको छ : "वर्तमान औपन्यासिक लाक्षणिक मान्यताहरूसँग निकट सम्बन्ध राख्दैन **मुगलान**ले । यसको कारण लेखकका भावी कृतिहरूले बताउने छ । लेखकले यसै पाराले विकास गरे भने हामीले उनको मौलिकतामा विश्वास गर्नेछौं, नत्र भने लेखकको सिकारुपन हो भनेर चित्त बुझाउनु पर्नेछ । जे होस् एउटा विवादकै विषय बन्नेछ **मुगलान** । समालोचकहरूले चासो राख्नुपर्ने उपन्यास छ" ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०३४) मा आधुनिक नेपाली उपन्यासको तीस दशकदेखिका उपन्यास तथा उपन्यासकारहरूको उल्लेख गर्ने क्रममा तीसको दशकका सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा भट्टराईको नाम उल्लेख गरेको पाइन्छ ।

डा. चन्द्रशेखर दुबे इम्फालले **नेपाली साहित्य : एक सर्वेक्षण** (२०३८) मा गोविन्दराज भट्टराईलाई लेखनाथको **तरुणतपसी** र देवकोटाको **मुनामदन**सँग उनको **मुगलान** उपन्यासलाई तुलनागर्दै **मुगलान** उपन्यासबारे यसो भनेका छन् : "गोविन्दराज भट्टराईले अब केही गर्ने आवश्यकता छैन अथवा **मुगलान**मा त्रुटि छैन वा **मुगलान** अत्यन्त विशिष्ट, निष्कलङ्क र पूर्ण छ । लेखकको प्रथम प्रयासको मूल्याङ्कन भावपक्षको आधारमा हुनुपर्छ । कलापक्षको आधारमा हैन । **मुगलान**को भावपक्ष सरल, सरस र सबल छ र हृदयप्रधान जीवनको यथार्थ, काल्पनिक वा बुद्धिवादी यथार्थ होइन । भोगेको यथार्थमा आधारित छ । लेखकले यस्तो उपन्यास लेखेर गर्वको अनुभव गर्छ भने सर्वथा स्वभाविक हो" ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले **नेपाली कविता र आख्यान** (२०५५) मा सामाजिक यथार्थवादी उपन्यासकारहरूका रूपमा भट्टराईको पनि नाम उल्लेख गरेका छन् ।

तारानाथ शर्माले **नेपाली साहित्यको इतिहास,** चौ. सं. (२०५६) मा क्रान्तिउत्तर युगमा भट्टराईको उल्लेख गर्दै उनका दुईवटा उपन्यास कृति **मुगलान** र **माणिपुरको चिठ्ठी**को नाम लिएका छन् ।

कृष्णहरि बराल र नेत्र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०५६) मा गोविन्दराज भट्टराईलाई नेपाली उपन्यासको आधुनिक कालअन्तर्गत सामाजिक यथार्थवादी उपन्यासकारहरूको नामोल्लेख गर्ने क्रममा भट्टराईको नाम पनि उल्लेख गरेको पाइन्छ ।

खगेन्द्रप्रसाद लुइटेलले **आधुनिक नेपाली समालोचना** (२०५७) मा नेपाली समालोचकहरूको नामोल्लेख गर्ने क्रममा भट्टराई प्रभाववादी समालोचक हुन् भनेर भनिएको छ ।

हेमराज अधिकारीले **साहित्यसागर** (७/१/२०६१) मा भट्टराईप्रति यस्तो धारणा व्यक्त गरेका छन् : "शालीन व्यक्तित्व र सरल व्यवहारका धनी गोविन्दराज भट्टराई कवि, आख्यानकार, निबन्धकार, समालोचक र अनुवादकका रूपमा सुपरिचित हुनुहुन्छ । उहाँका निबन्ध र नियात्राहरू पनि कम घतलाग्दा छैनन् । नेपाली साहित्यमा भित्रिएको लीलालेखनलाई पर्गेल्न र चर्चामा रहेको उत्तरआधुनिकतालाई अर्थ्याउन उहाँको कलम तीव्र रूपमा दौडिरहेको छ भने अनुवादका माध्यमबाट नेपाली साहित्य स्रष्टालाई अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याउने प्रशंसनीय कार्य पनि उहाँबाट हुदै आएको देखिन्छ" ।

दयाराम श्रेष्ठले **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** (२०६१) को भूमिकामा भट्टराईप्रति आफ्नो धारणा व्यक्त गर्दै : "गोविन्दराज भट्टराईको बुझाइ र मेरो बुझाइप्रति कति पनि वैचारिक दूरी छैन । उहाँले जसरी कथाकार ध्रुवचन्द्र गौतमलाई बुझ्न र बुझाउन खोज्नु भएको छ; उहाँको बुझाई परम्परावादी किसिम वा प्रणालीको नभएर नितान्त नवीन शैलीको छ । कथाकारहरूलाई जसरी हामीले बुझ्न सक्नुपर्थ्यो, बुझाउन नसक्नुको कमजोरीलाई भट्टराईले हटाइदिनु भएको छ । कथातत्त्वका आधारमा प्राध्यापकीय समालोचना गर्न तम्सने विवेचकहरूले यो कृति पढेर कथाभित्र के खोज्नुपर्दछ भनेर सिक्नुपर्दछ । बढी शास्त्रीयतावादी हाम्रो पुरातन स्वभाव र शैलीमा परिवर्तन गर्नुपर्दछ भन्ने सोच उहाँले यस कृतिमार्फत दर्साउनु भएको छ" भनी चर्चा गरेका छन् ।

मोहनराज शर्माले **गरिमा** (२४/७/२०६३) मा '**उत्तरआधुनिक ऐना**मा टल्केका प्रतिविम्ब' शीर्षकको समालोचनात्मक लेखमा "भट्टराईले क्रमबद्ध प्रयास गरेर लगातार उत्तरआधुनिकतालाई बुझाउने र त्यस आधारमा वर्तमान लेखनमा आएको नौलोपनलाई रेखाङ्कित गर्नाका साथै पुरानो लेखनबाट नयाँ लेखन कसरी एकैसाथ जोडिएको अनि अलग्गिएको छ भनेर छर्ल्लङ्ग्याउने काम गरेका छन्" भनी चर्चा गरेका छन् ।

कुमारप्रसाद कोइरालाले **गरिमा** (२४/९, २०६३) मा 'गरिमा साक्षात्कार' शीर्षकमा भट्टराईप्रति यसो भनेका छन् : "करिब दुईदर्जन जति कृतिका सर्जक प्रा. डा. गोविन्दराज भट्टराई साहित्यसिर्जना र समालोचनारचनामा समान रूपमा कलम चलाउने वर्तमान समयका अग्रणी साहित्यकार हुन्" ।

लक्ष्मणप्रसाद गौतमले **गरिमा** (२५/१/२०६३) मा 'उत्तरआधुनिक ऐनामा प्रतिबिम्बित आजको नेपाली साहित्य' शीर्षकको लेखमा **उत्तरआधुनिक ऐना** नेपाली साहित्यलाई उत्तरआधुनिक आँखाबाट हेरिएको एउटा सानो संसार हो, जहाँबाट नेपाली साहित्यको वर्तमानलाई राम्ररी नियाल्न सकिन्छ । प्रस्तुत कृतिमा सहज र सरल भाषाप्रयोग गरिएको छ । यो ग्रन्थ नेपाली समालोचनाको पछिल्लो चरणको एउटा सशक्त निर्णायक मोड हो र यसले नेपाली समालोचनालाई एउटा नयाँ धार र दिशा दिएको छ भनेर चर्चा गरेका छन् ।

मोहनराज शर्माले **गरिमा** (२५/४/२०६३) मा 'नौलो औपन्यासिक पाइलो : **सुकरातका पाइला**' शीर्षकको लेखमा "गोविन्दराज भट्टराईको **सुकरातका पाइला** नामक कृतिले द्वन्द्व एवम् युद्धको महागाथात्मक वर्णन गरेर वर्तमान मानवीय दुःखकष्टको पहाड खोस्रिने काम गरेको छ । नेपाली उपन्यासका क्षेत्रमा यो एउटा नौलो प्राप्ति हो र नेपाली साहित्यजगत्मा यो एउटा नवीन उपलब्धि हो" भनेर **सुकरातका पाइला** कृतिका बारेमा चर्चा गरेका छन् ।

यसरी विभिन्न विद्वान् तथा समालोचकहरूले भट्टराईका बारेमा परिचयात्मक रूपमा सामान्य जानकारी गराए तापनि कृतिहरूको विस्तृत विश्लेषण-मूल्याङ्कन भएको देखिन

आउँदैन त्यसैले यस शोधकार्यमा भट्टराई र उनका कृतिहरूको विस्तृत विश्लेषण-तुलना एवम् मूल्याङ्कन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई उनका तिनै क्षेत्रको विस्तृत, वैज्ञानिक एवम् सुव्यवस्थित रूपमा विश्लेषण र मूल्याङ्कन यस शोधकार्यमा गरिएकाले आउने पिँढीलाई उनका बारेमा तथा उनका कृतित्वका बारेमा वस्तुगत एवम् प्रामाणिक जानकारी उपलब्ध हुनेछ । प्रस्तुत शोधपत्रको अध्ययनबाट उनका बारेमा जान्न इच्छुक व्यक्ति, सङ्घसंस्थाहरूका लागि सैद्धान्तिक एवम् व्यावहारिक रूपमा तथ्य पस्तुत गरिएकाले अनुसन्धानका क्षेत्रमा यसको महत्त्व रहेको छ । यसरी नै नेपाली साहित्यको इतिहासलेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा यस शोधपत्रले भट्टराईको स्थान निर्धारण गर्न पनि सहयोग पुऱ्याउनेछ । उपर्युक्त विविध दृष्टिकोणले प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

गोविन्दराज भट्टराईको जीवनी र व्यक्तित्वका विविध पाटाहरूलाई यस अध्ययनमा समेटिएको छ । उनका नेपाली, अङ्ग्रेजी र अनुवादसम्बन्धी विविध विषयका कृति तथा लेखरचनाहरू प्रकाशित भएका छन् भने ती कृति तथा लेखहरूलाई यसै शोधपत्रको दोस्रो परिच्छेदमा सूचीबद्ध गरिएको छ । उनका अङ्ग्रेजी भाषामा प्रकाशित भएका कृतिहरू, अनुवाद क्षेत्रका कृतिहरू र विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका नेपाली तथा अङ्ग्रेजी भाषाका लेखहरूको विश्लेषण यहाँ गरिएको छैन भने यहाँ उनका नेपाली भाषामा प्रकाशित भएका कथा, उपन्यास र समालोचनात्मक कृतिहरूको मात्र विश्लेषण गरिएको छ ।

## १.९ सामग्रीको सङ्कलनविधि

प्रस्तुत शोधपत्रमा विशेष गरी सामग्रीसङ्कलनका लागि पुस्तकालयीय पद्धतिको प्रयोग गरिएको छ । यसका साथै शोधनायक एवम् उनका आफन्तसँग पनि आवश्यकतानुसार अन्तर्वार्ताको प्रयोग गरिएको छ । उनलाई विशेष रूपमा चिन्ने प्राध्यापक एवम् गुरुहरूसँग पनि उनका बारेमा यथोचित रूपमा सरसल्लाह लिएर प्रस्तुत शोधपत्र तयार गरिएको हो ।

## १.१० शोधविधि

प्रस्तत शोधपत्रको सङ्कलित सामग्रीलाई विशेषगरी परम्परित पद्धतिको प्रयोग गरी विश्लेषण गरिएको छ । यसका साथै सङ्कलित सामग्रीको अवस्था हेरेर ऐतिहासिक, वर्णनात्मक, तुलनात्मक, विश्लेषणात्मक आदि शोधविधिहरू यथोचित रूपमा प्रयोग गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रका संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा तयार पार्न निम्नलिखित परिच्छेदहरूमा वर्गीकरण गरी अध्ययन गरिएको छ साथै शोधपत्रको अन्तिम संरचना पनि निम्नलिखित परिच्छेदगत रूपमा विभाजन गरी सम्पन्न गरिएको छ :

पहिलो परिच्छेद : **शोधपरिचय**

दोस्रो परिच्छेद : **गोविन्दराज भट्टराईको जीवनी**

| | | |
|---|---|---|
| तेस्रो परिच्छेद | : | **गोविन्दराज भट्टराईको व्यक्तित्व** |
| चौथो परिच्छेद | : | **गोविन्दराज भट्टराईको साहित्ययात्रा** |
| पाँचौं परिच्छेद | : | **गोविन्दराज भट्टराईका आख्यानात्मक कृतिहरूको विश्लेषण** |
| छैटौं परिच्छेद | : | **गोविन्दराज भट्टराईका निबन्धात्मक कृतिहरूको विश्लेषण** |
| सातौं परिच्छेद | : | **गोविन्दराज भट्टराईका समालोचनात्मक कृतिहरूको विश्लेषण** |
| आठौं परिच्छेद | : | **उपसंहार** |
| | | **सन्दर्भग्रन्थसूची** |

# दोस्रो परिच्छेद
# गोविन्दराज भट्टराईको जीवनी

## २.१ जन्म र जन्मस्थान

गोविन्दराज भट्टराईको जन्म मेची अञ्चलअन्तर्गत पाँचथर जिल्लाको फलैजा गा. वि. स. मा २०१० साउन १० मा भएको थियो । उनका पिता पं. टेकनाथ भट्टराई र माता मन्दोदरा हुन् भने उनका दाजुहरू तुलसीप्रसाद र कमलराज हुन् । साहिँलो छोराका रूपमा जन्मिएका गोविन्दराज भट्टराईका बहिनीहरू पद्मा, चन्द्रा, गङ्गा, माधवा र शशी रहेका छन् भने भाइहरूमा क्रमशः ईश्वरी, नारायण, खगेन्द्र र देवेन्द्र हुन् ।[१]

## २.२ बाल्यकाल

भट्टराईको बाल्यकाल जन्मस्थान पाँचथर जिल्लाको फलैचा, च्याङ्थापु र ताप्लेजुङ जिल्लाको सिकैजा, फावाखोलाका विभिन्न स्थानहरूमा बितेको पाइन्छ ।[२] भट्टराई बाल्यकालमा पौडी खेल्न, ऐँसेलु खान, उफ्री खेल्न मन पराउँथे ।[३] विभिन्न साथी र भाइहरूका साथमा जन्मस्थानका प्राकृतिक वातावरणको रमाइलो संसारमा खेल्दै उनको बाल्यकाल बितेको थियो ।[४]

## २.३ शिक्षादीक्षा

### २.३.१ अक्षरारम्भ र प्राथमिक शिक्षा

गोविन्दराज भट्टराईले आफ्नै हजुरबाबाट ६ वर्षको उमेरमा अक्षरारम्भ गरेका थिए ।[५] हजुरबा शिवनिधिले काठको फलेकका पाटीमा धुलौटो भरेर लेखेका अक्षर हेर्दै त्यसैमा डाम बसाउँदै अक्षर चिन्ने खिप्ती गरेको देखिन्छ ।[६] मट्टितेलको अभावमा बाँसका झिक्रा, ढोड आदि बाल्दै; त्यही उज्यालोमा अगेनाको डिलमा बसी अक्षरसम्म चिनेका भट्टराईले राम्ररी स्वर-व्यञ्जनवर्णलाई चिनेपछि बुबाले ८ वर्षको उमेरमा च्याङ्थापुमा हरिमिडिल स्कुल गढीमा एकैचोटि दुई कक्षामा भर्ना गरिदिएका थिए ।[७] उनको पढाइ असल भएका कारण उनलाई विद्यालयले दुई कक्षाबाट एकैचोटि ४ कक्षामा फड्को लगाइदिएको थियो ।[८] चार कक्षा र पाँच कक्षाको अध्ययन पूरा भएपश्चात् पुनः पाँच कक्षाबाट सात कक्षामा फड्को मारेका थिए ।[९] यसरी भट्टराईले १२ वर्षको उमेरमा यस स्कुलबाट कक्षा ७ सम्मको अध्ययन

---

१. गोविन्दराज भट्टराईबाट प्राप्त जानकारीअनुसार ।

२. ऐजन ।

३. ऐजन ।

४. ऐजन ।

५. ऐजन ।

६. ऐजन ।

७. ऐजन ।

८. ऐजन ।

९. ऐजन ।

पूरा गरेको देखिन्छ ।[१०] पितासँग झापा झर्नुअगि २०२३ सालसम्म उनले यही क्रमले समय बिताउँदै निम्न माध्यमिक तहसम्मको अध्ययन पूरा गरेका हुन् ।

## २.३.२ माध्यमिक तहको शिक्षा

२०२३ साल माघ महिनामा पिताजीहरू मधेशको झापास्थित दमकमा बसाइँ सरी बसोबास गर्न थालेको पाइन्छ ।[११] झापामा झरेपछि भट्टराईको माध्यमिक तहको शिक्षा झापाको घैलाडुब्बास्थित श्री आदर्श मा. वि. मा भएको देखिन्छ । २०२३ सालको माघ महिनामा १३ वर्षको उमेरमा यस स्कुलमा बुबाले कक्षा ८ मा भर्ना गरिदिएपश्चात् उनले यसै स्कुलबाट माध्यमिक तह कक्षा १० सम्मको अध्ययन पूरा गरे ।[१२] नयाँ ठाउँ, नयाँ वातावरण भए पनि आफ्नो प्रतिभाका कारण उनी दुईचार दिन अनौठाजस्ता देखिए पनि आफ्ना प्रशस्त साथी बनाउनसमेत सफल भएका थिए ।[१३] के. पी. ओलीजस्तो प्रतिभायुक्त साथी एवम् दाताराम सरजस्तो गुरुका सान्निध्यमा अध्ययन गर्न अवसर पाएका भट्टराईले २०२६ सालमा १६ वर्षको उमेरमा द्वितीय श्रेणीमा प्रवेशिका तह उत्तीर्ण गरेका थिए ।[१४] उनको आर्थिक स्थिति केही कमजोर भएकाले घैलाडुबामा रहेका आफन्तहरूले सहयोग गरेको र विद्यालयले उनलाई तीनवटै (८, ९, १०) कक्षामा छात्रवृत्तिसमेत दिएको जानकारी उनैसँग लिएको प्रश्नावली अन्तर्वार्ताबाट थाहा हुन आउँछ ।[१५]

## २.३.३ उच्चतहको शिक्षा

प्रवेशिका उत्तीर्ण गरेपछि भुटान पुगेका भट्टराईले भुटानमै २ वर्षसम्म अध्यापन गराएका भट्टराईले केही पैसा कमाई अध्यापनका निमित्त बनारसतिर प्रबासिएको देखिन्छ ।[१६] आफ्ना दाजुहरू पनि बनारस नै भएकाले भट्टराई पनि त्यहीँ पुगेका थिए ।[१७] २०२८ सालमा व्यक्तिगत .रूपमा आई. ए. को अध्ययन गर्न थालेका भट्टराईले २०२९ सालमा माध्यमिक शिक्षा परिषद् उत्तरप्रदेशबाट द्वितीय श्रेणीमा आई. ए. उत्तीर्ण गरेको देखिन्छ ।[१८]

२०२९ सालको अन्त्यतिर भारतको बाटो हुँदै चारदिनमा काठमाडौँ आइपुगी त्रि. वि. कीर्तिपुरमा बी. एड्. को पहिलो व्याचमा उनले भर्ना लिए ।[१९] ऐच्छिक विषय अङ्ग्रेजी र इकोनमिक्स विषय लिएर २०३१ सालमा भट्टराईले द्वितीय श्रेणीमा बी. एड्. उत्तीर्ण गरे ।[२०] बी. एड्. उत्तीर्ण गरेर झापा फर्केर पहिले श्री सरस्वती नि. मा. वि. बेलडाँगीमा र पछि श्री राधिका मा. वि. उर्लाबारी, मोरङ्गमा अध्यापन पेसामा लागेका भट्टराईले २०३४ सालमा व्यक्तिगत रूपमै त्रि. वि. बाट द्वितीय श्रेणीमा बी. ए. पनि उत्तीर्ण गरेका थिए ।[२१]

१०. ऐजन ।
११. ऐजन ।
१२. ऐजन ।
१३. ऐजन ।
१४. ऐजन ।
१५. ऐजन ।
१६. ऐजन ।
१७. ऐजन ।
१८. ऐजन ।
१९. ऐजन ।
२०. ऐजन ।
२१. ऐजन ।

बी. एड् र बी. ए. उत्तीर्ण गरी पुन. शिक्षण पेसामा लागेका भट्टराई २०३५ सालको अन्तिमतिर एम्. एड्. गर्न कीर्तिपुर आएका थिए ।[२२] त्रि. वि. कीर्तिपुरमा २०३५ सालदेखि अध्ययन गर्न थालेका भट्टराईले २०३७ सालमा अङ्ग्रेजीमा एम्. एड्. र एम्. ए. द्वितीय श्रेणीमै सँगैसँगै उत्तीर्ण गरेको पाइन्छ ।[२३]

२०५१ सालमा त्रि. वि. कीर्तिपुरमा प्राध्यापन गराउँदा गराउँदै भट्टराईले त्रि. वि. बाट विद्यावारिधिका निमित्ति छात्रवृत्ति पाएका थिए ।[२४] त्रि. वि. को सहयोगमा विद्यावारिधि गर्ने अवसर पाएका भट्टराईले २०५१ सालमा भारतको हैदरावाद विश्वविद्यालयमा विद्यावारिधिका निमित्त प्रवेश गरेका थिए ।[२५] अनुवादको निमित्त खुलेको सेन्टर फर अप्लाइड लिङ्गुइस्टिक्स एन्ड ट्रान्सलेसन स्टडिज नामक विभागमा उनी भर्ना भएको देखिन्छ ।[२६] २०५१ सालदेखि २०५४ सालसम्म अनुवाद विज्ञानको सैद्धान्तिक र वैज्ञानिक अध्ययन गरी **नेपाली कविताको अङ्ग्रेजी अनुवाद** नामक शीर्षकमा उनले विद्यावारिधिको उपाधि हासिल गरेको देखिन्छ ।[२७]

## २.४ व्रतबन्ध, विवाह तथा सन्तान

पूर्वीय पद्धतिअनुसार ब्राह्मण जातिको उपयनय संस्कार ८ वर्षको उमेरमा गर्नुपर्ने भनेर मनुस्मृतिमा भनिएअनुसार गोविन्दराज भट्टराईको व्रतबन्ध पनि ८ वर्षको उमेरमा भएको थियो ।[२८] आफू पण्डित भएका कारण शास्त्रीय नियमअनुसार नै छोराको उपनयन संस्कार गराएका टेकनाथ भट्टराईले छोरालाई मन्त्रदान पनि आफैँ गरेका थिए ।[२९]

भट्टराईको शुभ विवाह २०३८ साल पुष २८ वर्षको उमेरमा घनकुटा निवासी कृष्णप्रसाद वस्ती र सरस्वती वस्तीका तीन छोरीमध्ये जेठी छोरी अञ्जना वस्तीसँग सुसम्पन्न भएको थियो ।[३०] वस्तीहरू शिक्षित परिवारमा गनिएको देखिन्छ । अङ्ग्रेजीमा एम्. ए. तथा एम्. एड्. तहको शिक्षाध्ययन गरेकी अञ्जनाले पनि भारतको हैदरावाद विश्वविद्यालयबाटै **पेटागोजिक ग्रामर अफ् इङ्लिस एन्ड नेपाली भर्व फ्रेजेज** शीर्षकमा विद्यावारिधिको उपाधि हासिल गरेकी छिन् भने उनी वर्तमान समयमा त्रि. वि. को शिक्षाशास्त्र सङ्कायअन्तर्गत अङ्ग्रेजी शिक्षा विभागमा प्राध्यापनरत छिन् ।[३१] अञ्जना सानै उमेरदेखि मृदुभाषी, सरल स्वभाव र सहयोगी भावना भएकी नारी थिइन् र वर्तमानमा पनि उनको बानीव्यवहार उस्तै रहेको पाइन्छ ।[३२]

गोविन्द र अञ्जनाका सन्तानका रूपमा दुई छोरी सेवा र ऋचा जन्मिएका छन् ।[३३] सेवा वि. सं. २०४२ सालमा जन्मिएकी हुन् भने ऋचाको जन्म २०४४ सालमा भएको

---

२२. ऐजन ।
२३. ऐजन ।
२४. ऐजन ।
२५. ऐजन ।
२६. ऐजन ।
२७. ऐजन ।
२८. ऐजन ।
२९. ऐजन ।
३०. ऐजन ।
३१. ऐजन ।
३२. ऐजन ।
३३. ऐजन ।

थियो ।[३४] सेवा वर्तमानमा अङ्ग्रेजी विषयमा एम्. ए. प्रथम वर्षमा अध्ययनरत छिन् भने ऋचा अङ्ग्रेजी र पत्रकारिता विषयमा बी. ए. तेस्रो वर्षमा अध्ययनरत छिन् ।[३५]

## २.५ आर्थिक अवस्था

गोविन्दराज भट्टराईको जन्म सामान्य निम्नमध्यमस्तरीय परिवारमा भएको थियो ।[३६] परम्परित कृषिव्यवसायलाई नै अँगालेका उनीहरूको जग्जाजमिन प्रशस्त मात्रामा नभएको तथा भएको पनि धेरै उब्जनी हुने किसिमको भएकाले घरको आर्थिक अवस्था कमजोर नै रहेको देखिन्छ ।[३७] पहाडमा केही दुःख गरेर जीविकोपार्जन गर्नु पर्ने भएकाले भट्टराईका पिताले पहाड छाडेर परिवारलिई २०२३ सालमा मधेश झरेका थिए ।[३८] भट्टराईको परिबार झापाजिल्लाअर्न्तगत दमक आई बसोबास गर्न थालेको पाइन्छ ।[३९] पिता टेकनाथ भट्टराईले त्यहाँ आएर केही जमिन खरिद गरी कृषिव्यवसाय साथसाथै पण्डित्याइँ गरी आफ्नो परिवारको गुजारा चलाएका थिए ।[४०]

प्रवेशिका उत्तीर्ण गरेर भुटान पुगेका भट्टराईले भुटानदेखि लिएर नेपालका विभिन्न स्थानमा प्रा. वि., नि. मा. वि. र मा. वि. तहसम्मको अध्यापन गराउँदै एवम् अध्ययन गर्दै आफ्नो आर्थिक अवस्था केही मजबुत बनाउँदै लगेको पाइन्छ ।[४१] मा. वि. तहको शिक्षण पेसामा लागेको दस वर्षपछि २०३८ सालमा त्रि. वि. सेवा आयोग उत्तीर्ण गरेपछि त्रि. वि. अन्तर्गतका विभिन्न आङ्गिक क्याम्पसहरूमा प्राध्यापन गराउँदै आएका भट्टराईको आर्थिक अवस्था समुन्नत बन्दै गएको देखिन्छ ।[४२]

शिक्षण पेसा सँगसँगै प्रशासकीय क्षेत्रका विभिन्न पदमा समेत रही कार्य गर्दै आएका भट्टराईको वर्तमान समयको आर्थिक अवस्था सन्तोषजनक नै रहेको छ ।[४३] भट्टराईकी श्रीमती पनि त्रि. वि. शिक्षाशास्त्रअन्तर्गतकै अङ्ग्रेजी विभागमा प्राध्यापन गराउँदै आएकीले उनको कमाइले पनि भट्टराईको आर्थिक अवस्था मजबुत बनाउन सहयोग गरेको छ ।[४४] उनीहरूले वर्तमान समयमा दुई जनाको कमाइले कीर्तिपुरस्थित वार्ड नं. २ मा २०५८ सालमा लगभग आठआना जग्गा खरिद गरी दुईतलाको पक्की घर निर्माण गरी बसोबास गरिरहेका छन् ।[४५] कान्छा भाइ देवेन्द्र भट्टराईसमेत गरी पाँच सदस्यको परिवार रहेको र देवेन्द्रको आयआर्जनबाट समेत सहयोग प्राप्त छ । दुई छोरीको पढाइलाई व्यवस्थित गर्नु तथा घरखर्च गर्न उनीहरूको कमाइले आराम साथ पुगेको छ ।[४६] कम्प्युटर, टेलिफोन तथा मोबाइलजस्ता

३४. ऐजन ।
३५. ऐजन ।
३६. ऐजन ।
३७. ऐजन ।
३८. ऐजन ।
३९. ऐजन ।
४०. ऐजन ।
४१. ऐजन ।
४२. ऐजन ।
४३. ऐजन ।
४४. ऐजन ।
४५. ऐजन ।
४६. ऐजन ।

वैज्ञानिक उपकरणहरू जडान भएको भट्टराईको घर साजसज्जाले युक्त देखिन्छ । मोटर साइकल साधन समेत भएका भट्टराईको वर्तमानको आर्थिक अवस्था राम्रै रहेको देखिन्छ ।[४७] यसरी भट्टराईको परिवारले वर्तमानमा काठमाडौँजस्तो साधनसम्पन्न स्थानमा रहेर परिवारको गुजारा सजिलोसँग चलाएको देखिन्छ ।

## २.६ स्वभाव

गोविन्दराज भट्टराई बाल्यकालमा अन्तर्मुखी स्वभाव भएका व्यक्ति थिए । आफ्ना मनका कुराहरू प्रस्टसँग बाहिर ननिकाल्ने स्वभाव उनमा रहेको पाइन्छ ।[४८] यसै कारणले उनले बहिर्जगत्सँग सम्बन्ध राख्दै जीवनका अनुभूतिहरूलाई साहित्यमार्फत बाहिर निकालेको देखिन्छ ।[४९] उनी बाल्यकालदेखि नै अर्काको भलाइमा लागेका देखिन्छन् । भट्टराई अर्काको कल्याण हुन्छ भने जस्तासुकै कुरामा नाइनास्ति नगरी सहयोग गर्ने सरल स्वभावका धनी देखिन्छन् ।[५०] घरमा आएका मानिसको सोधीखोजी गर्ने, झर्को नमानी बोल्ने, बिना कुनै काम कतैँ नभौँतारिने स्वभाव भट्टराईमा रहेको पाइन्छ । भट्टराई मसिनो स्वरमा मीठो बोल्ने निकै चलाख व्यक्ति हुन् । उनी मान्छेलाई छिटै प्रभाव पार्न र काम लिनदिन सारै सिपालु छन् ।[५१] कामप्रति लगनशीलता भएका भट्टराई विद्यार्थी कालमा अत्यन्तै विनयशील, मृदुभाषी, नम्रस्वभाव, मिलनसार र स्वाभिमानी स्वभाव भएका व्यक्तित्व देखिन्छन् ।[५२] महत्त्वाकाङ्क्षाभन्दा आफूलाई धेरै टाढा राखेर साहित्यको सेवा गरी नेपाली साहित्यको समृद्धिका लागि मरिमेट्ने भट्टराईको विशेष गुण रहेको देखिन्छ ।[५३] सबैप्रति समान व्यवहार गर्नु, जातीयताका आधारमा कसैमाथि भेदभावको दृष्टि नराख्नु, सदाचार र सत्कर्ममा संलग्न रहनुजस्ता चारित्रिक विशेषता भट्टराईमा भेटिन्छ ।[५४] भट्टराई अनावश्यक विवादबाट परै रहन चाहन्छन् । बोल्दाखेरि ढिलो, गमेर र भरसक कुनै विवादमा नफँसिने गरी औपचारिक र सन्तुलित किसिमले तटस्थतापूर्वक बोल्ने स्वभाव भट्टराईमा देखिन्छ ।[५५] चर्को एवम् उग्ररोव र अहङ्कार पूर्ण शैली अथवा व्यङ्ग्यात्मक वा आक्षेपपूर्ण शैली उनको बोली, गफ र लेखाइमा पाइँदैन ।[५६] बोल्दाखेरि हल्का हाँस्दै बोल्ने भट्टराई जुनसुकै समयमा पनि साहित्यका कुनै पक्षको अध्ययन-विश्लेषण तथा साहित्यको सिर्जनामा समय व्यतीत गर्नु नै श्रेयस्कर ठान्दछन् । समग्रमा भन्नुभर्दा शिष्टता, भद्रता, विनयशीलता, शालीनता एवम् सहयोगी भावना भट्टराईमा पाइने चारित्रिक विशेषता हुन् ।

## २.७ रुचि

गोविन्दराज भट्टराईका रुचिका मूलक्षेत्र साहित्य, प्राध्यापन र प्रशासन सेवा नै हुन् । साहित्यिक कृतिहरूको रचना गर्नाका अतिरिक्त विशिष्ट साहित्यकारहरूका रचनाहरूको अध्ययन-विश्लेषण गर्नु तथा देश-विदेशका समसामयिक विषयहरूको मूल्याङ्कन गरी विश्लेषण गर्न रुचि राख्ने भट्टराई सङ्ख्यात्मक रूपमाभन्दा गुणात्मक रूपमा उत्कृष्ट

---

४७. ऐजन ।
४८. ऐजन ।
४९. ऐजन ।
५०. ऐजन ।
५१. ऐजन ।
५२. ऐजन ।
५३. ऐजन ।
५४. ऐजन ।
५५. ऐजन ।
५६. ऐजन ।

साहित्यरचना गर्न रुचि राख्दछन् ।[५७] भट्टराई हरसमय साहित्यको अध्ययन-विश्लेषण तथा सिर्जना गर्न रुचि राख्ने भएकाले उनका कृतिहरू गम्भीर, समसामयिक र सामाजिक विकृतिको जरो उखेल्ने प्रवृत्तिका रहेका देखिन्छन् ।[५८] साहित्यसिर्जना तथा विश्लेषणका निमित्त दिनको ८-९ घण्टा समय दिने भट्टराईले नेपाली साहित्यका विभिन्न क्षेत्रमा कलम चलाएका छन् ।[५९] जे लेखे पनि अनवरत रूपमा एकै बसाइमा लेख्न सक्ने भट्टराईको लेखनमा केही कसरमसर रहने गर्दछ ।[६०] दोस्रो, तेस्रो पटकसम्म साफी गर्नु पर्ने उनको लेखाइ रहे पनि सानासाना एकै नासका अक्षरहरू सुरुदेखि अन्त्यसम्म नै एक रूपको रहने गर्दछ ।[६१] केही केरमेट भए पनि व्यवस्थित र गुणात्मक लेखाइ भट्टराईका लेखनगत विशेषता रहेका छन् ।

धर्ममा त्यति गहिरो आस्था नराख्ने भट्टराई सामान्य रूपमा भने धर्म मान्दछन् ।[६२] उनी परम्परागत रूपमा कट्टरताका आधारमा धर्म नमानी समसामयिक परिस्थितिअनुरूप धर्मलाई पनि परिमार्जित गरेर मान्न रुचाउँछन् ।[६३] सामाजिक क्षेत्रमा रहेका विभिन्न विसङ्गतिलाई चिरफार गरेर देखाउनु, प्रवासमा रहेका नेपालीलाई स्वदेशको माया उमारेर देशप्रेमको शिक्षा दिनु, कुनै वाद, प्रणाली र कुराको चुरो के हो ? भनेर खोजी गरी त्यससम्बन्धी व्याख्या-विश्लेषण गरेर जनमानसमा छर्लङ्ग्याउनु उनको रुचि रहेको देखिन्छ ।[६४] हरसमय कुनै पनि वर्तमानकालिक विषयमाथि घोरिएर त्यस विषयसँग सम्बन्धित भएर निबन्ध रचना गर्न विशेष रुचि राख्ने भट्टराई साहित्य भनेको भाषाको माध्यमबाट प्रदर्शन गर्ने कला हो र त्यो साहित्यले समाजदेखि लिएर विश्वलाई नै परिवर्तन गर्न सक्ने खालको हुनु पर्ने कुरामा जोड दिन्छन् ।[६५]

युवा उमेरमा निकै पिरो, अमिलो, अचार खान मन पराउने भट्टराई वर्तमानमा भने साधारण खाना खान मन पराउँछन् ।[६६] बिहान उठेर शारीरिक स्वास्थ्यका लागि नुहाउने भट्टराई सानो मर्निङ वाक गर्न रुचि राख्दछन् ।[६७] भट्टराई विशेष प्रकारको लुगाभन्दा प्रायः साधारण सामान्य सजिलोखाले लुगाहरू लगाउन मन पराउँछन् ।[६८] देशविदेशका विभिन्न स्थानमा भ्रमण गर्न रुचि राख्ने भट्टराईले भ्रमणका समयमा त्यहाँको सांस्कृतिक तथा भाषिक अध्ययन गर्नु, देशका तर्फबाट प्राज्ञिक-बौद्धिक सहभागिता जनाउनु उनको रुचि रहेको देखिन्छ ।[६९] घरमा धेरै मानिसहरू बोलाएर गफ तथा भोजन गराउन रुचि राख्ने भट्टराई राजनीतिमा स्वतन्त्र विचारलाई मन पराउँछन् ।[७०] मानव भएर स्वतन्त्र भएर बाँच्नुपर्दछ, मानवले मानवको कर्तव्य पालना गर्नुपर्दछ, साधा जीवन उच्च विचार लिएर जीवनयापन

---

५७. ऐजन ।
५८. ऐजन ।
५९. ऐजन ।
६०. ऐजन ।
६१. ऐजन ।
६२. ऐजन ।
६३. ऐजन ।
६४. ऐजन ।
६५. ऐजन ।
६६. ऐजन ।
६७. ऐजन ।
६८. ऐजन ।
६९. ऐजन ।
७०. ऐजन ।

गर्नुपर्दछ भन्ने भट्टराई मानिसले आफ्नो भाग्य आफैँ बनाउनु पर्दछ भन्दछन् ।[७१] जागिरको क्रमबाहेक लेखनपठनमा मै भट्टराई ज्यादा रुचि राख्दछन् ।

## २.८ कार्यक्षेत्र

### २.८.१ शैक्षिक सेवा

गोविन्दराज भट्टराईको जीवनको अधिकांश समय अङ्ग्रेजी, नेपाली भाषासाहित्यको समृद्धिका लागि समर्पित भएको देखिन्छ । शैक्षणिक कार्यका दृष्टिले २०२६ सालमा प्रवेशिका तह उत्तीर्ण गरेर कान्छी काकीको साथमा भुटानको दोरोखा जिल्ला पुगेका भट्टराईले काकाको अनुरोधमा देन्चुखास्थित सरकारी स्कुलमा केही समय स्वयम्सेवी भई काम गरेपछि गाउँलले खोलेको निजी (नेपाली) विद्यालयमा अध्यापन गराउन सुरु गरेका थिए ।[७२] उनको कार्यक्षेत्रको प्रारम्भ यहीँबाट भएको थियो । दुई वर्ष पढाएर नेपाल फर्की बनारसबाट आई. ए. को अध्ययन पूरा गरेका भट्टराईले २०२९ सालदेखि सरस्वती नि. मा. वि. बेलडाँगीमा कक्षा ८ सम्म अध्यापन गराउन थालेको देखिन्छ ।[७३] महिनाको १०८ रुपैयाँ तलबमा पढाउन थालेका भट्टराईले २०३१ सालको अन्तिमतिर राधिका मा. वि. उर्लाबारीमा मा. वि. तहको स्थायी नियुक्ति पाएर अध्यापन गराउन थालेको देखिन्छ ।[७४] २०३२ सालमा झापाको दमकस्थित हिमालय माध्यमिक विद्यालयमा अध्यापन गराएका भट्टराईले एम्. एड्. गर्न कीर्तिपुरको बसेको समयमा काठमाडौँको धर्मस्थली माध्यमिक विद्यालयमा समेत केही समय अध्यापन गराएको देखिन्छ ।[७५]

२०३८ सालमा सहायक प्राध्यापक पदको लागि त्रि. वि. सेवा आयोग उत्तीर्ण गरेका भट्टराईलाई त्रि. वि. ले कार्यक्षेत्रका लागि धनकुटा क्याम्पसमा नियुक्ति दिएको पाइन्छ ।[७६] धनकुटामा नियुक्ति पाएपछि भट्टराईले काजमा दमक बहुमुखी क्याम्पसमा काज सरुवा गरेर सो क्याम्पसको संस्थापक शिक्षक भई एक वर्ष प्राध्यापन गराएका थिए ।[७७] दमकमा एक वर्षको प्राध्यापनपश्चात् पुनः धनकुटामै काज फिर्ता पाएका भट्टराईले त्यहाँ २०४७ सालसम्म रहेका थिए । २०४७ सालमा तत्कालीन डीन तथा आदरणीय गुरु प्रा. डा. शिशिरकुमार स्थापितको प्रेरणाले कीर्तिपुरको शिक्षाशास्त्रअन्तर्गत अङ्ग्रेजी विभागमा सरुवा भएका भट्टराईले क्रमिक उन्नति गर्दै उपप्राध्यापक एवम् सह-प्राध्यापक पद पार गरी हाल विभागको प्राध्यापक भएर कार्य गर्दैरहेको देखिन्छ । [७८]

यसरी २०२६ सालदेखि शिक्षण पेसामा प्रवेश गरेका भट्टराईले २०३८ सालमा त्रि. वि. को शिक्षाशास्त्रअन्तर्गत अङ्ग्रेजी विभागमा स्थायी रूपमा शैक्षणिक पेसामा संलग्न हुन पुगेका थिए ।[७९] उनले आफ्नो जीवन झन्डै चार दशक समय शिक्षा सेवामा समर्पित गरिसकेको देखिन्छ । उनको शिक्षण-प्राध्यापन पेसाको मूल विषय अङ्ग्रेजी रह्यो भने विभिन्न नेपाली कृतिहरूलाई अङ्ग्रेजीमा अनुवाद गर्नु र साहित्यरचना गर्नु नै अनुसन्धानको मूल विषय बन्न पुगेको देखिन्छ ।

---

७१. ऐजन ।
७२. ऐजन ।
७३. ऐजन ।
७४. ऐजन ।
७५. ऐजन ।
७६. ऐजन ।
७७. ऐजन ।
७८. ऐजन ।
७९. ऐजन ।

## २.८.२ प्रशासनिक सेवा

गोविन्दराज भट्टराईले शिक्षण सेवाका अतिरिक्त प्रशासनिक कार्य पनि गर्दै आएका छन् ।[८०] उनले २०५५ सालमा शिक्षाशास्त्रअन्तर्गत अङ्ग्रेजी विभागको प्रमुख भएर कार्य गरेका थिए ।[८१] त्यस्तै २०५७ सालमा शिक्षाशास्त्र केन्द्रीय विभागको प्रमुख भएर कार्य गरेको देखिन्छ ।[८२] यसरी अङ्ग्रेजी विभाग र शिक्षाशास्त्र केन्द्रीय विभागको प्रमुख भएका भट्टराईले आफ्नो कार्यकालमा आफूले लिएको जिम्मेवारी सफलताका साथ पूर्ण गरेका थिए ।[८३] भट्टराई वर्तमान समयमा २०६० सालदेखि शिक्षाशास्त्रसङ्कायअन्तर्गत सहायक डीनको उच्च पदमा रही कार्य गर्दै आइरहेका छन् ।[८४]

## २.९ राजनीतिक व्यक्तित्व

बाल्यकालदेखि नै स्वतन्त्रताका पक्षमा बोल्ने भट्टराई कुनै राजनीतिप्रति संलग्न रहेको देखिँदैन ।[८५] उनी स्वतन्त्रता प्रेमी व्यक्ति हुन् । उनी भन्छन् 'मानवको कर्तव्य भनेको स्वतन्त्र भई मानवता नगुमाई बाँच्नु हो' ।[८६] यसरी स्वतन्त्रतावादी भएर जीवन जिउनु पर्दछ भन्ने भट्टराई कुनै राजनीति पार्टीप्रति संलग्न नरहेको देखिन्छ ।

## २.१० संस्थागत संलग्नता

गोविन्दराज भट्टराई अनेक क्षेत्रसँग सम्बन्ध र सरोकार राख्ने बहुआयामिक बौद्धिक व्यक्तित्व भएकाले विभिन्न सङ्घसंस्थाहरूसँग सम्बद्ध देखिन्छन् । लेखनकलामा जीवन नै समर्पण गरेका भट्टराई नेपाली लेखक सङ्घको सदस्य रहेका छन् ।[८७] भाषाको वैज्ञानिक अध्ययन गर्न रुचि राख्ने भएकाले उनले भाषाविज्ञान समाजको चार वर्ष सचिव भएर कार्य गरेका थिए भने वर्तमानमा उक्त समाजका उपाध्यक्ष रहेका छन् ।[८८] त्यस्तै अङ्ग्रेजी भाषाको प्राध्यापक भएका नाताले र अङ्ग्रेजीमा विभिन्न कृतिहरूको अनुवाद गरी नेपाली साहित्यलाई विश्वमा चिनाउन प्रयासरत गोविन्दराज भट्टराई नेल्टाजस्तो संस्थासँग पनि सम्बन्धित रहेका देखिन्छन् । नेल्टा अङ्ग्रेजी भाषा शिक्षकहरूको सङ्गठन हो र वर्तमान समयमा यस सङ्गठनका अध्यक्ष गोविन्दराज भट्टराई रहेका छन् ।[८९]

## २.११ भ्रमण

गोविन्दराज भट्टराईले नेपाल अधिराज्यका विभिन्न स्थानहरूका साथै विविध उद्देश्य लिई केही राष्ट्रहरूको भ्रमण गरेका छन् । देशको प्रबुद्ध व्यक्तिका रूपमा चिनिइसकेपछि यिनले प्राज्ञिक उद्देश्य लिई विभिन्न कार्यशाला, गोष्ठी, सेमिनार तथा भाषिक, सांस्कृतिक अध्ययन-अनुसन्धानका लागि देशका विभिन्न महत्त्वपूर्ण स्थानहरूमा भ्रमण गरेको पाइन्छ ।[९०]

---

८०. ऐजन ।
८१. ऐजन ।
८२. ऐजन ।
८३. ऐजन ।
८४. ऐजन ।
८५. ऐजन ।
८६. ऐजन ।
८७. ऐजन ।
८८. ऐजन ।
८९. ऐजन ।
९०. ऐजन ।

गोविन्दराज भट्टराई देशबाहिर सर्वप्रथम अध्यापनको सिलसिलामा २०२६ सालमा भुटान पुगेका थिए । भुटान पुगेर दुई वर्ष भट्टराईले अध्यापन गराएका थिए ।[९१] त्यसपछि २०२८ सालमा अध्ययनकै सिलसिलामा भट्टराई भारतको बनारस पुगेको देखिन्छ ।[९२] २०५१ सालमा भट्टराई विद्यावारिधिको उपाधि हासिल गर्न भारतको हैदरावाद गएका थिए ।[९३] त्यस्तै नेल्टाको तत्त्वावधानमा २०६० सालमा पाकिस्तान र २०६२ सालमा भट्टराईले अमेरिकाको भ्रमण गरेको देखिन्छ ।[९४] पछि त्रि. वि. शिक्षाशास्त्रकै कार्यक्रम योजनाअन्तर्गत २०६३ सालमा भट्टराईले ग्रीस र युरोपका केही भागको भ्रमण गरेका थिए ।[९५]

गोविन्दराज भट्टराईले गरेका उपयुक्त भ्रमणहरूमा कार्यपत्र र तथा गोष्ठीपत्र प्रस्तुत गर्ने, अनुसन्धान तथा अन्तर्क्रियामा भागलिने, अध्यापन गर्ने तथा एक वरिष्ठ बुद्धिजीवी, भाषाविशेषज्ञका रूपमा कार्य गरेको देखिन्छ भने कतिपय भ्रमणहरू शुद्ध यात्रामा आधारित रहेका देखिन्छन् । यिनले गरेका स्वदेश तथा विदेशको भ्रमणका क्रममा त्यहाँको प्राकृतिक सौन्दर्य र आधुनिक विकासको दृश्यावलोकन गर्ने, भाषा र संस्कृतिपक्षको अध्ययन गर्ने र त्यसैका आधारमा लेखहरू, निबन्धहरू लेख्ने कार्य गरेको देखिन्छ । अमेरिकी भ्रमणको विषयमा एउटा र ग्रीसको भ्रमणअनुभवलाई समेटेको अर्को गरी  दुईवटा यात्रा संस्मरणका कृति प्रकाशोन्मुख छन् । अमेरिकी भ्रमणबारेका निबन्धहरू झापा दमकबाट प्रकाशित पूर्वसन्देश दैनिकमा धारावाहिक रूपमा  प्रकाशित भइसकेका छन् । २०६३ भाद्रदेखि २०६४ असारका अङ्कहरूमा भने ग्रीस यात्रा-संस्मरण हालै प्रकाशन हुन थालेको छ ।[९६]

## २.१२ सम्मान तथा पुरस्कार

सम्मान, पुरस्कार र पदक भन्ने कुरा धेरै ठूलो कुरा होइन । नपाएर पनि मलाई त्यस्तो लागेको हुन सक्छ । पाएको भए पनि यहाँ उल्लेख गरेर म मेरो महत्त्व देखाउन चाहान्न भनेर भट्टराई भन्दछन् ।[९७] एकदुईवटा उल्लेख्यमा जेजिस युवा पुरस्कार (२०४४), महाकवि व्याख्यान पुरस्कार (२०६३) र अन्तरार्ष्ट्रिय नेपाली साहित्य पुरस्कार (२०६४) हुन् ।

## २.१३ धारणा/मान्यता

आफ्नौ जीवन भाषासाहित्य, समाजसेवा र शिक्षाजस्ता अनेक क्षेत्रमा सक्रिय बनाएका गोविन्दराज भट्टराईका सम्बद्ध हरेक क्षेत्रका बारेमा आफ्ना मौलिक धारणा वा मान्यता छन् । मानवले स्वतन्त्रतापूर्वक बाँच्न पाउनु पर्दछ । स्वतन्त्र वातावरण होस् । कसैको दास बन्नु नपरोस्, मानव भएर मानवता गुमाउनु नपरोस् । जीवन एक प्रकारको सङ्घर्ष हो । मानवले आशा नगरी कुनै क्षेत्रमा सङ्घर्ष गऱ्यो भने अवश्य आफ्नो लक्ष्यमा पुग्न ऊ सफल हुन्छ । जीवनमा म यसो गर्छु भनेर एउटा रोडम्याप तयार गरेर जीवनशैली चलाउन थाल्यो भने ऊ कहिल्यै पनि लक्ष्यबिन्दुमा पुग्न सक्तैन । कर्म गर्दै जानुपर्छ, जीवनमा जेजस्ता अप्ठ्यारा आइपर्दछन् तिनीहरूको सामना गर्दै जानुपर्छ । एकदिन अवश्य आफ्नो लक्ष्यमा पुग्न सफल भइन्छ भन्ने भट्टराईको धारणा रहेको पाइन्छ ।[९८]

---

९१. ऐजन ।
९२. ऐजन ।
९३. ऐजन ।
९४. ऐजन ।
९५. ऐजन ।
९६ ऐजन ।
९७. ऐजन ।
९८. ऐजन ।

आदर्श भनेको लेखकले उद्देश्यपूर्ण भएर लेख्नु हो । साहित्य भनेको भाषामा भएको शक्ति देखाउनु हो । मनस्थिति समाजअनुरूप तयार हुनुपर्दछ । जीवन भनेको सानो उज्यालोको निर्माण हो । चिन्तन सधैँ साहित्यको हुनुपर्दछ । यदि चिन्तनशील भइएन भने साहित्यको अध्ययन-विश्लेषण गर्न सकिँदैन । त्यसैले सधैँ चिन्तनशील रहनुपर्दछ । सिर्जनामा लाग्नेले निरन्तर अध्ययन गरी आफूलाई अद्यावधिक राख्नुपर्दछ भन्ने भट्टराईको धारणा रहेको छ ।[९९]

गोविन्दराज भट्टराई कला र साहित्यलाई उच्च स्थानमा राख्दछन् । साहित्यका माध्यमबाट समाजका कुसंस्कार र रूढ मान्यताको विरोध गरी सामाजिक न्यायका पक्षमा उभिनु पर्दछ भन्ने उनको साहित्यिक मान्यता उनका कृतिहरूको अध्ययनबाट अवगत हुन्छ । साहित्यबाट समाज सुधारको अह्वान गर्नु उनको साहित्यिक अवधारणा भए तापनि उनको साहित्यलेखनमा सौन्दर्यचेतनाको कमी कहीँ देखापर्दैन । स्वतन्त्रता र राष्ट्रप्रेम भट्टराईको राजनीतिक अभीष्ट हो । साहित्यमा राष्ट्रियताको अभिव्यक्ति भएको हुनपर्दछ भन्ने[१००] भट्टराईका प्रत्येक अभिव्यक्ति र चिन्तनमा राष्ट्रवाद मुखरित भएको भेटिन्छ ।[१०१] साहित्यबाट देशको भविष्यको निर्माण हुने भएकाले यसलाई समाजसुधार, जनताका समस्याको समाधान र समग्र विकासको मार्ग बनाउनु पर्ने अवधारणा भट्टराईको साहित्यिक चिन्तनमा देखापर्दछ ।

परम्पराले अब हामीलाई बचाउँदैन । हामी परम्पराभन्दा आधुनिकतिर मोडिनु पर्दछ । भट्टराई आजको विश्वग्रामको वातारणमा नयाँ चिन्तन, नयाँ सोच, नयाँ विचार र नयाँ पुस्तालाई सही मार्ग निर्देशन दिन सधैँ तल्लीन रहनु पर्दछ भन्दछन् ।[१०२] 'मानिस आफ्नो भाग्यको निर्माता आफैँ हो' भन्ने सार्त्रको यो धारणाप्रति समहति जनाउँदै भट्टराई मान्छेले उद्देश्यपूर्ण भएर लेख्नुपर्दछ; उद्देश्यपूर्ण भएर पढ्नुपर्दछ । लेखाइ अर्थपूर्ण हुनुपर्दछ । सिर्जना र समालोचना दुवै कुरा उद्देश्यले निर्देशित हुनुपर्दछ भन्दछन् ।[१०३]

संस्कृतिलाई जीवनको परिवर्तनशील तत्त्व मान्ने भट्टराई आजको समय भनेको अनेक संस्कृति घुलमिल भएको समय हो । उनी भन्दछन् : एउटै तत्त्व, एउटै संस्कृति, एउटै संस्कारभन्दा अनेक तत्त्व, अनेक संस्कृति अनेक विविध चिन्तन, दर्शन र संस्कारहरूलाई हामीले आत्मसात् गरेर अगि बढ्नु पर्दछ । आजको मानिस आफूले नचाहँदा नचाहँदै पनि कुनै पनि कुराको निर्णय गर्न बाध्य बनेको छ । ती हरेक तत्त्वले मानिसलाई बाध्य बनाएको छ ।[१०४]

आज नेपालको परिप्रेक्ष्यमा एकखाले विद्यार्थीहरूले विश्वको शिक्षाअनुरूप शिक्षा पाएका छैनन् भने अर्काखाले विद्यार्थीले त्यस्तो शिक्षा लिन तल्लीन छन् । यस्तो व्यवस्थाको अन्त्य गरी शिक्षामा एकरूपता ल्याउनुपर्दछ र त्यसको नेतृत्व आफू गर्ने र खासगरी अङ्ग्रेजी शिक्षालाई पाठ्यक्रममा एकरूपता बनाउनु पर्ने धारणा उनको रहेको देखिन्छ ।[१०५]

उत्तरआधुनिक विश्लेषण र चिन्तनमा आफ्नो समय खर्चिरहेको बताउने भट्टराई जीवनका अनेक पक्षमा आफ्ना मूल्य, मान्यता र अवधारणाहरू अगि सार्दै जीवनसङ्घर्ष

---

९९. ऐजन ।
१००. ऐजन ।
१०१. ऐजन ।
१०२. ऐजन ।
१०३. ऐजन ।
१०४. ऐजन ।
१०५. ऐजन ।

क्रियाशील र परिवर्तनगामी हुनुपर्दछ भन्दछन् ।[१०६] उनी जीवन क्रियाशील रहनुपर्दछ एवम् अरूलाई सहयोग गर्नुपर्दछ र अरूबाट सहयोग पनि लिनुपर्दछ भन्दछन् । भट्टराई अशक्तलाई प्रोत्साहित गर्नुपर्दछ र जीवनका प्रयत्नहरू सार्थक हुनुपर्दछ भन्ने मान्यता राख्दछन् ।[१०७] समग्रमा उनको विचार जीवनसम्बन्धी सबै किसिमका दृष्टिकोण अटाउन सक्ने खालको देखिन्छ [१०८] साथै सकारात्मक मान्यताले प्रेरित देखिन्छ । उनी हरेक मान्छेलाई उसको मौलिक गुण र विशेषताका आधारमा भिन्न रूपमा चिन्नुपर्दछ भन्ने मान्यता राख्दछन् ।[१०९]

## २.१४ सुखदु:खका क्षणहरू

सुखसँग जीवन जिउँदै गरेका भट्टराई जीवन सुखमय नै बितिराखेको छ भन्दछन् ।[११०] बाल्यकालमा आर्थिक स्थिति मजबुत नभएका भट्टराईले अध्ययन गर्नका निम्ति केही सङ्घर्ष गर्नुपरेको देखिन्छ । जीवन सङ्घर्ष हो, कुनै कार्य गर्दा अविचलित भएर गर्नुपर्दछ । मानिस आफ्नो भाग्यको निर्माता आफैँ हुनुपर्दछ भन्ने भट्टराईले जस्तासुकै दु:खद् क्षणहरू जीवनमा आइपरे तापनि ती दु:खद् क्षणहरूलाई आत्मसात् गर्दै जीवन अगाडि बढाएको पाइन्छ ।

उनी आफूलाई हात समातेर धुलौटोमा अक्षर चिनाएर पढ्नु पर्दछ भन्ने भावना जगाउने हजुरबा शिवनिधि भट्टराईको २०३१ सालको अन्तिममा मृत्यु हुँदा निकै दु:ख लागेको कुरा बताउँछन् ।[१११] परम्परित संस्कारअनुसारको शिक्षाको अध्ययन गरेका हजुरबामा आफ्ना नातिनातिनीलाई आधुनिक अङ्ग्रेजी शिक्षाको अध्ययन गराउनु पर्दछ भन्ने भावना रहेको थियो र त्यसैअनुरूप हामीलाई अङ्ग्रेजी शिक्षा पढाएको हो भनेर भट्टराई भन्दछन् ।[११२] यसरी हजुरबाको प्रेरणा नै अङ्ग्रेजी शिक्षाग्रहण गर्न पाएको हुँ भन्ने भट्टराईलाई हजुरबाको देहान्तले निकै मानसिक आघात परेको बताउँछन् ।[११३]

जीवन चक्रमय हो, कहिले सुख त कहिले दु:ख मानवले भोग्नुपर्दछ भन्ने भट्टराईले जीवनमा अनेक प्रकारका सुख-दु:खका क्षणहरूलाई पारगर्दै दु:खका क्षणहरूसँग सङ्घर्ष गर्दै जीवन अगाडि बढाएका देखिन्छन् । २०५६ सालको अन्तिमतिर आफूलाई जन्म तथा कर्म दिने पिता पं. टेकनाथ भट्टराईको मृत्युले उनलाई निकै मर्माहत बनाएको उनी बताउँछन् ।[११४] सबैका पिता रहँदैनन्, संसारको नियम नै यस्तै छ तर पनि आफूले पिताजीबाट जीवन बाँच्ने अनेक कला र आदर्श सिकेकाले पिताको मृत्युले आफूलाई केही गुमाएको अनुभव आजसम्म पनि भइरहेको छ । आज पनि स्वमार्गमा अविचलित रहने प्रेरणा लिन्छु भन्ने भट्टराईलाई पिताको देहान्तेले निकै मानसिक आघात पुऱ्याएको देखिन्छ ।[११५]

२०६३ सालमा आफ्नो अन्तरे भाइको २४ वर्षीय छोरो अरवीन भट्टराईको अमेरिकामा पढन गएको अवस्थामा क्यान्सरबाट मृत्यु भएको र यस पुत्रको मृत्युले पनि आफूलाई निकै दु:खित बनाएको छ भनेर भट्टराई भन्दछन् ।[११६]

---

१०६. ऐजन ।
१०७. ऐजन ।
१०८. ऐजन ।
१०९. ऐजन ।
११०. ऐजन ।
१११. ऐजन ।
११२. ऐजन ।
११३. ऐजन ।
११४. ऐजन ।
११५. ऐजन ।
११६. ऐजन ।

यसरी भट्टराईले जीवनमा अधिकांश समय सुखद् क्षणमा बिताए पनि केही समयमा विभिन्न किसिमका मानसिक दुःखद्क्षणहरू भोग्नुपरेको देखिन्छ । सबैको नियति यस्तै हो ।

## २.१५ लेखन

### २.१५.१ लेखनको प्रेरणा र लेखनारम्भ

साहित्यिक क्षेत्रमा आकर्षित भएको कारण र घटना सम्झन सक्दिन भन्ने भट्टराईले साहित्यिक लेखनको प्रेरणा आफ्नै पिता टेकनाथ भट्टराईबाट पाएका थिए ।[११७] उनी साक्षर नहुँदै पिताले सुनाएका उपदेशमूलक झ्याउरे गीतहरू कण्ठ गरेका भट्टराईले तिनै गीतहरूबाट लेखनको प्रेरणा पाएको देखिन्छ । त्यस्ता गीतमध्ये एउटा गीत यसप्रकार रहेको छ :

सत्ता नभई तेल हुन्न तोरीमा
व्यर्थ हामी नपसौँ झोडीमा ॥

चारदिनको चाँदनीझैँ बिलाई जाने चोला ।
आखिरीमा बर्सिने छ यमराजको गोला ॥

ए मन् तैँले के दुःख पाइस् फर्कीफर्की मायामा भुलेर ।
मानवको मानवत्व कस्तो छ लौ हेरौँ ॥

गर्नु पर्ने कार्य कुन् हो मन्महाँ गुनौँ ।
पूर्वबाट सूर्यको तेज निस्केपछि बत्तीको के काम ॥[११८]

यस्ता झ्याउरे गीत सुनेका भट्टराईलाई यस्ता गीतले आकर्षित गरी साहित्य क्षेत्रमा प्रवेश गर्नका लागि प्रेरणा दिएको थियो ।[११९] मा. वि. तहको अध्ययन गर्दा घैलाडुबा हाइस्कुलमा दाताराम सरको प्रेरणाले बनेको पुस्तकालयमा गएर विभिन्न साहित्यकारहरूका कृति तथा पत्रपत्रिका पढ्ने अवसर पाएका भट्टराईले **भारती**का केही अङ्क, **भ्रमर** र **डाकबङ्गाला**जस्ता नामी उपन्यास पढ्न पाएका थिए ।[१२०] यी अवसरहरूलगायत उनी भुटान गएर बसेको समयमा उनले प्रबासमा गएर नेपाली जनताले भोग्नु परेको विवशता, बाध्यता, पीडा, दुःखको अनुभव गरेका थिए ।[१२१] यिनै विभिन्न परिवेशलाई आत्मसात् गरी भट्टराई साहित्यजगत्मा प्रवेश गरेको देखिन्छ ।

गोविन्दराज भट्टराईको सार्वजनिक लेखन भने प्रकाशनका दृष्टिले २०३१ सालबाट भएको देखिन्छ । २०३१ सालको **गोरखापत्र**मा प्रकाशित 'नदीका दुई किनारा' नामक कथा प्रकाशित गराएर उनी नेपाली साहित्यमा प्रवेश गरेको देखिन्छ । भट्टराईको पुस्तकाकार कृति भने भुटानका बसाइँमा प्रवासी नेपालीहरूको पीडा तथा दर्दनाक स्थितिलाई प्रत्यक्ष अनुभव गरेको विषयलाई आत्मसात् गरी लेखिएको उपन्यास **मुगलान** (२०३१) हो ।[१२२]

---

११७. ऐजन ।
११८. ऐजन ।
११९. ऐजन ।
१२०. ऐजन ।
१२१. ऐजन ।
१२२. ऐजन ।

यसरी साहित्यको सिर्जना गर्न थालेका भट्टराई कालान्तरमा साहित्यको अध्ययन गर्दै जाँदा अङ्ग्रेजीका रोमान्टिक कविहरू, उपन्यासकार टमस हार्डी, डी. एच् लरेन्स, जोजेफ कन्याड र मार्क ट्वाइनबाट पनि प्रभावित भएको देखिन्छ ।[१२३] भट्टराईलाई साहित्यसिर्जनामा थप ऊर्जा प्रदान गर्नामा उनकी श्रीमती अञ्जना भट्टराईको पनि ठूलो हात रहेको देखिन्छ ।[१२४]

## २.१५.२ प्रकाशित पुस्तकाकार कृति

गोविन्दराज भट्टराईको व्यक्तित्व नेपाली साहित्यका थुप्रै विधाका साथै विभिन्न क्षेत्रमा क्रियाशील रहेको देखिन्छ । गुणात्मक तथा सङ्ख्यात्मक रूपमा उनी नेपाली समालोचना तथा अनुवाद रूपान्तरणमा बढी सक्रिय देखिन्छन् । कथालेखनबाट साहित्यमा प्रवेश गरेका भट्टराईले विविध विधामा कलम चलाइसकेका छन् । उनका विभिन्न विधाका पुस्तकाकार कृतिहरूको सूची कालक्रमिक रूपमा यस प्रकार रहेका छन् :

| क्र. सं. | शीर्षक | विधा | प्रकाशनस्रोत | थप जानकारी |
|---|---|---|---|---|
| १ | **मुगलान** | उपन्यास | रत्न पुस्तक भण्डार, २०३१ | चौथो संस्करण २०६२ |
| २ | **मणिपुरको चिठ्ठी** | उपन्यास | साझा प्रकाशन, २०३४ | दो. सं. २०६१ |
| ३ | **तीनधारा** | संयुक्त कथासङ्ग्रह | भट्टराई बन्धु प्रकाशन, २०३५ | संयुक्त लेखन, तुलसी भट्टराई, योगेन्द्र तिम्सिना र गोविन्दराज भट्टराईका तीनतीन वटा कथा । |
| ४ | **नेपाली ध्वनिशास्त्र** | भाषाविज्ञान | लेखक स्वयम्, २०३९ | टङ्क न्यौपानेसँग सहलेखन । |
| ५ | **मेथड्स अफ टिचिङ इङ्लिस विथ रेफरेन्स टु नेपाल** | समालोचना | रत्न पुस्तक भण्डार, २०४४ | |
| ६ | **इन् इन्ट्रोडक्सन टु इङ्लिस लिटरेचर** | समालोचना | रत्न पुस्तक भण्डार, २०४६ | |
| ७ | **काव्यिक आन्दोलनको परिचय** | समालोचना | ने. रा. प्रं. प्र. २०४९ | |
| ८ | **विदेशी बगैंचाका चार थुँगा फूल** | अनुवाद बालकथा | रत्न पुस्तक भण्डार, २०५१ | दो. सं. २०५६ |
| ९ | **विदेशी बगैंचाका पाँच थुँगा फूल** | अनुवाद बालकथा | रत्न पुस्तक भण्डार, २०५१ | दो. सं. २०५६ |
| १० | **विदेशी बगैंचाका छ थुँगा फूल** | अनुवाद बालकथा | रत्न पुस्तक भण्डार, २०५१ | दो. सं. २०५६ |
| ११ | **रिट्स् अफ् फ्लावार्स** | सम्पादन | रत्न पुस्तक भण्डार, २०५५ | |
| १२ | **एन् इन्ट्रोडक्सन टु ट्रान्सलेसन स्टडिज्** | अनुवाद | रत्न पुस्तक भण्डार, २०५७ | |
| १३ | **एक्लै एक्लै एक्लै** | निबन्धसङ्ग्रह | रत्न पुस्तक भण्डार, २०६० | |
| १४ | **सेलेक्टेड नेपाली एसेज** | अनुवाद | जीवा लामिछाने, २०६० | |

१२३. ऐजन ।
१२४. ऐजन ।

| | | | | |
|---|---|---|---|---|
| १५ | **हानि नगरौं** | अनुवाद | मेरी बी. एन्डर्सन, २०६० | |
| १६ | **विश्वविद्यालयमा अग्निपूजा** | निबन्धसङ्ग्रह | रत्न पुस्तक भण्डार, २०६१ | |
| १७ | **पश्चिमी बलेँसीका बाछिटा** | समालोचना | नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०६१ । | |
| १८ | **सलेक्टेड स्टोरिज फ्रम नेपाल** | अनुवाद | साझा प्रकाशन, २०६१ | |
| १९ | **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** | समालोचना | रत्न पुस्तक भण्डार, २०६१ | |
| २० | **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन** | सम्पादन | रत्न पुस्तक भण्डार, २०६१ | डा.खगेन्दप्रसाद लुइटेलसँग सहसम्पादन |
| २१ | **नेप्लीज लिटरेचर** | सम्पादन | नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०६२ | |
| २२ | **द्वन्द्व र युद्धका कथा** | सम्पादन | नेल्टा, २०६३ | विष्णुविभु घिमिरेसँग सहसम्पादन |
| २३ | **डा. बल्लभमणि दाहाका रचनाहरू** | सम्पादन | डा. सुभद्रा सुब्बा दाहाल, २०६३ | डा.खगेन्द्रप्रसाद लुइटेलसँग सहसम्पादन |
| २४ | **उत्तरआधुनिक ऐना** | समालोचना | रत्न पुस्तक भण्डार, २०६२ | |
| २५ | **सुकरातका पाइला** | उपन्यास | मोडर्न बुक्स, २०६३ | |
| २६ | **आरम्भअघिका शब्दहरू** | सम्पादक | रत्न पुस्तक भण्डार, २०६३ | |
| २७ | **बियोन्ड द फ्रन्टियर्स : विमिन्ज स्टोरिज फ्रम नेपाल** | अतिथि सम्पादक | गुञ्जन, २०६३ | |
| २८ | **Storics of Conttict and uar** | अनुवाद | लेखक स्वयम्, २००७ | |

यसरी भट्टराईका हालसम्म नेपाली तथा अङ्ग्रेजी भाषाका सहलेखनसमेत गरी जम्मा २७ वटा कृति प्रकाशित भएका छन् । केही कृतिहरू भने प्रकाशोन्मुख अवस्थामा रहेका छन् । प्रकाशोन्मुख कृतिहरूमा (अनुवादक/सम्पादक), उत्तरआधुनिक विमर्श (समालोचना) र सङ्गै बसौँ यो रात (यात्रा- साहित्य) रहेका छन् भनी भट्टराईले मौखिक जानकारी दिएका छन् ।

## २.१५.३ नेपालीमा प्रकाशित फुटकर लेखरचना तथा भूमिकाहरूको सूची

२०३१ सालदेखि लेखनकार्यलाई निरन्तरता दिँदै आएका गोविन्दराज भट्टराईका फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । ती लेखरचनाहरूको सूची कालक्रमिक आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

| क्र. सं. | शीर्षक | विधा | प्रकाशनस्रोत |
|---|---|---|---|
| १ | मुनामदन र सुन्तलीधन सँगै दाजेर हेर्दा | समालोचना | **उषा**, (वर्ष-६, अङ्क-५, २०३१) । |
| २ | महाकविको उपन्यास चम्पा सुलोचना महाकाव्यसँगको तुलनामा | समालोचना | **मधुपर्क**, (वर्ष-७, अङ्क-११, २०३१ । |
| ३ | विषाक्त भोगाइको मूर्तरूप | समालोचना | **कलाकार**, (वर्ष-६, अङ्क-१, २०३२) । |
| ४ | सुम्निमाको कुरा | समालोचना | **कल्पना**, (वर्ष-८, अङ्क-५, २०३२ । |

| | | | |
|---|---|---|---|
| ५ | कवि श्री सिद्धिचरणलाई पढ्दा | समालोचना | **उषा**, (वर्ष-७, अङ्क-१, पूर्णाङ्क-३२, २०३२ । |
| ६ | हाय गरिवि | निबन्ध | **उषा**, (वर्ष-७, अङ्क-२, पूर्णाङ्क-३३, २०३२ । |
| ७ | समकालीन साहित्य एक चिन्तन | समालोचना | **कल्पना**, (वर्ष-१०, अङ्क-३, २०३३) । |
| ८ | सम्झना-१ | निबन्ध | **कोशेली** (वर्ष-१, अङ्क-१, २०३३) । |
| ९ | विदाइको सम्झना | लेख-प्रबन्ध | **कोशेली**, (वर्ष-२, अङ्क-१, २०३४) । |
| १० | एक चित्र बनारसको* | निबन्ध | **कोशीको लहर**, (वर्ष-१, अङ्क-१, २०३४/३५) । |
| ११ | साहित्यकारको रूपमा नेपाली नारी | समालोचना | **समर्पण**, (वर्ष-९, अङ्क-३, २०३५) । |
| १२ | दार्जिलिङमा अन्तर्वार्ता* | निबन्ध | **छहारी**, (वर्ष-१, अङ्क-१, २०३५) । |
| १३ | यो घाँडो भिरौँ कि फुकालौँ- ? १ | निबन्ध | **हिमज्योति**, (वर्ष-१, अङ्क-१, २०३५) । |
| १४ | मास्टरीको मायाजालमा टाँसिएर | निबन्ध | **हिमज्योति**, (वर्ष-२, २०३६) । |
| १५ | सक्तिन महाराज चम्चागिरी थाम्न | निबन्ध | **आस्था**, (वर्ष-१, अङ्क-१, २०३६) । |
| १६ | तिमीलाई पर्खिरहे | कविता | **श्रीपेच**, (वर्ष-१, अङ्क-१, २०३७) । |
| १७ | सतार जाति : एक चिनारी | समालोचना | **मधुपर्क**, वर्ष-१३, अङ्क-५, २०३७ । |
| १८ | यो देशका मेरुदण्डलाई | निबन्ध | **डोली**, (वर्ष-१, अङ्क-१, २०३८) । |
| १९ | यो घाडो भिरौ कि फुकालौँ- ? २ | निबन्ध | **नागवेली**, (वर्ष-१, अङ्क-१, २०३८) । |
| २० | जीवनप्रतिको आशावादिता र पाँच प्रसङ्ग | निबन्ध | **निर्माण**, (वर्ष-१, अङ्क-१, २०४४) । |
| २१ | आधुनिक शिष्यको गुरुलाई अर्ति | कविता | **रकेट**, (वर्ष-७, अङ्क-४, २०४४ |
| २२ | भाषा र राष्ट्रियता | लेख-प्रबन्ध | **शैलुङ**, (वर्ष-३, अङ्क-३, २०४५), पुष १४ । |
| २३ | आधुनिक अङ्ग्रेजी साहित्यको एक झल्को | समालोचना | **उन्नयन**, (वर्ष-१, अङ्क-१, २०४५) । |
| २४ | अब हामी कदापि साथसाथै हिड्ने छैनौँ | लेख-प्रबन्ध | **त्रिरत्न**, (वर्ष-१, अङ्क-२, २०४५) । |
| २५ | ए मास्टर नानी ! ५६ सालको भुँइचालाको किताब | निबन्ध | **त्रिरत्न**, (वर्ष-१, अङ्क-२, २०४५) । |
| २६ | ए मास्टर नानी ! ९० सालका भुँइचालाको किताप* | निबन्ध | **त्रिरत्न**, (वर्ष-१, अङ्क-४, २०४५) । |
| २७ | स्वर्गीय मामा नेत्रप्रसादको सम्झनामा | लेख-प्रबन्ध | **सरस्वती**, (अङ्क-१, २०४५) । |
| २८ | भुँइकम्पले भत्काएको धनकुटा* | निबन्ध | **निर्माण**, (अङ्क- २, २०४५) |
| २९ | एक चित्र | निबन्ध | **कोशीको लहर**, (वर्ष-१, अङ्क-१, २०४५) । |
| ३० | लाठीमुङ्ग्रीको पवित्र सम्झना | निबन्ध | **नमो**, (वर्ष-१, अङ्क-१, २०४५) । |
| ३१ | विश्रान्ति मन्दिरको भव्य कल्पना र रबर्ट औइनको सम्झना | लेख-प्रबन्ध | **विश्रान्ति**, (वर्ष-३, अङ्क-१, २०४५) । |
| ३२ | आउ प्रिये तिमी हामी मूर्चल बनौँ | कविता | **रकेट**, (वर्ष-९, अङ्क-५, २०४६) |
| ३३ | एक प्रेमपत्र धरानलाई | कविता | **रकेट**, (वर्ष-९, अङ्क-६, २०४६) |
| ३४ | आधुनिक अमेरिकी साहित्यको एक झल्को | समालोचना | **उन्नयन**, (वर्ष-१, अङ्क-३, २०४६ । |
| ३५ | भुँइकम्पले चिथोरेको धनकुटा र धुलिएका सपनाहरू | निबन्ध | **त्रिरत्न**, (वर्ष-२, अङ्क-२, २०४६) । |
| ३६ | एक अविस्मरणीय क्षणको सम्झना | निबन्ध | **त्रिरत्न**, (वर्ष-४, अङ्क-८ २०४८) |
| ३७ | कविताका पत्रहरूमा शैलीविज्ञान§ | समालोचना | **कविता**, पूर्णाङ्क ३७, २०४८ । |
| ३८ | समालोचनामा विनिर्माणवाद§ | समालोचना | **कविता**, पूर्णाङ्क ३८, २०४८। |
| ३९ | आधुनिक पाश्चात्य नाटकका प्रयोगवादी मोडहरू : सन्दर्भ नेपाली नाटक§ | समालोचना | **प्रज्ञा**, (वर्ष-२१, पूर्णाङ्क-७६, २०४९ । |

| | | | |
|---|---|---|---|
| ४० | साहसीले बिराउन सक्छ | लेख-प्रबन्ध | **विश्रान्ति**, (वर्ष-६, अङ्क-१, पूर्णाङ्क-११, २०४९) । |
| ४१ | हुनु हो | लेख-प्रबन्ध | **उन्नयन**, (अङ्क-१०, २०४९) । |
| ४२ | चित्र कविता : एक चिनारीß | समालोचना | **कविता**, (पूर्णाङ्क-४१, २०४९) । |
| ४३ | कवितामा एउटा नमुना व्यङ्ग्यकाß | समालोचना | **कविता**, (पूर्णाङ्क-४२, २०४९) । |
| ४४ | विनिर्माणवाद समालोचना र नेपाली साहित्यको प्रसङ्गß | समालोचना | **कविता**, (पूर्णाङ्क-४३, २०४९) । |
| ४५ | नारीवादी समालालोचना : प्रारम्भिक परिचयß | सामालोचना | **कविता**, (पूर्णाङ्क-४४, २०४९) । |
| ४६ | गम्भीर पाठकका लक्षणहरू ß | समालोचना | **समाकालीन साहित्य**, (वर्ष-३, अङ्क-१, पूर्णाङ्क-९, २०४९ । |
| ४७ | कालो साहित्यिक समालोचनाß | समालोचना | **कविता**, (पूर्णाङ्क-४५, २०५०) । |
| ४८ | अर्को दृष्टिमा कविताको परिभाषाß | समालोचना | **कविता**, (पूर्णाङ्क-४६, २०५०) । |
| ४९ | पाठक प्रतिक्रिया सिद्धान्तß | समालोचना | **कविता**, (पूर्णाङ्क-५०, २०५० । |
| ५० | एक झल्को | लेख-प्रबन्ध | **प्रतिभा**, (वर्ष-१, क्रमाङ्क-१, २०५० । |
| ५१ | कविताका शब्दहरूमाß | समालोचना | **समकालीन साहित्य**, (वर्ष-३, अङ्क-२, पूर्णाङ्क-१०, २०५०) । |
| ५२ | एउटा प्रयोगात्मक गद्यशैलीको परिचयß | समालोचना | **समकालीन साहित्य**, (वर्ष-३, अङ्क-३, पूर्णाङ्क-११, २०५०) । |
| ५३ | दुःखान्तको परिवर्तित धारणाß | समालोचना | **समकालीन साहित्य**, (वर्ष-३, अङ्क-४, पूर्णाङ्क-११२, २०५०) । |
| ५४ | केही अराष्ट्रिय तत्त्वहरू | निबन्ध | **चट्कन**, (वर्ष-२, अङ्क-१, २०५१) |
| ५५ | वर्तमान कथा प्रवृत्तिका पश्चिमी झलकहरू ß | समालोचना | **समकालीन साहित्य**, (वर्ष-४, अङ्क-१, पूर्णाङ्क१३, २०५१) । |
| ५६ | छोटो चिनारी | लेख-प्रबन्ध | **प्रतिभा**, २०५०, (वर्ष-१, क्रमाङ्क-२) |
| ५७ | समकालीन भारतीय साहित्यमा नारीवादी लेखनß | समालोचना | **समकालीन साहित्य**, (वर्ष-४, अङ्क-२, पूर्णाङ्क-१४, २०५१) । |
| ५८ | कामेर थरथरी सातदिन सातरात हैदरावादमा* | निबन्ध | **गरिमा**, (वर्ष-१३, अङ्क-२, पूर्णाङ्क-१४६, २०५१) । |
| ५९ | एक्लै एक्लै एक्लै* | यात्रा-संस्मरण | **समकालीन साहित्य**, (वर्ष-४, अङ्क-३, पूर्णाङ्क-१५, २०५१) । |
| ६० | मैले सबलाई बिर्सेछु तिमीलाई सम्झिँदा* | निबन्ध | **उद्बोधन**, (वर्ष-१, अङ्क-१, २०५२ । |
| ६१ | कवितामा एउटा व्यङ्ग्यको नमुनाß | समालोचना | **कविता,** पूर्णाङ्क-३५, २०५४ । |
| ६२ | प्रयोगवादÙ | समालोचना | **साहित्यकोश**, २०५५ । |
| ६३ | अङ्ग्रेजी साहित्यको विकास Ù | समालोचना | **साहित्यकोश**, २०५५ । |
| ६४ | मेरो एनजीओ र मेरो देश विकास | कविता | **सञ्चार**, २०५५ । |
| ६५ | कुलिङ् कान्त र पुरस्कार | निबन्ध | **सिस्नोपानी**, (वर्ष-२, अङ्क-३, २०५६) । |
| ६६ | धूलो चटाउने एउटा सभ्यता | लेख-प्रबन्ध | **हिमालय टाइम्स**, २०५६, जेठ १३ । |
| ६७ | चिलाउने चौरमा पलाएको मृगतृष्णा* | निबन्ध | **सञ्चार**, २०५६ । |
| ६८ | स्वर्गीय हेमचन्द्रज्यूसँग बितेका अविस्मरणीय पलहरू | सस्मरण | **हेमचन्द्र पोखरेल स्मृति-ग्रन्थ**, २०५६ । |
| ६९ | नेपाली कविताका भग्नावशेषहरू | समालोचना | **कान्तिपुर**, २०५६, साउन २९ । |
| ७० | सन्त्रास मनोविकृतियुक्त भुटानी राजा | समालोचना | **हिमालय टाइम्स**, २०५६, भदौ १२ । |
| ७१ | झापाले झङ्कृत हुँदो छ यो लीलामय मनß | समालोचना | **समकालीन साहित्य**, (वर्ष-१०, अङ्क-३, पूर्णाङ्क-३८, २०५७ । |
| ७२ | वर्की बोकेको पहाडभित्र* | निबन्ध | **मैत्री**, (अङ्क-४, २०५७) । |

| | | | |
|---|---|---|---|
| ७३ | वेदना, पीडा, आँसु र सुस्केराको गाथाß | समालोचना | **कान्तिपुर**, २०५७, साउन २१ । |
| ७४ | दमकको आँगनमा महानन्द सापकोटा | संस्मरण | **भानु** , (वर्ष-३७, अङ्क-१, २०५७) । |
उनका प्रबन्धहरूमा समसामायिक जीवनसँग गाँसिएका अनेक सन्दर्भ र प्रसङ्गलाई विषयवस्तुका रूपमा लिई गोविन्दराज भट्टराईले प्रबन्धात्मक रचनाको निर्माण गरेका छन् । राष्ट्रिय परिवेशमा देशको राष्ट्रिय राजनीति, ग्रामीण जनजीवनमा आएका परिवर्तनका रेखाहरू, आफ्नै जीवनमा समयले ल्याएको परिवर्तन, विश्वसाहित्यमा आएको हलचल, अङ्ग्रेजी साहित्यले विश्वमा पारेको प्रभाव आदि तथा अन्तर्राष्ट्रिय परिवेशमा ठूला शक्तिशाली राष्ट्रले साना र दुर्बल राष्ट्रहरूमाथि गरिरहेको हस्तक्षेप, नेपालको राजनीतिमा आएको उथलपुथल, नेपाली जनताले भोग्नु परेको राजनैतिक अस्थिरताको प्रभाव, देशमा सामाजिक, राजनैतिक, आर्थिक, वैचारिक, शैक्षिक आदि क्षेत्रमा आएको विसङ्गति, भाषा विज्ञान र शिक्षण पनि उनका लेखनको क्षेत्र भएकाले शिक्षा क्षेत्रको भाषिक विवाद आदि यिनका प्रबन्धका परिवेश र मूल प्रतिपाद्य विषय हुन् । यिनका प्रबन्धमा परिवेशअनुरूपको विषयगत वर्णनकौशल विशिष्ट खालेको रहेको छ । समसामयिक जीवनका नकारात्मक पाटाहरूको चित्रणका माध्यमबाट सकारात्मकत र सुधारको अपेक्षा गरिएका भट्टराईका प्रबन्धहरूमा राष्ट्रिय संस्कृतिप्रतिको मोह, आपसी एकता र युद्धका विरुद्ध शान्तिको पक्षधरता, नेपाली जनमानसमा नेपाली भाषाप्रति सचेत हुनुपर्ने आवश्यकता, मानवता, प्रगतिशील दृष्टिकोण, स्वतन्त्रताको चाहनाप्रति समर्थन आदि विशेषताहरू पाइन्छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा विद्यमान ह्रासोन्मुख मानवीयता चित्रित यिनका प्रबन्धहरूको उद्देश्य समाजअनुकूल वातावरणको सिर्जना हुनुपर्दछ भन्ने भट्टराईको मान्यता रहेको छ । स्मित हास्य र तीव्र व्यङ्ग्य पारामा सरल तथा वर्णनात्मक शैलीमा प्रस्तुत गरिएका उनका प्रबन्धहरू खासगरी समसामयिक विषयमा नै प्रस्तुत भएका देखिन्छन् ।

## ३. कथाकार व्यक्तित्व

गोविन्दराज भट्टराईले सर्वप्रथम **गोरखापत्र** (२०३१) मा प्रकाशित 'नदीका दुई किनारा' शीर्षकको कथामार्फत कथालेखन प्रारम्भ गरेका हुन् । यिनको समग्र सार्वजनिक यात्रा पनि यही कथाका माध्यमबाट प्रारम्भ भएको हो । प्राप्त जानकारीअनुसार कथाका क्षेत्रमा यिनको **तीनधारा** संयुक्त कथासङ्ग्रह (२०३५ सह.) प्रकाशित भएको देखिन्छ तर सो कथासङ्ग्रह आज अप्राप्य रहेको छ ।

## ४. कवि व्यक्तित्व

गोविन्दराज भट्टराईले साहित्यिक लेखनको अभ्यास बीसको दशकदेखि कविता विधाबाट प्रारम्भ गरेको जानकारी पाइए पनि उनका त्यतिखेरका कविताहरू प्रकाशित नभएकाले हाल उपलब्ध छैनन् । प्राप्त जानकारीअनुसार उनका पाँचवटा मात्र प्रकाशित कविता 'मेरो एन् जी ओ र मेरो देश (**सञ्चार**, २०५५) र 'तिमीलाई पर्खिरहे' **श्रीपेच**, (१/१/२०३७), 'आधुनिक शिष्यको गुरुलाई अर्ति', **रकेट**, (७/४/२०४४), 'आऊ प्रिये तिमीहामी मुर्चल बनौं', **रकेट** -९/५/२०४६) र 'एक प्रेमपत्र धरानलाई', **रकेट**, ( ९/६/२०४९) रहेका छन् ।

*#=#=!=@ b|i6f JolQmTj*

गोविन्दराज भट्टराईको व्यक्तित्वको अर्को पाटो द्रष्टा व्यक्तित्व हो । द्रष्टा व्यक्तित्वका रूपमा सशक्त योगदान दिएका भट्टराईले विभिन्न समालोचनात्मक कृतिहरू प्रकाशन गर्नुका साथै अनेकौं कृतिहरूमा भूमिकासमेत लेखेका छन् । यसरी नै उनले पुस्तकहरूको सम्पादन तथा अनुवाद पनि गरेको देखिन्छ । उनको द्रष्टा व्यक्तित्वलाई निम्नलिखित चार प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ :

## १. समालोचक व्यक्तित्व

गोविन्दराज भट्टराईले समालोचना विधामा पर्याप्त कलम चलाएका छन् । विभिन्न विषयवस्तुलाई लिएर वस्तुपरक र प्रभाववादी पद्धतिअनुसार समालोचना गर्ने भट्टराईले केही समालोचनात्मक कृतिहरू प्रकाशित गरिसकेका छन् भने उनका धेरैजसो समालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका अवस्थामा देखिन्छन् । उनका प्रकाशित समालोचनात्मक कृतिहरू **काव्यिक आन्दोलको परिचय** (२०४९), **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** (२०६१), **पश्चिमी बलैंसीका बाछिटा** (२०६१) र **उत्तरआधुनिक ऐना** (२०६२) रहेका छन् । उनका कुनै समालोचनात्मक कृतिमा सङ्गृहीत नभएका समालोचनात्मक लेखहरूको विवरण यस प्रकार रहेको छ :

| क्र. सं. | शीर्षक | प्रकाशनस्रोत |
|---|---|---|
| १ | मुनामदन र सुन्तलीधन सँगै दाजेर हेर्दा | **उषा**, (वर्ष-६, अङ्क-५, २०३१) । |
| २ | महाकविको उपन्यास चम्पा सुलोचना महाकाव्यसँगको तुलनामा | **मधुपर्क**, (वर्ष-७, अङ्क-११, २०३१ । |
| ३ | विषाक्त भोगाइको मूर्तरूप | **कलाकार**, (वर्ष-६, अङ्क-१, २०३२) । |
| ४ | सुम्निमाको कुरा | **कल्पना**, (वर्ष-८, अङ्क-५, २०३२ । |
| ५ | कवि श्री सिद्धिचरणलाई पढ्दा | **उषा**, (वर्ष-७, अङ्क-१, पूर्णाङ्क-३२, २०३२ । |
| ६ | समकालीन साहित्य एक चिन्तन | **कल्पना**, (वर्ष-१०, अङ्क-३, २०३३) । |
| ७ | साहित्यकारको रूपमा नेपाली नारी | **समर्पण**, (वर्ष-९, अङ्क-३, २०३५) । |
| ८ | सतार जाति : एक चिनारी | **मधुपर्क**, वर्ष-१३, अङ्क-५, २०३७ । |
| ९ | आधुनिक अङ्ग्रेजी साहित्यको एक झल्को | **उन्नयन**, (वर्ष-१, अङ्क-१, २०४५) । |
| १० | आधुनिक अमेरिकी साहित्यको एक झल्को | **उन्नयन**, (वर्ष-१, अङ्क-३, २०४६ । |
| ११ | एउटा प्रयोगात्मक गद्यशैलीको परिचयß | **समकालीन साहित्य**, (वर्ष-३, अङ्क-३, पूर्णाङ्क-११, २०५०) । |
| १२ | नेपाली कविताका भग्नावशेषहरू | **कान्तिपुर**, २०५६, साउन २९ । |
| १३ | सन्त्रास मनोविकृतियुक्त भुटानी राजा | **हिमालय टाइम्स**, २०५६, भदौ १२ । |
| १४ | पूर्वाञ्चलको दमकमा काव्यचिन्तन | **कान्तिपुर**, २०५७, फागुन २९ । |
| १५ | दकम काव्य चिन्तन एक सिंहावलोकन | **प्रतिभा**, (वर्ष-९, अङ्क-९, २०५७) । |
| १६ | नेपाली साहित्य विश्वसाहित्यको स्तरमा पुगेको छ | **अविराम**, (वर्ष-४, अङ्क-१, सन् २००१/२००२) । |
| १७ | नेपालीमा अनू दित प्रथम अङ्ग्रेजी उपन्यास 'शी' एक विश्लेषण | **पुष्कर शमशेर स्मृतिग्रन्थ**, २०५८ । |
| १८ | साहित्यमा भ्रमको खेती र असत्यको गीतß | **अंशु**, त्रैमासिक पत्रिका, असोज २०५८ । |
| १९ | कवि दक्षराज : मोफसलमा जलेको एउटा चिराग | **मेरो प्यारो वतन**, २०५९ । |
| २० | विश्व कवितामा पहिलो पाइलो | **कान्तिपुर**, २०६०, कार्तिक २९ । |

| | | |
|---|---|---|
| २१ | प्रथम उपन्यासका प्रथम पुनरसर्जक ध्रुवचन्द्र | **आख्यानपुरुष डा.ध्रुवचन्द्र गौतम**, २०६० । |
| २२ | अनुसन्धान प्रक्रिया : एक सामान्य जानकारी | **अनुसन्धान विधिका केही पक्ष**, २०६० । |
| २३ | कथा परिवर्तन सङ्घारमा | **कान्तिपुर**, २०६१, साउन ९ । |
| २४ | पाठकहरूको मृत्युमा एउटा शोकगीत | **कान्तिपुर**, २०६१, असोज २३ । |
| २५ | स्वर्गीय डेरिडाको खोजी | **कान्तिपुर**, २०६१, कात्तिक १४ । |
| २६ | नयाँ वाङ्मयिक केन्द्रको विस्तार | **कान्तिपुर**, २०६१, माघ २ । |
| २७ | उत्तरआधुनिकताको उपस्थितिबारे एउटा भ्रान्ति | **कान्तिपुर**, २०६१, माघ २३ । |
| २८ | उत्तरआधुनिक पृष्ठभूमि र फूलको आतङ्क | **गरिमा**, (वर्ष-२२, अङ्क-६, पूर्णाङ्क-२५८, २०६१), जेठ । |
| २९ | जिउँदै मऱ्याको भनी नाम कस्को | **समय**, (वर्ष-१, अङ्क-२७, २०६१) । |
| ३० | अनुवाद अध्ययनको सङ्क्षिप्त परिचय | **सम्प्रेषण**, वर्ष-१, अङ्क-१, २०६१) । |
| ३१ | स्व.शिव अधिकारीकृत नाटकसङ्ग्रह **जुत्ता**को परिचय | **समकालीन साहित्य**, (वर्ष-१४, अङ्क-३, २०६१) । |
| ३२ | सङ्कथन विश्लेषण एक प्रारम्भिक परिचय | **सम्प्रेषष**, (वर्ष-२, अङ्क-२, २०६२) । |
| ३३ | गाउँगाउँमा रहेछन् डेरिडा | **कान्तिपुर**, २०६२, वैशाख १० । |
| ३४ | रङ्गमञ्चबाट छिरेको अन्तर्राष्ट्रियवाद | **कान्तिपुर**, २०६२, वैशाख, २४ । |
| ३५ | डेरिडाको बर्खान्त र भुटानी राजा | **नेपाल**, (वर्ष-६, अङ्क-४, २०६२) भदौ । |
| ३६ | बहुभाषिक शब्दकोशको उपहार | **कान्तिपुर**, २०६२, पुष २ । |
| ३७ | अमर नाटकका यी दृश्य | **कान्तिपुर**, २०६२, माघ २२ । |
| ३८ | काव्यात्मक नाटक : एक परिचय | **नेपथ्य**, (वर्ष-२, अङ्क- १०, २०६२) । |
| ३९ | काव्यात्मक नाटक परिचय | **चिनारी**, २०६२ । |
| ४० | विश्व साहित्यमा समकालीनता | **शार्दूल**, (वर्ष-१, अङ्क-१, २०६२) । |
| ४१ | समावेशी शिक्षा मानवअधिकारवादी तथा बहुलवादी सोच हो | **सेट्रा**, विशेषाङ्क, २०६३ । |
| ४२ | दुःखान्त रङ्गमञ्चमा पाइला टेक्ता | **कान्तिपुर**, २०६३, असोज ७ । |
| ४३ | सत्य र भ्रान्तिको सङ्गम : सुकरातका पाइला | **गोरखापत्र**, २०६३, फागुन २६ । |
| ४४ | साइबर संस्कृतिभित्र साहित्यको स्थान | **गरिमा**, (वर्ष-२४, अङ्क-१२, पूर्णाङ्क-२८८, २०६३) । |
| ४५ | हरएक मान्छे आफ्नै उज्यालोमा देखिन्छन्, चिनिन्छन्, | **समकालीन साहित्य**, (वर्ष-६, अङ्क-२, २०६३) । |
| ४६ | उत्तरआधुनिक प्रदेशको एक यात्रा | **साइनो**, (अङ्क-२, २०६३) । |
| ४७ | समुन्द्राका कवितामाथि विहङ्गम दृष्टि | **अस्तिता**, (वर्ष-१, अङ्क-१, २०६३) । |
| ४८ | उत्तरआधुनिक परिवेशमा सिर्जनाको उद्देश्य र नयाँ गन्तव्यको खोजी | **शिक्षाशास्त्र सौरभ**, (अङ्क-११, २०६३/०६४) । |
| ४९ | उत्तरआधुनिक परिवेश र अनुवाद स्वतन्त्रताका कुरा | **सम्प्रेषण**, (वर्ष-४, अङ्क-४, २०६४) । |
| ५० | लीलाबहादुर छेत्रीको उपन्यास | **प्रतिध्वनिहरू विस्मृतिका**, २०६४ । |
| ५१ | एक महान् सभ्यतालाई चिनाउने प्रथम कृति | **उन्नयन**, (अङ्क-६३, २०६४) । |
| ५२ | सिर्जनाको उत्तरआधुनिक सिद्धान्त | **कान्तिपुर**, २०६४, साउन १२ । |
| ५३ | इकोक्रिटिसिज्म : सिर्जना तथा समालोचनाको नवीनतम क्षेत्र र नेपाली साहित्यको सन्दर्भ | **गरिमा**, (वर्ष-२५, अङ्क-७, पूर्णाङ्क-२९५, २०६४), असार । |
| ५४ | बलदेव मजगैयाँको 'विवशता'माथि केही टिप्पणी | **रचना**, (वर्ष-४७, पूर्णाङ्क ९३, २०६४) । |

| | | |
|---|---|---|
| ५५ | लेखकको मृत्युबारे थप केही प्रसङ्ग | **लेखक**, (वर्ष-१, अङ्क-१, २०६४) । |
| ५६ | कालेबुङको एउटा चिठी र सिर्जनामा विचलनका कुरा | **विचलन**, (वर्ष-१, अङ्क-३, २०६४) । |

उनले यी समालोचनामा पाश्चात्य साहित्य तथा नेपाली साहित्यका विभिन्न विधाहरूको स्वरूप, विधाहरूमा देखिएको आधुनिकता, पाश्चात्य साहित्यमा विकसित भएका वाद, प्रणाली एवम् आन्दोलनका साथै नेपाली साहित्यमा भएका साहित्यिक आन्दोलनहरू, नेपाली साहित्यमा उत्तरआधुनिक सोचले पारेको प्रभाव, ती सिद्धान्तसँग सम्बन्धित साहित्यकारहरूको विवेचना आदि विषयलाई लिएका छन् । उनको समालोचनात्मक भाषा वस्तुवादी हुँदाहुँदै पनि कतिपय समालोचनामा निजात्मक अनुभूति पनि देखिएकाले भाषामा निबन्धात्मकता घुसेको अनुभव पनि समालोचना पढ्दै जाँदा पाठकलाई हुने गर्दछ । उनका केही समालोचनाको भाषा वस्तुवादी, सपाट र सरल पनि देखिन्छ ।

## २. भूमिकालेखक व्यक्तित्व

गोविन्दराज भट्टराईको द्रष्टा व्यक्तित्व भूमिकालेखनसम्म पनि फैलिएको देखिन्छ । नेपाली भाषाका उनका भूमिकाहरू निम्नलिखित रहेका छन् :

| क्र. सं. | कृतिलेखकको नाम | शीर्षक | प्रकाशनस्रोत |
|---|---|---|---|
| १ | तेराख | नेपाली उपन्यास जगत्मा एउटा प्रयोग | **सर्वजा**, २०६० । |
| २ | खेमलाल पोखेल | विविध तरङ्गमा डुबेर निस्कँदा | **विविध तरङ्ग**, २०६० |
| ३ | डा. कुमारबहादुर जोशी | आजीवन साधकको महत्त्वपूर्ण योगदान | **लक्ष्मी निबन्धसङ्ग्रहका निबन्धहरूमा देवकोटाका काव्यमान्यता**, २०६१ । |
| ४ | राजा बाबु श्रेष्ठ | प्रहरी र साहित्यलाई केलाउँदा | **प्रहरी र साहित्य**, २०६१ । |
| ५ | कृष्णहरि बराल | वस्तुपरक समालोचना : एउटा नयाँ कित्ताको खोजी | **वस्तुपरक समालोचना**, २०६१ । |
| ६ | ध्रुवचन्द गौतम र रामप्रसाद उपाध्याय | केन्द्रभञ्जनको एउटा नमुना जेलिएको उपन्यास | **जेलिएको**, २०६२ । |
| ७ | खगेन्द्रप्रसाद लुइटेल | सिद्धान्त र प्रयोगको अपूर्व मिलन | **कविताको संरचनात्मक विश्लेषण**, २०६२ । |
| ८ | तेराख | तेराखको मयविधाबारे छोटो मन्तव्य | **मयविधाको प्रस्तावना**, २०६२ । |
| ९ | | मोफसलबाट महत्त्वपूर्ण उपहार | **आँगनदेखि सागरसम्म**, २०६२ । |
| १० | भुपेन्द्रजङ शाही | क्रान्ति र युद्ध उपन्यास बन्दीगृह | **बन्दीगृह**, २०६२ । |
| ११ | स्व. स्वप्नील स्मृति | रङ्गौरङ्गको भीर आरोहण एक स्वप्नील यात्राको स्मृति अवशेष | **रङ्गौरङ्गको भीर**, २०६२ । |
| १२ | दामोदर पुडासैनी किशोर | मानवीय संवेदनको खोजीमा दामोदरका शक्तिशाली कविता | **आँखाको खोजीमा**, २०६२ । |
| १३ | डा. खुमनारायण पौडेल र अन्य | नेपाली वाङ्मयलाई एउटा अनमोल उपहार | **नोवेल पुरस्कार विजेता साहित्यकार**, २०६२ । |
| १४ | लीलाबहादुर क्षत्री | अधा शताब्दीको अन्त्यमा सुनिएका प्रतिध्वनिहरू | **प्रतिध्वनिहरू विस्मृतिका**, २०६२ । |
| १५ | दुर्गाप्रसाद दाहाल | एउटा नयाँ कामको म धेरै तारिफ गर्दछु | **नरेन्द्रदाइ उपन्यासको शैली वैज्ञानिक अध्ययन**, २०६२ । |

| | | | |
|---|---|---|---|
| १६ | विश्वासदीप तिगेला | नेपाली निबन्धमा एउटा आधुनिक मोड | **गृहयुद्धका पीडा**, २०६२ । |
| १७ | इल्या भट्टराई | नेपाली नारीको आँखामा विचित्र बेलायत | **लफबर वरिपरि**, २०६२ । |
| १८ | डा. दयानन्द बज्राचार्य | एउटा वैज्ञानिकको सङ्घर्षको कथा | **वैज्ञानिक गोरेटोमा**, २०६२ । |
| १९ | होमर श्रेष्ठ | नेपाली वाङ्मयमा चेखब : एक शताब्दीपछिको महायात्रा | **चेरीको बगैँचा**, २०६२ । |
| २० | के. बी. महर्जन | सूर्योदयका देशको सुन्दर, कौतुकमय चित्र : जापानमा छ वर्ष | **जापानमा छ वर्ष**, २०६३ । |
| २१ | घनश्याम शर्मा | भो छाडिदिउँ अब कविता | **दुःखिरहने देश**, २०६३ |
| २२ | दिलबहादुर लिम्बू | छोटो फ्रकबारे केही शब्द | **छोटो फ्रक**, २०६३ |
| २३ | लोकेश ढकाल | निरन्तर एउटा आस्था गुञ्जिन्छ | **अनुगुञ्जन**, २०६३ । |
| २४ | गोविन्दराज भट्टराई र विष्णुविभु घिमिरे | द्वन्द्व, युद्ध र अभिघातका कथा : नेपाली साहित्यमा पहिलो | **द्वन्द्व र युद्धका कथा**, २०६३ । |
| २५ | गोपाल पराजुली | समानान्तर सडकका यात्राहरू | **समानान्तर सडक**, २०६३ । |
| २६ | लक्ष्मीप्रसाद निरौला | सौन्दर्य चेतका सांस्कृतिक सिर्जना | **लेकाली मीतआमा र अरू सिर्जनाहरू**, २०६३ । |
| २७ | शिव रेग्मी | सहस्र धन्यवाद अर्पण गर्दछु | **अतीतका पाना**, २०६३ । |
| २८ | विष्णु निष्ठुरी | उन्नाइस दिनको जीवन्त शब्दचित्रप्रति | **उन्नाइस दिन**, २०६३ । |
| २९ | केशवराज सिलवाल | यो गुलाफको फूल हो जुन छातीमा सिउरिदिन्छन् तानाशाह | **बर्जित अवशेष**, २०६३ । |
| ३० | डा. ध्रुवचन्द्र गौतम | आधुनिक प्रवृत्ति र फूलको आतङ्क | **फूलको आतङ्क**, २०६३ । |
| ३१ | निर्मलकुमार थापा | मन्तव्य | **प्रभाव फेरि सन्धया**, २०६३ । |
| ३२ | सीमा आभाष | त्रासद बगैँचाका सुन्दर फुल | **साँझको सङ्घारबाट**, २०६३ । |
| ३३ | नरेन्द्रराज पौडेल | स्वप्नयात्राको अनुभव | **स्वप्नयात्रा**, २०६३ । |
| ३४ | दामोदर घिमिरे | दामोदरका सिर्जनामा सकारात्मक सन्देश | **पर्खाल**, २०६३ । |
| ३५ | डा. ध्रुवचन्द्र गौतम | साइबर जगत्तिर पसेको नेपाली उपन्यासमा सहस्राब्दीको अन्तिम प्रेमकथा | **सहस्राब्दीको अन्तिम प्रेमकथा**, २०६४ |
| ३६ | कृष्णचन्द्र शर्मा | यी खरा झिल्का र फिलिङ्गाप्रति | **शब्दतरङ्ग**, २०६४ । |
| ३७ | धनराज गिरी | म यस्तो गोपीगीतको प्रेमी हुँ | **ढल्दैन स्वाभिमान कसै गरे पनि**, २०६४ । |
| ३८ | रामचन्द्र के. सी. | म यस्तो प्रयत्नको प्रशंशा गर्दछु | **विश्वका उत्कृष्ट आधुनिक कथाहरू**, २०६४ । |
| ३९ | धर्मेन्द्रविक्रम नेवाङ्ग | माघे सङ्क्रान्तिमा ढुङ्गा फोर्दा | २०६४ । |
| ४० | सत्यमोहन जोसी | मानव मनोविज्ञानको प्रतीकात्मक कथा | **बाघभैरव**, २०६४ । |
| ४१ | पोषराज चापागाईं | मौन चुल्ठोले मलाई यस्तो इसारा गऱ्यो कि यति नबोली मैले बाटो काट्नै सकिन | **मौनचुल्ठो**, २०६४ । |
| ४२ | राजेन्द्र थापा | सय घाउ एकैचोटि दुख्दा | **राजेन्द थापाको गजलसङ्ग्रह**, २०६४ । |
| ४३ | इट्टाघरे | हजार शुभकामना एक इट्टाघरेलाई | **वियोग**, २०६४ । |
| ४४ | चन्द्र योङ्याँ | कति अनौठो भीरमा चढेछौ चन्द्र तिमी ता | **भीर**, २०६४ । |

| | | | |
|---|---|---|---|
| ४५ | अमर नेवाङ्ग लिम्बू | सम्झनाका तरेलीमा लेखिएको जीवन जति पढ्यो उति तानिँदै | **सम्झनाका तरेलीहरू**, २०६४ । |
| ४६ | होमर श्रेष्ठ | नेपाली वाङ्मयले यस्तो प्रयत्नको हार्दिक स्वागत गर्दछ, | **पृथ्वी घुमिरहेको छ**, २०६४ |
| ४७ | होमनाथ सुवेदी | नेपाली डायस्पोरिक साहित्यको प्रथम उपन्यास यमपुरीको महल | **यमपुरीको महल**, २०६४ । |
| ४८ | कृष्णचन्द्रसिंह प्रधान | यस्तो एउटा राँको जो सधैँ बलिरहने छ, | **समय सुनामी**, २०६४ । |
| ४९ | अमर गुरुङ | अमर सङ्गीत साधकको साहित्य योगदान | **कहाँ गए ती दिनहरू**, २०६४ । |
| ५० | गणेश रसिक | दसगजामा उभिएर एउटा जीवन नियाल्दा | **दसगजामा उभिएर**, २०६४ । |
| ५१ | गोपी सापकोटा | कालो आकृतिका डरलाग्दा छायाँसँग जम्काभेट | **कालो आकृति**, २०६४ । |
| ५२ | कृष्णचन्द्रसिंह प्रधान | नेपाली साहित्यमा एक वरिष्ठ समालोचक, अर्धशताब्दीको अविराम यात्रामा जस्ता देखिए | **आरम्भअघिका शब्दहरू**, २०६४ । |
| ५३ | महेशविक्रम शाह | यी अभिघातका कथाले मुटु हल्लाउन थाल्नेछन् | **छापामारको छोरो**, २०६४ । |
| ५४ | कृष्णचन्द्रसिंह प्रधान | हरएक मान्छे आफ्नै उज्यालोमा देखिन्छन्, चिनिन्छन् | **जीन्दगीका टिपोटहरू**, २०६४ । |
| ५५ | ध्रुवचन्द्र गौतम | दुविधाले उत्पन्न गरेका अस्तित्व चिन्तन, विसम्बन्धबोध र एकाकीपनमाथि केही सैद्धान्तिक निरूपण | **दुविधा**, २०६४ । |
| ५६ | प्रकाश विमिल | अर्को भीरमा चढेर नयाँ रङ्गको दृश्यावलोकन गर्दाको अनुभूति : चैत्रको एक साझमा | **भीर)अथवा(रङ्ग**, २०६४ |

अङ्ग्रेजी भाषाका उनका भूमिकाहरू यसप्रकार रहेका छन् :

| क्र. सं. | कृतिलेखकको नाम | शीर्षक | प्रकाशनस्रोत |
|---|---|---|---|
| 1 | Chandrika Bhatta | commendeble | **Classroom English**, 2060 |
| 2 | Kumar Bahadur joshi | A walking from the death | **An Epic Tale of Survival**, 2061 |
| 3 | Bala Ram Adhikari | Technical and cultural | **Foreword**, 2004 |
| 4 | Krishna Murari Gautam | The First Nepali Satirist English | **Chatyang Geeta**, 2004 |
| 5 | Dhruva N. Singh Rai | On Face of The Mirror | **Face of the Mirror**, 2004 |
| 6 | Lila Paudel | Foreword | **ELT Materials and Practices**, |
| 7 | Dr Chandreshwor Mishra | Discourse analysis | **Foreword**, 2005 |
| 8 | Dilli Guragain & Bhesh Pokhrel | With a Great Caution and Care – Move Ahead | **Theories of Grammar**, 2005 |
| 9 | Dhruva Chandra Gautam | Terror of Flower: A unique Example of Experimental Writing in Nepali Novel | **Terrer of Flower, 2005** |

| | | | |
|---|---|---|---|
| 10 | Padmavati Singh | Beyandn the Frontiers : a new vista of life ar porashrayed by Nepali | **Beyandn the Frontiers**, 2063 |
| 11 | Prem Phyak | Foreword | **TRANSLATION : A Basic Course**, 2006 |
| 12 | Yuva Raj Dawadi | A Few Words | **A Basic Course in English Grammar**, 2006 |
| 13 | Bidhyanath koirala | Small is Beautiful Talking with Hill People | **Talking with Hill People**,2006 |
| 14 | Indralal Regmi | Foreword | **A Handbook of Writtrn Composition**, 2006 |
| 15 | cc & Usha Sherchan | Beyond the Frontiers: a new vista of life as portrayed by Nepali women writers, | **Gunjan**, 2063/2006 |
| 16 | Samadarshi Koirala | on Samadarshi kainla: One of the trend-setters of postmodernist writing in Nepali poetry | 2006 |
| 17 | Bal Krishna Sharma& Prem Bahadur Phyak | A few words though not a fordword to this sincere efford | **Understanding English Language Teaching**, 2006 |
| 18 | Yam Bahadur kshetri | My words of appreciation | **A Textbook on Linguistics**, 2007 |
| 19 | Mohan Sitaula | Mohan's poems reveal freshness, great beauty and unique power of expression | **New Breaths**, 2007 |

भट्टराईले उपर्युक्त भूमिकाहरू कृतिको गहन अध्ययन गरेर लेखेको पाइन्छ । कृतिले दर्साउन खोजेको मूल चुरोलाई बुझेर उनले भूमिकामा त्यस कृतिको सार प्रस्तुत गर्ने जमर्को गरेको देखिन्छ । भूमिका लेखनको भाषा सुदृढ र कसिलो देखिन्छ । कुनै कृतिको पाण्डुलिपि हातमा आइपरेपछि त्यस पाण्डुलिपिको भूमिका लेख्दा त्यसभन्दा अगाडि उनी कुन कृतिको भूमिका लेख्दै थिए भन्ने जानकारी प्रायजसो उनका भूमिकामा देखिन्छ ।

## ३. अनुवादक व्यक्तित्व

गोविन्दराज भट्टराईले नेपाली साहित्यका कृतिहरूको अनुवाद गरेर विश्वसाहित्यलाई चिनाउने प्रयास गरेका छन् भने विश्वसाहित्य खासगरी पाश्चात्य साहित्यका विभिन्न कृतिहरूलाई नेपाली भाषामा अनुवाद गरेर नेपाली साहित्य पाश्चात्य साहित्यका विभिन्न सिद्धान्त, वाद, प्रणाली आदिको परिचय दिलाउन सफल भएका छन् । आजसम्म उनका अनुवादसम्बन्धी कृतिहरू **विदेशी बगैंचाका चार थुँगा फूल**(२०५१-५६), **विदेशी बगैंचाका पाँच थुँगा फूल** (२०५१-५६), **विदेशी बगैंचाका छ थुँगा फूल** (२०५१-५६), **एन् इन्ट्रोडक्सन टु ट्रान्सलेसन स्टडिज्** (२०५७), **सेलेक्टेड नेपाली एसेज** (२०६०), **सलेक्टेड स्टोरिज फ्रम नेपाल** (२०६१), **नेप्लीज लिटरेचर** (२०६२), **बियोन्ड द फ्रन्टियर्स : विमिन्ज स्टोरिज फ्रम नेपाल** (२०६३) प्रकाशित भएका छन् । पत्रिकामा प्रकाशित भएका अनुवादसम्बन्धी लेखहरू 'आस', **गरिमा** (२२/११/ २६३ : २०६१) र 'माथिका खुट्टा तान्ने प्रवृत्ति', **देवकोटा स्मारक**, (२०६१) गरी दुईवटा मात्र रहेका छन् ।

## ४. सम्पादक व्यक्तित्व

गोविन्दराज भट्टराईले केही पत्रपत्रिका तथा पुस्तहरू सम्पादन गरेका छन् । सम्पादनका क्रममा सर्वप्रथम दमकमा अध्यापन गराउँदा राधिका मा. वि. उर्लावारीबाट विद्यालयको वार्षिक मुखपत्रका रूपमा प्रकाशित **कोसेली** नामक पत्रिका (२०३२) को दुई

अङ्क सम्पादन गरेका थिए ।[१३०] त्यसपछि उनले दमकमा हिमालय मा. वि. मा अध्यापन गराउँदा **हिमाल** (२०३४/३५) नामक पत्रिकाका एक-दुई अङ्क र २०३६ सालमा पञ्चायत पुस्तकालय, दमकको साहित्यिक प्रकाशन **नागबेली** नामक पत्रिकाका प्रथम अङ्क सम्पादन गरेको देखिन्छ । भट्टराईले नगर पुस्तकालय धनकुटाको साहित्यिक प्रकाशन **निर्वाण** वार्षिक पत्रिकाको अङ्क १, प्राध्यापक सङ्घ इकाइ धनकुटा काम्पसको **चिन्तनधारा**, पत्रिकाको अङ्क १, २ र ३ को सम्पादक मण्डलीमा रहेर काम गरेका थिए । जर्नल अफ नेल्टाको अङ्क ५ देखि १० सम्मको प्रधान सम्पादक, भाषा विज्ञान समाज नेपालको **नेपलीज लिङ्गुइस्टिक** वार्षिक प्रकाशनको अङ्क १७ देखि २५ सम्मको सम्पादक मण्डलमा रहेर भट्टराईले कार्य गरेको देखिन्छ । वर्तमान समयमा उनी नेपाली लेखक सङ्घद्वारा प्रकाशित **लेखक** पत्रिकाको सम्पादक सदस्य रहेका छन् । यिनको सम्पादन व्यक्तित्वलाई दर्साउने सम्पादनकार्य निम्नानुसार रहेका छन् :

| क्र. सं. | शीर्षक | प्रकाशनस्रोत |
|---|---|---|
| १ | **कोसेली** | राधिका मा.वि. उर्लावारी, २०३२, झापा । |
| २ | **हिमाल** | हिमालय मा. वि.दमक, २०३४/३५, झापा । |
| ३ | **देउराली** (कवितासङ्ग्रह) | देउराली प्रकाशन, दमक, २०३४ । |
| ४ | **नागबेली** | पञ्चायत पुस्तकालय, दमक, एक अङ्क, २०३६ |
| ५ | **निर्वाण** | नगर पुस्तकालय, धनकुटा, २०४४/०४५ |
| ५ | **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन (सह.)** | रत्न पुस्तक भण्डार, २०६१ । |
| ६ | **द्वन्द्व र युद्धका कथा (सह.)** | गोविन्दराज भट्टराई, २०६३ । |
| ७ | **डा. बल्लभमणि दाहालका रचनाहरू (सह.)** | डा. सुभद्रा सुब्बा दाहाल, २०६३ । |

उपर्युक्त सम्पादन कार्यमा पत्रिकाको सम्पादन कार्य गोविन्दराज भट्टराई एक्लैले गरेका हुन् भने कृतिहरूमा चाहिँ **डा.बल्लभमणि दाहालका भाषिक चिन्तन** (२०६१) र **डा. बल्लभमणि दाहालका रचनाहरू** (२०६३) डा. खगेन्द्रप्रसाद लुइटेलसँगको सहसम्पादनमा सम्पादन गरेका हुन् । त्यस्तै **द्वन्द्व र युद्धका कथा** (२०६३) विष्णुविभु घिमिरेको सहसम्पादनमा सम्पादन गरेका हुन् । भट्टराईले **नेपलीज लिटरेचर** (सम्पादक), **बियोन्ड द फ्रन्टियर्स : विमिन्ज स्टोरिज फ्रम नेपाल** (अतिथि सम्पादक), **स्टोरिज अफ् कन्फ्लिक्ट एन्ड बार** ( सम्पादक), **आरम्भअघिका शब्दहरू** (सम्पादक) भएर कार्य गरेका छन् । भट्टराईको सम्पादक व्यक्तित्व प्राज्ञिक, शैक्षिक र वाङ्मयविधामा केन्द्रित भएको देखिन्छ ।

## ३.३.२ साहित्येतर व्यक्तित्व

जीवनमा अनेक क्षेत्रसँग सम्बद्ध र क्रियाशील रहेका गोविन्दराज भट्टराईको लेखन क्षेत्रबाहेक अन्य विविध व्यक्तित्व, उनको रुचि, पेसा, विभिन्न क्षेत्रहरूमा सहभागिता, उनको प्रतिभाका कारणले निर्माण भएको देखिन्छ । विभिन्न कार्य क्षेत्रहरूमा संलग्न तथा सक्रिय कार्यदक्षताले उनको व्यक्तित्व कार्यप्रतिको लगनशीलता, कर्तव्यको कुशल निर्वाह, उच्च विद्वता आदिले निर्माण भएको देखिन्छ । गोविन्दराज भट्टराईको राष्ट्रिय व्यक्तित्वलाई निम्नलिखित प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ :

## १. शिक्षक-प्राध्यापक व्यक्तित्व

गोविन्दराज भट्टराईको मुख्य कार्यक्षेत्र शिक्षण तथा प्राध्यापन भएकाले यिनको जीवन शिक्षण-प्राध्यापन कार्यमा खर्च भएको देखिन्छ । यसै पेसामा संलग्न भएर उनी अन्य क्षेत्रमा

---
१३०. ऐजन ।

पनि व्यक्तित्वको निर्माण गर्न सफल भएका हुन् । उनले शैक्षणिक कार्यमा तीन दशक बिताइसकेका छन् । शिक्षाप्राप्तिका दृष्टिले प्रवेशिका स्तरको अध्ययन पश्चात् शैक्षणिक कार्यक्षेत्रमा प्रवेश गर्ने क्रममा भट्टराई २०२६ सालमा भुटानको देन्चुखा प्राइवेट स्कुलमा पढाउन थाले । यस विद्यालयमा ग्रामीण समाजका सानासाना नानीहरूलाई अक्षर सिकाएका थिए भने कतिपय विद्यार्थीहरूलाई पाठ्यक्रमअनुरूप शिक्षा प्रदान गरेका थिए । २०२९ सालदेखि सरस्वती नि. मा. वि. बेलडाँगीमा पढाए । त्यसपछि बी. एड्. पढ्न कीर्तिपुर आएका भट्टराईले २०३१ सालको अन्तिमदेखि राधिका मा. वि. उर्लाबारीमा पढाएको देखिन्छ । त्यसपछि दमकस्थित हिमालय मा. वि. सरुवा भई केही समय अध्यापन गराएका थिए भने २०३६ सालतिर एम्. एड् गर्न काठमाडौँ आएका भट्टराईले काठमाडौँको धर्मस्थली मा. वि.मा केही समय अध्यापन गराएको बुझिन्छ । उपर्युक्त शैक्षणिक कार्यमा निरन्तरताको संलग्नता र स्थायित्व पाइँदैन तर उनको भावी शिक्षक-प्राध्यापक व्यक्तित्वको पृष्ठभूमिका रूपमा भने महत्त्वपूर्ण सहयोग पुगेको देखिन्छ ।

२०३७/३८ को शैक्षिक सत्रमा अङ्ग्रेजीमा स्नातकोत्तर उत्तीर्ण गरेका भट्टराईले २०३८ सालदेखि उनको जीवनको वास्तविक कार्यक्षेत्रका रूपमा शैक्षिक कठिन कार्य प्रारम्भ हुन्छ । उनी २०३८ साल पौषमा त्रि. वि. को शिक्षाशास्त्र अङ्ग्रेजी विभागको सहायक प्राध्यापक पदमा नियुक्त भए । धनकुटा क्याम्पसका लागि नियुक्त भएका भट्टराईले काजमा दमक क्याम्पसमा पढाउन थाले । सो पदबाट २०४२ सालमा उपप्राध्यापक, २०४९ सालमा सह-प्राध्यापक तथा २०५९ सालमा प्राध्यापक पदमा बढुवा भए । यिनी प्राध्यापन क्षेत्रमा प्रवेश गरेपछि अङ्ग्रेजी विषयको पठनपाठनमा गुणस्तर र विद्यार्थीमा लोकप्रियता ल्याउने काम गरे । यिनले प्राध्यापन क्षेत्रमा देखाएको प्रतिभा, दक्षता र लगनशीलताले शिक्षाशास्त्र अङ्ग्रेजी विभाग, अङ्ग्रेजी विषय, अङ्ग्रजी विभागका शिक्षक तथा विद्यार्थीहरू लाभान्वित भएको देखिन्छ । यिनको प्राध्यापन पेशा अत्यन्त नियमित र इमान्दारिता पूर्ण थियो । पाश्चात्य साहित्यको अध्ययन गरी विद्यार्थीहरूलाई प्रस्ट हुने गरी पाश्चात्य साहित्यको व्याख्यान गर्न दक्ष यिनले विश्वमा विकसित भएका साहित्यका नवीनतम उपलब्धिहरूको अध्ययन-विश्लेषण गरी त्यसैका सापेक्षतामा अङ्ग्रेजी भाषाशिक्षण, भाषा विज्ञान, अनुवाद र अङ्ग्रेजी भाषाशिक्षणसँग सम्बद्ध विषयहरू अध्ययन-प्राध्यापन गराएको देखिन्छ ।[१३१]

यसरी हेर्दा लगभग तीन दशक शिक्षक-प्राध्यापक भएर समय बिताइसकेका भट्टराईको शिक्षक-प्राध्यापक व्यक्तित्व एक सामान्य विद्यालयको शिक्षकबाट प्रारम्भ भई त्रिभुवन विश्वविद्यालयको प्राध्यापक तहसम्म गरिमामय स्थान ओगट्न सफल देखिन्छ । यिनको शिक्षक-प्राध्यापक व्यक्तित्व विषयको विद्वत्ता, कार्यप्रतिको निष्ठा, विद्यार्थीप्रतिको लगाव र प्राज्ञिक इमान्दारिताले भरिपूर्ण रहेको देखिन्छ । यिनको शिक्षक-प्राध्यापक व्यक्तित्व विश्वसाहित्यको ज्ञान र प्रकाण्ड विद्वत्ताले निर्माण भएकाले नै देशको राष्ट्रिय व्यक्तित्वको स्थान प्राप्त गरी सम्बन्धित क्षेत्रमा महत्त्वपूर्ण जिम्मेवारी प्राप्त गर्ने र त्यसको कुशल निर्वाह गर्ने काममा सफलता पाएको देखिन्छ । प्रा. डा. गोविन्दराज भट्टराईको यस व्यक्तित्व शिक्षाशास्त्र अङ्ग्रेजी विभाग, विषय क्षेत्रका शिक्षक र विद्यार्थीका लागि अभिप्रेरक, प्राज्ञिक र महत्तम उपलब्धि हुन पुगेको देखिन्छ ।

## २. प्रशासनिक व्यक्तित्व

डा. गोविन्दराज भट्टराईले प्राज्ञिक तथा शैक्षिक जिम्मेवारी समाल्ने क्रममा विभिन्न प्रशासनिक तहमा रहेर भूमिका पनि निर्वाह गरेका छन् । प्रशासनिक जिम्मेवारी समाल्ने

[१३१]. ऐजन ।

क्रममा २०५५ सालमा शिक्षाशास्त्रअन्तर्गत अङ्ग्रेजी विभागको प्रमुख भएर कार्य गरेका थिए । त्यस्तै २०५७ सालमा शिक्षाशास्त्र केन्द्रीय विभागको प्रमुख भएर कार्य गरेको देखिन्छ । यसरी अङ्ग्रेजी विभाग र शिक्षाशास्त्रको विभागीय प्रमुख भएर प्रशासकीय अनुभव बटुलेका भट्टराई २०६० सालदेखि शिक्षाशास्त्रअन्तर्गत सहायक डीनको उच्च पदमा रही कार्य गर्दै आइरहेका छन् ।

आफ्नो कार्यकालमा आफूले लिएको जिम्मेवारी कुशलताका साथ पूर्ण गरेका वा गर्दैरहेका भट्टराईको कुशल प्रशासनिक व्यक्तित्वले त्रि. वि. लाभान्वित रहेको देखिन्छ । त्रि. वि. शिक्षाशास्त्र विभाग एवम् अङ्ग्रेजी विभागको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने भट्टराईको प्रशासनिक व्यक्तित्व सफल रहेको देखिन्छ ।

### ३. शोधनिर्देशक व्यक्तित्व

गोविन्दराज भट्टराई अङ्ग्रेजी भाषासाहित्यका एक वरिष्ठ अनुसन्धानकर्ता पनि हुन् । प्रा. डा. भट्टराईले अङ्ग्रेजी भाषा-साहित्यका थुप्रै शोधकर्तालाई शोधनिर्देशन गरिसकेका छन् । कुशल शोधनिर्देशको भूमिका निर्वाह गरिसकेका भट्टराईको व्यक्तित्वको एउटा पाटो शोधनिर्देशक व्यक्तित्व पनि हो । अहिले सम्ममा मास्टर्स तहका करिब ५० वटा शोधपत्र पूरा गराएको र विद्यावारिधि तहका करिब एकदर्जन शोधग्रन्थसँग संलग्न रहेको कुरा उनले बताए ।[१३२] यिनी एक नेपाली विषयका विशेषज्ञ पनि हुन् ।

### ४. सामाजिक व्यक्तित्व

नेपाली भाषासाहित्यको सेवामा सपर्पित भट्टराई समाजमा भाषासाहित्यको विकास र विस्तार गर्नका लागि विभिन्न भाषासाहित्य समाजसँग आबद्ध रहेका छन् । उनले भाषाविज्ञान समाजको चारवर्षसम्म सचिव/ कोषाध्यक्ष भएर योगदान पुऱ्याएको देखिन्छ । वर्तमानमा पनि उनी उक्त समाजका उपाध्यक्ष रहेका छन् । खासगरी उनी अङ्ग्रेजी भाषाका प्राज्ञ भएकाले विभिन्न नेपाली कृतिलाई अनुवाद गरी नेपाली साहित्यलाई विश्वस्तरमा चिनाउन र विश्वका उत्कृष्ट अङ्ग्रेजी भाषासाहित्यका कृतिलाई नेपालीमा अनुवाद गरी नेपाली भाषासाहित्यलाई टेवा पुऱ्याइरहेका रहेका छन् । यसरी समाजिक व्यक्तित्वको निर्माण गर्न सफल उनी वर्तमान अङ्ग्रेजी शिक्षकहरूको सङ्गठन नेल्टाको अध्यक्ष पदमा रहेर कार्य गरिरहेका छन् ।

## ३.३.३ जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तर्सम्बन्ध

गोविन्दराज भट्टराईले आफ्नो जीवनको यात्रामा अनेक क्षेत्रमा संलग्न भई महत्त्वपूर्ण कार्यहरू गर्दै आइरहेका छन् । तिनै महत्त्वपूर्ण कार्यहरूले भट्टराईको जीवनी एक सामान्य व्यक्तिभन्दा भिन्न राष्ट्रिय व्यक्तित्वका रूपमा स्थापित हुन पुग्यो । उनले गरेका कार्यहरूबाट निर्मित उनको राष्ट्रिय व्यक्तित्व र उनीद्वारा लिखित कृतिहरूका बीच परस्पर निकटता र सम्बन्ध भेटिन्छ ।

गोविन्दराज भट्टराईको पारिवारिक पृष्ठभूमि निम्नमध्यमस्तरीय भएकाले उनको बाल्यकाल केही दुःखसाथ बितेको पाइन्छ । शिक्ष्याध्यनका निम्ति केही सङ्घर्ष गर्दै अध्ययन गरेका भट्टराई किशोरावस्थाका जीवनका घटनाहरू र भुटान गएको बेला भोगेका तथा देखेका विषयहरूको प्रभाव यिनको साहितिेयक लेखनमा पर्न गयो । साथै उनले गरेका स्वदेश तथा विदेशका भ्रमणका समयमा अनुभव गरेका तथा प्रत्यक्ष भोगेका घटनाहरूको प्रभाव

---

१३२. ऐजन ।

पनि यिनको साहित्यिक लेखनमा पर्न गयो । यिनले कथा तथा उपन्यासहरूमा प्रवासी नेपाली एवम् स्वदेशी काठमाडौँबासी युवाहरूले भोग्नु परेको पीडा, दुःख तथा विवशतालाई विषयवस्तु बनाएका छन् ।

गोविन्दराज भट्टराईको कृतिलेखन, समालोचना तथा अनुवादमा उनको शिक्षाले प्रभाव देखिन्छ । अङ्ग्रेजी मूल विषय लिई एम्. एड्. तथा एम्. ए गर्ने भट्टराईले पछि गएर ट्रान्स्लेसन स्टडिजमा पोस्ट ग्रयाजुएट डिप्लोमा गरेपछि अनुवाद विज्ञानमा पी. एच्. डी. गरेका भट्टराईका साहित्यिक रचनाहरूमा पाश्चात्य साहित्यको विश्लेषण अङ्ग्रेजी भाषासाहित्यककै अध्ययनको देन हो । शैक्षिक उद्देश्यले प्रेरित विभिन्न लेखहरू शिक्षामा बहुभाषाविज्ञ व्यक्तित्वका कारणले नै जन्माएका हुन् । बहुभाषाविज्ञ भएका कारणले नै उनले विभिन्न भाषाका कृतिहरूको अध्ययन गरेर त्यसबाट प्रेरणा र प्रभाव ग्रहण गरी कलम चलाएको देखिन्छ ।

मूल कार्यक्षेत्रका रूपमा शिक्षण-प्राध्यापन पेसा अँगालेका गोविन्दराज भट्टराईको मुख्य प्राध्यापनको विषय अङ्ग्रेजी हो । प्रारम्भमा सहज सिर्जना क्षेत्रबाट बिस्तारै गहन क्षेत्रतिर उनको लेखनकार्य मोडिएको पाइन्छ । प्रारम्भमा केही कथा र उपन्यास लेखेका भट्टराईले एम्. ए. को अध्ययनपश्चात् पाश्चात्य साहित्यको गहन अध्ययन गरी समालोचना गर्न थालेको देखिन्छ । पाश्चात्य साहित्यको अध्ययन गर्नाले उनले समालोचना प्रवेश गर्न प्रेरणा तथा प्रभाव पाएका थिए । पाश्चात्य साहित्यका नवीनतम मूल्य तथा मान्यताहरूलाई नेपाली साहित्यमा झल्काउन सक्षम भट्टराईले नेपाली साहित्यका आख्यान र समालोचना तथा अनुवादका क्षेत्रमा उल्लेखनीय कार्यहरू गरी विभिन्न कृतिहरू लेखिसकेकाले शैक्षिक जीवनीले उनको व्यक्तित्व निर्माण र कृतित्व लेखनमा महत्त्वपूर्ण स्थान ओगटेको देखिन्छ ।

गोविन्दराज भट्टराईको शारीरिक र मानसिक व्यक्तित्वले पनि उनको कृतिलेखनमा अन्तःसम्बन्ध कायम गरेको देखिन्छ । उनी अनेक क्षेत्रसँग सम्बद्ध रहेकाले प्रायः व्यस्तै रहेका देखिन्छन् । शैक्षिक, प्रशासनिक आवश्यकताअनुरूप परिमाणात्मक रूपमा उनका जेजति कृतिहरू प्रकाशित भएका छन् ती गहन देखिन्छन्; पठनयोग्य छन् । भट्टराईको मानसिक अवस्थामा भएको भावनाको विपुलता र कल्पनात्मक शक्तिको प्रचुरताको परिमाणस्वरूप उनले साहित्य सिर्जना गर्न सकेका हुन् । सिर्जनाको क्रमलाई केही खोटी बनाए तापनि उनका कृतिहरूको अध्ययनबाट उनको मस्तिष्क, विद्वता र साधनाले भरिपूर्ण रहेको देखिन्छ ।

गोविन्दराज भट्टराईले विभिन्न कार्यहरू र भ्रमणका सिलसिलामा देश तथा विदेशका विभिन्न भागहरूका जातीय, सांस्कृतिक र भाषिक अध्ययन र दृश्यावलोकन गरेका थिए । त्यही भ्रमण समयमा गरेका अनुभव, दृश्यावलोकनका घटना तथा अनुभवबाट उनले साहित्यलेखनमा प्रभावग्रहण गरेका छन् ।

यसरी हेर्दा गोविन्दराज भट्टराईको समग्र जीवनीका मूलभूत पक्षहरू, महत्त्वपूर्ण कार्यहरू र तिनबाट बनेको उनको उच्च व्यक्तित्व तथा तिनै जीवनीका विविध पक्षहरू र व्यक्तित्वको प्रभाव उनको कृतिलेखनमा परेको देखिन्छ । तिनमा पनि उनको पारिवारिक अवस्था, तत्कालीन सामाजिक परिवेश, शिक्षा र शिक्षण-प्राध्यापन पेसाको परिणामस्वरूप उनले नेपाली भाषासाहित्यको क्षेत्रमा ठूलो योगदान दिएको देखिन्छ । यसरी हेर्दा अत्यन्त परिश्रमी, व्यस्त गहन अध्ययन, अनुसन्धान गर्ने भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वका बीच परस्पर एकअर्काको प्रभाव र प्रेरणा प्राप्त भई अन्योन्याश्रित अन्तर्सम्बन्ध स्थापित भएको पाइन्छ ।

# चौथो परिच्छेद

# गोविन्दराज भट्टराईको साहित्ययात्रा

## ४.१ साहित्ययात्रा

गोविन्दराज भट्टराईको कृतिलेखक व्यक्तित्व नेपाली साहित्य र अङ्ग्रेजी साहित्यमा समर्पित भएको देखिन्छ । भट्टराईका पुस्तकाकार कृतिहरू तथा फुटकर लेखरचनाहरू नेपाली साहित्य एवम् अङ्ग्रेजी साहित्यका विभिन्न क्षेत्रसँग सम्बन्धित रहेका छन् । उनले नेपाली साहित्यका कथा, उपन्यास, निबन्ध, समालोचना र अनुवाद क्षेत्रमा आफ्नो स्रष्टा र द्रष्टा व्यक्तित्वलाई अग्रगति दिएका छन् । यहाँ गोविन्दराज भट्टराईको नेपाली साहित्य यात्राको निरूपण गर्दै साहित्ययात्रामा देखापरेका लेखनका भिन्नताका आधारमा त्यसको चरण विभाजन गरी सम्बन्धित चरणमा प्रकाशित कृतिहरूका आधारमा उनको लेखक व्यक्तित्वका प्रवृत्तिहरू केलाइएको छ ।

गोविन्दराज भट्टराई नेपाली साहित्यका आख्यानकार, अनुवादक, निबन्धकार र समालोचक हुनाका साथै बहुमुखी प्रतिभा हुन् । कथा क्षेत्रबाट सिर्जन क्षेत्रमा प्रवेश गरेका भट्टराईले नेपाली साहित्यका धेरै विधामा कलम चलाएका भट्टराईले२०३१ साल साउन १५ को **गोरखापत्र**मा 'नदीका दुई किनारा' शीर्षकको कथाबाट सिर्जन कलालाई निरन्तरता दिएका हुन् । हालसम्ममा उनका **मुगलान** (२०३१), **मणिपुरको चिठ्ठी** (२०३४) र **सुकरातका पाइला** (२०६३) उपन्यास र **तीनधारा** संयुक्त कथासङ्ग्रह (२०३५) प्रकाशित भएका छन् । नेपाली साहित्यमा यथार्थवादी सौन्दर्यचेतनालाई उदाहरणीय रूपमा आख्यानका माध्यमबाट प्रस्तुत गर्ने प्रतिभा भएका भट्टराईले आफ्नो आख्यानकारितालाई वर्तमानसम्म प्रवाहशील, आकर्षक र प्रभावकारी बनाइसकेका छन् ।

भट्टराईले विभिन्न प्रयोजन लिएर विभिन्न समयमा भ्रमण गरेका स्थानहरूको वातावरणीय एवम् सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक, प्रशासनिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूलाई चिरफार गर्दै लेखिएका निबन्धहरूलाई सङ्गृहीत गरेर **एक्लै एक्लै एक्लै** (२०६०) र **विश्वविद्यालयमा अग्निपूजा** (२०६१) निबन्धसङ्ग्रह प्रकाशित भएका छन् । भित्र वैचारिक गाम्भीर्यको सागर लहराउने र बाहिर हास्यव्यङ्ग्यको लेपले सतही जमीनजस्ता देखिने उनका निबन्ध प्रयोगपरकता र नवीनताले गर्दा वर्तमान नेपाली निबन्धका उदाहरण बनेका छन् ।

पाश्चात्य, आधुनिक र उत्तरआधुनिक समालोचना सिद्धान्तको गहिरो अध्ययन र ज्ञानले नेपाली समालोचनालाई अपरम्परित, असम्पृक्त र नवीन बनाउने कार्यमा समर्पित भएर लाग्ने भट्टराई प्रखर, निर्भीक र निष्पक्ष समालोचकका रूपमा पनि स्थापित भएका देखिन्छन् । उनले **काव्यिक आन्दोलनको परिचय** (२०३९), **पश्चिमी बलैँसीका बाछिटा** ( २०६१), **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** (२०६१) र **उत्तरआधुनिक ऐना** (२०६२) चारवटा समालोचनात्मक कृति प्रकाशित गराएर आफूलाई एक उत्तरआधुनिकतावादी समालोचकका रूपमा नेपाली समालोचनाको इतिहासमा स्थापित गराउँदै वर्तमान समयमा निरन्तर लागिरहेका देखिन्छन् । उनी पेसाले अङ्ग्रेजीका प्राध्यापक भएकाले उनले विभिन्न नेपाली कृतिहरूलाई अङ्ग्रेजीमा र अङ्ग्रेजी कृतिहरूलाई नेपालीमा अनुवादसमेत गरेका छन् ।

एकातिर पेसाले शैक्षिक प्रशासक; रुचिले भने नेपाली साहित्यमा स्रष्टा र द्रष्टा दुवै विधामा कलम चलाउने भट्टराई रचनात्मक र सिर्जनात्मक कार्यका साथै नेपाली समालोचनालाई आधुनिकता, नवीनता, उत्तरआधुनिकता र प्रयोगपरकताका पथमा डोऱ्याउन करीब तीन दशकदेखि अविच्छिन्न प्रवृत्तरत रहेका देखिन्छन् ।

## ४.२ गोविन्दराज भट्टराईको साहित्ययात्राको चरणविभाजन

२०३१ सालदेखि सार्वजनिक लेखनयात्रा प्रारम्भ गरेका गोविन्दराज भट्टराईको नेपाली साहित्यिक यात्रा वर्तमानसम्म आइपुग्दा साँढे तीनदशक लामो समयावधि नेपाली साहित्यको उन्नति र श्रीवृद्धिमा समर्पित भएको देखिन्छ । साहित्यसिर्जना भट्टराईको अतुलनीय प्रतिभा, पेसा, विज्ञता र अध्ययनशील व्यक्तित्वले जेजति सहयोग पुग्यो त्यसका विपरीत अनेक क्षेत्रसँगको सम्बद्धताले उनी जीवनमा अत्यन्तै व्यस्त रहेका देखिन्छन् । व्यस्त जीवनमा पनि साहित्यसिर्जनामा आफ्नो प्रतिभा र विज्ञतालाई प्रदर्शन गराउन पछि परेका छैनन् । उनले साढे तीन दशक लामो आफ्नो सार्वजनिक लेखनयात्रामा निकै कृतिहरू लेख्न र प्रकाशन गर्न सफल भइसेकेका छन् । उनका निकै फुटकर लेखरचनाहरू सङ्कलन र सङ्ग्रहको अभावमा विभिन्न पत्रपत्रिकामा छरिएर रहेको अवस्थामा छन् । उनको लेखनकार्य नियमित र निरन्तर हुन नसक्दा चालीसको दशकमा शृङ्खलाबद्धता पाइँदैन । २०३१ सालदेखि आजसम्ममा साढे तीन दशक लामो अवधिमा गोविन्दराज भट्टराईले नेपाली साहित्यमा जेजस्ता कार्य गरे तिनलाई दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ :

१. पहिलो चरण : २०३१-२०४८) सम्म ।

२. दोस्रो चरण : (२०४८-आजसम्म) ।

## १. पहिलो चरण

गोविन्दराज भट्टराईको लेखनयात्राको पहिलो चरण २०३१ देखि २०४८ सम्मलाई मान्न सकिन्छ । पूर्वार्द्ध चरण खासगरी भट्टराईको साहित्यसिर्जनाको अवधि हो । भट्टराईले यस चरणमा कथा, उपन्यास र निबन्ध क्षेत्रमा कलम चलाएका छन् । फाटफुट रूपमा समालोचनामा पनि कलम चलाए तापनि यो चरण उनको साहित्यसिर्जनाका दृष्टिले उर्वर देखिन्छ । यस चरणमा भट्टराईको पुस्तकाकार कृतिका रूपमा **मुगलान** (२०३१), **मणिपुरको चिठ्ठी** (२०३४) उपन्यास र **तीनधारा** कथासङ्ग्रह (२०३५ सह.) प्रकाशित भएका छन् भने **ध्वनिशास्त्र** (२०३९ सह.) भाषा विज्ञानका क्षेत्रमा प्रकाशित भएको कृति हो । अन्य फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । भट्टराईको पूर्वार्द्धकालीन लेखनयात्रामा प्राप्त भएका लेखरचनाहरू दोस्रो परिच्छेदमा उल्लेख गरिसकिएको छ ।

अध्यापनका सिलसिलामा भुटान पुगेका भट्टराईले प्रवासमा नेपालीहरूले केकस्तो जीवन बिताइराखेका छन् भनेर नजिकबाट अध्ययन गर्न पाए । भुटानबाट अध्ययनको सिलसिलामा बनारस गएका भट्टराईले बनारसमा नेपाली साहित्यको वातावरणलाई पनि नजिकबाट नियाल्न सफल भए । त्यसपछि नेपाल फर्केर साहित्यसिर्जनामा समर्पित हुन थालेका भट्टराईले यस चरणमा कथा, उपन्यास, निबन्ध र समालोचनाजस्ता विविध विधामा कलम चलाएर आफ्नो बहुमुखी प्रतिभा देखाउन सफल भएका छन् । पहिलो चरण नै भट्टराईको समग्र आभ्यासिक चरण पनि हो । आभ्यासिक चरण हुँदाहुँदै पनि पूर्वार्द्धकालका उनका रचना र लेखहरू समसामयिक युगबोधका प्रवृत्तिले गहन र बौद्धिक बन्न पुगेका छन् । त्यतिखेर समाजमा देखिएका विकृति र विसङ्गति एवम् प्रबासको क्षेत्रमा नेपाली युवाजमातले भोग्नु परेको पीडा, नेपाली समाजमा देखिएको अन्धविश्वास परम्परा, नेपाली

समाजको ययार्थ छविलाई उनका यस चरणका सिर्जनाहरूले समेटेका छन् । यी रचनाहरूमा जति वैचारिकता छ त्यत्तिकै मात्रामा सौन्दर्यशक्ति पनि प्रचुर छ । यिनका रचनाहरूले त्यतिखेरको समाजको चित्र कोर्न समर्थ छन् । भावको विपुलता र कल्पनाको प्रचुरताले स्वच्छन्द बनेका छन् । यिनका रचनाहरू विचार र सौन्दर्यशक्तिको सम्मिश्रणबाट समीकृत बन्न पुगेका छन् । यस चरणका उनका रचनाहरूमा विधागत सचेतताको कमी, शिल्पशैली र साङ्गठनिक कमजोरी, बौद्धिक परिपक्वताको अभावजस्ता देखिए पनि उनको साहित्यसिर्जनालाई आजसम्म यस अवस्थामा ल्याइ पुऱ्याउने चरण यही पूर्वार्द्ध काल भएकाले यो चरणमा प्रकाशित भएका कृति तथा रचनाहरू जेजस्ता छन् ती आफैँमा महत्त्वपूर्ण रहेका छन् ।

## २. दोस्रो चरण

गोविन्दराज भट्टराईको दोस्रो चरण २०४९ देखि आजसम्म मानिएको छ । यो चरण उनको खासगरी समालोचना लेखनको चरण हो । उनले यस चरणमा साहित्यको सिर्जना पनि गरेका छन् । भट्टराईको उत्तरार्द्ध चरण छुट्याउने मूल आधार **काव्यिक आन्दोलनको परिचय** (२०४९), हो भने यस चरणमा प्रकाशित भएका उनका कृतिहरू **एक्लै एक्लै एक्लै** (२०६०), **विश्वविद्यालयमा अग्निपूजा** (२०६१) निबन्धसङ्ग्रह, **पश्चिमी बलेँसीका बाछिटा** (२०६१), **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** (२०६१) र **उत्तरआधुनिक ऐना** (२०६२) र **सुकरातका पाइला** (२०६३) हुन् ।

यस चरणमा भट्टराईले स्वदेश तथा विदेशका भ्रमणका समयमा देखेका भागेका र अनुभव गरेका विषयवस्तुलाई आफ्नो कल्पनाले रङ्ग्याएर आत्मसंस्मरणात्मक रूपमा निजात्मक परामा लेखिएका निबन्धहरूलाई सङ्गृहीत गरेर निबन्धसङ्ग्रह प्रकाशित गरेका छन् भने नेपालका आर्थिक, समाजिक, सांस्कृतिक, शैक्षिक तथा प्रशासनिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई उदाङ्गो पारेर देखाएका छन् । उनका निबन्धहरूबाट उनलाई एक सफल यात्रा-निबन्धकार भन्न सकिन्छ ।

पेसाले अङ्ग्रेजी भाषाका प्राध्यापक भएका नाताले भट्टराईले पाश्चात्य साहित्यको गहन अध्ययन-तथा विश्लेषण गर्दै पाश्चात्य साहित्यमा देखिएका नवनव सामालोचना, वाद एवम् सिद्धान्तको चर्चा गरेर ती सिद्धान्तलाई नेपाली साहित्यमा भित्र्याउनका लागि विभिन्न समालोचनात्मक कृतिहरू प्रकाशित गरेका छन् । यी कृतिका माध्यमबाट खासगरी भट्टराईले उत्तरआधुनिक समालोचनाको पृष्ठभूमि, विकास, विशेषता एवम् पाश्चात्य साहित्यमा नयाँ मूल्य र मान्यता बोकेका वाद, प्रणालीलाई चिनाउने प्रयास गरेका छन् । यसका साथै भारतीय साहित्य तथा नेपाली साहित्यमा ती वाद तथा प्रणालीले विभिन्न विधामा पारेको प्रभावका साथै नेपाली साहित्यका विभिन्न विधाका कृतिहरूको समालोचनाद्वारा प्रस्ट व्याख्या गरेका छन् । यी कृतिहरूबाहेक उनका विभिन्न पत्रपत्रिकामा फुटकर लेखरचनाहरू प्रकाशित भएका छन् । ती लेखरचनाहरू दोस्रो परिच्छेदमा उल्लेख गरिएको छ ।

नेपालको पूर्वाञ्चलका साथै भारतका विभिन्न स्थानमा शिक्षाग्रहण गरी विद्यावारिधि उपाधि हासिल गरेका भट्टराईले यस चरणमा लेखेका कृतिहरूले नेपाली साहित्यमा उच्चस्तम स्थान ओगट्न सफल भएका छन् । वर्तमान समयमा तीव्र रूपमा विकास भइरहेको उत्तरआधुनिकतावादी चिन्तन र समालोचनालाई आत्मसात् गरी आफूलाई उत्तरआधुनिकतावादी समालोचकका रूपमा स्थापित गर्न यस चरणमा भट्टराई सफल भएका छन् । उनको प्रतिभा, ज्ञान, अनुभव, भ्रमण, पेसा आदिले उनलाई नेपाली साहित्यमा स्रष्टा एवम् द्रष्टाका रूपमा स्थापित गराउन सहयोग गरेको छ । नेपाली साहित्यकमा स्रष्टा र

द्रष्टा दुवै क्षेत्रलाई सफलतापूर्वक आफ्नो लेखनभित्र समेट्ने नेपाली साहित्यका अमूल्य निधिका रूपमा स्थापित गराउन पनि यसै चरणका सिर्जनाहरूले हो । नेपाल र नेपाली साहित्यलाई पाश्चात्य साहित्यभन्दा तल्लो दर्जामा हेर्नुहुन्न भन्ने भट्टराईका यस चरणका कृतिहरू सङ्ख्यात्मक रूपमा मात्र नभई गुणात्मक दृष्टिले पनि उच्चमूल्य बोकेका देखिन्छन् । यस चरणमा विधागत सचेतता, बौद्धिक-वैचारिक परिपक्वता, वैज्ञानिक अनुसन्धान पद्धतिको प्रयोग, साङ्गठनिक सन्तुलन पूर्ण कायम भएको छ । वास्तवमा यसै चरणमा आएर गोविन्दराज भट्टराईले आफूलाई समालोचक, अनुसन्धाता, लेखक र एक सशक्त प्राज्ञका रूपमा स्थापित गर्न सके । नेपाली साहित्यका क्षेत्रमा तीव्र रूपमा कलम चलाएका भट्टराईको उत्तरार्द्ध चरणका लेखरचनाहरू अत्यन्त गहन, बौद्धिक र गम्भीर छन् । यस चरणको लेखनमा भट्टराईले आफ्नो प्राध्यापन पेसा, अध्ययन र विद्वताको अभिव्यक्ति गरेका छन् ।

समग्रमा भन्नुपर्दा उनको यो साढे तीन दशक लामो साहित्ययात्रामा नेपाली साहित्यमा आख्यानकार, अनुवादक, निबन्धकार र समालोचकका रूपमा भट्टराई स्थापित भइसकेका छन् । उनले नेपाली साहित्यलाई सङ्ख्यात्मक रूपमा मात्र होइन, गुणात्मक दृष्टिले पनि उत्कर्षता प्रदान गर्न वर्तमानमा पनि तल्लीन भएर लागिरहेका छन् । उनका निबन्ध, उपन्यासहरूले वर्तमान समयमा आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, सांस्कृतिक, प्रशासनिक आदि क्षेत्रमा देखिएका विकृति तथा विसङ्गतिलाईलाई खोतल्दै तिनको परिष्कार गर्ने सन्देश बोकेका छन् भने समालोचनाका कृतिहरू नेपाली साहित्यमा भएका विभिन्न आन्दोलन, साहित्यकार र विभिन्न विधाका रचनाहरूलाई उत्तरआधुनिक दृष्टिबाट समीक्षा गरिएका छन् भने पाश्चात्य साहित्यमा स्थापित भएका नवनव वाद, प्रणाली एवम् खासगरी उत्तरआधुनिकतालाई पहिचान गराउन सफल भएका छन् । उनको भाषामा पहिलो चरणका कृतिहरूमा केही परिपक्कता नदेखिए पनि उत्तरार्द्ध चरणका कृतिहरूको भाषा सरल छ । समालोचना गर्ने क्रममा उनको निबन्धात्मक भाषाले कतै उनलाई प्रभाव पारेको छ । उनका समालोचनाको अध्ययन गर्दा उनी प्रभाववादी समालोचकका रूपमा देखिन्छ । साथै उनले केही समालोचनाहरू सिद्धान्तको विमर्श गरेर लेखेकाले सैद्धान्तिक समालोचकका रूपमा पनि उनी रहेका छन् ।

# पा“चौ” परिच्छेद

# गोविन्दराज भट्टराईका आख्यानात्मक कृतिहरूको विश्लेषण

## ५.१ पृष्ठभूमि

नेपाली साहित्यमा २०३१ सालदेखि कलम चलाउन प्रारम्भ गरेका गोविन्दराज भट्टराईले नेपाली साहित्यका कथा, उपन्यास, निबन्ध, समालोचना क्षेत्रमा कलम चलाएका छन् । उपन्यासका क्षेत्रमा उनका **मुगलान** (२०३१), **मणिपुरको चिठ्ठी** (२०३४) र **सुकरातका पाइला** (२०६३) तीनवटा उपन्यासहरू प्रकाशित भएका छन् । यी उपन्यासहरूको विश्लेषण निम्नलिखित रूपमा गरिएको छ :

## ५.२ 'मुगलान' उपन्यासको विश्लेषण

## १. परिचय

**मुगलान** उपन्यास रत्न पुस्तक भण्डारबाट प्रथमपटक २०३१ सालमा प्रकाशित कृति हो । अहिलेसम्म यस उपन्यासको चौथो संस्करणसमेत प्रकाशित भइसकेको छ । २०३३ सालमा दोस्रो संस्करण, २०४५ सालमा तेस्रो संस्करण र २०६० सालमा चौथो संस्करण प्रकाशित भइसकेका छन् । प्रस्तुत उपन्यासको आवरण पृष्ठको सिरानमा **मुगलान** लेखिएको छ भने अन्य आवरण पृष्ठभरि एउटा हाकिमले केही बुढा र युवा जमातलाई ढुङ्गा फोर्ने, पल्टाउने र ब्लास्टिङ्ग गर्ने काम लगाइराखेको चित्र बनाइएको छ ।

आकारप्रकारका दृष्टिले लघु आकारको देखिने प्रस्तुत उपन्यासको साइज डिमाइ आकारको रहेको छ । चौथो संस्करणअनुसार 'पारिजातको पत्र' (प्रथम संस्करण) मार्फत भूमिका लेखिएको छ भने चिनारी-१ (दोस्रो संस्करण), चिनारी-२ (दोस्रो संस्करण), चिनारी-(दोस्रो संस्करण) लेखिएका विभिन्न पत्रपत्रिकामा प्रकाशित **मुगलान**सम्बन्धी लेखहरू रहेका छन् । पुनः चिनारी-४ (तेस्रो संस्करण) शीर्षकमा डा. चन्द्रेश्वर दुबे इम्फालको समीक्षा रहेको छ । उपन्यासको सन्दर्भ र प्रसङ्गअनुसार प्रस्तुत उपन्यास पाँच भागमा चिह्नित अङ्कद्वारा विभाजित रहेको छ । जम्मा १३४ पृष्ठमा संरचित भएको भाग एक २७ पृष्ठमा, भाग दुई ३५ पृष्ठमा, भाग तीन २४ पृष्ठमा, भाग चार ३० पृष्ठमा र भाग पाँच १५ पृष्ठमा विभाजित रहेका छन् । यसरी संरचित प्रस्तुत उपन्यासको वर्तमान संस्करणको मूल्य रु. ४०।- रहेको छ ।

## २. कथावस्तु

पाँचथर जिल्लाको एक दुर्गम गाउँ च्याङ्थापु कालीडाँडाबाट घिऊका टिन बोकेर नून खेप्न गएका धेरै साथीहरूबाट भागेर ठूले र सुतारकान्छो सिलिगुढीतिर मुगलान जाने भनेर ट्रकमा चढ्छन् । बीसबीस रुपैयाँ तिरेर सिलिगुढी पुगेका ती दुई भाइ सिलिगुढी पुगेर अल्लमल्ल परेको अवस्थामा एउटा रिक्सावालले उनीहरूलाई रेलवे स्टेसन पुऱ्याइदिन्छ । आसाम जाने रेल बिहान आउँछ भनेर प्लेटफार्ममै दुई भाइ सुत्छन् । बिहान रेल मात्र आउँछ र उनीहरू चढ्छन् तर रजर्भ कोठामा टिकट बिना चढेकाले सुरक्षागार्डले

उनीहरूलाई रेलबाट उतार्छ । अन्योलको परिस्थितिमा दुई दिन बस्ता उनीहरूसँग भएको सबै पैसा पनि चोरी हुन्छ । के गर्ने भनेर निश्चय गर्न नसकेका ती दुई भाइ सुतिराखेका बेलामा एउटा रने दाईले भर्तीमा लगाइदिन्छु भनेर उनीहरूलाई लिएर टिष्टा पुग्छ र त्यहाँ बास बसाउँछ । त्यहाँ कार्कीलगायत उनीहरूजस्तै १३-१४ जना युवालाई भर्तीमा लगाइदिने आश्वासनमा राखिएको हुन्छ । भोलिपल्ट एउटा हाकिम ट्रक लिएर आउँछ र रनेदाईले ती व्यक्तिहरूलाई चालीस रुपैयाँका दरले हाकिमलाई जिम्मा दिन्छ । हाकिमले उनीहरूलाई ट्रकमा चढाएर भर्तीमा लगाउने भनी दुई दिनको बाटो हा जोङ्ग पहाडको नजिकै पुऱ्याउँछ । बीचबाटोमा १६ जनामध्ये उनीहरूको साथी मोक्तान हराउँछ । १५ जना त्यस ठाउँमा पुगेका हुन्छन् । बेलुका लगेर त्यो हाकिमले उनीहरूलाई जिम्दारको जिम्मा लगाउँछ । भर्ती लाग्ने ठाउँ आएछ भनी खुसी देखिएका ती नेपालीहरूलाई त्यस जिम्दारले यहाँ बाटो खन्ने काम गर्नुपर्दछ । महिनाको १०० देखि २०० सम्म तलब पाइन्छ भन्दछ । तापनि जहाँ गए पनि कामै गर्नु हो भनेर चित्त बुझाएका ती नेपालीहरू त्यहाँ बाटो खन्ने, रुख ढाल्ने, ब्लास्टिङ्ग पड्काउने आदि काम गर्न थाल्छन् । ग्रुप छुट्याएर काम लगाउने गरेको जिम्दार (ठेकेदार) ले ठूले, कार्की र सुतारकान्छोलाई रुख काट्ने काममा लगाउँछ । उनीहरूले त्यो काम सजिलैसँग गर्दै जान्छन् । २०० जनाजति कामदारहरू रहेको त्यसजमातमा काम गर्दागर्दै पहिलो महिना बित्छ । ठेकेदारले तलब दिन सबैलाई बोलाउँछ र उनीहरू जान्छन् । तलबमा सिलिगुढीदेखि खानपिनमा भएको खर्च कटाएर कसैको पैसा बच्दैन । निराश हुँदै काम गर्दै जान्छन् । समय कठिनसँग बित्दै जान्छ । जाडो मौसम आउँछ । पुषमाघको चिसो ठन्डीको समयमा ठूले, सुतार कार्कीलाई ढुङ्गा फुटाउने काम दिएको हुन्छ । एक दिन ठूलेको ढुङ्गाले किचेर मृत्यु हुन्छ । दाजुको मृत्युले निराश भएको सुतारकान्छो दुःखित हुन्छ । कान्छो राई यसै बेलामा बिरामी पर्छ भने कार्की पनि बिरामी पर्छ । कान्छो राईको मृत्यु हुन्छ भने कार्की निको हुन्छ र पुनः काम गर्न थाल्दछ । उनीहरूका अन्य साथीहरू कति मर्छन् भने कति भाग्छन् । कति बिरामी भएर थला पर्दछन् । यसरी कष्टसँग दिन काट्दै सुतार कान्छो र कार्कीले काम गरेर दुई वर्ष काट्छन् । यस्तो कठिन काम गर्दा ज्यानै जोखिममा परिरहेको अनुभव गरेका ती दुइभाइले त्यहाँबाट सल्लाह गरेर एक दिन बिहान भाग्छन् ।

पहाडैपहाडको दिनभरिको हिडाइ र खान केही नपाउनुले कार्कीलाई ज्वरो आउँछ र चार दिनका दिन कार्कीको बीच बाटोमा मृत्यु हुन्छ । सुतार कान्छो एक्लिएपछि दुःखित हुँदै दक्षिणतिर लाग्छ । १० दिनको हिडाइपछि दोर्खा गाउँ नजिकै एउटा गोठमा पुगेको सुतार कान्छो गोठालो (पाखे काइला)सँग गाउँ झर्ने बाटो सोध्छ । सुतार कान्छोको दयनीय स्थिति देखेर पाखे काइलालाई दया पलाउँछ र आज यही बस भन्छ । सुतार कान्छो बस्छ । बेलुका सम्पूर्ण आफ्नो कहानी पाखे काइलालाई सुतार कान्छोले भनेपछि तिमी मेरो गोठमा बस; एक दुई वर्षपछि तिमीले केही पैसा कमाउँछौ अनि घर जानु भन्छ । सुतार कान्छोले मान्छ र ऊ पाखे काइलाको गोठमा बस्छ ।

१०-१२ दिनपछि सुतार कान्छाको स्वास्थमा सुधार आउँछ । बिस्तारै मोटाउँदै गएको सुतार कान्छाले पाखे काइलाको गोठको सम्पूर्ण काम गर्न थाल्छ । पाखे काइलो खुसी हुँदै नजिकैका गोठका गोठाला एवम् जेठो छोरो हङ्सेसमेतलाई परिचय गराउँछ । बस्तै गएपछि सुतार कान्छो पाखे काइलाको घरमा गएर पनि काम गर्न थाल्छ । उसको काम देखेर सबैले तारिफ गर्छन् । मेलापात, घाँसदाउरा आदि गर्न सिपालु र फूर्तिलो सुतार कान्छालाई सबैले मन पराउँछन् । पाखे काइलो साम्चीबजार मुद्दाको काममा गएको बेला उसले एक्लै गोठ सार्छ, त्यो कार्यले पाखे काइलाका परिवार अति नै खुसी हुन्छन् । सुतार कान्छोलाई पाखे

काइलाका बाबुआमाले कान्छो छोराको रूपमा हेर्न थालेका थिए । सबै घरव्यवहार चलाउन सल्लाह दिने, सुन्तला लिएर साम्ची, फिन्चेलिङ्ग बजार जाने कार्य पनि सुतार कान्छोले गर्न थालिसकेको थियो । यसरी गर्दागर्दै उसको त्यहाँ दुई वर्षको समय बितिसकेको थियो । पाखे काइलाका छोराछोरी विवाह गर्ने उमेर भैसकेकाले एक दिन छोरीको बिहेबारे छलफल गर्दागर्दै पाखे काइलाका बाबुले सुतार कान्छालाई नै नातिनी दिउँ भन्ने कुरा गर्छ; पाखे काइलाले बाबुको कुरा काट्न सक्दैन र सुतार कान्छालाई ठूली दिने निश्चय हुन्छ । गाउँमा सबैतिर यो कुरा फैलिन्छ । सालबोटेले पनि यो कुरा सुन्दा उसलाई चित्त बुझ्दैन । जग्गाको मुद्दा हारेको सालबोटेले पाखे काइलासँग प्रतिशोध लिने विचार गर्छ । यता बिहेको धन्दा सुरु हुन्छ । पाखे काइला र सुतार कान्छो बजार गएर सबै सामान किनेर ल्याउँछन् । धूमधामसँग विवाह सम्पन्न हुन्छ । बिहेको पाँचौं दिन सालबोटेले प्रहरी लिएर पाखे काइलालाई पक्राउँछ । सुतार कान्छो त्यहाँबाट भाग्छ । पाखे काइलाको घर खानतलासी गरी प्रहरीले आगो लगाइदिन्छन् र पाखे काइलालाई लिएर जान्छन् । सबैतिर रुवाबाँसी हुन्छ ।

सुतार कान्छो दोर्खाबाट भागेर चेङमारी बगानमा पुगेर काम गर्न थाल्छ । त्यहाँ उसले भर्ती हुन जाँदा बाटामा हराएको साथी मुक्तान भेट्टाउँछ । दुवै बगानको काम गर्दै बस्छन् । सुतार कान्छाले बगानको कामसँगै अदुवा व्यापारसमेत गर्न थाल्छ । व्यापार र वगानको कामले केही पैसा कमाएपछि ऊ घर जाने विचार गर्छ । घर जाने अघिल्लो हप्ता अदुवा लिएर बानरहाट पुग्दा सुतार कान्छाको सालो हङ्सेसँग उसको भेट हुन्छ । हङ्सेले सबै खवर बताएपछि अर्को हप्ता ठूलीलाई लिएर यही ठाउँ आउनु म पनि आउँछु भनी दुवै विदा हुन्छन् । भत्केको घरवार पुनः जोडिने आशामा खुसी हुँदै सुतार कान्छो बेलुका कोठामा पुग्दा मोक्तानले उसले कमाएको रु. तीन हजार चोरेर भागेको हुन्छ । कोठामा पुग्नासाथ काका बाउले मोक्तान गएको खबर सुतार कान्छोलाई भनेपछि उसले बाकस हेर्छ । उसको पैसा हुँदैन । ऊ रुन्छ, कराउँछ । यसरी दुःखका दिन काट्दै आइतबार सुतार कान्छो बानरहाट पुग्छ । ठूली र हङ्सेसँग उसको भेट भएपछि खुसी हुँदै सबै बगान आउँछन् । एक दिन बसेर हङ्से घरतिर लाग्छ । सुतारले ठूलीलाई पनि बगानको काममा लगाउँछ । काम गर्दै दिनहरू काट्दै सुखदुःखसँग जीवनयापन गरिरहेका हुन्छन् । बगानमा काम गर्दा गोदामको मेसिनको फिताले सुतार कान्छोको हात मर्किन्छ । ओखतीमूलो गर्छ तर निको हुँदैन । उसले बगानको काम छाडिदिन्छ । व्यापार गर्दै उनीहरूले जीवन गुजारिरहेका हुन्छन् । दुई वर्ष बितेपछि ठूलीले एउटा छोरो जन्माउँछे ।

सुतार कान्छो एक दिन व्यापार गर्न चाल्सा स्टेसनमा जाँदा उसको त्यहाँ बाबुसँग भेट हुन्छ । बाबुका साथमा उसकी छोरी पनि हुन्छे । बाबुले उसकी पहिलाकी श्रीमती पोइला गएकी, आमा मरेकी र म तीर्थाटन घुम्न हिडेको कुरा गर्छ । छोरी उसलाई जिम्मा लगाएर बाबु हिड्छ । ऊ छोरी लिएर कोठामा आउँछ । यसरी दिनहरू बित्दै जान्छन् । सुतार कान्छो केही मानसिक सन्तुलन गुमेको अवस्थामा पुग्छ र एक दिन राती निद्रामा कराउँछ । सबै भेला हुन्छन् । यो देखेर आमाछोरी डराउँछन् । अर्को दिन मेरो ठुल्दाजै र मेरो कार्की भन्दै रुँदै सुतार कान्छो डायना खोलातिर लाग्छ र ऊ कहिल्यै फर्किंदैन ।

यसरी विभिन्न घटनाहरूको समुचित संयोजनबाट संरचित भएको प्रस्तुत उपन्यासको विकास क्रमिक विन्यासमा आबद्ध रहेको छ । कथानक सरल र सपाट छ । मूल घटनासँगै कथानक नदीको बेगजस्तै सलल बगेको छ । बीचबीचमा केही सानासाना घटनाहरूले मूल कथानकलाई अझ सशक्त बनाएका छन् । आङ्गिक विकासका दृष्टिले प्रस्तुत उपन्यासको कथानकलाई निम्नलिखित अवस्थामा विश्लेषण गरिएको छ :

## १. आदिभाग

### (१) आरम्भ

च्याङ्थापु कालीडाँडाबाट घिऊ बेच्न भनेर हिँडेका केही व्यक्तिहरूसँग ठूले र सुतार कान्छो पनि सँगै जान्छन् र सुतार कान्छो र ठूले ती व्यक्तिहरूबाट भागेर मुगलान जाने निधो गरी सिलिगुढीतिर लाग्नु हो ।

### (२) सङ्घर्षविकास (पहिलो सङ्कटावस्था)

ठूले र सुतारकान्छो सिलिगुढी पुगेर रिक्सावालसँग झगडा हुन्छ । ठूलेले केही रिक्सावाललाई कुट्छ र रिक्सावालहरू उनीहरू भएका ठाउँबाट विस्तारै भाग्छन् । अलमल्ल परेको स्थितिमा एउटा रिक्सावालले उनीहरूलाई रेवले स्टेसनसम्म पुऱ्यादिन्छ । रात बिताएर उनीहरू भोलि पल्ट बिहान मुगलान जाने रेलमा चढेका हुन्छन् । बिना टिकट रिजर्भ कोठामा चढेकाले उनीहरूलाई रेवले स्टेसनका सुरक्षाकर्मीले रेलबाट उतार्दछन् ।

## २. मध्यभाग

### (३) दोस्रो सङ्कटावस्था

रेलबाट उत्रिएर उनीहरू अगि बसेको ठाउँमा गएर बस्छन् । राती उनीहरूको पैसा कुनै अज्ञात व्यक्तिले चोर्छ र उनीहरू बेखर्ची हुन्छन् ।

### (४) तेस्रो सङ्कटावस्था

उनीहरूलाई रेलवे स्टेसनबाट रनेले भर्ती लगाइदिने सपना देखाएर ढुङ्गा फोर्ने काममा लगाउँछ । महिनाभर काम गर्दा पनि उनीहरूको हातमा एक पैसा पर्दैन ।

### (५) चौथो सङ्कटावस्था

काम गर्न थालेपछि जाडो मौसम आउँछ । आधापेट बगडा चामल खानुपर्ने बाध्यता उनीहरूको हुन्छ । उनीहरूसँग जाडोमा लगाउने कपडा हुँदैन । दिनभर जाडोले कक्रिदै ढुङ्गा फोर्ने काम गर्नुपर्दछ ।

### (६) पाँचौं सङ्कटावस्था

काम गर्दै जाँदा एक दिन सुतार कान्छाको दाजु ठूलेको ढुङ्गाले किचेर मृत्यु हुन्छ । सुतार दुःखित हुँदै दिनहरू काट्दै जान्छ । ऊ सँगै आएका कान्छो राई जाडोले गर्दा बिरामी पर्छ र उसको शरीर सुन्निन्छ । यसरी सुन्निएर थला परको कान्छो राईको एक दिन मृत्यु हुन्छ । यता जाडोले नै कार्की विरामी पर्छ भने अर्को दिन लाले सुब्बा हिउँको थुप्रोले पुरिएर मृत्यु हुन्छ ।

### (७) छैटौं सङ्कटावस्था (चरम)

दुःखसँग काम गर्दै दिन काट्न नसक्ने अवस्था भएपछि एक दिन बिहान सुतार कान्छो र कार्की त्यो शिविरबाट भाग्छन् । डर, त्रासले सताइएका यिनीहरू अनेक ठूलाठूला पहाड चढ्दै ओर्लदै दक्षिणतिर लाग्छन् । दिनभरिको हिडाइ र खान नपाएका कारण बीच बाटोमा कार्की ज्वरो आउँछ । बिरामी अवस्थामै हिड्दै गरेको कार्की हिडेको चौथो दिन राती मर्छ र सुतार कान्छो एक्लै हुन्छ ।

## ३. अत्यभाग

### (८) सङ्घर्षह्रास

१० दिन लगाएर दोर्खा गाउँ पुगेको सुतार कान्छो पाखे काइलाका गोठमा बस्छ । गोठको काम गर्दै गएपछि सुतार कान्छो पाखे काइलाको घरवार चलाउन पनि मद्दत दिन थाल्छ । पाखे काइलाका सदस्यहरू खुसी भएर सुतार कान्छालाई पाखे काइलाकी ठूलीसँग विवाह गरिदिन्छन् । सालबोटेले पाखे काइलासँग भएको पूर्व झगडाका कारण घरमा आगो लगाइ पाखे काइलालाई पक्राउँछ । सुतार भागेर चेडमारी बगानतिर लाग्छ । मोक्तानसँग भेट भएर बगानमा काम गर्न थालेको सुतारले व्यापारसमेत गरेर केही पैसा कमाउँछ तर मोक्तानले उसको पैसा चोरेर भाग्छ । एक दिन हङ्सेसँग बानरहाटमा भेट भएको सुतार कान्छाले ठूलीलाई लिएर आउनु भन्छ र हङ्सेले ठूली लिएर आउँछ । पुनः सुतार कान्छाको घरजम बस्छ । सुतारको बगानमा काम गर्दा हात मर्किन्छ र व्यापार गर्न थाल्छ । रेलवे स्टेसनमा बाबुसँग भेट हुन्छ सबै घटनाहरू बाबुले भनेपछि छोरी लिएर बगान फर्किन्छ ।

### (९) उपसंहार

सुतार कान्छाको ठूलीबाट पनि एउटा छोरो जन्मिन्छ । सुतारकान्छले पहिलेकी छोरीलाई बगानको काममा लगाइदिन्छ । श्रीमती र छोरीको कमाइले दुःखसँग जीवनयापन गर्दै गर्छन् । दुःख र सङ्कट झल्दै आएको सुतार कान्छो मानसिक असन्तुलनको अवस्थामा पुग्दछ । एक दिन राती सपनामा बौलाउँछ र भोलिपल्ट दाजु र कार्की भन्दै कराउँदै डायना खोलातिर लाग्छ । ऊ कहिल्यै घर फर्किदैन । यसरी सुतार कान्छो डायना खोलातिर गएर कहिल्यै नफिर्किनु यस कथानकको फलप्राप्ति हो । यसरी जीवनमा दुःख, कष्ट गर्दागर्दै पनि प्रबास गएर जीवन सफल हुँदैन भन्ने सङ्केत दिनु नै यस कथाको मूल कथ्य हो ।

उपर्युक्त समग्र पक्षलाई हेर्दा यो एउटा स्पष्ट र क्रमिक कथानक भएको आख्यानात्मक संरचना हो । यसको कथानक व्यतिक्रमिक नभएर आदि, मध्य र अन्त्यको क्रममा क्रमिक ढङ्गले विकसित र व्यवस्थित रहेको छ ।

## ३. सहभागी

सहभागी भन्नाले कृतिमा कार्यव्यापार सञ्चालन गरी त्यसलाई गतिशील तुल्याउने पात्र वा चरित्रलाई जनाउँदछ । सहभागीले कृतिमा प्रयुक्त व्यक्ति, पत्र वा चरित्रलाई जनाउँदछ । हरेक कृतिमा सहभागीहरूको सङ्ख्या घटीबढी भए पनि तिनको उपस्थितिचाहिँ अनिवार्य रहन्छ ।[१३३] सहभागीका दृष्टिले **मुगलान** उपन्यासलाई हेर्दा कार्य भूमिकाका आधारमा प्रमुख, सहायक र गौण गरी विभाजन गरेर हेर्न सकिन्छ । यस क्रममा उपन्यासमा प्रमुख पात्र सुतार कान्छो र ठूली रहेका छन् भने सहायक पात्रका रूपमा ठूले, कार्की र पाखे काइला रहेका छन् । गौण पात्रका रूपमा रिक्सावाल, रनेदाई, जिम्दार, राई कान्छो, लाले सुब्बा, अन्य काम गर्ने कुल्ली, हङ्से, पाखे काइलाका बाबुआमा, सालबोटे, सुन्तला बेच्न जाने युवायुवती, बूढाबूढी मोक्तान, सुतार कान्छाको बाबु, छोरी, छोरो, काका बाउ आदि रहेका छन् । यी पात्रहरूमध्ये धेरै पात्रहरू मञ्च र थोरै पात्रहरू नेपथ्य रूपमा आएका छन् । कृतिमा प्रयुक्त भएका सम्पूर्ण पात्रहरूलाई सहभागी चित्रणका आधारमा निम्नलिखित तालिकामा देखाइएको छ :

[१३३]. खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौँ : विद्यार्थी पुस्तकभण्डार, २०६२), पृ ३०९ ।

| क. सं. | पात्र ↓ आधार → | लिङ्ग | कार्य | प्रवृत्ति | स्वभाव | जीवनचेतना | आसन्नता | आबद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | सुतार कान्छो | पुरुष | प्रमुख | अनुकूल | गतिशील | वर्गीय | मञ्च | बद्ध |
| २ | ठूली | स्त्री | प्रमुख | अनुकूल | स्थिर | वर्गीय | मञ्च | बद्ध |
| ३ | ठूले | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्च | बद्ध |
| ४ | कार्की | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्च | बद्ध |
| ५ | पाखे काइला | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्च | बद्ध |
| ६ | सालबोटे | पुरुष | गौण | प्रतिकूल | स्थिर | वर्गीय | मञ्च | बद्ध |
| ७ | रिक्सावाल | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | मञ्च | बद्ध |
| ८ | रने दाई | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | मञ्च | बद्ध |
| ९ | जिम्दार | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | मञ्च | बद्ध |
| १० | राइ कान्छो | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | मञ्च | बद्ध |
| ११ | लाले सुब्बा | पुरुष | गौण | अनुकूल | प्रतिकूल | वर्गीय | मञ्च | बद्ध |
| १२ | काम गर्ने कुल्ली | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| १३ | हङ्से | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्च | मुक्त |
| १४ | पाखेका बाबु | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्च | मुक्त |
| १५ | पाखेका आमा | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्च | मुक्त |
| १६ | सुन्तला बेच्ने युवायुवती | स्त्री, पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| १७ | मोक्तान | पुरुष | गौण | प्रतिकूल | स्थिर | वर्गीय | नेपथ्य | बद्ध |
| १८ | सुतारको बाबु | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्च | मुक्त |
| १९ | सुतारको छोरो | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्च | मुक्त |
| २० | सुतारकी छोरी | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| २१ | काका बाउ | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्च | मुक्त |

यसरी प्रयुक्त भएका प्रमुख र सहायक पात्रहरूको चरित्रचित्रण सङ्क्षेपमा तल गरिन्छ :

### (१) सुतार कान्छो

च्याङ्थापुबाट घिऊ बेच्न भनेर दार्जिलिङ् गएको बेला मुगलान जान भनेर सुतार कान्छो ठूलेलाई लिएर सिलिगुढी पुग्छ । मुगलान जान असमर्थ भएपछि रने दाईले भर्तीमा लाइदिन्छु भन्दा खुसी हुँदै मैले खोजको पनि त्यही हो भन्दै जान तयार हुन्छ । रनेको छलकपटले उसले हा जोङ्गमा ढुङ्गा फोर्ने काम गर्नु परेपछि दुःखित हुँदै दुई वर्ष काम गर्छ । दाजुको मृत्यु र अन्य कामदारको अवस्था एवम् आफ्नो शरीर पनि जीर्ण हुँदै गएपछि कार्कीलाई भागौं भनेर सल्लाह गर्छ र कार्कीलाई लिएर सुतार कान्छो त्यो कुल्लीहरूको शिबिरबाट भाग्छ । बीच बाटामा कार्कीको मृत्यु भएपछि ऊ एक्लो हुन्छ । १० दिनका दिन पाखे काइलाका गोठमा पुगेको ऊ त्यही बस्छ । ठूलीसँग विवाह गरेर घरजम गरेको पाँच दिनमै उसको घरजम भत्किन्छ र सालबोटेको अत्याचारले दोर्खाबाट भागेर च्याङमारी बगानमा गएर काम गर्न थाल्छ । बगानमा काम गर्दै पाँच वर्ष बिताएपछि पुनः ठूलीसँग उसको भेट हुन्छ । मोक्तानले उसको पैसा सबै चारेर भागेपछि विरक्तिएको सुतारकान्छो अन्त्यमा बौलाउँछ र कराउँदै डायना खोलातिर लाग्छ र पुनः फर्किंदैन ।

यसरी जीवनमा धेरै दुःखकष्ट सहेर पनि उसको जीवन जीवनपर्यन्त सुखी हुन सक्दैन । प्रबासमा उसले सुखका दिन देख्दैन । उपन्यासमा सुतार कान्छाको भूमिका उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म रहेको छ । उपन्यासको कथानक उसकै सेरोफेरोमा

अगाडि बढेकाले ऊ यस उपन्यासको प्रमुख पात्र हो । उपन्यास पढ्दै जाँदा ऊ प्रति पाठकवर्गमा सहानुभूतिभाव प्रकट हुने हुँदा ऊ अनुकूल चरित्रको पात्र हो । जीवनलाई एकै कार्यमा समर्पित नगराएर परिस्थिति र परिवेशअनुसार काम गर्दै जाने भएकाले ऊ गतिशील पात्र हो । ऊ प्रबासमा गएर दुःखकष्ट सहेर पनि जीवन सुखमय नभएका धेरै नेपालीहरूको प्रतिनिधित्व गर्ने पात्र भएकाले वर्गीय चरित्रको पात्र हो । कार्यव्यापार प्रत्यक्ष भएकाले मञ्च र उसलाई उपन्यासको कथानकबाट निकाल्दा उपन्यासको कथा खल्बलिने हुँदा बद्ध पात्र हो ।

(२) **ठूली**

ठूली उपन्यासकी प्रमुख नारी पात्र हो । उपन्यासमा ठूलीको भूमिका उपन्यासको मध्यभागदेखि मात्र सुरु हुन्छ । उसको सुतार कान्छासँग बिहे भएको पाँच दिनमै वैवाहिक जीनव भताभुङ्ग हुन्छ । दुःखकष्ट सहेर बसेकी ठूलीको पाँचवर्षपछि पुनः सुतार कान्छोसँग मिलन  हुन्छ । मिलन भएपछि ठूली एउटा छोराकी आमा बनेकी छे । बगानको काम गर्दै सुतार कान्छासँग जीवनयापन गरिरहेकी ठूली सुतार कान्छो बौलाएपछि एक्लै हुन्छे । छोराछोरी पालेर दिन कष्टसँग बिताउँदै गरेको अवस्थासम्म मात्र उसको कथानकमा उपस्थिति रहेको छ ।

उपन्यासमा नारी पात्रको प्रमुख निर्वाह गर्ने ठूलीको प्रवृत्ति अनुकूल देखिन्छ । जीवनलाई परम्परित शैलीमा जीउन चाहने ऊ स्थिर पात्र हो । प्रबासिएका नेपालीहरूले प्रबासमा गएर बिहे गर्ने युवतीहरूकी प्रतिनिधित्व गर्ने पात्र भएकीले ऊ वर्गीय चरित्रकी पात्र हो । उपन्यासमा उसको कार्यव्यापार प्रत्यक्ष भएकाले ऊ मञ्च पात्र हो र ऊ बिना कथानकको संरचना भत्किने हुँदा बद्ध पात्र हो ।

(३) **ठूले**

प्रस्तुत उपन्यासमा ठूले सहायक पात्रका रूपमा देखिएको छ । ठूले सुतार कान्छोसँग मुगलान जान भनेर हिडेको छ र हा जोङ्गमा ढुङ्गाको काम गर्न उसलाई छलकपट रूपमा पुऱ्याइएको छ । ढुङ्गा फोर्ने जोखिम पूर्ण काम गर्दागर्दै उसको ढुङ्गाले किचेर मृत्यु भएको छ । उपन्यासमा उसको चरित्र अनुकूल रहेको छ भने जीवनचेतना स्थिर रहेको छ । प्रबासमा गएर दुःखकष्ट झेल्दाझल्दै धेरै नेपालीहरूको मृत्यु हुने हुँदा त्यस्ता पात्रको प्रतिनिधित्व गर्ने वर्गीय चरित्र उसको रहेको छ । कार्यव्यापार प्रत्यक्ष भएकाले ऊ मञ्च पात्र हो र उसको चरित्रले कथानक अगि बढ्न सघाउ पुगेकाले बद्ध पात्र पनि हो ।

(४) **कार्की**

कार्की पनि नेपालबाट मुगलान जान भनेर हिडेको तर रने दाइको छलकपटले हा जोङ्ग पुऱ्याइएको एक नेपाली हो । भर्ती जाने मध्येमा अलि बाठो देखिएको कार्की केही फुर्तिलो र गफाडी देखिन्छ । भर्तीको सपना देखेपनि ढुङ्गा फोर्ने काममा पुगेको कार्की काम गर्दागर्दै ठन्डीको समयमा बिरामी पर्छ र केही दिनपछि निको हुन्छ । कामले उसको शरीर शिथिल हुँदै ऊ कमजोरी अवस्थामा पुग्छ । काम गर्न नसकेर सुतार कान्छोसँग भागेको कार्की हा जोङ्गबाट हिडेको चार दिनका दिन ज्वरोले बाटामा मर्छ ।

ऊ कथानकको सहायक पात्र हो र अनुकूल चरित्रको पात्र हो । जीवनलाई सुखमय बनाउने चाहना लिएर बिदेसिएको भए पनि ढुङ्गाको काम गर्दागर्दै उसको जीवन खतम हुन्छ । जीवनलाई परम्परागत रूपमा भोगेको ऊ स्थिर पात्र हो । बिदेसिएका नेपालीहरूको बिदेशमा गएर विभिन्न परिस्थितिमा मृत्यु हुने गर्दछ ती मृत्यु हुने व्यक्तिहरूको प्रतिनिधित्व

गर्ने पात्र भएकाले कार्की वर्गीय चरित्रको पात्र हो । कार्यव्यापार प्रत्यक्ष भएकाले मञ्च र उसको अभावमा कथानक लङ्गडो हुने हुँदा बद्ध पात्र हो ।

### (५) पाखे काइलो

पाखे काइलो दोर्खा गाउँमा गोठ राखेर बसेको गरिब-निमुखाहरूको सहयोग गर्ने दयालु पात्रका रूपमा उपन्यासमा देखिएको छ । भागेर आएको सुतार कान्छोलाई उसले गोठमा राखेको छ । प्रबासमै जन्मिएको ऊ दुःख गरेर जीवनयापन गर्ने व्यक्ति हो । सालबोटेले ऊ माथि जग्गामा मुद्दा हालेको छ र उसले मुद्दा जितेको छ । सुतार कान्छोलाई ठूलीसँग विवाह गरिदिएको निहुँमा उसको घर सालेबोटेले आगो लगाएको छ भने ऊ जेलमा परेको छ ।

उपन्यासमा उसको चरित्र अनुकूल देखिन्छ । प्रवासमा गएर गोठ पालेर बस्ने, खेती र सुन्तलाको व्यापार आदि गर्दै जीवनयापन गर्ने प्रबासका नेपालीहरूको प्रतिनिधित्व गर्ने पात्र भएकाले वर्गीय चरित्रको पात्र हो । मञ्चमा उसको कार्यव्यापार भएकाले मञ्च र कथानकलाई उसको चरित्रले अगाडि लैजान सहयोग गरेकोले बद्ध पात्र हो ।

### (६) गौणपात्रहरू

रिक्सावाल, रनेदाइ, जिम्दार, राई कान्छो, लाले सुब्बा, अन्य काम गर्ने कुल्ली, हङ्से, पाखे काइलाका बाबुआमा, सालबोटे, सुन्तला बेच्न जाने युवायुवती, बूढाबूढी मोक्तान, सुतार कान्छाको बाबु, छोरी, छोरो, काका बाउ उपन्यासका गौणपात्रहरू हुन् । रिक्सावाल सहयोगी भावना भएको पात्र हो भने रने दाइको चरित्र प्रतिकूल रूपमा देखिन्छ । सोझासाझा नेपालीहरूलाई लगेर बेच्ने पात्रका रूपमा रने दाइ उपन्यासमा देखिएको छ । जिम्दार, ठेकेदारहरू पनि उपन्यासमा प्रतिकूल पात्रका रूपमा देखिएका छन् । सोझा नेपालीहरूलाई लगेर पूरा पैसा र खाना नदिइकन काम लगाउने शोषक प्रवृत्ति भएका पात्रका रूपमा ठेकेदार, जिम्दार पात्रहरू उपन्यासमा चित्रित भएका छन् । यस्ता विभिन्न गौण पात्रहरूमध्ये कतिले नेपथ्य र कतिले मञ्च पात्रका रूपमा आफ्नो कार्यव्यापार गरी कथानकलाई समाप्ति गर्न सहयोग गरेका छन् ।

## ४. परिवेश

कृतिमा वर्णित स्थान, समय र वातावरण नै परिवेश हो । कृतिभित्र प्रस्तुत घटना घटित हुने परिवेशसूचक स्थान, समय र वातावरणमध्ये सबै वा कुनैको अभिव्यक्ति विभिन्न ढङ्गले गरिन्छ ।[१३४] **मुगलान** उपन्यासका घटनाहरू घटेका स्थान नेपालको च्याङ्थापु कालीडाँडा गाउँदेखि लिएर भारतका दार्जिलिङ, सिलिगुढी, टिष्टा, हा जोङ्ग, दोर्खा, साम्चीबजार, फुन्चेलिङ, च्याङ्मारी, बानरहाट आदि रहेका छन् । उपन्यासमा समय नतोकिएकाले यही समयको घटना हो भनेर उल्लेख गर्ने स्थिति छैन भने कान्छो सुतार हिडेको नौ वर्षमा ऊ डायना खोलातिर कराउँदै गएकाले नौ वर्ष भित्रका घटनाहरू प्रस्तुत उपन्यासमा घटित भएका छन् । सुतार कान्छो र ठूले मुगलान हिडेका तर उनीहरू हा जोङ्मा रुख काट्ने र ढुङगा फोर्ने काम गर्न बाध्य भएका छन् । उपन्यासका घटनाहरू दुःखपूर्ण र कहालीलाग्दा छन् । पहाडको स्थान भएकाले हुस्सू, कुइरो र हिउँ आदिले ग्रस्त भुभागमा उनीहरूले आधापेट खाएर काम गर्नु परेको छ । मौसम अत्यन्त चिसो छ । जाडाले, हिउँले पुरेर र ढुङ्गाले किचेर कामदार मरेका धेरै घटनाहरू उक्त उपन्यासमा वर्णित भएका छन् ।

---

१३४. ऐजन ।

उपन्यासमा घटनाहरू प्रारम्भदेखि नै कारुणिक अवस्थामा देखापर्दछन् । विचरा गाउँका सोझासाझा नेपालीहरू मुगलानमा गएर भर्तीमा काम गरेर पैसा कमाइन्छ भन्ने कुरा सुनेर मुगलान जान भनी हिडछन् तर बीच बाटोमा अलपत्र परी दुःख पाएको घटनाबाट उपन्यास प्रारम्भ भएको छ । उनीहरू उपन्यासमा प्रबास क्षेत्रमा ठगेर जीवनयापन गर्ने नेपालीहरूको शोषणमा पर्न बाध्य भएका छन् । ठूला भनाउँदा नेपालीहरूले ती सोझासाझा नेपालीहरूलाई शोषण गरेका घटनाहरूले उपन्यास पढ्दै जाँदा शोषकहरूप्रति तीव्र रोष प्रकट हुन्छ । उक्त उपन्यासमा वर्णित परिस्थिति अत्यन्त कठिन रहेको छ । कुल्ली काम गर्नु पर्ने, चिसा भुँइमा पुषमाघको ठन्डीमा सुत्नुपर्ने, पूरा वरू पेटभर खान नपाइने र त्यहाँबाट उम्किन पनि अत्यन्त कठिन रहेको हा जोङ् ठाउँ पहाडी भूभाग हो । उपन्यासको कथानक सङ्घर्षह्रास हुँदै जाँदा घटना केही सुखद् वातावरणमा पुगेको देखिए तापनि सालबोटेको प्रतिशोधले पुनः दुःखद् वातावरणतिर घटनाले मोडलिन्छ । अन्त्यमा बगानमा काम गर्दै सुतार केही सुखका श्वास फेर्न थालेको अवस्थामा मोक्तानले गरेको कुकृत्यबाट कथानक दुःखमा परिणत हुन्छ र सुतार कान्छो बौलाउँछ अनि डायना खोलातिर लागेको ऊ पुनः फिर्किंदैन । यस्तो दुःखद् परिस्थितिमा गएर उपन्यास समाप्त हुन्छ ।

यसरी प्रारम्भदेखि नै दुःखको वातावरणमा कथानकीय घटनाहरू घट्दै अन्त्य अवस्थामा पनि दुःखद् वातावरणमा पुगेर उपन्यासको समाप्त भएकाले उपन्यासको वातावरण अत्यन्त दुःखपूर्ण रहेको छ ।

## ५. उद्देश्य

कृतिमा अभिव्यक्त गर्न खोजिएको प्रयोजन नै उद्देश्य हो । हरेक कृतिको रचना प्रयोजनमूलक ढङ्गले गरिएको हुन्छ । मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण, यथार्थको प्रकटीकरण आदिलाई कृतिको उद्देश्य मानिन्छ ।[१३५] **मुगलान** उपन्यासमा भर्ती हुने रहरले केही रुपैयाँ बोकेर घरबाट भागी मुगलान पुगेर ठगिने, दुःख पाउने र सारै हन्डर खाने नेपालका आलाकाँचा युवाहरूको वास्तविक चित्र उतार्न उपन्यासकार सफल भएका छन् । यस उपन्यासबाट के उद्देश्य निकाल्न सकिन्छ भने जीवनलाई प्रबासको ढुङ्गामा रगट्याउनुभन्दा स्वदेशमै बसेर पाखुरी बजाउँदै भए पनि सुखसँग दुई छाक खान सकिन्छ । सुनेको सुख र भोगेको दुःखमा भोगेको दुःख नै राम्रो हो । सुनेको सुख यथार्थमा परिणत हुँदा दुःखबाहेक केही पनि हुँदैन । आज नेपालका कतिपय युवाहरू सुनेको सुखमा दौडिदा ती नेपालीहरूको जीवन प्रबासमा दुःखकष्ट र पीडासाथ बितिराखेको छ । त्योभन्दा आफ्नै देशमा चाहे ढिँडो र गुन्द्रुक खाएर जीवनयापन गर्नु नै राम्रो हुन्छ । प्रबासमा गएर बस्ने नेपालीहरूले कहिल्यै पनि सुखका दिन देख्न सकेका छैनन् । ठूला भनाउँदा नेपालीहरूले सोझासाझा नेपाली युवाहरूको परिश्रम शोषण गरिरहेका छन् भने कतिले अलिकति माथि उठेर जीवनयापन गरिरहेको अवस्थालाई देख्न नसकेर उसको घरव्यवहार बिचल्ली अवस्थामा पुऱ्याइएका घटनाहरू आज पनि प्रबासमा घटित भइरहेका छन् । त्यसैले स्वदेशको मायाममता विदेश वा प्रबासमा गएर जति सुख पाए पनि पाउन सकिँदैन भन्नु नै यस उपन्यासको एउटा उद्देश्य हो ।

प्रस्तुत उपन्यासका माध्यमबाट प्रबासिएका नेपालीहरूको कारुणिक जीवनलाई छर्लङ्ग्याउनु अर्को अभीष्ट पक्ष हो । सामाजिक यथार्थको छविलाई खिचेर प्रबासमा नेपालीहरू कसरी जीवन बिताइराखेका छन् । उनीहरूले केकस्तो दुःखकष्ट झेल्नु परेको छ

---

१३५. ऐजन ।

भन्ने कुरालाई प्रबास क्षेत्रको यथार्थ परिस्थितिलाई दृश्यबिम्बका रूपमा खिचेर उपन्यासमा उपन्यासकारले स्थापन गरेका छन् । नेपालीहरूले नेपालीहरूकै शोषण गरिरहेको कारुणिक कथालाई यथार्थ रूपमा यस उपन्यासमा देख्न पाइन्छ । यसबाट के स्पष्ट हुन्छ भने कतिपय नेपाली युवाहरूले मुगलानको सुख मात्र सुनेका भए ती युवाहरूलाई यो उपन्यासबाट चेतनाको विकास हुन्छ र उनीहरूले प्रबासको दुःखलाई आफूले भोगेकै रूपमा पाएर स्वदेशप्रति प्रेम जाग्छ भन्ने उपन्यासको अर्को उद्देश्य हो ।

समग्रमा भन्नुपर्दा प्रस्तुत उपन्यासका माध्यमबाट प्रबासमा नेपालीहरूले जति दुःखकष्ट गरे पनि सुखसँग जीवनयापन गर्न पाएका छैनन् र पाउँदैनन् पनि । तसर्थ स्वदेशमै बसेर आफ्नै गाउँठाउँमा जीवन चलाउनु नै सर्वश्रेष्ठ हुन्छ भन्ने मूल सन्देश बोकेको प्रस्तुत उपन्यासको सार स्वदेशप्रति प्रेम जगाउनु हो ।

## ६. दृष्टिबिन्दु

कृतिलाई पाठकसमक्ष उपस्थित गर्ने तरिका दृष्टिबिन्दु हो । यसकै माध्यमबाट लेखकीय विचारधारा पनि प्रस्तुत गरिन्छ ।[१३६] यस उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दु रहेको छ । यस उपन्यासको सम्पूर्ण कथानकको कथयिता स्वयम् लेखक नै हुन् । उनी उपन्यासभन्दा बाहिर बसेर दृश्य एवम् मानसिक जगत्मा विचरण गरिरहेका छन् । सबै पात्रका मनका भावनालाई थाहा पाए जस्तो गरी प्रस्तुत गरेका छन् भने सम्पूर्ण घटनालाई उनी आफैँ टिप्पणी तथा विश्लेषण गर्ने भएकाले तृतीय पुरुष (बाह्य)अन्तर्गतको सर्वज्ञ (सर्वदर्शी) दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । घटनाहरूको वर्णन गर्दा लेखकले पात्रहरूको पूर्वस्मृतिलाई जस्ताको तस्तै राखिदिनाले लेखक एउटा पात्रको भावनासँगै बग्दै गएको भान भए तापनि घटनाका अरु पाटाहरू तत्कालै उद्घाटन हुने हुँदा त्यसबाट कुनै नकारात्मक प्रभाव उपन्यास पढ्दै जाँदा पाठकलाई पर्दैन ।

प्रस्तुत उपन्यासको मूल विचार प्रबासमा गएर नेपालीहरूले कहिल्यै सुख पाउँदैनन् । उनीहरूले आफ्नो जीवनसार्थक बनाउन नेपालकै माटोमा पसिना बगाउनु श्रेयस्कर हुन्छ । नेपाली युवाहरूलाई देशप्रेमको भावना जगाउनु नै उक्त उपन्यासको मूल विचार रहेको छ ।

## ७. भाषाशैलीय विन्यास

संरचनाको निर्माण गर्ने बुनोटरूपी साम्य घटकहरूको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ । यो अभिव्यक्ति/प्रस्तुतीकरणसँग सम्बद्ध सर्वप्रमुख पक्ष हो र लेखकैपिच्छे फरकफरक हुन्छ ।[१३७] भाषिक प्रयोगका दृष्टिले हेर्दा **मुगलान** उपन्यासको भाषा सरल, सहज र बोधगम्य रहेको छ । केही स्थानीय कथ्यभाषासमेत प्रयोग गरिएको प्रस्तुत उपन्यासमा चलनचल्तीमा रहेका तत्सम, तद्भव, आगन्तुक र कतिपय ठाउँमा स्टेसन, ट्रक, मार्केट, होटल, प्लेटफर्म, सिग्रेट, ट्रेन आदिजस्ता अङ्ग्रेजी भाषाका शब्दहरूको प्रयोग गरेर प्रस्तुत उपन्यास भट्टराईले लेखेका छन् । उपन्यासका बीचबीचमा बम्बै बाले.., चिनियाँ बदाम, गरम चाय (पृ. ८) खुदा ने हमको क्या दिया जो दियाथा ले लिया, मेरे अल्ला ने ... (पृ. ९), काबुली चना, आँखा के लिए बेजोड मलहम, बम्बैबाले (पृ. १०), साथ लेकर क्या जाना है, सबको दो दिन जिना है (पृ. ११), आदि हिन्दी भाषाका वाक्यहरू पनि प्रस्तुत उपन्यासमा प्रयोग भएका छन् । मलिन मुहार, बादल, आँसु, बज्र, वायुमण्डल, रोदनको समुद्र, गगनचुम्बी पहरा आदि बिम्ब र प्रतीकका माध्यमबाट उपन्यासको भाषालाई विशिष्टता

---

१३६. ऐजन ।

१३७. ऐजन, पृ. ३१० ।

प्रदान गरिएको छ । पर्ख बैनी तिमीलाई देखेर, आउँदैछु म सुन्तला बोकेर (पृ. १०७), मनको कुरा कसरी कहनी, साम्सी बजार हिडेको मै पनि (पृ. १०७), घर कहाँ हो काँ जाने दाजु हो, किन मलाई नपर्खी जानु भो ? (पृ. १०७), घर त मेरो बैनी हो म्यानाटार साम्सी बजार हिँडेको सरासर (पृ. १०७), आउन बैनी सँगै जौ पर्खला, मरिगए गुन कैले बिर्सौला (पृ. १०७), गाउँघर चिनेको बैनीले, पछि बस्यौ नचिनी अहिले (पृ. १०८), दाजु तिम्रो मायाले पोलेर, गाएँ गीत हिर्दय खोलेर (पृ. १०८), खरीको छैन मादलको ताल मात्रै, साम्सी बजार पैसाको काल मात्रै (पृ. १०९), घरबार बितेको हेर, माया पीर्ति लाएर के छ र ? (पृ. ११०), आदि गीतमा पाइने सङ्गीतले उपन्यासको भाषा मिठास युक्त बनाएको छ । पढ्न थालेपछि छोड्न मन नलाग्ने प्रस्तुत उपन्यासमा घटनाहरू कुतूहल रूपमा चित्रण गरिएको छ । यस्तै विविध प्रयोग गरेर भट्टराईले उपन्यासको भाषालाई सरल, सहज, स्वाभाविक र यथार्थवादी तथा मौलिक बनाएका छन् । उपन्यासमा पात्रको स्तरअनुसारको मौखिक भाषाको प्रयोगले उपन्यासको भाषा सुबोधता र सौन्दर्ययुक्त देखिन्छ । उपन्यासको भाषाले कथनलाई रोचक बनाएको छ ।

## ५.३ 'मणिपुरको चिठ्ठी' उपन्यासको विश्लेषण

### १. परिचय

**मणिपुरको चिठ्ठी** पहिलो पटक साझा प्रकाशनबाट २०३४ सालमा प्रकाशित भएको उपन्यास हो भने यसको दोस्रो संस्करण २०५९ सालमा प्रकाशित भएको छ । यहाँ दोस्रो संस्करणका आधारमा विश्लेषण गरिएको छ । आकारप्रकारका दृष्टिले सानो देखिने प्रस्तुत उपन्यासमा जम्मा ६९ पृष्ठ रहेका छन् । भूमिका नलेखिएको प्रस्तुत उपन्यासको पुस्तकाकार कृति डिमाइ साइजको रहेको छ । आवरण पृष्ठको सिरानमा सेतो रङमा **मणिपुरको चिठ्ठी** लेखिएको छ भने मध्यभागमा एउटी महिलाको आधा टाउको र एक युवा घोप्टो परेर टेबलमा लेख्दै गरेको सङ्केत जनाउने अस्पष्ट चित्र रहेका छन् । पृष्ठभर रातो रङ रहेको आवरण पृष्ठको अन्त्यमा गोविन्दराज भट्टराई लेखिएको छ । प्रस्तुत कृतिको कथावस्तुलाई चिह्नित दस भागमा विभाजन गरिएको र कृतिको सबैभन्दा छोटो दस भाग एक अनुच्छेदमा संरचित भएको छ भने सबैभन्दा लामो २३ पृष्ठमा आबद्ध छैटौँ भाग रहेको छ । यसैगरी पहिलो भाग पाँच पृष्ठमा, दोस्रो भाग चार पृष्ठमा, तेस्रो भाग पाँच पृष्ठमा, चौथो भाग सात पृष्ठमा, पाँचौं भाग पाँच पृष्ठमा, सातौँ भाग नौ पृष्ठमा, आठौँ भाग सात पृष्ठमा, नौऔँ भाग नौ पृष्ठमा आबद्ध भई संरचित रहेका छन् । यसरी संरचित प्रस्तुत कृतिको मूल्य रु ३५।- रहेको छ ।

### २. कथावस्तु

'म' पात्रकी दिदी शोभालाई मणिपुर बसोबास भएको लीलानासँग बुबाआमाले विवाह गरिदिएका छन् । दिदीको विवाह हुँदा 'म' पात्र सानो थियो । उसलाई दिदीले असाध्यै माया गर्थी । दिदीको विवाहपश्चात् दिदीलाई बारम्बार सम्झिने 'म' पात्रको ध्यान आज दिदीमा केन्द्रित भएको छ । दिदीको सम्झना गर्दागर्दै 'म' पात्रलाई एउटा रातो धागोले बाँधेको चिठ्ठी आउँछ र ऊ दिदीको बारेमा स्मरण गर्दै कथालाई अगाडि बढाउँदछ । शोभाको लीलानाथसँग विवाह भएको दस वर्ष बितिसक्दा पनि उनीहरूको कुनै सन्तान भएको छैन । लीलानाथ सन्तान नभएकोमा दुःखित हुँदै ज्योतिषिकामा गएर सोध्छ । ज्योतिषिले पत्नीबाट सन्तान नभएको बताएपछि उसले घरमा आएर पत्नीलाई दुःख दिने, कुट्ने, गाली गर्ने काम गर्न थाल्दछ र अर्की बिहे गरेर ल्याउने धम्कीसमेत दिन थाल्छ । यसरी धम्की दिँदादिँदै केही दिनमा नै लीलानाथले विवाह गरेर अर्की पत्नी ल्याउँछ । त्यो देखेर शोभाको मन कुडिन्छ ।

लीलानाथको खटनलाई खप्न नसकेर शोभा जेठो कामीसँग सम्बन्ध अगाडि बढाउँछे । गाउँमा यो कुरा केही दिनमा फैलिन्छ र उनीहरू आफ्नो गाउँलाई छाडेर नागाल्यान्डतिर भाग्छन् । शोभा र जेठो कामी भागेर मणिपुरको इम्फाल पुग्छन् । त्यहाँ पुगेर लीलानाथले घरमा चिठी पठाउँछ । इम्फालमा पुगेर जेठो कामीले सानो दरबानी काम भेट्टाउँछ ।

शोभाको माइती गाउँमा यो कुरा सुनेपछि दाजु खुसी भएको छ भने बाबुआमाले उसलाई कूलको इज्जत नै फाली भन्दै घरमा पुराण लगाएका छन् । चारवर्षपश्चात् शोभाले 'म' पात्र भाइलाई चिठ्ठी पठाउँछे । ऊ जेठा कामीसँग सुखसित जीवनयापन गरिरहको कुरा पत्रमा उल्लेख गर्दछे । 'म' पात्र पत्र पाएर खुसी हुन्छ । सो पत्र उसले सबैलाई सुनाउँछ । बाबुआमाले शोभालाई गाली गर्दछन् भने दाजुभाउजुले राम्रै भयो भनेर सान्त्वना दिन्छन् । 'म' पात्रले दिदीलाई सो पत्रको उत्तर पढाउँछ ।

पुनः मणिपुरबाट शोभाले पत्र पठाउँछे । सो पत्रमा उसले इम्फालमा एउटा सिलाइबुनाइ केन्द्र खोलेको कुरा लेख्छे साथै उसले एउटा छोरालाई जन्म दिएको र उसको नाम जीवन रहेको समेत समाचार पठाउँछे । शोभाले तीनै जनाको फोटो पनि पत्रका साथ पठाएकी हुन्छे भने पत्रमा दस वर्षसम्म लीलेको यातना खपेकी उसले लीलानाथसँग बदला लिने भाव पनि व्यक्त गरेकी हुन्छे ।

पत्र प्राप्तिले 'म' पात्र आह्लादित हुन्छ र दाजुभाउजु र बुबाआमालाई सबैलाई यो समाचार सुनाउँछ र फोटो पनि देखाउँछ । पत्रमा उसलाई मणिपुर बोलाइएको हुन्छ र आमासँग आउँदो साल म पनि मणिपुर जान्छु भन्ने भाव व्यक्त गर्दछ । बेलुका बाबुआमा सुतेपछि आमाले छोरीको समाचार बाबुलाई बताउँदै रुन्छे । बाबुले सान्त्वना दिँदै सम्झाउँछ । यो कुरा 'म' पात्रले अर्को कोठामा सुन्छ । बाबु पनि सकारात्मक नै रहेछन् भन्ने बुझेर बिहान उठ्ने बित्तिकै 'म' पात्रले लगेर फोटो देखाउँछ तर बाबुले सो फोटो खोसेर दुई टुक्रा पारी च्यातेर फालिदिन्छ । 'म' पात्र त्यो घटना देखेर दुःखित हुँदै फोटा जोडेर आफ्नो किताबको बीचमा राख्छ र दिदीलाई पत्र लेख्छ ।

'म' पात्रले विवाह गरेको साथै घरको समाचार लेखेर पठाउँछ । त्यस चिठीको प्रत्युत्तरमा छ महिनापछि पुनः मणिपुरबाट अर्को चिठी आउँछ । पत्रमा छोरी वीनाको पनि जन्म भएको कुरा, उद्योग अझ राम्ररी चलेको र आफू खुसी रहेको कुरा शोभाले उल्लेख गरेकी हुन्छे । पत्रमा उनीहरूको चारजनाको परिवारको फोटो समेत पठाएकी हुन्छे । चिठी पाएपछि 'म' पात्रले सबैलाई यो समाचार सुनाउँछ र फोटो पनि देखाउँछ । सबैले शोभा साथै उसका छोराछोरीको तारिफ गर्दछन् ।

एकदिन लीलानाथ ससुराल आउँछ । ऊ 'म' पात्रको कोठा पस्छ । 'म' पात्रले सजाएर राखेको शोभाको परिवारको फोटो देखेर लीलानाथले 'म' पात्रलाई फोटोबारे सोध्न लागेको बेला उसले शोभालाई देख्छ र 'म' पात्रलाई यस्तो कुलाङ्गारको फोटो ... भनेर गाली गर्न थाल्छ । वाक्य नटुङ्ग्याउँदै 'म' पात्रलाई रिस उठ्छ । उसले लीलानाथलाई तथानाम गाली गर्छ । लीलानाथ पनि आफ्नो पूर्वीय आध्यात्मिक दर्शनमा बहकाउँदै 'म' पात्रसँग खोक्रो दर्शन बक्न थाल्छ । चर्काचर्की पछि 'म' पात्रले लीलानाथको ढाडमा एक मुड्की प्रहार गर्छ । मरे...भन्दै लीलानाथ बाहिरिन्छ ।

यसपछि पुनः शोभाले पत्र लेख्छे मणिपुरबाट । उसले हामी छिट्टै स्वदेश फिर्दैछौं । आफू केही बिसन्चो भएको र आफ्नो शरीर पनि आधा घटेको कुरा उसले जनाएकी हुन्छे । साथै स्वदेश फिरेर लीलानाथजस्तो नारीशोषण गर्ने व्यक्तिसँग बदला दिने भाव व्यक्त गरेकी हुन्छे । पत्र पाएपछि 'म' पात्रलगायत उसका परिवारमा केही दुःख छाउँछ । एकदिन

मणिपुरबाट 'म' पात्रलाई हामी तुरुन्त यहाँबाट प्रस्थान गर्दैछौँ भनेर तार आउँछ तर बीचमा अर्को घटना घट्छ । डिम्बापुर भन्ने ठाउँमा निस्केपछि शोभा साह्रै बिरामी पर्छे । उनीहरू त्यहींको कुनै एक अस्पतालमा उपचार गर्न थाल्छन् । छोरो जीवनले मामालाई यो घटना पत्रमार्फत् लेखेर पठाउँछ । पत्र पाएर 'म' पात्र चिन्ताग्रस्त हुन्छ । ऊ रातदिन चिन्तामा नै दिन बिताइरहेको हुन्छ । पुनः भान्जा जीवनले पठाएको अर्को पत्र पाउँछ । पत्रमा आमालाई केही सन्चो भएको थियो । ठण्डी बढ्दै गएपछि त्यो पुनः बल्फिँदै गयो । डाक्टरहरू केही महिनापछि राम्रो हुन्छ भन्ने आश्वासन दिन्छन् । बा, बहिनी पनि सँगै छौँ भनेर लेखिएको हुन्छ ।

यस पत्रले 'म' पात्रलगायत सम्पूर्ण परिवारलाई झन् चिन्तित बनाउँदछ । दिनदिनै वर्षा लाग्न थालेको थियो । 'म' पात्रको खेती लगाउने बेला भएको थियो । ऊ खेती छाडेर दिदी हेर्न जान पनि सक्तैन । यसरी असार, साउन र भदौ महिना बितिसकेपछि एउटा रातो धागोले बाँधिएको चिठी आउँछ । 'म' पात्रले चिठी खोलेर पढ्छ । चिठी उसको नयाँ भिनाजुले लेखेको हुन्छ । चिठीमा दिदी शोभाको मृत्यु भएको र जीवन र वीना लिएर म यहाँ गाउँमा आएर बसेको छु । समय आएपछि म यी तपाईंका भान्जीभान्जी लिएर आउनेछु । यो पत्र पढी नसक्दै 'म' पात्रका आँखाबाट आँसु आउँछन् । यसरी उपन्यासकारले यस उपन्यासलाई एउटा दुःखद् अवस्थामा पुऱ्याएर टुङ्ग्याएका छन् ।

'म' पात्रको आत्म संस्मरणात्मक पद्धति अपनाएर पूर्वस्मृति शैलीमा लेखिएको प्रस्तुत उपन्यासको कथावस्तु उपन्यासकारले क्रमिक रूपमा घटनाहरूको वर्णन गर्दै रैखिक ढाँचामा प्रस्तुत गरेका छन् । उपन्यासको कथावस्तुमा रोचकता र कुतूहलतालाई सम्मिश्रण गरेर सम्पूर्ण उपन्यासलाई नै उपन्यासकारले नवीन संरचना प्रदान गरेका छन् । कथानकको आङ्गिक विकासका दृष्टिले प्रस्तुत उपन्यासको कथानकको आङ्गिक विकास निम्न अवस्थामा देखापर्दछ :

## १. आदिभाग

### (१) आरम्भ

शोभाको लीलानाथसँग विवाह गरेर मणिपुरमा सुखसँग घरजम हुनु यस उपन्यासको कथानकको आरम्भ हो ।

### (२) सङ्घर्षविकास (पहिलो सङ्कटावस्था)

लीलानाथले विवाह गरेपछि दसवर्ष हुँदा पनि सन्तान नभएका कारण पतिपत्नीमा द्वन्द्वको सिर्जना हुन थाल्नु, लीलानाथका अन्तर्मनमा आन्तरिक द्वन्द्व चल्न थाल्नु, लीलानाथ ज्योतिषिकामा गएर आफ्नो र पत्नीका बारेमा सोध्नु आदि क्रियाकलाप उपन्यासको पहिलो सङ्कटावस्था हो ।

## २. मध्य

### (३) दोस्रो सङ्कटावस्था

लीलानाथले अर्की विवाह गर्नु, शोभालाई कुट्नु र दुःख दिन थाल्नुजस्ता लीलानाथका कार्यहरूलाई सहन नसकी शोभालाई जेठो कामीसँग सम्बन्ध बढाउन थाल्नु हो ।

### (४) तेस्रो सङ्कटावस्था

शोभाले लीलानाथको यातना भोग्न नसकेर जेठो कामीसँग पोइला जानु हो ।

(५) **चौथो सङ्कटावस्था**

शोभा र लीलानाथ मणिपुर पुगी उद्योग चलाएर छोराछोरी जन्माएर 'म' पात्रलाई फोटो पठाउनु, फोटो 'म' पात्रले परिवारका अन्य सदस्यलाई देखाउनु, बाबुले फोटो च्यातिदिनु आदि घटना चौथो सङ्कटावस्थाभित्र पर्दछन् ।

(६) **पाँचौं सङ्कटावस्था (चरम)**

लीलानाथले फोटो देखेपछि 'म' पात्रसँग पूर्वीय खोक्रो दर्शन छाट्न थाल्छ, 'म' पात्रलाई रिस उठ्छ र लीलानाथलाई एक मुड्की बजारेर घरबाट बाहिर निकाल्छ । लीलानाथ कुटाइ खाएर निरास भई घरतिर लाग्छ, शोभाले प्रबास क्षेत्रमा गएर उद्योग खोलेर जीवन सुखमयसँग चलाई लीलानाथसँग बदला लिन स्वदेश फिर्छे तर ऊ बाटामा विरामी पर्छे ।

## ३. अन्त्य

(७) **सङ्घर्षह्रास**

बाटामा विरामी परेकी शोभालाई जेठा कामीले उपचार गर्दा पनि निको भएकी छैन । जीवनले यो घटनाको जानकारी 'म' पात्रलाई दिँदा 'म' पात्रलगायत उसका परिवार चिन्तित भएका छन् । गर्मी समयमा केही निको भएकी शोभाको बिमार ठन्डी महिना लागेपछि पुनः बढ्दै जान्छ । एक दिन शोभा मर्छे । यता लीलीनाथले आफूले चारचारवटी श्रीमती विवाह गर्दा पनि आफ्ना सन्तान नभएको कुराको महशुस पनि गर्छ ।

(८) **उपसंहार**

गाउँमा आइपुगेर जेठो कामीले सालोलाई शोभा मरेको चिठी पठाउनु, 'म' पात्रले चिठी पढ्नु र दिदीलाई सम्झिँदै आखाबाट आँसु झार्नु यस उपन्यासको फलप्राप्ति हो ।

यसरी समाजमा भएका विकृति र विसङ्गतिले नारीहरूले भोगिरहनु परेको दुर्दशालाई यस उपन्यासले यथार्थ रूपमा प्रस्तुत गरेको छ । समाजमा अन्तर्जातीय विवाह गरेर अपहेलित भएका नारीहरूको अवस्था, समाजमा विद्यमान नारी शोषणको अन्त्य गर्नुपर्दछ । मानवले स्वतन्त्र रूपमा उसका इच्छा-आकाङ्क्षालाई पूरा गर्न पाउनु पर्दछ भन्ने कुरा यस उपन्यासको मूल कथ्य हो ।

उपर्युक्त समग्र पक्षलाई हेर्दा **मणिपुरको चिठी** उपन्यास एउटा स्पष्ट र क्रमिक कथानक भएको आख्यानात्मक संरचनामा रचित उपन्यास हो । यसको कथानक व्यत्तिक्रमिक नभएर आदि, मध्य र अन्त्यका क्रममा क्रमिक ढङ्गले विकसित र व्यवस्थित रहेको छ । 'म' पात्रको आत्म संस्मरणात्मक शैलीमा लेखिएको प्रस्तुत उपन्यासमा 'म' पात्रले सम्झिने क्रममा केही विषयान्तर गहिराइसम्म पुगेको देखिन्छ तर पनि उपन्यासको कथानकमा आएका घटनाहरूको समुचित एवम् कलापूर्ण संयोजन भएकाले कथानक सुसङ्गठित नै रहेको देखिन्छ ।

## ३. सहभागी

सहभागीका दृष्टिले **मणिपुरको चिठ्ठी** उपन्यासलाई हेर्दा सहभागीका कार्यभूमिकाका आधारमा प्रमुख, सहायक र गौण गरी विभाजन गरेर हेर्न सकिन्छ । यस क्रममा यस उपन्यासका प्रमुख पात्र 'म' पात्र र शोभा हुन् भने सहायक पात्रमा लीलानाथ, जेठो कामी

रहेका छन् । त्यस्तै गौण पात्रहरूमा जीवन, दाजुभाउजु, बाबुआमा, वीना, भाइ, सानीबहिनी, स्कुलका साथी, लीलानाथका अन्य श्रीमतीहरू आदि रहेका छन् । सहभागीका चित्रणका आधारमा उक्त सहभागीहरूलाई निम्नलिखित रूपमा तालिकामा देखाइएको छ :

| क्र. सं. | पात्र ↓ आधार → | लिङ्ग | कार्य | प्रवृत्ति | स्वभाव | जीवन चेतना | आसन्नता | आबद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | 'म' पात्र | पुरुष | प्रमुख | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्च | बद्ध |
| २ | शोभा | स्त्री | प्रमुख | अनुकूल | गतिशील | वर्गीय | मञ्च | बद्ध |
| ३ | लीलानाथ | पुरुष | सहायक | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्च | बद्ध |
| ४ | जेठो कामी | पुरुष | सहायक | अनुकूल | गतिशील | वर्गीय | मञ्च | बद्ध |
| ५ | जीवन | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्च | बद्ध |
| ६ | दाजु | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ७ | वीना | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ८ | बाबु | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ९ | आमा | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| १० | भाइ | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ११ | सानी बहिनी | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| १२ | 'म' पात्रका अन्य साथीहरू | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| १३ | लीलानाथका अन्य श्रीमती | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |

उक्त उपन्यासका प्रमुख र सहायक पात्रहरूको चरित्रचित्रण सङ्क्षेपमा तल गरिन्छ :

### (१) 'म' पात्र

उपन्यासको प्रमुख पात्रको रूपमा चित्रित 'म' पात्र सानो छँदा दिदीको विवाह लीलानाथसँग हुन्छ । उसलाई दिदीले असाध्य माया गर्ने हुँदा विवाहपछि दिदीको बारम्बार सम्झना गरिरहन्छ । दिदीको घरमा गएर केही समय बसेको ऊ दिदी जेठो कामीसँग पोइला गएपछि बारम्बार दिदीसँग पत्राचार गरिरहन्छ । म पात्रकै पूर्वस्मृति शैलीमा लेखिएको यो उपन्यास उसकै सेरोफेरोमा सम्पूर्ण उपन्यासका घटनाहरू वर्णित भएका छन् । अन्त्यमा दिदीको मृत्युले दुःखित भएको 'म' पात्र रुँदै गरेको अवस्थामा उपन्यास समाप्त भएको छ ।

उपन्यासमा प्रमुख भूमिका भएको 'म' पात्र अनुकूल चरित्रको पात्र हो । उसले जीवनयापन गर्ने क्रममा आफ्ना विचारहरूलाई परिवर्तन नगरी यथावत् रूपमा सञ्चालन गरेकाले ऊ स्थिर स्वभाव भएको पात्र हो । उसको जीवनले कुनै समाजका व्यक्तिहरूको प्रतिनिधित्व नगर्ने हुनाले ऊ व्यक्तिगत पात्र हो । कार्यव्यापार मञ्चमा प्रत्यक्ष भएकाले मञ्च र ऊ बिना कथानक लङ्गडो हुने हुँदा बद्ध पात्र पनि हो ।

### (२) शोभा

शोभा उपन्यासकी प्रमुख नारी पात्र हो । बाबुआमाले लीलानाथसँग विवाह गरिदिएको दस वर्षपछि पनि सन्तान नभएका कारण लीलानाथबाट अनेक यातनाहरू सहँदै बस्न बाध्य पारिएकी शोभा लीलानाथले अर्की विवाह गरेपश्चात् जेठो कामीसँग सम्बन्ध बढाएर पोइला जान्छे । नागाल्यान्ड हुँदै आसाम मणिपुर पुगेर सिलाइबुनाइ खोलेर बसेकी शोभाले जेठो कामीसँग सुखसँग जीवनयापन गरेकी छे । छोरा र छोरीकी आमा बनेकी शोभा समाजमा लीलानाथजस्ता नारीशोषणहरूको अन्त्य गर्ने चाहना व्यक्त गर्दछे तर

लीलानाथसँग बदला लिन भनेर स्वदेश फर्किँदै गरेको अवस्थामा बीच बाटोमा ऊ बिरामी पर्छे र मर्छे ।

उपन्यासमा उसको प्रवृत्ति अनुकूल रहेको छ । जीवन जिउने क्रममा कसरी सुख हुन्छ भनेर सुख खोज्दै जेठो कामीसँग पोइला गएकी शोभाले विचारधारामा परिवर्तन ल्याएकी छ त्यसैले ऊ गतिशील पात्र हो । समाजमा पुरुषको शोषणमा परेका अनेक महिलाको प्रतिनिधित्व गर्ने पात्र भएकीले ऊ वर्गीय चरित्रकी पात्र हो । मञ्चमा उसको कार्यव्यापार प्रत्यक्ष भएकाले मञ्च र ऊ बिना कथानकका घटना नघट्ने हुँदा ऊ बद्ध पात्र हो ।

(३) **लीलानाथ**

लीलानाथ उपन्यासमा सहायक पात्रको भूमिका निर्वाह गर्ने पात्र हो । शोभालाई विवाह गरेर लगेको दस वर्षपछि पनि उसका सन्तान नभएकाले ऊ चिन्तित हुँदै ज्योतिषीकोमा जान्छ । ज्योतिषीले शोभामा खराबी भएको कुरा देखाएपछि उसले अर्की श्रीमती बिहे गरेर ल्याएको छ भने शोभालाई अनेक मानसिक र शारीरिक यातना दिन पनि पछि पर्दैन । ऊ नारी शोषकमा रूपमा उपन्यासमा देखिएको छ । पूर्वीय परम्परित मान्यतालाई आड दिँदै समाजका विकृति र विसङ्गतिहरूलाई आत्मसात् गर्दै जीवनयापन गरिरहेको लीलानाथले चारचारवटी श्रीमती विवाह गर्दा पनि उसका सन्तान भएका छैनन् । अन्त्यमा 'म' पात्रको मुड्कीले उसको होस केही खुलेको छ । आफ्नो करतुत हुँदाहुँदै पनि त्यसलाई ढाकछोप गरी नारीहरूलाई शोषण गर्ने प्रवृत्ति उसमा रहेको छ ।

उपन्यासमा नारीशोषकका रूपमा देखिएको उसको प्रवृत्ति प्रतिकूल रहेको छ । समाजमा नारीहरूलाई शोषण गर्ने पुरुषहरूको प्रतिनिधित्व गर्ने खालको भएकाले लीलानाथ वगीय चरित्रको पात्र हो भने स्थिर विचारधारा बोकेको पात्र पनि हो । उसको कार्यव्यापार मञ्च र कथानकलाई अगाडि बढाउने उसको भूमिका भएकाले बद्ध पात्र पनि हो ।

(४) **जेठोकामी**

जेठोकामी उपन्यासमा अर्को सहायक भूमिका निर्वाह गर्ने पात्र हो । शोभालाई लिएर हिडेको जेठो कामीले मणिपुरको इम्फालमा पुगेर दरवानी काम गर्छ । अन्तर्जातीय विवाह गरेर उसले तत्कालीन समाजको समाजिक परिस्थितिलाई पल्टाउन चाहन्छ र अन्त्यमा शोभाको मृत्युबाट दुःखित बनेको जेठोकामी छोराछोरी लिएर पुनः गाउँमा आएर बस्न थाल्छ ।

उपन्यासमा उसको चरित्र अनुकूल रहेको छ भने स्वभाव स्थिर प्रकारको छ । समाजमा अन्तर्जातीय विवाह गरेर समाजलाई परिवर्तन गर्नुपर्दछ भन्ने जीवनचेतना बोकेका पात्रहरूको प्रतिनिधि गर्ने भएकाले ऊ वर्गीय चरित्रको पात्र हो । उसको कार्यव्यापार मञ्चमा प्रत्यक्ष भएकाले ऊ मञ्च र ऊ बिना कथानक पूरा नहुने भएकाले बद्ध पात्र पनि हो ।

(५) **गौणपात्रहरू**

उपन्यासमा जीवन, दाजुभाउजु, बाबुआमा, वीना, भाइ, सानीबहिनी, स्कुलका साथी, लीलानाथका अन्य श्रीमतीहरू पात्रहरू गौण पात्रका रूपमा देखिएका छन् । यी पात्रहरूमध्ये कतिले नेपथ्य र कतिले मञ्च रूपमा आफ्नो कार्यव्यापार प्रस्तुत गरेर उपन्यासलाई उपसंहारतिर लैजाने कार्य गरेका छन् । यी सबै पात्रहरू उपन्यासमा अनुकूल चरित्रका

रूपमा रहेका छन् । यी पात्रहरूले आआफ्नो कार्यभूमिकाबाट उपन्यासको कथानकलाई फलप्राप्ति अवस्थामा पुऱ्याउन उपन्यासमा गौण भूमिका खेलेका छन् ।

## ४. परिवेश

प्रस्तुत **मणिपुरको चिठ्ठी** उपन्यासको स्थान नेपालको कुनै गाउँदेखि लिएर भारतका मणिपुर, नागाल्यान्ड, आसाम, डिम्बापुर र इम्फाल आदि ठाउँहरू रहेका छन् । उपन्यासको बीचबीचमा पत्रमा उल्लेख भएको मितिहेर्दा प्रस्तुत घटना २०१६ सालदेखि २०३१ सालसम्मको १५ वर्षभित्रको रहेको देखिन्छ । 'म' पात्रलगायत उसको परिवारको कार्यस्थल नेपालको कुनै एक गाउँ रहेको छ भने शोभा र लीलानाथको कार्यस्थल मणिपुरको कुनै गाउँ रहेको छ । त्यस्तै जेठा कामीको कार्यस्थल (घर) आसाम रहेको छ भने उनीहरू भागेर नागाल्यान्ड हुँदै मणिपुरकै राजधानी इम्फालमा गएर उद्योग धन्दा गरेकाले उनीहरूको व्यापार-व्यवसायको कार्यस्थल इम्फाल रहेको देखिन्छ । यसरी प्रस्तुत उपन्यासका घटनाहरू नेपालदेखि लिएर भारतका विभिन्न प्रान्तहरूमा घटेको देखिन्छ ।

प्रस्तुत उपन्यासको वातावरण चाहिँ दुःखपूर्ण रहेको छ । उपन्यासमा प्रारम्भदेखि नै देखिएको शोभाको दुःख अन्त्यमा दुःखद् वातावरणमा गएर टुङ्गिएको छ । उपन्यास पढ्दै जाँदा स्त्रीहरू चुस्ने प्रवृत्ति भएको लीलानाथप्रति पाठकमा घृणा उम्लिन थाल्दछ अनि निर्दोष शोभाप्रति दयाको भावको सञ्चार हुन्छ । यसरी नै शोभाले पठाएको पत्रमा उल्लेख भएअनुसार अब स्वदेश फर्केर लीलानाथप्रति गर्ने नारी विद्रोहले पाठकमा नारी विद्रोहको भाव सञ्चार हुन पुग्दछ तर अन्त्यमा नारी विद्रोह हुन नपाई शोभाको दुःखद् मृत्यु भएकाले यस उपन्यासको वातावरण असमानताको खाडल पुर्न समर्थ देखिँदैन ।

## ५. उद्देश्य

हरेक कृतिको सिर्जना सोद्देश्यमूलक ढङ्गले गरिएझैँ गोविन्दराज भट्टराईका उपन्यासहरू पनि सोद्देश्यमूलक ढङ्गले सिर्जित छन् । मूलतः सामाजिक-सांस्कृतिक विसङ्गतिको अभिव्यक्ति पाइने यिनका उपन्यासहरूमा प्रमुख उद्देश्य ययार्थको प्रकटीकरण रहेको छ । यिनका उपन्यासहरू सामाजिक यथार्थ, समाजवादी तथा प्रगतिशील चिन्तनमा आधारित रहेका छन् ।

प्रस्तुत **मणिपुरको चिठ्ठी** उपन्यास पनि २०१६ सालदेखि २०३१ सालको समयको सामाजिक ययार्थको प्रकटीकरण गरेर लेखिएको उपन्यास हो । यस उपन्यासमा हाम्रो समाजका पुरुषवर्गले सधैँ नारीमाथि शोषण गरिरहेका छन् । यस शोषणको अन्त्य गर्नुपर्दछ भन्ने मूल उद्देश्य यस उपन्यासको एउटा अभीष्ट पक्ष हो । नारीहरूमा कुनै कमजोरी नहुँदा नहुँदै पनि उनीहरूमा कमजोरी देखाएर उनीहरूलाई केवल वासना पूर्ति या भोग्याका रूपमा मात्र हेर्ने लीलानाथजस्ता पुरुषप्रति विद्रोह गरेर भए पनि यस्तो कुसस्कारको अन्त्य गर्नु पर्दछ । आफ्नो कमजोरी भए तापनि आफ्नो कमजोरीलाई ढाकेर केवल आदर्शको खोक्रो दर्शनको व्याख्या गर्ने लीलानाथजस्ता दुष्प्रवृत्तिहरूका चरित्रको भण्डाफोर गरी त्यस्ता चरित्र भएका व्यक्तिहरूलाई चुनौती दिएर वा दण्ड दिएर भए पनि समाज सुधार्नु पर्दछ । यस कुराको उदाहरण 'म' पात्रले लीलानाथको ढाडमा बजारेको मुड्कीबाट प्रष्ट हुन्छ । दस वर्षसम्म लीलानाथको यातना सहेर बाँझी बनेकी शोभा जेठो कामीसँग पोइला जाँदा उसका बाबुआमाले तथा समाजले उसलाई घृणाको भावले हेरेका छन् । समाजका अगाडि कामीसँग पोइला गएर भए पनि सन्तानकी आमा बनेकी शोभालाई नयाँ पुस्ताले सम्मान गरेको छ भने पुरानो पुस्ताले घृणाले हेरेको छ । नारीहरूको आमा बन्ने रहर उनीहरूले पूरा गर्न पाउनु पर्दछ । शोभा निर्दोष थिई यसको प्रमाण उसले जेठो कामीसँग गएर दुईदुई सन्तान

जन्माएर देखाइसकेकी छ तर समाजले अझैँ पनि शोभाप्रति राम्रो भावनाले नहेरेर चारचारवटी पत्नी थुपार्दा पनि सन्तान नहुने लीलानाथप्रति पुरानो पुस्ताले केही नबोली समाजमा उसलाई स्वीकार गरिराखेको छ । यस्तो हाम्रो समाजको परिवर्तन हुनुपर्दछ । निर्दोषलाई सम्मान गरेर दोषीमाथि कारर्वाही हुनुपर्दछ भन्ने उद्देश्य यस उपन्यासको अर्को अभीष्ट पक्ष हो ।

प्रस्तुत उपन्यासमा परम्परित र आधुनिक पुस्ताको द्वन्द्वद्वारा उपन्यासकारले यो सन्देश दिएका छन् । मान्छेले परिवेशअनुसार समाजको निर्माण गर्नुपर्दछ । परम्परित अन्धसंस्कारले ग्रसित भएका व्यक्तिहरूलाई शिक्षा दिएर भए पनि वा चुनौती दिएर भए पनि समाजको विकास गर्नुपर्दछ । प्रस्तुत उपन्यासमा उपन्यासकारले समाजमा भेदभावको अन्त्य गर्नका लागि शोभालाई जेठो कामीसँग पोइला जान बाध्य गराएको कुराबाट उक्त कुराको पुष्टि हुन्छ । यसबाट के स्पष्ट हुन्छ भने मानव सबै एउटै हो । जातले गर्दा कोही तल र कोही माथि हुँदैन । सबैको रगत रातै हुन्छ । जातभात भन्ने कुरा केवल मान्छेले बनाएका नियम हुन् । जातभातको पर्खाल लिएर आज हामी हिँडिरहेका छौँ । वास्तवमा मानव भएर मानवताको कदर गर्न सिक्नुपर्छ । समाजमा नारीहरू शोषित भएका छन् । ती शोषित नारीहरूको सम्मान गर्दै शोषणहरूको अन्त्य गर्नुपर्दछ । नारीहरूलाई शिक्षा दिलाएर भए पनि नारी विद्रोह गर्न लगाउनु पर्दछ । लीलानाथजस्ता खोक्रो दर्शन बक्नेहरूलाई मुक्का हानेर भए पनि ठीक बाटामा ल्याउनुपर्दछ । विवाह भनेको उसको स्वतन्त्रता हो । उसले चाहेको व्यक्तिसँग जसले पनि विवाह गर्न पाउनु पर्दछ भन्ने मूल उद्देश्य नै प्रस्तुत उपन्यासको अर्को अभीष्ट प्राप्ति हो ।

## ६. दृष्टिबिन्दु

दृष्टिबिन्दुका दृष्टिले प्रस्तुत उपन्यासमा परिधीय प्रथम पुरुष दृष्टिबिन्दु रहेको छ । शोभाको जीवनमा घटेको घटनालाई 'म' पात्रले पूर्वदीप्ति उत्तम पुरुष शैलीको आत्म संस्मरणात्मक पारामा कथानकलाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत उपन्यासबाट उपन्यासकारले समाजमा नारीहरूले भोग्नु परिरहेको अवस्था र त्यस्ता समाजमा रहेका विकृति र विसङ्गतिहरूलाई चुनौती दिँदै समाजबाट उखेलेर फाल्नु पर्दछ । समाजमा नारीहरूले पुरुषहरूको दास भएर बाँच्नु परिरहेको अवस्था छ । यस्ता शोषक पुरुषहरूलाई नारीविद्रोहबाट अन्त्य गर्नु पर्दछ भन्ने मूल विचार रहेको छ ।

## ७. भाषाशैलीय विन्यास

यसअन्तर्गत भाषिक तथा शैलीय बुनोट अर्थात् भाषा, शैली, बिम्ब, प्रतीक अलङ्कार आदि पर्दछन् । भाषिक प्रयोगका दृष्टिले हेर्दा गोविन्दराज भट्टराईको प्रस्तुत उपन्यास सरल, सरस, सहज, बोधगम्य र प्राञ्जल गुणयुक्त भाषामा संरचित छ । नेपाली भाषासाहित्यमा प्रचलित भएका तत्सम, तद्भव र आगन्तुक एवम् झर्रा शब्दहरूको प्रयोग गरिएको प्रस्तुत उपन्यासमा ठाउँठाउँमा अङ्ग्रेजी शब्दहरूको पनि प्रयोग भट्टराईले गरेका छन् । फुङ्ग, हुइँया, झ्वाँक, गाँठो, घिच्रो आदि नेपाली झर्रा शब्दहरूको प्रयोग एवम् न्युट्रल, कोट, डिग्री, ह्वाइट हर्स, क्यान्सर, ड्राइजिन, स्कुल, रजिस्ट्रीजस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोग पनि प्रस्तुत उपन्यासमा प्रशस्त मात्रामा भेटिन्छ । भट्टराईले यो उपन्यासलाई खाडल, धमिला बादल, क्षितिज, आँसु, बज्र, वायुमण्डल, लौह, रोदनको समुद्र, गोलपिण्ड, मर्मान्तिक वाण नरकङ्काल, हाँसका ताती, साँढे, आदिजस्ता बिम्ब र प्रतीकका माध्यमबाट विशिष्टता प्रदान गरेका छन् । आलङ्कारिकताका दृष्टिले पनि सशक्त यो उपन्यासमा अनुप्रासका आद्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रास भेदहरू, यमक आदि शब्दालङ्कार र रुपक, उपमा र उत्पेक्षा

आदि अर्थालङ्कारको संयोजन पनि भट्टराईले प्रस्तुत उपन्यासमा प्रशस्त मात्रामा प्रयोग गरेका छन् । चस्स-चस्स, टाढा-टाढा, पर-पर, सिरिरि.., झण्डै-झण्डै, आदि पूर्णद्वित्व र आंशिक द्वित्वजस्ता शब्दहरूको प्रयोगले उपन्यासको भाषा रोचक बनको छ । प्रस्तुत उपन्यासमा भट्टराईले घ्यार्र-घ्यार्र, हुइँया-हुइँया, हप्याक-हप्याक, सर्लाङसुर्लङ, किर्लिङकिर्लिङ, थर-थर, च्यार्र-च्यार्रजस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग पनि प्रशस्त मात्रामा गरेको देखिन्छ । शब्दलाई विशेष जोड दिनका निम्ति रा...तो, से... तो, प...र, ची...सो, खाऊ बा...खाऊ आदिको प्रयोग पनि उपन्यासमा प्रशस्त प्रयोग भएको छ भने कुतूहलता थप्नका लागि ठाउँठाउँमा '...' यस्तो प्रयोग पनि भेटिन्छ । सहज र स्वस्फूर्त रूपमा समानान्तरता र विचलित भाषाको प्रयोग गरिएको प्रस्तुत उपन्यासमा कतैकतै क्रियारहित वाक्यको पनि प्रयोग भएको छ । यस्ता विविध प्रयोग गरेर भट्टराईले उपन्यासको भाषालाई सरल, स्वाभाविक र यथार्थवादी तथा मौलिक बनाउन सकेसम्म प्रयास गरेका छन् । काव्यात्मक भाषाको थोरबहुत सुगन्ध पाइने **मणिपुरको चिठ्ठी** उपन्यासमा भाषाशैलीय विन्यास उपर्युक्त उल्लिखित विशेषताले युक्त भएको छ । भट्टराईले उपन्यासमा पात्रहरूको स्तरअनुसारको भाषाको प्रयोग गरेका छन् । उपन्यासको भाषा सुबोधता र सौन्दर्ययुक्त देखिन्छ । उपन्यासको भाषाले कथनलाई रोचक बनाएको छ । पूर्वदीप्ति तथा 'म' पात्रको आत्म संस्मरणात्मक शैली एवम् पत्रात्मक शैलीमा प्रस्तुत उपन्यास लेखिएकाले पत्रमा लेखिने भाषा तथा संस्मरणात्मक रूपमा प्रयोग गरिने भाषाले उपन्यासलाई रोचक तथा घोचक बनाएको देखिन्छ ।

## ५.४ 'सुकरातका पाइला' उपन्यासको विश्लेषण

### १. परिचय

सुकरातका पाइला मोडर्न बुक्स काठमाडौँबाट २०६३ सालमा प्रकाशित उपन्यास हो । प्रस्तुत उपन्यासको भूमिका ज्ञानु पाण्डले 'युद्ध साहित्यको एक उत्कृष्ट नमुना **सुकरातका पाइला**' शीर्षकमा लेखेकी छिन् । भूमिका अगाडि प्रा. डा. दुर्गाप्रसाद भण्डारीको 'शुभकामना' शीर्षकको छोटो लेख रहेको छ । आकारप्रकारका दृष्टिले मध्यम खालको देखिने **सुकरातका पाइला** उपन्यासमा जम्मा १९५ पृष्ठ रहेका छन् । प्रस्तुत उपन्यासको आवरण पृष्ठमा आधाभाग माथिल्तिर ध्वाँसे घुर्मैलो रङमा अस्पष्ट चित्रहरू रहेका छन् । चित्रहरू एउटा दाह्री पलाएको, कपाल फुलेको बूढो मान्छेले केही पिउँदै गरेको हो कि ? जस्तो लाग्ने र अन्य केही व्यक्तिहरूले आँखा छोपेजस्तो लाग्ने मानिसका चित्रहरू रहेका छन् । बीचमा रातो रङमा सेता अक्षरले कृतिलेखकको नाम लेखिएको छ भने पृष्ठको अन्तिमतिर छड्के स्वरूपमा मान्छेका पाइतालाका चिह्नहरू रहेका छन् । प्रसङ्ग र सन्दर्भहरूलाई जोड्नका निम्ति प्रस्तुत उपन्यासभित्र बेग्लाबेग्लै शीर्षकहरू राखिएका छन् । शीर्षकको गणना गर्नका लागि एकदुई गर्दै अङ्क दिइएको छ । *प्रकृतिको न्यानो काखमा, दोभानमा कोरिएका रेखा, उज्यालोको खोजीमा रेखा, चौबाटामा उभिएर, कालो छाँया र सम्भ्रम, द्वन्द्वको कालो बादल, भ्रमिकाको प्यारो आँगन, बर्बरताको सपना, अँधेरी रातमा अज्ञात दिशातिर, बन्दुकले गीत गाउँदा, सम्झनाको कालीदह, दुराग्रहको भुँमरी, बिक्रिमा छन् नयाँ सपना, मृगमरिचिकाहरूको पछिपछि, मध्यरातमा आँधी चन्द्रमा, रहस्य, पीडा र अवसाद, बर्बरताको उपासना, सधैँ एउटा बिमार सिउरेर, अनेकौँ चिसा सम्झौताहरू, युद्ध पिपासा र मृत्युहरूको बगैँचा, मृत्युलीला र त्रासदी, त्यो बन्दुक बिसाऊ पूर्णिमा, सुकरातका पाइला, अब घाम डुब्ने बेलाभयो, मिनिआपोलिसको पुलबाट, सोपेन्हावरको सम्झनामा र एउटा कृष्णविवर र बाँकी सुनसान* गरी लामा र छोटा सत्ताईस वटा शीर्षकहरू भएको प्रस्तुत उपन्यास सत्ताईस भागमा विभाजित देखिन्छ । यी शीर्षकहरू छ पृष्ठदेखि एघारपृष्ठसम्ममा विस्तारित रहेका

देखिन्छन् । सम्पूर्ण शीर्षकहरूले त्यो भागको विषयवस्तुलाई छर्ल्लङ्ग्याउन समर्थ देखिन्छन् भने कुनै शीर्षकहरू व्यङ्ग्यात्मक रूपमा राखिएका छन् । यसरी संरचित भएको प्रस्तुत उपन्यासको मूल्य रु. १५०।- रहेको छ ।

## २. कथावस्तु

नर्फोक गाउँको पुछारमा घर भएको अनन्तले त्यसै गाउँको अँधेरी बहुमुखी कलेजबाट बी. ए. उत्तीर्ण गरेको छ । बी. ए. उत्तीर्ण गरेपछि गाउँमा केही काम नभएपछि ऊ काठमाडौँतिर मनमा अनेकौँ सोच लिएर भाग्य खोज्न हिड्छ । काठमाडौँ पुगेर जुनतारा होटलमा बास बसेको अनन्त कीर्तिपुरमा अवस्थित त्रि. वि. मा पुग्छ । त्रि. वि. मा अध्ययन गर्न आएका आफ्ना गाउँले मित्रहरू निशा र गोपीलाई उसले भेट्छ । अनन्तले म पनि पढ्न आएको भनेर गोपीसँग आफ्नो मनसाय प्रकट गरेपछि गोपीले अनन्तको भर्ना गर्ने प्रयास गर्छ तर भर्नाको म्याद सकिएको कुरा विभागीय प्रमुखले बताएपछि अनन्तको भर्ना हुँदैन । गोपीले अनन्तलाई त्रि.वि. को परिसर घुमाउँदै आफ्नो डेरा लिएर जान्छ । अनन्तले म पनि यतै बस्नु कीर्तिपुरतिरै बस्नु पर्‍यो भन्ने मनसाय प्रकट गरेपछि गोपीले आफ्नो डेरा नजिकै अनन्तलाई डेरा खोजेर राख्छ । अनन्त दिनभरि सहरको दृश्य हेर्न जान्छ । एक दिन घुम्दै जाँदा बानेश्वरमा अनन्तले आफ्नै क्षेत्रको हरुवा सांसद विक्रमलाई भेट्छ । उसले विक्रमसँग आफ्ना सबै विवशता बताएपछि विक्रमले उसलाई कतै जागिरमा लगाइदिने र राजनीतिको खेलबाट उसको कीर्तिपुरमा भर्ना गरिदिने प्रक्रिया बताउँछ । अनन्तले विक्रमको सल्लाहअनुसार भोलिपल्ट युनियनको कार्यकर्ता रणसङ्ग्रामलाई भेट्छ । रणसङ्ग्रामले धम्कीको भरमा विक्रमको भर्ना गराइदिन्छ । अनन्तको पढ्ने ढोका खुल्छ । परीक्षा आउन तीन महिना मात्र बाँकी हुन्छ र अनन्त क्याम्पस जान थाल्छ । उसले सुकरात गुरुलाई भेट्छ । सुकरातले अनन्तलाई काठमाडौँका साथै त्रि. वि. को परिस्थितिबारे जानकारी गराउँछ । भुँमरीमा परेको अनन्त सुकरात सरको आश्वासनले मनको दर्द केही हल्का भएको महसुस गर्दै कोठामा फर्किन्छ ।

देशमा अनेक प्रकारका युद्ध, आतङ्क र क्रान्तिहरू मच्चिदै हुन्छन् । यसैबेला देशमा क्रान्तिको आगो बल्छ । प्रतिगमनकारी बिरुद्ध भएको यो क्रान्तिले भयावह रूप लिन्छ । त्यस क्रान्तिमा सबै विद्यार्थीहरू सामेल हुन्छन् । त्यसमा अनन्त पनि हुन्छ । केही दिनको भयावह क्रान्तिले देशको सत्ताले कोल्टे फेर्छ । क्रान्तिको सफल लगत्तै त्रि. वि. को परीक्षा आउँछ । अनन्त परीक्षा लेख्न जान्छ तर परीक्षामा अनन्तले क्रान्तिको भयावह घटनाबाहेक केही सम्झन सक्तैन । अन्तमा ऊ परीक्षामा अनुत्तीर्ण हुन्छ । यसरी अनुत्तीर्ण भएको अनन्तमा आन्तरिक द्वन्द्व तीव्र हुँदै जान्छ । अनन्त गोपीलाई लिएर सुकरात सरकोमा जान्छ र फेल भएको समाचार सुनाउँछ । सरले अनन्तलाई शिक्षा अलावा अन्य धेरै बाटाहरू देखाउँछ । अनन्त र गोपी फर्केर आआफ्नो डेरातिर लाग्दछन् ।

कोठामा पुग्दा अनन्तले पूर्णिमाको चिठी पाउँछ । पूर्णिमाले चिठीमा आफ्नो परीक्षा र गाउँघरमा माओवादको आतङ्क बढ्दै गएको कुरा लेखेकी हुन्छे । पत्र पढेर अनन्तले गाउँ सम्झेर एकपटक रुन्छ । अनन्त र गोपी सुकरातकोमा गएर गफ गरिरहेका बेला पूर्वीपहाडको एउटा सदरमुकाम माओवादीले हानेको समाचार अनन्तले पढ्छ र सबैलाई सुनाउँदछ । यहाँ केही पनि नहुने रहेछ अब बिदेश जानु पर्‍यो भनेर अनन्तले सुकरातलाई भन्छ । सुकरातले विदेश जाने भए पैसा दिने कुरा गर्छ । दुवै कोठा फर्किन्छन् । कोठामा पुगेर गोपीले दोस्रो वर्षको परीक्षापश्चात् चितवन जाने कुरा गर्छ र त्यहाँ निशा पनि आएकी हुन्छे । तीनै जनाले केही बेर गफ गर्छन् र आआफ्ना कोठातिर लाग्छन् ।

एक दिन बिहान विक्रम अनन्तको डेरामा आउँछ । विक्रमले आफूले म्यानपावर खोलेको र त्यसै म्यानपावरमार्फत् तिमीलाई विदेश पठाइदिनुपऱ्यो भनेर आएको भन्ने कुरा अनन्तसँग गर्छ । गोपीसँग सल्लाह माग्दा गोपीले पनि अनन्तलाई विदेश जाने सल्लाह दिन्छ र अनन्तले सुकरातबाट पैसा मागेर विक्रमलाई दिन्छ ।

पूर्णिमाले अर्को पत्र पठाउँछे । पत्रमा गाउँको समाचार आफू उत्तीर्ण हुन नसकेको कुरा लेखेकी हुन्छे । अनन्त पत्र पढेर दुःखित बन्दै प्रत्युत्तरमा विक्रम काकाको कम्पनीमार्फत् सुकरातका पैसाबाट विदेश जान लागेको कुरा लेखेर पठाउँछ । अनन्तका गाउँले चित्राखर, भक्तमान र ऊ विदेश जाने तरखरमा हुन्छन् । त्यतिबेला नै इराक हत्याकाण्ड मच्चिन्छ । नेपालका सबै म्यानपावर खरानीमा परिणत हुन्छन् । उनीहरू सबैको पैसा डुब्छ । चित्राखर र भक्तमान आत्महत्या गर्छन् भने अनन्त निराशावादी भएर डुल्न थाल्छ ।

सुकरातले नीलासँग आत्मिक सम्बद्ध गाँस्छ । सम्बन्धपश्चात् सुकरातकोमा अनन्त त्यति जाँदैन । एक दिन अनन्तले 'विकट पहाडमा सैन्य गतिविधि नामक' लेख पढ्छ त्यो लेखमा पूर्णिमाको मृत तस्वीर देख्छ । यो समाचार पढेपछि अनन्त बहुलाजस्तो हुन्छ । पूर्णिमालाई बारम्बार सम्झिन्छ । यही समयमा अनन्त बिरामी पनि पर्छ । बिरामीबाट उठेपछि शनिबार अनन्त सुकरात सरकोमा जान्छ । नीला नभएकीले उनीहरू त्रि.वि.को जङ्गलमा आएर गफ गर्छन् । अनन्तले सुकरातसँग आत्महत्या गर्ने विचार व्यक्त गर्दछ । सुकरातले अनन्तलाई सम्झाउँछ र दुवै आआफ्ना कोठातिर लाग्छन् । कोठामा आउँदा अनन्तको गोपीसँग भेट हुन्छ । निशा पनि गोपीका साथमा आएकी हुन्छे । गोपीले आफू चितवन जाने तरखरमा लागेको बताउँछ । गोपीले अनन्तलाई पनि सँगै जाऔँ भन्छ तर अनन्त मान्दैन । गोपी कोठातिर लाग्छ भने निशाले अनन्तलाई कोठा सरौँ भन्छे । अनन्तले एउटा डरलाग्दो कोठा सर्न लागेको कुरा गर्छ । बेलुका अनन्तले गोपीलाई कोठामा बोलाएर संसारमा आत्महत्या गरेर मर्ने व्यक्तिहरूको नाम सोध्छ तर गोपीले अनन्तलाई उल्टै सम्झाउँछ । निराशावादतिर प्रवृत्त भएको अनन्तले संसारका प्रसिद्ध आत्महत्या गर्ने व्यक्तिहरूको कहानी पढ्न थाल्छ । गोपी निशालाई अनन्तको रेखदेख गर्नु भन्दै चितवन जान्छ । पढ्दै जाँदा अनन्तले आत्महत्या नै ठीक रहेछ भन्दै एक दिन आत्महत्या गर्छ । उपन्यासकारले अनन्तको आत्महत्यालाई मञ्चमा नदेखाएर सुकरातमार्फत् सङ्केतका रूपमा मात्र प्रस्ट पार्दै उपन्यासको कथा समाप्त गरेका छन् ।

यसरी कथावस्तु संरचित भएको प्रस्तुत उपन्यास वृत्तचित्रीय वा समाचारचित्रीय ढाँचामा आबद्ध भएको छ । कथानक कुनै फिल्मजस्तै सरर अगाडि बढेको छ । जसरी फिल्ममा घटना र वस्तुसत्य अनि प्रसङ्ग र वास्तविक दृश्यसँगसँगै चल्दै र बग्दै जान्छ । त्यसरी नै उपन्यासमा द्वन्द्व, आतङ्क, बन्द, कुटाइ, अङ्गभङ्ग, म्यानपावरको ठगी, सुरक्षाकर्मी र आतङ्ककारीको मार आदि सन्दर्भहरू वृत्तचित्रमा रिल घुमेझैँ प्रस्तुत भएका छन् । अनन्त आशावादी भएर जीवनमार्ग खोज्नका लागि काठमाडौँ आउनु र काठमाडौँ आएर कतै पनि सफलता प्राप्त नभएपछि निराशावादी भई आत्महत्यातिर संलग्न रहनुजस्ता दुई स्वतन्त्र आख्यानात्मक घटनाबाट प्रस्तुत उपन्यास संरचित भएको पाइन्छ । द्वन्द्व र क्रियाको उचित संयोजनले कथावस्तु सुसङ्गठित देखिन्छ भने कथानकीय आङ्गिक विकासका दृष्टिले आदि, मध्य र अन्त्यको क्रमिक ढाँचामा कथावस्तु आबद्ध भएको छ । आङ्गिक विकासका दृष्टिले प्रस्तुत उपन्यासको कथावस्तुलाई निम्नलिखित अवस्थामा विश्लेषण गरेर देखाउन सकिन्छ :

## १.आदिभाग

### (१) आरम्भ

अनन्तले नर्फोक गाउँबाट बी. ए. उत्तीर्ण गरी काठमाडौँतिर जाने निधो गरी मनमा अनेक प्रकारका योजना बनाएर काठमाडौँ आउँछ ।

### (२) सङ्घर्षविकास (पहिलो सङ्कटावस्था)

अनन्तले काठमाडौँ आएर डुल्दै जाँदा विक्रमसित उसको भेट हुन्छ । उसको भर्ना नभएको कुरा अनन्तले विक्रमलाई बताउँछ । विक्रमले राजनीतिको प्रक्रियाबाट भर्ना गरिदिन्छ । विक्रम पढ्न सुरु गरेपछि देशमा आन्दोलन दन्किन्छ । अनन्त पनि त्यस आन्दोलनमा सामेल हुन्छ । आन्दोलनपछि लगत्तै अनन्तको परीक्षा आउँछ । परीक्षा लेखेको अनन्त परीक्षामा अनुत्तीर्ण हुन्छ । परीक्षामा अनन्त अनुत्तीर्ण हुनु नै उपन्यासको पहिलो सङ्कटावस्था हो ।

## २. मध्यभाग

### (३) दोस्रो सङ्कटावस्था

राजनीतिमा लागेको अनन्तले धेरैवटा क्रान्तिहरूमा सामेल हुन्छ । राजनीतिले पनि उसको जीवनमा कुनै प्रकारको सहयोग गर्दैन ।

### (४) तेस्रो सङ्कटावस्था

पूर्णिमाले अनन्तलाई चिठी पठाउँछे । चिठीमा उसको परीक्षा र गाउँमा माओवादीको आतङ्क चलेको कुरा पत्रमा अनन्तले पढ्छ । उसको अब गाउँ जाने बाटो पनि माओवादीको आतङ्कले गर्दा बन्द भैसकेको हुन्छ ।

### (५) चौथो सङ्कटावस्था

अध्ययन गर्न नसकेको अनन्तले राजनीतिबाट पनि केही नहुने थाहा पाएपछि विदेश जाने निधो गर्छ । विक्रम काकाको म्यानपावर र सुकरातका पैसाबाट विदेश जाने निधो गरेको अनन्तले विदेश जाने तरखरमा विक्रमलाई सुकरातबाट मागेर पैसा दिन्छ । यसै बेला इराक हत्याकाण्ड मच्चिन्छ र नेपालका सबै म्यानपावर खरानीमा परिणत हुन्छन् । उसको विदेश जाने सपना पन चकनाचुर हुन्छ ।

### (६) छैटौँ सङ्कटावस्था (चरम)

यसरी सबैतिरबाट हार खाएको अनन्तले एक दिन पत्रिका उसकी प्रेमिका पूर्णिमाको मृत तस्वीर देख्छ र अनन्त बौलाहाजस्तो हुन्छ । अब उसलाई यस संसारमा बसेर केही गर्ने आशा पलाउँदैन । ऊ निराशावादतिर आकर्षित हुन्छ । यही नै कथानकीयन चरम अवस्था हो ।

## ३. अत्यभाग

### (७) सङ्घर्षह्रास

निराशावादतिर प्रवृत्त भएको अनन्तले सुकरातलाई आत्महत्या गर्ने कुरो बताउँछ । निशालाई डरलाग्दो कोठामा सर्दैछु भन्छ भने गोपीलाई संसारमा प्रसिद्ध आत्महत्या गर्ने व्यक्तिहरूको नामवली सोध्छ । यस संसारमा अब बाँचेर केही नहुने रहेछ भन्दै संसारका आत्महत्या गर्ने प्रसिद्ध व्यक्तिहरूको कहानीका अनैकौँ पुस्तक पढ्न थाल्छ ।

(८) **उपसंहार (फलप्राप्ति)**

एक दिन अनन्तले आत्महत्या गर्छ । अनन्तको आत्महत्यालाई उपन्यासमा मञ्चमा प्रस्तुत नगरेर सुकरातमार्फत् सङ्केत दिँदै उपन्यास समाप्त हुन्छ । यो नै उपन्यासको फलप्राप्ति हो ।

नौलो सपना बोकेर आशावादी जीवन जिउन अनन्त काठमाडौँ आउनु कथानकको प्रारम्भ भाग हो भने अनन्तले काठमाडौँ आएर धेरैवटा सङ्कट झेल्नु र कतै पनि जीवनको निकास नपाएर अन्त्यमा ऊ निराशावादमा परिणत हुनु कथानकीय सङ्घर्षविकासको चरमोत्कर्ष हो । यी दुई स्वतन्त्र आख्यानात्मक घटनाका बीचमा जोडिएर अभिन्न सम्बन्ध गाँस्तै अन्य थुप्रै परधीय र स्वतन्त्र घटनाहरू पुच्छर वा पूर्ण उदाहरण बनेर आएका छन् । यी अस्वतन्त्र घटनाहरूलाई प्रमुख घटनाका बीचमा कलात्मक पाराले प्रस्तुत गरिएको छ र कथानकलाई सम्पूर्णता प्रदान गरिएको छ । यसरी विकासदेखि अन्त्यावस्थामा पुगेको कथानकको विकास सहज, स्वाभाविक र कौतुहलपूर्ण रूपमा प्रस्तुत भएको छ ।

## ३. सहभागी

विनिर्माणवादी पद्धति र उत्तरआधुनिकवादी पद्धति अपनाएर चरित्रहरूको निर्माण गरिएको प्रस्तुत **सुकरातका पाइला** उपन्यासलाई सहभागीका दृष्टिले कार्य भूमिकामा आधारमा प्रमुख, सहायक र गौण गरी विभाजन गरेर हेर्न सकिन्छ । यस आधारमा उत्तरआधुनिकवादी चिन्तन अपनाएर प्रस्तुत उपन्यासको प्रमुख पात्र अनन्तको चरित्रनिर्माण गरिएको छ । विनिर्माणवादी पद्धतिअनुसार अर्को पात्र सुकरातको चरित्र उपस्थापन गरिएको छ भने यो पात्र पनि प्रस्तुत उपन्यासको अर्को प्रमुख पात्र हो । त्यस्तै उत्तरआधुनिक चिन्तनमै केन्द्रित अर्की उपन्यासकी स्त्री पात्र पूर्णिमा पनि यस उपन्यासकी प्रमुख नारी पात्र हो । गोपी र विक्रम उपन्यासमा सहायक पात्रका रूपमा देखिएका छन् भने चित्राखर, भक्तमान, सोफिया, तृष्णा, नीलिमा, प्रहरी, डेभिड, रणसङ्ग्राम, आन्दोलनकारी, म्यानपावरको हाकिम, म्यानपावरमा भएका अन्य पीडित व्यक्तिहरू, कीर्तिपुरका विद्यार्थी आदि पात्रहरू यस उपन्यासका गौण पात्रहरू हुन् । सहभागी चित्रणका आधारमा उक्त सहभागीहरूलाई निम्नलिखित रूपमा देखाउन सकिन्छ :

| क. सं. | पात्र ↓ आधार→ | लिङ्ग | कार्य | प्रवृत्ति | स्वभाव | जीवन चेतना | आसन्नता | आबद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | अनन्त | पुरुष | प्रमुख | अनुकूल | गतिशील | वर्गीय | मञ्च | बद्ध |
| २ | सुकरात | पुरुष | प्रमुख | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्च | बद्ध |
| ३ | पूर्णिमा | स्त्री | प्रमुख | अनुकूल | स्थिर | वर्गीय | नेपथ्य | बद्ध |
| ४ | गोपी | पुरुष | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्च | बद्ध |
| ५ | विक्रम | पुरुष | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्च | बद्ध |
| ६ | चित्राखर | पुरुष | गौण | अनुकूल | गतिशील | वर्गीय | मञ्च | मुक्त |
| ७ | भक्तमान | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गीय | मञ्च | मुक्त |
| ८ | रणसङ्ग्राम | पुरुष | गौण | प्रतिकूल | स्थिर | वर्गीय | मञ्च | बद्ध |
| ९ | निशा | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्च | मुक्त |
| १० | सोफिया | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्च | मुक्त |
| ११ | तृष्णा | स्त्री | गौण | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्च | मुक्त |
| १२ | विभागीय प्रमुख | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्च | मुक्त |
| १३ | डेभिड | स्त्री | गौण | प्रतिकूल | स्थिर | वर्गीय | मञ्च | मुक्त |
| १४ | नीलिमा | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्च | मुक्त |

माथि प्रस्तुत गरिएका उपन्यासका प्रमुख र सहायक पात्रहरूको चरित्रचित्रण यस प्रकार रहेको छ :

**(१) अनन्त**

उत्तरआधुनिकतावादी पद्धति अपनाएर चरित्रनिर्माण गरिएको प्रस्तुत उपन्यासको एक प्रमुख पात्र अनन्त हो । ऊ गाउँबाट काठमाडौँ सहरमा भाग्य खोज्न आएको छ तर उसले काठमाडौँमा कुनै पनि सफलता प्राप्त गर्न नसकेर अन्त्यमा ऊ निराशावादमा परिणत भएको छ । गाउँबाट जागिर खाने, पढ्ने र विदेश जाने भन्ने सपना बोकेर काठमाडौँ पसेको अनन्त काठमाडौँको व्यस्त सहरमा हराएको छ । उसका सबै सपना निराशामा परिणत भएका छन् । इराक हत्याकाण्डले उसको विदेश जाने सपना पनि खरानीमा परिणत भएको छ । यसरी ठक्करैठक्कर खाँदै जीवनमा कुनै निकास नदेखेको अनन्त अन्त्यमा आत्महत्या गरेर मर्दछ ।

अनन्त प्रस्तुत उपन्यासको प्रमुख पात्र हो भने निम्नवर्गीय युवाहरूको प्रतिनिधित्व गर्ने वर्गीय चरित्रको पात्र पनि हो । उच्च शिक्षा हासिल गर्न नसकेको आर्थिक दुरावस्थाको दुर्दान्त परिस्थिति भोग्न बाध्य भएको ऊ हार्दिकता र मानवीय कमजोरीको मिश्रण भएको यथार्थ चरित्र पनि हो । जीवनमा एकैपटक विभिन्न क्षेत्रमा ठक्कर खाएपछि उसले बाँच्नुभन्दा मर्नु नै श्रेयस्कर ठानी आफ्नो विचारधारालाई आशाबाट निराशामा परिणत गराएकाले ऊ गतिशील पात्र हो । उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थित भएर कार्यव्यापार तथा संवाद प्रस्तुत गरेकाले ऊ मञ्च र उसकै सेरोफेरोमा सम्पूर्ण उपन्यासका घटनाहरू घटेकाले ऊ बद्ध पात्र पनि हो ।

**(२) सुकरात**

विनिर्माणवादी पद्धतिअनुसार चरित्र उपस्थापन गरिएको उपन्यासको अर्को पात्र सुकरात हो । त्रि. वि. मा प्राध्यापन सेवामा समर्पित सुकरातले ५० वर्षको हुँदासम्म विवाह गरेको छैन । प्राचीन सुकरातलाई विनिर्माण गरी चरित्रनिर्माण गरिएको यो पात्रले यथार्थलाई दार्शनिक आँखाले हेर्ने गर्दछ । सुकरातको वास्तविक नाम अगम भनेर उपन्यासमा लेखिएको छ भने उसले शिष्यहरूलाई सहयोग र स्नेह गर्छ । कट्टर अस्तित्वादीका रूपमा उपन्यासमा ऊ चित्रित देखिन्छ । सुकरातलाई यस उपन्यासको उज्वल चरित्रका रूपमा उपन्यासकारले चित्रित गरेका छन् । उसको चरित्र र विचारधाराबाट उसलाई उपन्यासका आधारमा त्रासद अन्धकारमा पनि धिपधिपाउने जुनकिरीका रूपमा लिन सकिन्छ ।

उपन्यासमा उसको चरित्र अनुकूल रूपमा देखिन्छ । सुकरात अस्तित्वादीहरूको विचारधारामा कट्टर भएर आफ्नो विचारधारा व्यक्त गर्दछ, त्यसैले ऊ स्थिर जीवनचेतना भएको पात्र हो । उसको कार्यव्यापार प्रत्यक्ष भएकाले मञ्च र ऊ बिना कथानक टुक्रिने भएकाले बद्ध पात्र हो ।

**(३) पूर्णिमा**

माओवादी आतङ्कले तस्त्र गाउँमा जीवन बिताइरहेकी नारी पात्रका रूपमा चित्रित पूर्णिमा यस उपन्यासकी अर्की प्रमुख पात्र हो । शिक्षाबाट पीडित बनेकी पूर्णिमा अनन्तकी प्रेमिकाका रूपमा उपन्यासमा देखिन्छे । सात पटकमा पनि बी. ए. पास गर्न नसकेकी पूर्णिमा अन्त्यमा माओवादी बनेकी छे । विभिन्न सैनिकहरूसँग युद्ध गर्दै हिँडेकी पूर्णिमा एक दिन सैनिकको गोली लागेर मर्छे ।

माओवादीको आतङ्कले त्रासद गाउँको वातावरणमा हुर्किँदै गरेकी पूर्णिमाको काठमाडौँ आएर उच्चशिक्षा हासिल गर्ने रहर केवल सपना बनेको छ । ऊ बाध्यता र विवशताले माओवादी बनेर काँधमा बन्दुक लिएर हिँडेकी छे । प्रस्तुत उपन्यासमा उसको चरित्रले पाठकमा सहानुभूतिभाव पैदा गर्ने हुँदा ऊ अनुकूल चरित्र भएकी पात्र हो । विचारलाई बदल्न नसकेकी पूर्णिमाको जीवनचेतना स्थिर देखिन्छ । उपन्यासमा उसको कार्यव्यापार मञ्चमा नभएर केवल नेपथ्यमा मात्र देखापर्दछ । उपन्यासको प्रमुख पात्र अनन्तलाई निराशावादमा पुऱ्याउन पूर्णिमाको चरित्रले सहयोग गरेको छ । नेपथ्य भूमिका भए पनि उपन्यासको कथानकीय संरचनामा उसको भूमिका बद्ध रूपमा स्थापित भएको छ ।

(४) **गोपी**

गोपी यस उपन्यासको सहायक पात्रका रूपमा चित्रित छ । त्रि. वि. मा पढ्न आएको विद्यार्थीका रूपमा उपन्यासमा उसको चरित्रलाई स्थापन गरिएको छ । सहयोगीभावना र मिहिनेतसँग पढ्ने खालको विद्यार्थीको रूपमा देखिएको गोपीको चरित्र अनुकूल रहेको छ । अनन्तलाई बारम्बार सहयोग गर्ने गोपी अनन्तले आत्महत्या गर्न लागेको थाहा पाएर सम्झाउँछ । उसले अनन्तलाई हर सहयोग गर्छ । गोपीको विचारधारमा कुनै परिवर्तन नआएकले ऊ स्थिर जीवनचेतना भएको पात्र हो । उपन्यासमा गोपीको कार्यव्यापार प्रत्यक्ष मञ्चमा भएकाले मञ्च र ऊ बिना कथानकको संरचना खल्बलिने हुनाले बद्ध पनि हो ।

(५) **विक्रम**

उपन्यासको अर्को सहायक पात्रका रूपमा स्थापित विक्रम सत्ता खुस्केको राजनीतिक कार्यकर्ताका रूपमा उपन्यासमा देखिएको छ । अनन्तलाई विदेश पठाएर भए पनि उसको मनोकाङ्क्षा पूरा गर्ने हेतुमा लागेको विक्रमले त्यो कार्य पूरा गर्न पाउँदैन । प्रमुख पात्रको सहयोगी पात्रको रूपमा चित्रित भएको विक्रमको चरित्र अनुकूल रहेको छ । उसको विचारधारामा कुनै पनि परिवर्तन नदेखिएकाले ऊ स्थिर पात्र हो । विक्रमको कार्यव्यापार मञ्चमा प्रत्यक्ष भएकाले मञ्च र विक्रम बिना उपन्यासको कथानकीय संरचना खल्बलिने हुँदा बद्ध पात्र पनि हो ।

(६) **गौणपात्रहरू**

चित्राखर, भक्तमान, निशा, सोफिया, तृष्णा, रणसङ्ग्राम, नीलिमा, विभागीयप्रमुख, डेभिड आदि पात्रहरू गौण रूपमा उपन्यासमा चित्रित भएका छन् । निशा, सोफिया, रणसङ्ग्राम, विभागीय प्रमुख, डेभिड र नीलिमा, चित्राखर, भक्तमान मञ्च पात्रहरू हुन् भने अन्य पात्रहरू नेपथ्य रूपमा उपन्यासमा देखिएका छन् । यी पात्रहरूका चरित्रले कथानकको मूल कथानकलाई फलप्राप्तिमा पुऱ्याउन गौण रूपमा भूमिका खेलेका छन् । यी पात्रहरूमध्ये कतिपय पात्र आंशिक घटनाका सन्दर्भमा आएका छन् भने कतिपय पात्र मूल कथानककै घटनाका रूपमा आएका छन् ।

## ४. परिवेश

**सुकरातका पाइला** उपन्यासको स्थान नेपालको कुनै पहाडी भूभागको नर्फोक (कल्पित) गाउँदेखि लिएर काठमाडौँका विभिन्न ठाउँहरू रहेका छन् । उपन्यासमा नेपालको परिप्रेक्ष्यमा दसबर्से जनयुद्धको समयमा घटेका घटनाहरूलाई समेटिएको छ । दसबर्से जनयुद्धमा भएका नेपालका आन्दोलन, युद्ध र क्रान्ति, त्यस क्रान्तिले राजनीतिमा आएको अस्थिरता, त्रि. वि. मा पलाएको विद्यार्थी राजनीति एवम् माओवादी पार्टीका आतङ्कका

घटनाहरू यस उपन्यासमा समेटिएका छन् । उपन्यासमा प्रयुक्त भएका पात्रहरूको कार्यस्थल यिनै स्थान र घटनाहरूसँग सम्बन्धित रहेका छन् । अनन्तको कार्यस्थल नर्फोक गाउँदेखि लिएर काठमाडौँका विभिन्न ठाउँहरू रहेका छन् भने सुकरातको कार्यस्थल काठमाडौँको कीर्तिपुरस्थित त्रि. वि. रहेको छ । पूर्णिमाको कार्यस्थल नर्फोक गाउँ रहेको छ । गोपी, विक्रम आदिको कार्यस्थल काठमाडौँका विभिन्न स्थानहरू रहेका छन् । यसरी अधिकांश पात्रहरूको कार्यस्थल काठमाडौँ रहेको छ ।

प्रस्तुत उपन्यासको वातावरण चाहिँ भयावह देखिन्छ । जताततै आतङ्क, युद्ध र हिंसा आदिको चित्रण उपन्यासमा ज्वलन्त रूपमा प्रस्तुत गरिएको छ । अनन्त काठमाडौँ पस्ने बित्तिकै युद्धमा होमिएको छ र ऊ आन्दोलनकारी भएर सडकमा ढुङ्गा हान्न पुगेको छ । यो आन्दोलन रोकिएको लगत्तै इराक हत्याकाण्डले अर्को बबन्डर मच्चाइदिन्छ । गाउँमा माओवादी र सेनाको दोहोरो युद्ध चलिरहन्छ । त्रि. वि. मा विद्यार्थी आन्दोलन मच्चिन्छ, । युद्ध र आतङ्कमा रुमिलिएका नेपाली जनताले एक छाक सुखसँग खान पाएका छैनन् । एक निद्रा मीठोसँग सुत्न पाएका छैनन् । जताततै युद्ध र आतङ्कले सन्त्रासमय वातावरणमा नेपाली जनताले जीवनयापन गर्न बाध्य हुनुपरेको परिस्थितिको चित्रण प्रस्तुत उपन्यासमा रहेको छ । यसरी यस उपन्यासको वातावरण क्रान्तिमय बनेको छ ।

## ५. उद्देश्य

उत्तरआधुनिक चिन्तन, विनिर्माणवादी शैली र स्वाभाविक औपन्यासिक पद्धतिलाई आत्मसात् गरी रचना गरिएको प्रस्तुत उपन्यासले दसबर्से जनयुद्धको यथार्थलाई वृत्तचित्रीय रूपमा प्रस्तुत गरेको छ । राजनीतिक अस्थिरताले जन्माएको विसङ्गतिबोधको पाराकाष्टालाई प्रस्तुत उपन्यासका माध्यमबाट उपन्यासकारले व्यक्त गरेका छन् । युद्ध, आतङ्क, र आन्दोलनले नेपाली जनताको जीवन भोगाइ कष्टकर बन्दै गइरहेको छ । देशको राजनीतिक सत्ताखेलको होडबाजीले युवाजगत्मा पारेको प्रभाव र त्यस प्रभावबाट जन्मेको विसङ्गतिबोधलाई अनन्तका माध्यमबाट उपन्यासकारले प्रस्तुत गरेका छन् । गाउँगाउँमा माओवादी जनयुद्धले जन्माएको पीडालाई खप्न नसकेर नेपाली जनताले मृत्युवरण गर्नु परेको तीतो यथार्थलाई उपन्यासमा चित्राखर र भक्तमानका माध्यमबाट प्रस्ट पारिएको छ । गाउँका सोझासाझा जनतालाई अनेक यातना दिई निसंश हत्या गरेका छन् माओवादीले । जीवन बचाउनाका निम्ति भए पनि ती सोझा जनताले काधमा बन्दुक लिएर हिड्नु परेको बाध्यात्मक यथार्थ परिस्थितिलाई पूर्णिमाका माध्यमबाट उपन्यासकारले प्रस्ट पारेका छन् ।

वर्तमान नेपालको प्ररिप्रेक्ष्यमा शिक्षामा हुन थालेको विद्यार्थी राजनीतिलाई पनि उपन्यासमा ययार्थ रूपमा प्रस्तुत गरिएको छ । विश्वविद्यालयको नियमको उल्लङ्घन गर्दै विद्यार्थीहरूले विश्वविद्यालयलाई राजनीति गर्ने थलोका रूपमा विकास गरिरहेको यथार्थलाई पनि उपन्यासले छर्लङ्ग पार्दछ । गुरु भनेका विद्यार्थीहरूलाई सही मार्गमा प्रवृत्त गराउने मार्गदर्शक हुन् । ती गुरुहरूलाई आजका विद्यार्थीले गुरु नमानेर एउटा शोषणका रूपमा हेर्न थालिसकेका छन् भन्ने कुरालाई पनि उपन्यासले स्पष्ट्याएको छ । त्रि. वि. मा सेवारत प्राध्यापकहरूको विवशता र बाध्यता अनि उनीहरूले जीवनभरमा पनि आफ्नो भविष्य सुनिश्चित गर्न नसकेको अवस्थालाई उपन्यासकारले सुकरातको चरित्रबाट स्पष्ट पारेका छन् । काठमाडौँमा विदेश लानका लागि खोलिएका म्यानपावरहरूको छवि अनि त्यस म्यानपावरमा काम गर्ने कर्मचारीहरूको व्यवहारलाई पनि प्रस्तुत उपन्यासले यथार्थ रूपमा प्रस्तुत गर्न सफल भएको छ ।

समग्रमा भन्नुपर्दा प्रस्तुत उपन्यासको उद्देश्य वर्तमान समयमा नेपाली जनताले भोग्नु परेको पीडा, दुःख, कष्ट तथा ती पीडाले जन्माएका समस्या, विकृति र विसङ्गतिहरूलाई यथार्थ रूपमा प्रस्तुत गर्नु हो । देशमा राजनीतिको अस्थिरता, यस अस्थिरताले जन्माएको बेरोजगारी समस्या, त्रि. वि. को विद्यार्थी राजनीति, त्रि. वि. कर्मचारी तथा प्राध्यापकहरूको विवशता, माओवादी जनयुद्धले जन्माएको त्रास, बेरोजगारी समस्याले युवाजगत्मा उब्जेको विसङ्गति, वर्तमान समयको शिक्षाप्रणाली, जनयुद्धका त्रासका कारण नेपाली जनताले आत्महत्या रोज्न बाध्य हुनुको पीडा आदि पक्षहरूलाई याथार्थिक रूपमा उपन्यासमा प्रस्तुत गरिएको छ । यी समस्याहरूले वर्तमान नेपालको परिस्थिति दुःखद् अवस्थामा गुज्रिरहेको छ । यी समस्याहरूको निराकरण नखोजिए भोलिको नेपालको भविष्य अन्धकारतिर धकेलिँदै गइरहेको छ । सम्पूर्ण नेपाली जनताले मृत्युवरण रोज्ने बाध्यात्मक परिस्थितिको सिर्जना हुनेछ । त्यसैले यस्ता राष्ट्रिय विकृति तथा विसङ्गतिहरूलाई सच्याएर भोलिको नेपालको भविष्य एउटा स्वच्छ फूलवारीमा देख्न पाइयोस् भन्ने प्रस्तुत उपन्यासको मूल सन्देश हो ।

## ६. दृष्टिबिन्दु

यस उपन्यासका सम्पूर्ण कथानकको कथयिता स्वयम् लेखक हुन् र उनी उपन्यासभन्दा बाहिर बसेर दृश्य एवम् मानसिक जगत्मा विचरण गरिरहेका देखिन्छन् । सबै पात्रका मनका भावना थाहा पाई प्रस्तुत गर्ने र हरेक घटनालाई आफैं टिप्पणी तथा विश्लेषण गर्ने भएकाले यसमा तृतीय पुरुष (बाह्य) अन्तर्गतको सर्वज्ञ (सर्वदर्शी) दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

प्रस्तुत उपन्यासका माध्यमबाट नेपालको दसबर्से जनयुद्धले जन्माएको देशको आर्थिक, समाजिक, सांस्कृतिक राजनैतिक, शैक्षिक, प्रशासनिक अवस्थालाई यथार्थ रूपमा देखाउनु र यी क्षेत्रमा आएको विकृतिले नेपाली समाजको दुर्दशाको चित्रण गर्नु नै यस उपन्यासको मूल कथ्य हो ।

## ७. भाषाशैलीय विन्यास

**सुकरातका पाइला** उपन्यासको भाषाशैलीय विन्यासलाई केलाउँदा उपन्यासको भाषा ज्यादै सरल र सपाट छ । जस्तो खबरको सरल र सपाट भाषा हुन्छ ठीक त्यस्तै भाषाको प्रयोग यस कृतिमा भएको छ । सरल र सपाट भएर पनि प्रभावकारिता हुनु भाषाप्रयोगको एउटा ठूलो विशेषता हो र यो विशेषता यस उपन्यासको भाषाप्रयोगमा पाइन्छ । प्रस्तुत उपन्यासमा चलनचल्तीमा रहेका तत्सम, तद्भव, आगन्तुक र अङ्ग्रेजी भाषाका शब्दहरूको प्रयोग गरिएको छ भने कतैकतै क्रियाविहीन वाक्यहरूको प्रयोग पनि गरिएको छ । मुस्ला, सद्दे, छ्याङ्गै, कुद्यै, पुर्लुक्क, ग्वाली, झुप्पो आदिजस्ता नेपाली झर्रा शब्दहरूको प्रयोगका साथै क्यासेट, स्टर्लिङ्ग, पाउन्ड, ब्याज, गो, डेस्टिनी, एन्ड, होस्टेल, डायरी, नोट, इनोमिक, अदर, स्टोरिज् आदिजस्ता अङ्ग्रेजी भाषाका शब्दहरूको प्रयोग उपन्यासमा जतातते देखिन्छ । भट्टराईले यो उपन्यासलाई डरलाग्दो जीवन्तता, देशलाई हेर्ने आँखा टिप्नु, प्लेटोको उडान, अव्यवस्थाको लस्कर, सिद्धान्तको काँचो भारी बोकेर हिड्नेहरू, कृष्णविवर, ब्ल्याकहोल, खाडल, वायुमण्डल, लालुपाते आदिजस्ता प्रतीकको प्रयोगका माध्यमबाट भाषालाई विशिष्टता प्रदान गरेका छन् । प्रस्तुत उपन्यासमा दिइएका शीर्षकहरू अर्थसम्प्रेषणका दृष्टिले दूरगामी र बहुस्तरीय रहेका छन् । अत्यन्त जटिल विषय र कठिन राष्ट्रिय अनुभूतिहरूलाई औधी सरल भाषामा अभिव्यक्ति दिन सक्नु यस उपन्यासको उल्लेखनीय विशेषता हो । उपन्यासमा पत्रात्मक शैली र समाचारीय शैली अपनाइकाले पत्र

र समाचारको ढाँचालाई पनि प्रस्तुत उपन्यासको भाषाले आत्मसात् गरेको छ । उपन्यास पढ्दै जाँदा पाठक उपन्यासका घटनाहरूमा एकाकार भएर आफू पनि घटनामै समाहित भएको छु कि भन्ने भान पर्छ । सरल भाषामा घटनाका दृश्यहरूलाई जस्ताको तस्तै बिम्बका रूपमा उपस्थापित गरेर भट्टराईले यस उपन्यासमा स्थापन गरेका छन् । युद्ध, आतङ्कको भयावह चित्रण गर्दा त्यहाँ प्रयोग हुने बन्दुक, डन्ठा, लाठी, मुङ्ग्री आदि शब्दहरूको प्रयोगले उपन्यास जीवन्त बनेको छ । सुकरातको दर्शनमा दार्शनिक भाषाको प्रयोगले पात्रको स्तरअनुसारको भाषाप्रयोग पनि प्रस्तुत उपन्यासमा भट्टराईले गरेका छन् । यिनै विशेषताले गर्दा प्रस्तुत उपन्यासको भाषाशैलीय विन्यास उत्कृष्ट रहेको छ ।

## ५.५ निष्कर्ष

आख्यानका क्षेत्रबाट नेपाली साहित्यमा सार्वजनिक लेखनयात्रा प्रारम्भ गरेका गोविन्दराज भट्टराईका **मुगलान** (२०३१), **मणिपुरको चिठ्ठी** (२०३४) र **सुकरातका पाइला** (२०६२) उपन्यासहरू प्रकाशित भएका छन् । यथार्थवाद र उत्तरआधुनिक चिन्तनमा केन्द्रित रहेका यी उपन्यासहरूले नेपाली साहित्यमा सामाजिक यथार्थवादी सौन्दर्यचेतनालाई उदाहरणीय रूपमा प्रस्तुत गरेका छन् । भट्टराईले आख्यानका माध्यमबाट नेपालका शैक्षिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक क्षेत्रमा देखिएका विकृति तथा विसङ्गतिलाई छर्लङ्ग्याउन सफल भएका छन् । सिर्जनाप्रतिभा भएका भट्टराईले नेपाली आख्यानसाहित्यमा आफूलाई सामाजिक यथार्थवादी लेखकका रूपमा स्थापित गराउँदै आफ्नो आख्यानकारितालाई वर्तमानसम्म प्रवाहशील, आकर्षक र प्रभावकारी बनाइसकेका छन् । उनको आख्यानको भाषा सरल, सहज र सुबोध रहेको छ ।

# छैटौ" परिच्छेद

# गोविन्दराज भट्टराईका निबन्धात्मक कृतिहरूको विश्लेषण

## ६.१ परिचय

गोविन्दराज भट्टराईले प्राप्त जानकारीअनुसार *एकचित्र बनारसको* निबन्धमार्फत् २०३४ सालबाट निबन्ध विधामा कलम चलाउन थालेका हुन् । विभिन्न समयमा विभिन्न प्रयोजन वा स्वाभाविक रूपमा भ्रमण गरेका समयमा देखेका, सुनेका, भोगेका र अनुभव गरेका विषयहरूका साथै उनको पेसा शिक्षण-प्राध्यापन र प्रशासनिक भएकाले शिक्षण-प्राध्यापन एवम् प्रशासनिक जिम्मेवारी लिएका समयमा भएका विश्वविद्यालयका घटना, विश्वविद्यालयको परिस्थिति एवम् विश्व र नेपालका केही व्यक्तिहरूको चिन्तनलाई विषयवस्तु बनाएर उनले निबन्ध रचना गरेका छन् । उनीद्वारा रचित केही निबन्धहरू छिटफुट पत्रपत्रिकामा छरिएर रहेका अवस्थामा छन् भने केही निबन्धहरू सङ्गृहीत भएका छन् । वर्तमान समयसम्ममा उनका विभिन्न पत्रपत्रिकामा पूर्वप्रकाशित भएका निबन्धहरूको सँगालो दुईवटा निबन्धसङ्ग्रहहरू **एक्लै एक्लै एक्लै** (२०६०) र **विश्वविद्यालयमा अग्निपूजा** (२०६१) प्रकाशित भएका छन् । यी निबन्धसङ्ग्रहको विश्लेषण तल गरिएको छ ।

## ६.२ 'एक्लै एक्लै एक्लै' निबन्धसङ्ग्रहको विश्लेषण

## १. परिचय

**एक्लै एक्लै एक्लै** निबन्धसङ्ग्रह २०६० सालमा प्रथम पटक रत्न पुस्तक भण्डारबाट प्रकाशित कृति हो । 'चरैवेति ! चरैवेति ! चरैवेत्ति !' शीर्षकमा दुर्गाप्रसाद भण्डारीद्वारा उक्त कृतिमा भूमिका लेखिएको छ । आकारप्रकारका दृष्टिले सानो देखिने प्रस्तुत निबन्धसङ्ग्रहमा बाह्रवटा निबन्धहरू सङ्गृहीत भएका छन् । जम्मा ७५ पृष्ठमा आबद्ध यो कृति डिमाइ साइजका आकारमा रहेको छ । कृतिको आवरण पृष्ठमा हरियो रङ रहेको छ भने सिरानमा पहेँला अक्षरमा कृतिको नाम दिइएको छ । पृष्ठको अन्त्यमा सेता अक्षरमा लेखकको नाम लेखिएको छ । भट्टराईले प्रस्तुत कृतिमा विभिन्न शीर्षकमा प्रायःजसो नेपाल तथा भारतका विभिन्न स्थानमा विभिन्न समयमा विभिन्न प्रयोजन लिएर भ्रमण गर्ने क्रममा अनुभूति गरेका विषयवस्तुलाई टिपेर यात्रा संस्मरणात्मक रूपमा निबन्धको संरचनात्मक आकृति दिएका छन् ।

प्रस्तुत **एक्लै एक्लै एक्लै** निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरू *चिलाउने चौरमा पलाएको मृगतृष्णा, दार्जिलिङमा अन्तर्वार्ता, ए मास्टर नानी ! ९० सालका भुइँचालाको किताप, भुइँकम्पले भत्काएको धनकुटा, एक्लै एक्लै एक्लै, मैले सबलाई बिर्सेछु तिमीलाई सम्झिदा, दार्जिलिङ यात्राको सम्झना, कामेर थर्थरी सात दिन सात रात हैदरावादमा, बर्की ओडेको पहाडभित्र, फन्के रोटी झीरमा, सहअस्तित्वको खोजी* रहेका छन् । यस सङ्ग्रहमा सङ्गृहीत भएका निबन्धहरूमध्ये ११ पृष्ठमा विस्तारित *दार्जिलिङ यात्राको सम्झना* सबैभन्दा लामो आयामको निबन्ध हो भने जम्मा चार पृष्ठमा विस्तारित *एक चित्र बनारसको* सबैभन्दा छोटो आयाममा विस्तारित निबन्ध हो । अन्य निबन्धहरू ४ देखि ९ पृष्ठसम्ममा

विस्तारित रहेका देखिन्छन् । पङ्क्तिपुञ्ज विन्यासका दृष्टिले मध्यम किसिमका देखिने निबन्धहरूमा सन्दर्भ र प्रसङ्गहरूको परिवर्तन सँगसँगै पङ्क्तिपुञ्जमा परिवर्तन गरिएको पाइन्छ । विभाजनका दृष्टिले *चिलाउने चौरमा पलाएको मृगतृष्णा* दस भागमा अचिह्नित विभाजित देखिन्छ भने दस भागमध्ये पाँच र नौ भागमा थोप्ला चिह्नद्वारा विभाजन गरिएको छ । त्यस्तै *एक्लै एक्लै एक्लै* निबन्धमा पनि थोप्ला चिह्नद्वारा विभाजन गरिएको देखिन्छ । अन्य निबन्धहरू भने सन्दर्भ र प्रसङ्गको परिवर्तन सँगसँगै विभाजनको रेखा कोर्न सकिए पनि प्रत्यक्षतः विभाजित रहेका छैनन् । संस्मरणात्मक ढाँचामा एवम् बाल्यकालको स्मृतिमा लेखिएका उनका निबन्धहरू पाठकको अभिरुचि जगाएर कथ्यतर्फ अभिमुखीकरण गर्न अनेक सन्दर्भ र प्रसङ्गहरूलाई विवरणात्मक रूपमा प्रस्तुत गरिएको छ । कथ्यलाई विस्तार गर्नु र अन्ततः समग्र निष्कर्षमा पुग्नु निबन्धकार भट्टराईको शिल्पसंरचनागत विशेषता हो ।

## २. विषयवस्तु

प्रस्तुत **एक्लै एक्लै एक्लै** निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरूलाई विषयवस्तुगत प्रकृतिका आधारमा निम्नलिखित रूपमा वर्गीकरण गरी अध्ययन गरिएको छ :




### (१) यात्रा-संस्मरणात्मक

**एक्लै एक्लै एक्लै** निबन्धसङ्ग्रहमा सङ्गृहीत भएका सबै निबन्धहरू यात्रासँग सम्बन्धित रहेका छन् । यात्राका क्रममा भट्टराईले देखेका, भोगेका, अनुभव गरेका र घटेका घटनाहरूको परिस्थितिलाई विषयवस्तु बनाएका छन् । यस्ता विषय बनाएर लेखिएका निबन्धहरू विभिन्न समयमा विभिन्न प्रयोजनका लागि गरिएको स्वदेशयात्रासँग सम्बन्धित रहेका छन् भने कति विदेश यात्राका क्रममा लेखिएका छन् । स्वदेश र विदेश यात्राका यात्रा-संस्मरणात्मक निबन्धहरूलाई निम्नलिखित रूपमा छुट्याएर अध्ययन गरिएको छ ।

### (क) स्वदेशका यात्रा-संस्करण

स्वदेशमा विभिन्न प्रयोजनका लागि विभिन्न समयमा भ्रमण गर्दाका यात्राहरूमा अनुभव गरिएका विषययहरूलाई समेटेर लेखिएका यस सङ्ग्रहमा सङ्कलित निबन्धहरू *चिलाउने चौरमा पलाएको मृगतृष्णा, भुइँकम्पले भत्काएको धनुकटा, मैले सबलाई बिर्सेछु तिमीलाई सम्झिँदा, बर्की ओडेको पहाडभित्र, फन्के रोटी भीरमा र सहअस्तित्वको खोजीमा* शीर्षकमा छवटा रहेका छन् र यी निबन्धहरूको विषयवस्तु यस प्रकार रहेको छ :

*चिलौने चौरमा पलाएको मृगतृष्णा* शीर्षकको निबन्धमा भट्टराईले आफूले बाल्यकालमा खेल्ने गरेको चिलाउने चौरीलाई वर्तमान समयका संसारमा आरोपित गर्दै बाल्यकालीन स्मृति, गुण तथा व्यवहारलाई वर्तमानको मानवमा आरोपित गरेर वर्तमानको समसामयिक सामाजिक, आर्थिक युगीन जनजीवनका विकृति र विसङ्गतिलाई मूल विषयवस्तु बनाएका छन् । वर्तमान समयमा मानिस एउटा सानो खेल खेल्न नपाई जीवनको साँझ पर्छ । चौरीमा खेल्दै जाँदा उसलाई भोक, तिर्खा र थकान आदिले सताउँछ तर ती भोक, तिर्खा र थकानलाई वर्तमानको महगी, अभाव र आवश्यकताका कडा हावाले उसले

ती कार्यहरू पूरा गर्न सक्दैन । यसरी प्रस्तुत निबन्धमा वर्तमानको मानवले भोग्नु परेको पीडा नै मूल विषयवस्तु रहेको छ ।

*भुइँकम्पले भत्काएको धनकुटा* नामक शीर्षकको विषयवस्तु २०४५ सालको भदौ महिनाको धनकुटा बजारको वातावरण रहेको छ । भट्टराई धनुकटा क्याम्पसमा अध्यापन गराउँदै गरेका समयमा २०४५ सालको भुइँकम्प आएको र त्यस भुइँकम्पले धनकुटाको बजारस्थित सम्पूर्ण घरहरू भत्काएको यथार्थ घटनालाई यस निबन्धको विषयवस्तु बनाइएको छ ।

*मैले सबलाई बिर्सेछु तिमीलाई सम्भिmदा* शीर्षकको यात्रा-संस्मरण इलाम जिल्लाको यात्रासँग सम्बन्धित रहेको छ । दमकबाट इलाम जिल्लाको भ्रमण गर्न गएका भट्टराईले प्रस्तत निबन्धमा इलाम जिल्लाका कन्याम, फिक्कल, करफोक, आइतबारे, गोदक र इलामको प्राकृतिक वातावरणको वर्णनलाई विषयवस्तु बनाएका छन् ।

*बर्की ओडेको पहाडभित्र* शीर्षकको यात्रा-संस्मरणमा नेपालगञ्जको यात्राको वर्णन गरिएको छ । यस यात्रामा नेपालगञ्जको यथार्थस्थिति, त्यहाँका गाडीको अवस्था, त्यस गाउँका अशिक्षित मानिसहरूको व्यवहार, मानववस्ती, त्यहाँको वातावरण, त्यहाँका व्यक्तिहरूको लवाइ, खुवाइ, कार्य र त्यहाँ देखेका र अनुभव विषय वा घटनालाई भट्टराईले प्रस्तुत यात्रा-संस्मरणमा यथार्थ रूपमा उतारेका छन् ।

*फन्के रोटी भ्हीरमा* नामक यात्रा-संस्मरण गोर्खा जिल्लाको यात्राको सन्दर्भलाई लिएर भट्टराईले लेखेका छन् । २०५६ सालमा यात्राको सिलसिलामा भट्टराई गोर्खा गएको देखिन्छ । उनले गोर्खा जाँदा बाटामा देखिएका सुन्दर बजार, त्यहाँका बाटाघाटा, खोला, नदी एवम् त्यहाँको प्राकृतिक वातावरणका साथै गोर्खा बजारभरि होटलमा भ्हीरमा उनेर राखिएका फन्के रोटी, गोर्खा बजारको वर्णन, गोर्खा दरबार र त्यहाँका पुराना शैलीमा बनाइएका घरहरू, दरौदी नदी, राम शाहको चौतारी आदि स्थानको वर्णन नै प्रस्तुत निबन्धको विषय रहेको छ ।

*सहअस्तित्वको खोजी* शीर्षकको यात्रा-संस्मरण नेपाल-भारत नेपाली लेखक सम्मलेनको आयोजनामा धनगढी जाँदाको यात्राका कुरालाई लिएर भट्टराईले लेखेको देखिन्छ । काठमाडौँबाट धनगढीको यात्रामा लागेका विभिन्न लेखकहरूसँगै उनी पनि रहेका छन् । रामनगरमा पुगेर खाजा खाएको वर्णन, कर्णाली पुलको वर्णन, धनगढीको वातावरण र महाकाली नदीको वर्णन गर्दै शारदा पुलको वर्णन पनि भट्टराईले गरेका छन् । त्यसपछि नेपाल-भारत लेखक सम्मलेनको उद्घाटनको परिदृश्य र त्यहाँ सुनाइएका कार्यपत्रहरूको वर्णन गरिएको छ भने भारतमा विद्यमान नेपाली भाषाको परिस्थितिबारे सम्मेलनमा अन्तर्क्रिया भएको कुरा जनाइएको छ । अन्त्यमा पुरस्कारसमेत प्रदान गरिएको कुरा उल्लेख भएको यस निबन्धमा बल्लभमणि दाहालको अनुपस्थिति रहेको कुरा जनाइएको छ ।

यसरी स्वदेशको यात्राका समयमा भट्टराईले विभिन्न स्थानमा पुगेको दृश्यबिम्बलाई आत्मअनुभवका रूपमा आफ्ना यात्रा-संस्मरणमा उतारेका छन् । यात्राका क्रममा देखेका, सुनेका र प्रत्यक्ष अनुभव गरेका विषयवस्तुहरू नै उनका यात्रा-संस्मरणात्मक रचनाहरूका विषयवस्तु रहेका छन् ।

### (ख) विदेशका यात्रा-संस्मरण

भारतका विभिन्न स्थानमा भ्रमण गर्दा भट्टराईले भोगेका घटना, अनुभव गरेका, देखेका, सुनेका विषयहरूलाई आत्मअनुभवका रूपमा यात्रा-संस्मरणमा उतारेका छन् ।

भट्टराईले विदेश भ्रमणका क्रममा आत्म अनुभव गरेका विषयहरूलाई लिएर लेखिएका निबन्धहरू *दार्जिलिङमा अन्तवार्ता, एक चित्र बनारसको, ए मास्टर नानी ! ९० सालका भुइँचालाको किताप, एक्लै एक्लै एक्लै, दार्जिलिङ यात्राको सम्झना र कामेर थर्थरी सात दिन सात रात हैदरावादमा* शीर्षकमा छवटा रहेका छन् । यी निबन्धहरूको विषयवस्तु यस प्रकार रहेको छ :

*दार्जिलिङमा अन्तवार्ता* यात्रा-संस्मरण भट्टराई सन् १९७६ को जूनमा दार्जिलिङको यात्रामा गएका बेलाको विषयवस्तुलाई अँगालेर लेखिएको रचना हो । यस संस्मरणको विषयवस्तु दार्जिलिङ यात्राका क्रममा दार्जिलिङ सरकारी कलेजको एक छात्रसँग भट्टराईको अङ्ग्रेजीमा भएको कुराकानी रहेको छ । त्यस समयमा भट्टराईले अङ्ग्रेजी बोल्नु परेको परिस्थितिलाई प्रस्तुत गर्दै आजको समयमा अङ्ग्रेजी भाषाको महत्त्व केकति छ भनी उक्त यात्रा-संस्मरणमा उनले दर्शाएका छन् ।

*एक चित्र बनारसको* यात्रा-संस्मरणमा भट्टराईले बनारसमा गएर नेपाली विद्यार्थीहरूले केकसरी पढ्छन् र उनीहरूको शैक्षिक योग्यता केकस्तो हुन्छ । भारतका विभिन्न स्थानमा भएका विश्वविद्यालयहरूको शिक्षाप्रणाली कस्तो छ र विभिन्न विश्वविद्यालयको गुणवत्ता कति छ भन्ने विषयलाई नै मूल विषय बनाएका छन् । स्वदेशमा भएका विश्वविद्यालयहरूको महत्त्व नबुझी आजका नेपाली युवा विदेशमा गएर गेसपेपरको भरमा तल्लो स्तरको शिक्षा लिइरहेका छन् भन्ने कुरालाई भट्टराईले बनारसको यात्राका क्रममा अनुभव गरेको शैक्षिक वातावरणको अवस्थालाई यस यात्रा-संस्मरणमा प्रस्तुत गरेका छन् ।

*ए मास्टर नानी ! ९० सालका भुइँचालाको किताप* यात्रा-संस्मरण २०३४ सालमा भट्टराईले गरेको आसामको यात्रासँग सम्बन्धित रहेको छ । भद्रपुरदेखि सुरु भएको यात्राको क्रम दुमदुमा स्टेसन, ब्रह्मपुत्र नदी पार गरेर सदिया बजार हुँदै दुई नम्बर बडगरा नेपाली बस्तीसम्मको रहेको छ । बीचमा स्थानीय ठाउँको विवरणात्मक रूपमा वर्णन गर्दै दुई नम्बर बडगरा नेपाली बस्तीको यथार्थ दृश्यलाई यस यात्रा-संस्मरणमा भट्टराईले उतारेका छन् । त्यस ठाउँमा गएर बस्ने नेपालीहरूको यथार्थ वातावरण, त्यहाँको लवाई-खवाई, त्यहाँका खोलानालाहरूलाई यस रचनामा भट्टराईले उतारेका छन् । यात्राका क्रममा आसाम पुगेका भट्टराईले त्यहाँका नेपालीहरूको शैक्षिक अवस्था गुज्रिँदै गएको र त्यहाँका नेपालीहरू अन्धकारतिर भासिँदै अवस्थाबारे प्रस्ट पारेका छन् ।

*एक्लै एक्लै एक्लै* यात्रा-संस्मरण भट्टराई विद्यावारिधि गर्न हैदरावाद जाँदाको यात्रासँग सम्बन्धित रहेको छ । काठमाडौँबाट प्रारम्भ भएको यात्रा सुनौली, गोरखपुर रेलवेस्टेसन हुँदै हैदरावादमा गएर टुङ्गिएको छ । यात्राका क्रममा भोग्नु परेका तीता-मीठा अनुभवहरूलाई विषयवस्तु बनाएर प्रस्तुत यात्रा-संस्मरण लेखिएको छ । रेलवे स्टेसनका व्यापारीहरू, चटकी ठगहरू, टीटी बाबुहरूको व्यवहारको वर्णन वर्णनात्मक रूपमा गरिएको छ भने यात्राका क्रममा भट्टराईले नेपाललाई छाडेर एक्लै विदेशी मुलुक लाग्दा मनमा उठेका पीडा नै प्रस्तुत निबन्धको विषयवस्तु रहेको छ ।

*दार्जिलिङ यात्राको सम्झना* यात्रा-संस्मरण भट्टराईले विद्यावारिधि पूरा गर्नका लागि गर्नुपर्ने कार्यमा तथ्याङ्क सङ्कलनसम्बन्धी गरिएको दार्जिलिङको यात्रासँग सम्बद्ध रहेको छ । नेपाली कविताहरूलाई अङ्ग्रेजीमा अनुवाद गर्नुपर्ने भएकाले भट्टराईले ती कविताहरूलाई अङ्ग्रेजीमा अनुवाद गराउनका लागि दार्जिलिङका विभिन्न साहित्यकारसँग भेट गर्नु पर्ने परिस्थितिमा दार्जिलिङको यात्रा गरेको देखिन्छ । यात्राका क्रममा दार्जिलिङका

घरहरूको बनोट, त्यहाँका चोकगल्ली, त्यहाँको वातावरण, त्यहाँको नेपाली साहित्यकारहरूको अवस्था, उनीहरूले नेपाली साहित्यलाई गरेको योगदान, नेपाली साहित्य सम्मेलनको परिस्थिति आदि विषयलाई प्रस्तुत यात्रा-सस्मरणमा भट्टराईले समावेश गरेका छन् ।

*कामेर थर्थरी सात दिन सात रात हैदरावादमा* नामक यात्रा-संस्मरण भट्टराई विद्यावारिधि हासिल गर्नका लागि हैदरावाद गएको समयमा केन्द्रीय विश्वविद्यालय हैदरावादमा भएको पुनर्ताजगीकरण पाठ्यक्रमसँग सम्बन्धित देखिन्छ । भारतका विश्वविद्यालयमा वर्षभरि चलिरहने कार्यक्रम यसपटक केन्द्रीय विश्वविद्यालय हैदरवादमा भएको छ । यसपटकको कार्यक्रमको विषय साहित्यिक अनुवाद रहेको थियो । भट्टराईको पनि अनुवाद विज्ञान विषय भएकाले उनले पनि त्यस कार्यक्रममा भाग लिएका थिए । उनले अनुवादको विषयमा त्यस कार्यक्रममा लेक्चर दिनुपर्ने भएकाले उनी सात दिन सात रात नसुतीकन भए पनि भारतका प्रख्यात विद्वान्हरूका अगाडि त्यस कार्यक्रममा दिएको व्याख्यानमा सफल भएको विषयवस्तुलाई समेटेर प्रस्तुत यात्रा-संस्मरण लेखेका छन् ।

यसरी विभिन्न समयमा भारतका विभिन्न प्रान्त तथा स्थानहरूमा गरिएका यात्राहरूलाई संस्मरणात्मक, विवरणात्मक तथा वर्णनात्मक शैली अपनाएर लेखिएका यी निबन्धहरूमा भट्टराईले यात्राका क्रममा भोगेका, देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुलाई आत्मअनुभवका रूपमा उतारेका छन् । यसरी यस सङ्ग्रहमा सङ्गृहीत यात्रा-संस्मरणहरूको मूल विषय यात्राका क्रममा गरिएका घटना, अनुभव आदि रहेका छन् ।

## ३. भाषाशैलीय विन्यास

भाषाशैलीय विन्यासका दृष्टिले प्रस्तुत **एक्लै एक्लै एक्लै** निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरू सरल, सुबोध र स्वाभाविक गद्यशैली भाषामा संरचित भएका देखिन्छन् । प्रस्तुत सङ्ग्रहका निबन्धको भाषामा कलात्मकताको मात्रा कम रहेको देखिन्छ । प्रस्तुत सङ्ग्रहका निबन्धहरू नेपाली भाषामा प्रचलित तत्सम, तद्भव, आगन्तुक, झर्रा नेपाली र अङ्ग्रेजी एवम् स्थानीय भाषाका शब्दहरूको प्रयोगद्वारा रचना भएका छन् । आली, पत्थर, तुल्नु, जोरजोर, नेफा, गोर्मेन्टी, फेरी, कोठिया, पोचो, होलो, बिल, चा, गाखीर आदि आसामी भाषिकाको प्रयोग र पाखा, ढोडे, चाउरे, खप्परे, घारी, भेडीगाँठो, खोप्पी, ग्याँचे, गिठ्ठे, झुम्रो, पिरिक्क, कुरी, तरी, पाखो, टाउको आदि नेपाली झर्रा शब्दहरूको प्रयोग उक्त निबन्धहरूमा गरिएको छ । फोल्डिङ, नो, सिट, नीड, फस्ट, लेङ्गेवेज, सेकेन्ड, फाइनेन्स, मिनिस्टर, सेक्रेटरी, कमर्स, एन्ड, प्लेन, वर्ल्ड, व्युटिफूल, फेमस, टिम, डेड्ली, डजिङ्ग, सरेन्डर, अन्डरग्रेजुएट, स्कुल, ट्युसन आदिजस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोग उक्त निबन्धहरूमा अत्यधिक मात्रामा गरिएको छ । । टिकटिक, ट्याम्पट्याम्प, ठकठक, ड्याम्मड्याम्प, घ्वार्घ्वार्, सुइँसुइँ, थर्थर, स्वाँईस्वाईजस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले पनि निबन्धहरूको भाषालाई केही रोचक बनाएको छ । नस हाल्नु, घैँटामा घाम लाग्नुजस्ता टुक्काहरूको प्रयोगका साथै मिलिक्क, चिटिक्क, सिलिक्क, पल्लक्क, पाक्क, खप्लक्कजस्ता शब्दहरूको प्रयोगले पनि यस सङ्ग्रहका निबन्धहरूको भाषामा नेपालीपन झल्केको देखिन्छ । 'धनकुटा डाँडाले हामीलाई हेरिरहेको थियो' (पृ. २१), 'हामीलाई सेलरोटी र सिलामको अचारले स्वागत गरिरहेको थियो' (पृ. ३१), 'बरन्डामा स्वागत गर्ने राता, पहेँला फूलहरू' (पृ. ३१) आदिजस्ता वाक्यहरूको प्रयोगले प्राकृतिक एवम् निर्जीव वस्तुहरूलाई मानवीकरण गरी भाषामा रोचकता थप्ने काम भट्टराईले गरेका छन् । यात्रा-संस्मरणका बीचबीचमा प्रसङ्गअनुसार *'धनकुटाको डाँडैडाँडा चल्यो हुलाकी, सुर्के चन्दन बिर्के टोपी ढुङ्ग्री बुलाकी'* (पृ. १८), *'सपना भई आँखामा आउने को होला, रहर भई मनमा*

*बस्ने को होला'* (पृ. ३१), *'बादलुको घुम्टोले इलाम बजार छोपिँदा, मैले सबलाई बिर्सेछु तिमीलाई सम्झिँदा'* (पृ. ३२) आदिजस्ता गीतहरूको प्रयोगले गर्दा उनका यात्रा-संस्मरणहरू सौन्दर्ययुक्त र साङ्गीतिकताको रन्को दिने खालका रहेका छन् । संस्मरणका बीचमा *'जहाँ सुकेका पाप्रामाथि, मर्न लागेको गोरु हलो तान्छ, ढाँडधारीभित्र जहाँ, दिउँसै स्याल लुक्छ..'* ( पृ.२७), *'यो सन्नाटामा स्वयम् म भित्र हलचल भएर म मानिसको होलाहल भएको छु यो राष्ट्रको उत्थान र पतनमा बर्की बोकेको ए मेरो पहाड !'* (पृ. ६२) आदिजस्ता कविताहरूको प्रयोगले संस्मरणको भाषा कताकतै काव्यात्मक बन्न पुगेको पनि देखिन्छ । यी यात्राका समयमा लेखिएका यात्रा-संस्मरणहरूको विषयवस्तु केही फितलोजस्तो देखिन्छ । ठाउँठाउँमा केवल यात्राको यथार्थ परिस्थितिको मात्र वर्णन गरिएको छ । जस्तै : *बल्लबल्ल तेस्रो दिन बिहान मात्र डिम्मापुर काटेर उत्तरतिर लाग्यौँ हामी । निकै ठाउँमा ठग र चोरिसितको च्यालेन्जमा परियो । छट्टूले थाहा पाएछ क्यारे । मेरो भित्री गोजीसमेत कैँचीमारको फेला पर्न गयो । दुमदुमा स्टेसन पुगेपछि मात्रै हामी सस्यानो रेललाई छाडेर अर्को बाटो लाग्यो ।* ( पृ. १३) कुनैकुनै यात्रा-संस्मरणका विषय र प्रसङ्गहरू दोहोरिएको अवस्थामा पनि देखिन्छ । जस्तै : *मैले सबलाई बिर्सेछु तिमीलाई सम्झिँदा* (पृ. ३०) निबन्धको अन्त्य र *दार्जिलिङको यात्रामा* (पृ.३६) यात्रासंस्मरणको प्रारम्भ । यसरी उनका यी निबन्धमा कलात्मकताको केही कसरमसर रहेको देखिन्छ । । विषयवस्तु प्रस्तुत गर्ने क्रम कहीँकही गफ मात्र रहेको छ । निबन्धको कसीमा केही निबन्धहरू नपर्ने अवस्थामा पनि रहेको देखिन्छ । जस्तै : *दार्जिलिङमा अन्तर्वार्ता* (पृ. ५) ।  यो निबन्धको विषयवस्तुले शीर्षकसँग तालमेल खाएको देखिँदैन । प्रस्तुत निबन्धसङ्ग्रहका निबन्धहरूमा भाषागत, शैलीगत र विधागत केही कमजोरी र केही सबलपक्षहरू रहेका छन् । उनका सबै निबन्धहरू निजात्मक शैलीमा लेखिएका संस्मरणात्मक र आत्म अनुभवमा आधारित छन् । यात्रा-संस्मरणहरूको प्रसङ्गका माध्यमबाट पाठकमा स्मित हाँसो सृजना गरी स्वदेश र विदेशका विभिन्न ठाउँहरूको परिचयका साथै त्यहाँको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक आदि विषयहरूको जानकारी गराउनु यस सङ्ग्रहमा सङ्गृहीत यात्रा-सस्मरणहरूको प्रमुख विशेषता रहेको देखिन्छ ।

## ६.३ 'विश्वविद्यालयमा अग्निपूजा' निबन्धसङ्ग्रहको विश्लेषण

## १. परिचय

**विश्वविद्यालयमा अग्निपूजा** निबन्धसङ्ग्रह रत्न पुस्तक भण्डारबाट २०६१ सालमा प्रकाशित कृति हो । २०५९ साल माघदेखि २०६१ साल वैशाखसम्म भट्टराईले रचेका एक्काईसवटा विभिन्न पत्रपत्रिकामा पूर्वप्रकाशित भइसकेका निबन्धहरूको सङ्ग्रह हो **विश्वविद्यालयमा अग्निपूजा** । प्रस्तुत सङ्ग्रहमा प्रा. डा. दुर्गाप्रसाद भण्डारीद्वारा 'तमसोमा ज्यातिर्गमय' नामक शीर्षकमा भूमिका लेखिएको छ । आकारप्रकारका दृष्टिले सानो देखिने प्रस्तुत कृति जम्मा १८४ पृष्ठमा संरचित भएको छ भने उक्त कृतिको साइज डिमाइ आकारको रहेको छ । प्रस्तुत कृतिको आवरण पृष्ठको चारभागमध्ये तीन भागमा अग्नि बलिरहेको चित्र कोरिएको छ भने अन्तिमतिर पहेँलो रङमा सेता अक्षरले लेखकको नाम दिएको छ । आवरण पृष्ठको अन्त्यमा **विश्वविद्यालयमा अग्निपूजा** कालो रङमा सेता अक्षरले लेखेर प्रस्तुत कृतिको लेखकको नाम दिइएको छ । विभिन्न विषयवस्तुलाई टिपेर लेखिएको प्रस्तुत निबन्धसङ्ग्रहमा एक्काईसवटा निबन्धहरू विभिन्न शीर्षकमा प्रस्तुत गरिएका छन् ।

**विश्वविद्यालयमा अग्निपूजा** निबन्धसङ्ग्रहका निबन्धहरू *कुर्सी चढ्ने अघिल्लो रात, विश्वविद्यालयमा अग्निपूजा : सन्दर्भ पवित्र गुरुपूर्णिमा, जलेको कुर्सीमा उनलाई हाँसिरहेको*

*देखेँ, कालचक्रको पाङ्ग्रामा बेरिएर, त्रिभुवन विश्वविद्यालयदेखि आगा खाँ विश्वविद्यालयसम्म, कतै आतङ्कवादीको मार्का कतै गरिबिको, दसैँ : नफिर्किने ती दिनहरू, छममा छम भगेरी नि नाच्यो, यो देशमा लेखेर के हुन्छ ?, झिर्पुको भीरमा टाईको सुर्कनी शीर्षकमा, अनन्त पीडाहरूको भुमरीमा, कीर्तिपुरको परिसरमा दीक्षान्त समारोह, उँधौली र उँभौली यामले छोडेका सन्देशहरू, विश्वविद्यालयमा विद्यार्थी राजनीतिको कामना, त्रिभुवन विश्वविद्यालयमा गुणवत्ताको प्रश्न, विश्वविद्यालयको नयाँ रोडम्याप, लेखकको मृत्यु प्रसङ्गले विराटनगरमा, कालपुरुष सद्दामप्रति, कुर्सी छोड्ने अघिल्लो रात, प्रोफेसर डीपी भण्डारीउपर एक चिन्तन र बिम्बहरूको यात्रामा अभि सुवेदी रहेका छन् ।* उक्त निबन्धहरू चार पृष्ठदेखि तेईस पृष्ठसम्म विस्तारित रहेका छन् भने शीर्षकसँग सम्बद्ध भएर निबन्धको प्रारम्भमा एकएक वटा चित्रसमेत कोरिएको देखिन्छ । विभाजनका दृष्टिले उक्त निबन्धहरू पाँचदेखि सन्दर्भ र प्रसङ्गअनसार विभिन्न पङ्क्तिपुञ्जमा विभाजित रहेका देखिन्छन् । विभाजनको रेखा पङ्क्तिपुञ्जका हिसाबले कोरिए पनि प्रत्यक्षतः विभाजित छैनन् । विभिन्न विषयवस्तुहरूलाई टिपेर लेखिएका निबन्धहरू शैक्षिक, राजनैतिक, सांस्कृतिक, आर्थिक, सामाजिक आदि क्षेत्रमा देखिएका विकृति तथा विसङ्गतिका साथै विश्वप्रसिद्ध तथा नेपालका केही शैक्षणिक कार्यमा प्रसिद्ध व्यक्तिहरूको जीवनीलाई पनि उक्त सङ्ग्रहका निबन्धहरूले स्पष्ट पारेका छन् ।

## २. विषयवस्तु

एक्काईसवटा निबन्धहरूको सङ्कलन **विश्वविद्यालयमा अग्निपूजा**मा भट्टराईले विभिन्न विषयहरूलाई अँगालेर निबन्धहरू लेखेका छन् । ती विषयहरूलाई विषयवस्तुका प्रकृतिका आधारमा निम्नलिखित चार भागमा विभाजन गरी अध्ययन गरिएको छ :

विषयवस्तु

↓

शिक्षाकेन्द्री | विचारकेन्द्री | यात्राकेन्द्री | व्यक्तिकेन्द्री

### (१) शिक्षाकेन्द्री निबन्धहरू

शैक्षिक विषय सम्बन्धित रहेका निबन्धहरू यसअन्तर्गत राखिएको छ । यस सङ्ग्रहमा शिक्षासँग सम्बन्धित भएका निबन्धहरू *कुर्सी चढ्ने अघिल्लो रात, विश्वविद्यालयमा अग्निपूजा : सन्दर्भ पवित्र गुरुपूर्णिमा, जलेको कुर्सीमा उनलाई हाँसिरहेको देखेँ, कीर्तिपुरको परिसरमा दीक्षान्त समारोह, उँधौली र उँभौली यामले छोडेका सन्देशहरू, विश्वविद्यालयमा विद्यार्थी राजनीतिको कामना, त्रिभुवन विश्वविद्यालयमा गुणवत्ताको प्रश्न, विश्वविद्यालयको नयाँ रोडम्याप* र *कुर्सी छोड्ने अघिल्लो रात* शीर्षकमा नौवटा रहेका छन् । यी निबन्धहरूको विषयवस्तु यस प्रकार रहेको छ :

*कुर्सी चढ्ने अघिल्लो रात* शीर्षकको निबन्धमा भट्टराईले शिक्षाशास्त्र विभागको कुर्सीमा चढ्नुभन्दा अघिल्लो दिनमा आफ्ना मनमा उठेका मनोवादहरूलाई प्रस्तुत गरेका छन् । शिक्षाशास्त्र विभागअन्तर्गत चौधवटा केन्द्रीय विभाग रहेका छन् र ती केन्द्रीय विभागहरूको एवम् शिक्षाशास्त्र विभागको वर्तमान समयको हालतलाई सम्झिँदै उनका मनमा अनेक तर्कहरू उपस्थिति भएका छन् । शिक्षाशास्त्र विभागको प्रमुख भएर यस विभागको मुहार फेर्ने सपना देखेका भट्टराईले उनी कुर्सीमा चढ्नुभन्दा पहिलाको शिक्षाशास्त्र विभागको यथार्थ परिस्थितिलाई आत्मअनुभवका माध्यमबाट यस निबन्ध प्रस्तुत गरेका छन् ।

*विश्वविद्यालयमा अग्निपूजा : सन्दर्भ पवित्र गुरुपूर्णिमा* निबन्धमा भट्टराईले २०६० साल असार २७ गते शिक्षाशास्त्र सङ्कायमा भएको आगजनीको विषयलाई लिएर लेखेका छन् । महेन्द्र संस्कृत विश्वविद्यालयबाट शैक्षिक क्षेत्रमा फैलिएको आगो मानविकी हुँदै आज शिक्षाशास्त्रमा बलिरहेको छ भन्ने मूल विषयलाई लिएर लेखिएको उक्त निबन्धमा विद्यार्थीहरूले शिक्षाको महत्त्वलाई नबुझेर शैक्षिक क्षेत्रलाई एउटा आन्दोलनको स्थलमा परिणत गरेका छन् भन्ने उक्त निबन्धको मूल विषय रहेको छ ।

*जलेको कुर्सीमा उनलाई हाँसिरहेको देखेँ* निबन्ध पनि विश्वविद्यालयसँग सम्बन्धित रहेको छ । शिक्षाशास्त्र विभागमा आगजनी भएपश्चात् विभाग प्रमुख त्यही जलेको कुर्सीमा बसेको वर्णन गरिएको उक्त निबन्धमा शिक्षाशास्त्रको आर्थिक अभावको स्थितिलाई देखाउनु नै प्रस्तुत निबन्धको मूल विषय रहेको छ ।

*कीर्तिपुरको परिसरमा दीक्षान्त समारोह निबन्धमा* भट्टराईले त्रि. वि. को तीसौँ दीक्षान्त समारोहको मूल विषयलाई प्रस्तुत गरेका छन् । त्रि. वि. ले झन्डै आधा शताब्दीको समय बिताउँदा पनि यस त्रि. वि. को अनुहार उही पुरानै रहेको कुरालाई यस निबन्धमार्फत् भट्टराईले स्पष्ट पारेका छन् । त्रि. वि. का विभिन्न विकृति र विसङ्गतिहरूलाई यस निबन्धमा केलाइएको छ । त्रि. वि. परिसर विद्यार्थीको प्राङ्गण नभएर पशुहरू चर्ने चौरीमा परिणत भएको छ । यहाँ लगाइएका फूलबारीहरू सौन्दर्यको शोभा नभएर गाईबस्तुहरूले खाने आहारको रूपमा परिणत भएका छन् र यी कुरालाई तीसौँ दीक्षान्त समारोहका पनि कुनै वास्ता गरिएको छैन भन्ने मूल विषयलाई नै प्रस्तुत निबन्धले उदिन्ने काम गरेको छ ।

*उँधौली र उँभौली यामले छोडेका सन्देशहरू* निबन्धमा भट्टराईले त्रि. वि. का समस्याहरूलाई मूल विषयवस्तु बनाएका छन् । देशमा शिक्षाको गुणस्तरीयताका दृष्टिले एक मात्र संस्था त्रि. वि. रहेको र अनेक विकृति र विसङ्गतिका कारणले त्रि. वि. को गुणस्तरीयता घट्तै गइरहेको कुरालाई उनले यस निबन्धमार्फत् भट्टराईले प्रस्ट पारेका छन् । उक्त निबन्धमा त्रि. वि. का मूल समस्याहरूमा विद्यार्थीको अत्यधिक चाप, राजनीतिक खेल, आर्थिक सङ्कट, सही जनशक्तिको कमी र दक्ष व्यवस्थापनको अभावजस्ता कुराहरूलाई देखाइएको छ । यी समस्याहरूको समाधानतिर उन्मुख नभए त्रि. वि. को गुणस्तर अझै गिर्ने कुरालाई नै प्रस्तुत निबन्धमा भट्टराईले देखाउन खोजेका छन् ।

*विश्वविद्यालयमा विद्यार्थी राजनीतिको कामना* शीर्षकको निबन्धमा भट्टराईले विश्वविद्यालयमा विद्यार्थी राजनीतिले ल्याएका विकृति र विसङ्गतिहरूलाई विश्लेषण गरेका छन् । वर्तमान अवस्थामा विश्वविद्यालयलाई विद्यार्थीहरूले शिक्षाग्रहण गर्ने मैदान नबनाएर राजनीतिको खेल खेल्ने मैदान बनाइराखेको यथार्थलाई यस निबन्धको विषयवस्तु बनाएका छन् । विश्वविद्यालयको नियम विद्यार्थीका हातमा रहेको छ । विद्यार्थीहरूले जेचाहे आज विश्वविद्यालयमा त्यो हुन थालेको छ । त्रि. वि. का नियमहरू गलत हुन थालेका छन् । प्राध्यापकहरूले विद्यार्थीहरूले भनेको कुरा एकैपटकमा मान्नुपर्ने बाध्यता आएको छ भन्ने कुरालाई भट्टराईले प्रस्तुत निबन्धका माध्यमबाट दर्साएका छन् ।

*त्रिभुवन विश्वविद्यालयमा गुणवत्ताको प्रश्न* शीर्षकको निबन्धमा पनि भट्टराईले त्रिभुवन विश्वविद्यालयलाई नै विषयवस्तु बनाएका छन् । नेपालमा जन्मिएका अन्य विश्वविद्यालयभन्दा सबभन्दा बूढो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालय हो तर यसको शिक्षाप्रणाली अन्य विश्वविद्यालयको तुलनामा केही परम्परागत रहेको र त्यो शिक्षाप्रणालीले त्रि. वि. को स्तर खस्किदै गएको कुरालाई यस निबन्धमार्फत् भट्टराईले स्पष्ट पारेका छन् । त्रि. वि. आजको समयमा केही पुराना र केही नयाँ कुरालाई आत्मसात् गरेर अगाडि

बढिरहेको अवस्थामा छ । विश्वमा शिक्षाको गुणस्तर निकै माथि पुगेको तुलनामा त्रि. वि.को शिक्षाप्रणालीप्रति दृष्टिनजर पुऱ्याउनु पर्ने अवस्था आएको छ भन्ने मूल विषयलाई प्रस्तुत निबन्धबाट भट्टराईले देखाएका छन् ।

*विश्वविद्यालयको नयाँ रोडम्याप* शीर्षकको निबन्धबाट भट्टराईले त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन रहेका प्राध्यापकहरूको कार्यप्रणालीलाई मूल विषयवस्तु बनाएका छन् । त्रि. वि. मा पढाउने प्राध्यापकहरूलाई चार वर्गमा विभाजन गरी तिनीहरूको कार्यप्रणालीको व्याख्या प्रस्तुत निबन्धमा भट्टराईले गरेका छन् । त्रि. वि. मा जागीर खाएर अन्य प्राइवेट कलेज, प्लस टु आदि शैक्षिक संस्थामा पढाउने, विदेशका विभिन्न भ्रमणमा जाने, भाषण गर्दै हिड्ने आदि कार्यहरूलाई निरन्तरता दिने प्राध्यापकहरूले त्रि. वि.लाई केवल जागिर खाने थालेको रूपमा हेरेका छन् । यस्तै कार्यप्रणालीलाई यथावत् राख्ने हो भने त्रि. वि.बाट उत्पादन हुने विद्यार्थीहरूको भविष्य के होला ? भनेर प्रश्न चिह्न खडा गरिएको छ । त्रि. वि. पढाउन भनेपछि भुडी दुख्ने र प्राइवेट कलेजमा भने उफ्रीउफ्री कराउँदै पढाउने प्राध्यापकहरूको कार्यप्रणालीलाई प्रस्तुत निबन्धले देखाएको छ ।

*कुर्सी छोड्ने अघिल्लो रात* शीर्षकको निबन्धमा भट्टराईले आफूले विभागीय प्रमुख छोड्नु पर्ने अघिल्लो दिनको मनोवादलाई लिएर रचना गरेको निबन्ध हो । आफू विभागप्रमुख हुँदा आफूले विश्वविद्यालयमा भोग्नु परेका तीता अनुभव, विश्वविद्यालयको काँचुली फेर्ने सपना लिएर बसेको कुर्सी आज जस्ताको तस्तै अवस्थामा छोड्नु पर्दाको दुःख, विश्वविद्यालयमा अध्ययन गरेर राजनीतिमा समर्पण भएका नेताहरूले विश्वविद्यालयलाई फर्केर पनि नरहेको पीडा, विश्वविद्यालयमा हुने गरेको विद्यार्थी राजनीतिले विश्वविद्यालयको खस्किँदै गएको वर्तमान अवस्थालाई प्रस्तुत निबन्धबाट भट्टराईले दर्साएका छन् । विश्वविद्यालयलाई एउटा राम्रो वातावरणमा पुऱ्याएर छोड्छु भन्ने भट्टराईको अठोट केवल सपना भएको कुरालाई पनि यहाँ उनले स्पष्ट पारेका छन् । विश्वविद्यालयको आर्थिक, शैक्षिक, राजनैतिक, सामाजिक विकृति र विसङ्गतिहरू नै यस निबन्धको मूल विषयवस्तु रहेको छ ।

## (२) विचारकेन्द्री निबन्धहरू

मनमा उठेका विचार, धारणा वा कुराहरूलाई विषयवस्तु बनाएर लेखिएका निबन्धहरू विचारकेन्द्रीअन्तर्गत राखिएको छ । प्रस्तुत सङ्ग्रहमा विचारकेन्द्री निबन्धहरू *कालचक्रको पाङ्ग्रामा बेरिएर, दसैं : नफिर्किने ती दिनहरू, छममा छम भँगेरी नि नाच्यो, यो देशमा लेखेर के हुन्छ ?* र *अनन्त पीडाहरूको भुमरीमा* शीर्षकमा पाँचवटा रहेका छन् । यी निबन्धहरूको विषयवस्तु तल प्रस्तुत गरिन्छ :

*कालचक्रको पाङ्ग्रामा बेरिएर* शीर्षकको निबन्धमा भट्टराईले आजको पाश्चात्य समाजको आधुनिक शिक्षाको विस्तारले नेपालका विभिन्न मातृभाषाहरू लोप भइरहेका छन् भन्ने तथ्यलाई मूल विषयवस्तु बनाएका छन् । अङ्ग्रेजी भाषाले आजको विश्वमा जरा गाडिसक्यो र स्वदेशका आफ्ना भाषालाई विर्सेर मानिसहरू एवम् राष्ट्रहरू त्यस भाषालाई पढाउन थालिसकेका छन् भन्ने कुरा नै प्रस्तुत निबन्धको विषय रहेको छ ।

*दसैं : नफिर्किने ती दिनहरू* शीर्षकको निबन्धमा भट्टराईले परम्परागत रूपमा नेपालीहरूको महान् चाडपर्वका रूपमा मनाइँदै आएको दसैं पर्व वर्तमान समयमा पुरानो समयको जस्तो महत्त्व नरहेको विषयवस्तुलाई प्रस्तुत गरेका छन् । आजका मानिहरूले परम्परालाई छोड्दै नयाँ संस्कृतिलाई भित्र्याएका छन् । खानपानमा, लाउनमा, पिउनमा, पर्वहरू मनाउनमा विकृति पैदा भएका छन् । पर्वहरू केवल औपचारिकतामा मात्र सीमित

रहन पुगेका छन् । वेरोजगार र गरिबिले तथा आतङ्कले नेपाली जनताले दसैं मनाउन सकिरहेका छैनन् । सहरमा मनाइएको दसैं केवल देखावटीका रूपमा मात्र सीमित भएको छ भन्ने विषयवस्तुलाई प्रस्तुत निबन्धमा भट्टराईले चित्रण गरेका छन् ।

*छममा छम भँगेरी नि नाच्यो* शीर्षकको निबन्धमा भट्टराईले सांस्कृतिक रूपमा आएका विकृति र विसङ्गतिलाई केलाएका छन् । नेपालका संस्कृतिहरू विदेशी संस्कृतिको रन्कोले ओझेलमा पर्न लागिरहेका छन् । गाउँघरमा समेत पाश्चात्य संस्कृतिले निकै प्रभाव पार्न सफल नेपालमा संस्कृतिका रूपमा विभिन्न विकृति र विसङ्गतिहरूलाई नेपालीहरू भित्र्याउँदैछन् । आधुनिक विज्ञानका आविष्कारहरूलाई आत्मसात् गर्ने कि परम्परित रूपमा चलाउँदै आएको शैलीलाई समाउने भनेर आजको नेपाली जनमानस दोधारमा परेको कथ्य नै उक्त निबन्धको मूल विषयवस्तु रहेको छ ।

*यो देशमा लेखेर के हुन्छ ?* शीर्षकको निबन्धमा भट्टराईले लेखनकलाको विशेषतालाई विषयवस्तुका रूपमा प्रक्षेपण गरेका छन् । लेखकले कुनै इच्छाआकाङ्क्षा राखेर सिर्जना नगरी शब्दको शक्तिलाई आफ्नै मुटुले छामेर हेर्नका लागि लेख्छ । कोषराज न्यौपानेले आफूलाई प्रज्ञाको टिममा नपारिएपछि देशप्रति वैराग्य जनाउँदै यो देशमा लेखेर केही पनि हुँदैन भनी लेख्न छाडेकाले त्यही विषयमा लेखकको विशेषतालाई भट्टराईले प्रस्तुत निबन्धको विषयवस्तु बनाएका छन् । लेख्नु भनेको आफ्नै चेतनाले अह्राएको कठोर काम हो । लेख्नु एउटा धर्म हो । केही पाइन्छ भनेर लेखकले लेख्नु हुँदैन । लेख्नु भनेको कलमले अरूलाई हल्लाउनु हो भनेर लेखकको धर्म, गुण र विशेषतालाई प्रस्तुत निबन्धमा भट्टराईले झल्काएका छन् ।

*अनन्त पीडाहरूको भुमरीमा* शीर्षकको निबन्धमा भट्टराईले दसबर्से जनयुद्धको समयमा नेपाली जनताले भोग्नु परको पीडा र नेपाल देशको स्थितिलाई विषयवस्तु बनाएका छन् । वर्तमान नेपालको राजनैतिक अस्थिरता, माओवादी जनयुद्धका कारण नेपालीहरूले विभिन्न पीडाहरूलाई सामना गर्दै जीवन बिताउनु परिरहेको छ । कति मारिएका छन् त कति जेलमा परिरहेका छन्; कतिको अपहरण भइरहेको छ । यस्तो समयमा नेपाली जनतामा न आनन्द छ, न प्रेम, न प्रकाश, न निश्चितता, न शान्ति, न कष्टमा सहायता, जतातते आतङ्कैआतङ्क, सन्त्रास, युद्ध, भय र निराशा । यस्तो परिस्थितिमा गुज्रिरहेको नेपालको दुर्दशा र नेपाली जनताहरू त्यो दुर्दशालाई भोग्न बाध्य बन्नु परेको परिस्थिति नै प्रस्तुत निबन्धको विषयवस्तु रहेको छ ।

### (३) यात्राकेन्दी निबन्धहरू

विभिन्न यात्राका समयमा घटेका वा अनुभव गरेर लेखिएका निबन्धहरूलाई यस कोटिभित्र राखिएको छ । यस कोटिअन्तर्गत *त्रिभुवन विश्वविद्यालयदेखि आगा खाँ विश्वविद्यालयसम्म, कतै आतङ्कवादीको मार्का कतै गरिबिका, झिर्पुको भीरमा टाइको सुर्कनी* र *लेखकको मृत्यु-प्रसङ्गले विराटनगरमा* शीर्षकमा चारवटा निबन्धहरू रहेका छन् । यी निबन्धहरूको विषयवस्तु यस प्रकार रहेको छ :

*त्रिभुवन विश्वविद्यालयदेखि आगा खाँ विश्वविद्यालयसम्म* शीर्षकको निबन्धमा भट्टराई त्रिभुवन विश्वविद्यालयबाट पाकिस्तानको आगा खाँ विश्वविद्यालयमा अङ्ग्रेजी भाषासम्बन्धी गोष्ठीमा भाग लिन जाँदाको समयमा पाकिस्तानमा देखेका, भोगेका र अनुभव गरेका कुराहरूलाई विषयवस्तु बनाएका छन् । उक्त निबन्धमा भट्टराईले पाकिस्तानको संस्कृति, त्यहाँको वातावरण, सामाजिक र राजनैतिक परिवेशलाई पनि स्पष्ट पारेका छन् । साथै

आगा खाँ विश्वविद्यालयमा भएको सेमिनारको विवरण एवम् त्यहाँका मान्छेहरूको लवाई, खवाईलाईसमेत उक्त निबन्धको विषयवस्तु बनाइएको छ ।

*कतै आतङ्कवादीको मार्का कतै गरिबिका* शीर्षकको निबन्धमा पाकिस्तानको भ्रमणका समयमा पाकिस्तानमा विभिन्न देशका काम गर्ने व्यक्तिहरूको अवस्था, उनीहरूको भेशभूषा, उनीहरूको कार्यलाई विषयवस्तु बनाइएको छ । पाकिस्तानमा धेरै नेपाली युवाहरूलाई विभिन्न स्थानमा काम गरिरहेको अवस्थामा भेटेको र उनीहरू बिदेसिनुको कारण आतङ्कारीको मार र गरिबि रहेको कुरालाई उक्त निबन्धमा स्पष्ट पारिएको छ । आज विश्वको दाँजोमा हामी गरिबि, आतङ्क र मार्कामा पिल्सिरहेका छौँ भन्ने प्रस्तुत निबन्धको मूल विषयवस्तु रहेको छ ।

*झिर्पुको भीरमा टाइको सुर्कनी* शीर्षकको निबन्धमा भट्टराईले सिन्धुपाल्चोक जिल्लाको यात्राको अनुभवलाई लिएर लेखिएको निबन्ध हो । सिन्धुपाल्चोक जिल्लाको उत्तरी भेगमा पर्ने 'हिन्दी' गाउँमा अवस्थित झिर्पु माध्यमिक विद्यालयको अवस्थितिबारे भट्टराईले निबन्धमा झल्काएका छन् । सरकारी विद्यालयमा टाई लगाएको देखेर सोध्न पुगेका भट्टराईले विद्यार्थी र अभिभावको रहर अनुसार टाई बाध्ने नियम लगाएको कुरा विद्यालयका प्राचार्यले बताएका छन् । यसरी त्यस विद्यालयको उदाहरणबाट अङ्ग्रेजी स्कुलहरूको भेशभूषा र शिक्षाप्रणालीले विद्यार्थी तथा अभिभावकमा परेको मनोवैज्ञानिक असरलाई प्रस्तुत निबन्धबाट भट्टराईले छर्लङ्ग्याएका छन् ।

*लेखकको मृत्यु-प्रसङ्गले विराटनगरमा* शीर्षकको निबन्धमा भट्टराई विराटनगरमा भएको साहित्यिक सम्मेलनमा भाग लिन जाँदाको समयमा उनले अनुभव गरको विषयवस्तुलाई स्पष्ट्याउने काम गरेका छन् । भट्टराईले विराटनगरमा भएको एउटा बृहत् साहित्यिक सम्मेलनको समयमा सुनाइएको 'नेपाली उपन्यासमा उत्तरआधुनिक चेतना'कार्यपत्रको प्रसङ्गबाट पाश्चात्य उत्तरआधुनिक चेतनाले पूर्वीय लीलालेखन आफ्नेल पर्न गएको विषयलाई प्रस्तुत गरेका छन् । त्यति मात्रै नभै पश्चिमबाटै सिद्धान्तहरू लिएर नाममात्र परिवर्तन गरी लीला भन्नु र त्यस लीलालाई मौलिक हो भन्नु शरम लाग्दो कुरा हो भनेर भट्टराईले भनेका छन् ।

## (४) व्यक्तिकेन्द्री निबन्धहरू

व्यक्तिका बारेमा लेखिएका निबन्धहरू यस कोटिअन्तर्गत राखिएको छ । यस सङ्ग्रहमा *कालपुरुष सद्दामप्रति, प्रोफेसर डीपी भण्डारीउपर एक चिन्तन* र *बिम्बहरूको यात्रामा अभि सुवदी* शीर्षकका तीनवटा निबन्धहरू व्यक्तिकेन्द्री रहेका छन् । यी निबन्धहरूको विषयवस्तु यस प्रकार रहेको छ :

*कालपुरुष सद्दामप्रति* शीर्षकको निबन्धमा भट्टराले इराकका राष्ट्रप्रति सद्दाम हुसेनबारे आफ्नो धारणा व्यक्त गरेका छन् । कालजयी, दुर्दमनीय, अविजेय हुङ्कारका प्रतीकका रूपमा सद्दामलाई चिनाउँदै आफ्नो जति सुकै ठूलो व्यक्तित्व भए पनि उसले अन्त्यमा आफूले गरेका पापकर्महरूको भागी बन्नु  पर्दछ । मान्छेले क्रोध, आतङ्क, युद्ध, अन्याय, अत्याचार गरेर विजय गरेको विजय धेरै दिन टिक्तैन । निर्दोष मानवहरूलाई मारेर, घमण्ड र दुःस्साहस पूर्ण व्यवहारद्वारा गरिएको शासन धेरै दिन टिक्दैन । आफ्नै गल्तीले गर्दा मानिसले एउटा कालकोठरी रोज्नु पर्ने बाध्यता आउँछ । बन्दुकको भरमा चलाएको शासन केवल दुई दिन मात्र टिक्छ र त्यस्तो शासकले आफूले गरेका कुकर्महरूको फल अवश्य भोग्नुपर्दछ भन्ने मूल विषयलाई लिएर भट्टराईले प्रस्तुत निबन्ध रचेका छन् ।

*प्रोफेसर डीपी भण्डारीउपर एक चिन्तन* शीर्षकको निबन्धमा भट्टराईले अङ्ग्रेजी विभागका शिक्षक प्रा. डा. दुर्गाप्रसाद भण्डारीको साहित्यिक व्यक्तित्वलाई विषयवस्तु बनाएर लेखिएको निबन्ध हो । जीवनको उत्तरार्धतिर लेखन कलामा सक्रिय भएका डीपी भण्डारी सर्जक र समालोचक हुन् । उनको समालोचकीय दृष्टि कृति विशेष नभएर समय, मानवस्वभाव, प्रवृत्ति र मानवीय मूल्यकेन्द्री रहेको कुरा भट्टराईले यस निबन्धमा स्पष्ट पारेका छन् । उनका दुईवटा निबन्धसङ्ग्रहहरू **मृगस्थली** र **नीरो बाँसुरी बजाइरहेछ** कृतिका बारेमा पनि उक्त निबन्धमा भट्टराईले परिचय दिएका छन् । विभिन्न लेखकहरूले धेरै कृतिहरू प्रकाशित गरेर स्थापित हुन नसकेको खण्डमा डीपी भण्डारीलाई उक्त दुई कृतिले एउटा उच्च निबन्धकारका रूपमा नेपाली साहित्यको निबन्ध विधामा स्थापित गरेको छ । पूर्वीय तथा पाश्चात्य दुवै दर्शनबाट प्रभावित डीपी भण्डारी बौद्धिक जीवनजगत्प्रतिका अत्यन्तै दृष्टिचित्र प्रस्तुत गर्ने साहित्यकार हुन् । उनी हृदयको स्वच्छन्दता, स्वस्फूर्तता, उदारता, अकृत्रिम, सहजता र संवेदनशीलतामा विश्वास गर्ने बौद्धिक व्यक्तित्व हुन् भनी भट्टराईले चिनाएका छन् । यसरी प्रस्तुत निबन्धको मूल विषयवस्तु डीपी भण्डारीको व्यक्तित्व एवम् उनको साहित्यिक व्यक्तित्व रहेको छ ।

*बिम्बहरूको यात्रामा अभि सुवेदी* शीर्षकको निबन्धमा भट्टराईले प्रोफेसर डाक्टर अभि सुवेदीको व्यक्तित्वबारे स्पष्ट पारेका छन् । अभि सुवेदी अङ्ग्रेजी विभागका प्राध्यापक हुन् । नेपाली र अङ्ग्रेजी दुवै भाषामा कलम चलाउने सुवेदी नेपाली तथा अङ्ग्रेजी साहित्यका कविता नाटक, लेख, निबन्ध र अनुवाद विधामा कलम चलाउने एक शसक्त प्रतिभा हुन् भनेर उनको परिचय दिएका छन् । समालोकीय दृष्टि र अनुवादद्वारा ठूलो योगदान पुऱ्याएका सुवेदीले जापानी साहित्यलाई नेपाली साहित्यमा परिचित गराउने कार्यमा ठूलो योगदान दिएको कुरा उक्त निबन्धमा भट्टराईले स्पष्ट पारेका छन् । सुवेदी तीव्र लेखनशक्ति र प्रौढ विचार नाटकीकरणद्वारा आफूलाई मौलिक वैशिष्ट्यको रूपमा स्थापित गराउन सफल साहित्यकार हुन् । स्वतन्त्रताको खोजी, संबेदनशीलता र बिम्बको खोजी सुवेदीका साहित्यिक मान्यता हुन् । सुवेदीको लेखकीय ऊर्जा विविधता, बौद्धिक र दर्शनले भरिएको छ । उनी मानव नियमितका चिन्तक हुन् । सुवेदी राष्ट्रिय उचाइलाई नाघेर अन्तर्राष्ट्रिय उचाइमा पुगेका स्रष्टा, समीक्षक र चिन्तक हुन् । उनी समयमाथि निरन्तर समीक्षा गर्ने, इतिहासको शक्तिशाली कालचिन्तकका रूपमा रहेका छन् भन्दै अभि सुवेदीको साहित्यिक व्यक्तित्वको पाटालाई भट्टराईले छर्लङ्ग्याउनु नै प्रस्तुत निबन्धको मूल विषय रहेको छ ।

## ३. भाषाशैलीय विन्यास

भाषाशैलीय विन्यासका दृष्टिले प्रस्तुत निबन्धसङ्ग्रह **विश्वविद्यालयमा अग्निपूजा** भित्रका निबन्धहरू सरल, सुबोध र स्वाभाविक गद्यशैलीमा रचिएका छन् । पहिलो सङ्ग्रहका निबन्धहरूको तुलनामा यस सङ्ग्रहका निबन्धहरूको भाषा प्रौढ, बौद्धिक एवम् कलात्मकताले भरिएको देखिन्छ । नेपालीमा प्रचलित भएका तत्सम, तद्भव, आगन्तुक र अङ्ग्रेजी भाषाका शब्दहरूको प्रयोग यी निबन्धहरूमा भट्टराईले गरेका छन् । बादलको घुम्टो, आँसु, गगनचुम्बी महल आदि प्रतीक र शालिक, आरुका फूल, हिउँको थुप्रोजस्ता बिम्बहरूको प्रयोगले निबन्धहरूको भाषालाई कलात्मक बनाउन थप ऊर्जा प्रदान गरेका छन् । ड्याम्मड्याम्म, ढपढप, क्यार्रक्यार्र, सर्रसर्र आदिजस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले पनि निबन्धका भाषामा रोचकता थपेका छन् । 'त्यो जलेको कुर्सी मेरो स्वागतमा हाजिर भएको थियो' (पृ. १८), 'ती डाँडाहरू सधैं हाँसिरहेको देखिन्थे' (पृ. ४८) जस्ता वाक्यहरूको प्रयोगले भट्टराईले उक्त निबन्धहरूमा प्राकृतिक तथा निर्जीव वस्तुहरूलाई मानवीकीकरण करण गरी प्रस्तुत गरेका छन् । भाँच्छौभाँच्छौ (पृ. ११), जिन्दावादजिन्दावाद (

पृ. ११), मूर्दावादमूर्दावाद (पृ. ११) र गर्छौंगर्छौं (पृ. १२)  आदिजस्ता द्वित्व शब्दहरूको प्रयोग पनि उक्त निबन्धहरूमा प्रशस्त मात्रामा भेट्न सकिन्छ ।

समग्रमा भन्नुपर्दा निजात्मक तथा आत्मअनुभवमा लेखिएका यी निबन्धहरू विविध क्षेत्रसँग सम्बन्धित रहेका छन् । सानुप्रासिक शब्द र शब्दावलीको पुनः पुनरावृत्ति भएका कारण भाषाले सम्प्रेषणीयता वरण गरेको देखिन्छ । हास्य र तीव्र व्यङ्ग्यको मिश्रित प्रयोगबाट यी निबन्धहरूद्वारा शिक्षाक्षेत्रका साथै समाजका दुर्गन्ध खोल्साखोल्सीहरूलाई खोतल्ने र तिनको प्रशोधन एवम् परिष्कार गर्नु पर्ने मान्यतालाई भट्टराईले अघिसारेका छन् । आफ्ना निजी भावना, दृष्टिकोण र विचार आदिलाई क्रमबद्ध रूपमा अँगालेर विषयवस्तुको ठोस वर्णन एवम् विषयप्रतिको लेखकको निजात्मक अनुभूतिलाई आत्मपरक शैलीमा भट्टराईले यी निबन्धहरू प्रस्तुत गरेका छन् । शिक्षा र शैक्षिक क्षेत्रका मूल तरङ्गहरू नै प्रमुख कथ्य बोकेका यी निबन्धहरूले शिक्षा क्षेत्रमा आमूल परिवर्तन गर्नुपर्ने कुरालाई आत्मसात् गरेको देखिन्छ । चेतनप्रवाह शैलीलाई समेत आत्मसात् गरेर यस सङ्ग्रहका केही निबन्धहरू रचना गरेका छन् भने अन्य निबन्धहरूको प्रस्तुति वर्णनात्मक र विवरणात्मक ढाँचाको रहेको छ ।

## ६.४ निष्कर्ष

२०३४ सालदेखि निबन्धलेखनमा सक्रिय भएका भट्टराईले जीवनमा विभिन्न प्रयोजन लिएर देशबिदेशका विभिन्न स्थानहरूको भ्रमण र आफू प्राध्यापक र प्रशासक भएका समयमा देखेका, सुनेका वा आफूले अनुभव गरेका विषयहरूलाई लिएर लेखिएका उनका निबन्धात्मक कृतिहरू **एक्लै एक्लै एक्लै** (२०६०) र **विश्वविद्यालयमा अग्निपूजा** (२०६१) प्रकाशित भएका  छन् । पहिलो कृतिमा बाह्रवटा यात्रासँग सम्बन्धित निबन्धहरू सङ्गृहीत भएका छन् भने दोस्रो निबन्धसङग्रहमा वर्तमान नेपालका राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक आदि क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूलाई तीव्र व्यङ्ग्यको प्रहार गर्दै लेखिएका एक्काईसवटा निबन्धहरू रहेका छन् । भित्र वैचारिक गाम्भीर्यको सागर लहराउने र बाहिर हास्यव्यङ्ग्यको लेपले सतही जमीनजस्ता देखिने उनका निबन्धहरू प्रयोगपरकता र नवीनताले गर्दा उत्कृष्ट रहेका छन् । आत्मअनुभवमा आधारित उनका निवन्धको भाषा विवरणात्मक र वर्णनात्मक रहेको छ । विषयवस्तुप्रति गम्भीर चिन्तन गरिएका उनका निबन्धमा भाषागत कसरमसर भने कतैकतै रहेको देखिन्छ ।

## सातौँ परिच्छेद

# गोविन्दराज भट्टराईका समालोचनात्मक कृतिहरूको विश्लेषण

## ७.१ परिचय

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाइसकेका भट्टराईले समालोचनात्मक विधामा पनि कलम चलाएका छन् । खासगरी पाश्चात्य साहित्यका सिद्धान्तहरूको अध्ययन-विश्लेषणमा उनको समालोचना केन्द्रित रहेको छ । २०३४ सालदेखि समालोचना लेख्न थालेका भट्टराईका समालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका अवस्थामा छन् भने केही लेखहरूलाई सङ्गृहीत गरी उनले चारवटा समालोचनात्मक कृतिहरू प्रकाशित गरेका छन् । उनको पहिलो समालोचनात्मक कृति **काव्यिक आन्दोलनको परिचय** (२०४९) रहेको छ भने अन्य तीनवटा **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** (२०६०), **पश्चिमी बलैँसीका बाछिटा** (२०६१) र **उत्तरआधुनिक ऐना** (२०६२) समालोचनात्मक कृतिहरू प्रकाशित भएका छन् । यी कृतिमा सङ्गृहीत भएका कुनै समालोचनाहरू पूर्व पत्रिकामा प्रकाशित भइसकेका छन् भने कुनै भएका छैनन् । यहाँ यिनै समालोचनात्मक कृतिहरूको अध्ययन निम्नलिखित रूपमा गरिएको  छ :

## ७.२ 'काव्यिक आन्दोलनको परिचय' कृतिको विश्लेषण

### १. परिचय

**काव्यिक आन्दोलनको परिचय** नामक कृति सर्वप्रथम २०४९ सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट प्रकाशित भएको देखिन्छ । यसको दोस्रो संस्करण भने साझा प्रकाशनबाट २०६२ सालमा प्रकाशित भएको छ । यहाँ दोस्रो संस्करणअनुसार विश्लेषण गरिएको छ । उक्त कृतिमा मोहन कोइरालाद्वारा लिखित 'प्रकाशकीय मन्तव्य' शीर्षकको भूमिका रहेको छ भने प्रथम संस्करणबाट भनी सङ्केत गरेर लेखिएको 'आमुख' शीर्षकमा ईश्वर बरालको छोटो लेख रहेको छ । अर्को 'पर्यावलोकन' शीर्षकमा यस पुस्तकको केही विश्लेषण गरिएको दुई पृष्ठमा विस्तारित लेख युधिष्ठिरद्वारा लेखिएको छ । आकारप्रकारका दृष्टिले मध्यम खालको देखिने प्रस्तुत कृति २७२ पृष्ठमा संरचित भएको छ । डिमाइ साइजको आकारमा देखिने प्रस्तुत कृतिको आवरण पृष्ठमा गुलाबी र नीलो रङ रहेको छ । सिरानमा **काव्यिक आन्दोलनको परिचय**द्वारा प्रस्तुत कृतिको नाम दिइएको छ भने मध्यभागमा विश्वका प्रसिद्ध साहित्यकारहरूका फोटाहरू केही अस्पष्ट रूपमा रहेका छन् र अन्त्यमा कृति लेखकको नाम लेखिएको छ ।

पाश्चात्य एवम् पूर्वीय साहित्यका विभिन्न विधा, वाद र आन्दोलनको परिचय तथा जानकारी दिइएको प्रस्तत कृति चार खण्डमा विभाजित रहेको छ । उक्त चार खण्डमा ५३ वटा समालोचनात्मक लेखहरू आबद्ध गरिएका छन् । खण्ड एकमा *अङ्ग्रेजी साहित्य, विभिन्न वाद र आन्दोलन* शीर्षकअन्तर्गत पाश्चात्य साहित्यका विभिन्न वादको परिचय, अङ्ग्रेजी साहित्यको सङ्क्षिप्त परिचयका साथै विभिन्न सिद्धान्तमा आधारित कविताहरूको परिचयलाई २३ वटा समालोचनात्मक लेखहरूमा आबद्ध गरिएको छ भने खण्ड दुईअन्तर्गत

*'अमेरिकी साहित्यको सङ्क्षिप्त परिचय'* नामक शीर्षकमा अमेरिकी साहित्यको सामान्य परिचय ४ वटा लेखमा दिइएको छ । त्यस्तै खण्ड तीन *'नेपाली साहित्य : विभिन्न वाद र आन्दोलन'* शीर्षकमा नेपालका मोती-मण्डलीदेखि आजसम्मका साहित्यिक आन्दोलन, नेपाली साहित्यमा आधुनिकताको प्रश्न र नेपाली कला र साहित्यको सामान्य परिचयलाई २२ वटा समालोचनात्मक लेखमा प्रस्तुत गरिएको छ । खण्ड चारअन्तर्गत *'अन्य आधुनिक साहित्य : एक सर्वेक्षण'* शीर्षकमा नेपालमा प्रचलित नेवारी, मैथिली, किराती भाषाका कविताहरूको परिचयका साथै हिन्दी कविताका आन्दोलनहरूलाई ४ वटा शीर्षकका जानकारी दिइएको छ । विभिन्न पत्रपत्रिकामा केही प्रकाशित भएका र केही नभएका जम्मा ५३ वटा समालोचनात्मक लेखहरूलाई सङ्ग्रह गरेर प्रकाशित गरिएको प्रस्तुत कृतिको मूल्य रु. १८०।- रहेको छ ।

## २. विषयवस्तु

प्रस्तुत कृतिभित्र चार खण्ड रहेका छन् र ती खण्ड-खण्डमा भिन्नाभिन्नै विषयवस्तु रहेका छन् । कृतिमा छुट्याइएका खण्डहरूकै आधारमा यहाँ विषयवस्तुलाई प्रस्तुत गरिएको छ :

### (१) खण्ड एक

खण्ड एकमा *'अङ्ग्रेजी साहित्य : विभिन्न वाद र आन्दोलन'* शीर्षकमा २३ वटा समालोचनाहरू रहेका छन् । यस खण्डमा प्रयुक्त भएका शीर्षकहरूलाई विषयको प्रकृतिका आधारमा पाँच भागमा विभाजन गरिएको छ :




#### (क) कविताकेन्द्री

खण्ड एकमा कविताकेन्द्री लेखहरूमा *प्रयोगभूमि काव्यकविता, बिम्बवादी कविता, जर्जियन कविता, युद्ध कविता, युद्धेतर अङ्ग्रेजी कविता, बीसौं शताब्दीको कवितामा प्रतीकवाद, टी. एस्. एलिअट र आधुनिक कविता, अङ्ग्रेजी कवितामा यथार्थवाद, विलियम बटलर यिट्सका कविता र नवआन्दोलनका केही कविता* शीर्षकमा दसवटा लेखहरू रहेका छन् । यी लेखहरूको विषयवस्तु तल प्रस्तुत गरिन्छ :

*प्रयोगभूमि : काव्य-कविता* शीर्षकमा काव्य-कविता नै हरेक आन्दोलनको प्रथम प्रयोगभूमिका रूपमा रहेको छ भन्ने कुरालाई नै जोड दिएर लेखिएको छ । मात्र दुई पृष्ठमा विस्तारित प्रस्तुत लेखमा विभिन्न कविहरूका कविताहरूको परिचय दिई नेपाली साहित्यमा कविताको स्थितिलाई सामान्य रूपमा प्रस्ट पारिएको छ ।

*बिम्बवादी कविता* शीर्षकमा एज्रा पाउन्डद्वारा बिम्बवादको स्थापना भएको र कवियत्री एमीले **सम इमेजिस्ट पोएट्री** र यस बिम्बवादको घोषणापत्र प्रकाशित गरेपछि बिम्बवाद स्थापना भएको कुरा उल्लेख गरिएको छ । यस बादले अमेरिकी एवम् अङ्ग्रेजी साहित्यमा आधुनिकतावादको थालनी गरेको कुरा चर्चा गरिएको छ । चार पृष्ठमा विस्तारित प्रस्तुत लेखमा बिम्बवादी कविताको सामान्य परिचय दिँदै बिम्बवादी सिद्धान्तलाई स्पष्ट

पार्नका लागि विम्बवादको सिद्धान्तमा आधारित विभिन्न कविताहरूलाई उदाहरणका रूपमा देखाउँदै स्पष्ट पारिएको छ ।

*जर्जियन कविता* शीर्षकमा बेलायतका राजा जर्ज पञ्चमको शासन कालमा (सन् १९१० देखि १९३६ सम्म) लेखिएका कवितालाई जर्जियन कविता भनिन्छ भनेर जर्जिजय कविताबारे चर्चा गरिएको छ । आधा पृष्ठमा संरचित उक्त लेखमा यस शासनकालमा कविता लेख्ने कविहरूको नामोल्लेखका साथै उनीहरूले लेखेका कविताहरूलाई चार सङ्ग्रहमा छपाएको भनेर सामान्य जानकारी दिइएको छ ।

*युद्ध कविता* शीर्षकमा युद्धका समयका कस्ता कविता लेखिन्छन् र ती युद्धमा लेखिएका कविताहरूको विषयवस्तु, भाषाशैली केकस्तो हुन्छ भनेर चर्चा गरिएको छ । एघार पृष्ठमा संरचित युद्धका समयमा लेखिएका विभिन्न कविताहरू उदाहरणका रूपमा समेत पेस गरिएका छन् । विश्वका विभिन्न अमरगाथाहरू युद्धकै गीत हुन् र युद्धको समयमा लेखिएका कविताहरूमा युगको आशा र भय, उत्साह र घृणा, प्रेम र करुणाका भावलाई तीव्रताका साथ साहित्यमा प्रक्षेपण गरिएको हुन्छ भन्दै विभिन्न साहित्यकारहरूले विभिन्न युद्धमा भएका घटनाहरूको यथार्थतालाई कसरी उतारेका छन् भनेर उक्त लेखमा उल्लेख गरिएको छ ।

*युद्धेतर अङ्ग्रेजी कविता* शीर्षकमा १९५० को दशकदेखि यताका अङ्ग्रेजी साहित्यका कविता युद्धेतर कविता हुन् भनेर उल्लेख गरिएको छ । तीन पृष्ठमा विस्तारित यस लेखमा १९५० देखि यताका अङ्ग्रेजी साहित्यमा देखिएका कविहरूको नामोल्लेख दिइएको छ ती कविहरूको सामान्य परिचयका साथै अङ्ग्रेजी साहित्यमा अनुवाद विधा सोरौँ शताब्दीदेखि भित्रिएको चर्चा उक्त लेखमा गरिएको छ । विभिन्न कविहरूले विभिन्न देशका कविताको अनुवाद गरेर अङ्ग्रेजी साहित्यको भण्डार विशाल भएको कुराको चर्चा गर्दै अन्त्यमा अन्य साहित्यको नेपाली भाषामा र नेपाली साहित्यको अन्य भाषामा अनुवाद गरिएका कृति तथा कविहरूको उल्लेख पनि उक्त लेखमा गरिएको छ ।

*बीसौँ शताब्दीको कवितामा प्रतीकवाद* शीर्षकको लेखमा प्रतीकवाद भिक्टोरियन युगको मध्यकालमा फ्रान्समा चलेको साहित्यिक आन्दोलनको रूपमा जन्मिएको चर्चा गर्दै यो वाद फ्रान्सेली कविहरूको समूहद्वारा कला कलाका लागि भन्ने सिद्धान्तको अनुयायीका रूपमा स्वच्छन्दतावादको विरोध गर्दै अगाडि बढेको चर्चा गरिएको छ । चार पृष्ठमा संरचित भएको उक्त लेखमा यस वादका विशेषताका साथै यस वादसँग सम्बन्धित कविहरूको उल्लेख पनि यस लेखमा गरिएको छ । फ्रान्स, जर्मनी र अङ्ग्रेजी साहित्य हुँदै यस वादको विकास भएको चर्चा गर्दै अन्यमा नेपाली साहित्यमा गोपालप्रसाद रिमालका कविताबाट भित्रिएको चर्चा यस लेखमा गरिएको छ ।

*अङ्ग्रेजी कवितामा यथार्थवाद* शीर्षकमा जेफ्री चौसरको पालादेखि अङ्ग्रेजी साहित्यमा यथार्थवादले प्रवेश गरेको चर्चा गरिएको छ । मध्ययुगीन समस्त अङ्ग्रेजी साहित्यमा यथार्थवादको प्रभुत्व रहिरहेको चर्चा गरिएको छ भने सोरौँ शताब्दीमा पनि यथार्थवादले आफ्नो प्रभुत्व कायम राखेको चर्चा गरिएको छ । दुई पृष्ठमा मात्र विस्तारित उक्त लेखमा अङ्ग्रेजी कवितामा यथार्थवादले अठारौँ शताब्दीमा आएर पूर्णता पाएको कुरा चर्चा गर्दै वर्तमान समयका कविताहरू पनि यथार्थवादमै आधारित छन् भन्ने चर्चा उक्त लेखमा गरिएको छ । बीचमा यथार्थवादी कविताको उदाहरणसमेत प्रस्तुत गर्दै अङ्ग्रेजी साहित्यमा यथार्थवादको प्रभुत्वको चर्चा गरिएको छ भने अन्त्यमा नेपाली साहित्यमा बालकृष्ण सम र विजय मल्लहुँदै गोपालप्रसाद रिमालका नाटकबाट यस वादको प्रवेश गरी

लैनसिंह वाङ्‌देल र इन्द्रबहादुर राईका उपन्यासमा यस वादको प्रयोग राम्ररी गरिएको चर्चा यस लेखमा गरिएको छ ।

*टी. एस्. एलिअट र आधुनिक कविता* शीर्षकमा अङ्ग्रेजी साहित्यमा विषयवस्तु र टेक्निकका हिसाबले नौलो प्रयोगलाई सुरु गर्ने युगान्तकारी प्रतिभा एलिअट हुन् भनेर चर्चा गरिएको छ । कवि, समालोचक, नाटककार र चिन्तकका रूपमा चिनिएका एलिअटले पश्चिमी लेखन र चिन्तनमा भन्डै चार दशकसम्म क्रान्तिकारी प्रयोग र परिवर्तनहरू जन्माएको कुरा स्पष्ट गरिएको छ । चार पृष्ठमा विस्तारित यस लेखमा एलिअटका कृतिहरूको उल्लेखका साथै उनले विभिन्न विधामा पुऱ्याएको योगदानलाई उनले रचेका कविताहरूको उदाहरण दिँदै स्पष्ट पारिएको छ । अन्त्यमा एलिअटबाट प्रभावित नेपाली साहित्यकारहरूमा जगदीश राणा हुन् भनेर उल्लेख गरिएको छ ।

*विलियम बटलर यिट्सका कविता* शीर्षकमा आयरल्यान्ड निवासी यिट्सको बारेमा चिन्तन गरिएको छ । रहस्यवादी र छायावादी सिद्धान्तलाई आत्मसात् गर्दै एलिअटसँग तुलना गर्न योग्य उनको साहित्यक व्यक्तित्व रहेको कुराको उद्‌घाटन यहाँ गरिएको छ । त्यस्तै यिनीले बीसौँ शताब्दीलाई नै धेरै कालसम्म आफ्नो प्रभावको कब्जामा लिँदै नयाँ शैली, नयाँ व्यक्तित्व र नयाँ मोड लिएर आउने एक सशक्त प्रतिभाका रूपमा यिट्सलाई यस लेखमा चिनाइएको छ । जम्मा डेठ पृष्ठमा संरचित यस लेखमा अङ्ग्रेजी नाटकलाई नयाँ जीवन र नयाँ शक्ति प्रदान गर्ने र पुराकथाको अनन्त ऊर्जाको प्रयोग गरी कवितालाई नयाँ रूप दिन सफल कवि भनेर यिट्सलाई चिनाएको पनि छ ।

*नव आन्दोलनका केही कविता* शीर्षकमा १९०० भन्दा यताका केही कविहरूको चर्चा गरिएको छ । ती कविहरूमा ग्रेब्स, एडिथ सिटवेल, डेभिड, बेत्जम्यान, म्याकलिस, सी. डे, लिविस, डब्लु. एच्., अडेन र स्टिफेन आदि कविहरूको चर्चा गर्दै यिनीहरूको कृतिहरूको नाम समेत दिइ स्पष्ट पारिएको छ । चार पृष्ठमा संरचित भएको यस लेखमा जर्जियन कविहरूको समेत उल्लेख गर्दै उक्त कविहरूको योगदानबारे सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ । बीचबीचमा केही कविहरूका कविताहरूको उदाहरण दिँदै स्पष्ट पारिएको उक्त लेखमा वर्तमानमा अङ्ग्रेजी साहित्य सरलतातर्फ बढी रहेको अवस्थालाई पनि प्रस्ट पार्न खोजिएको छ । नेपाली साहित्यमा पनि सरलतम शैली र देशज शब्दमा कविताहरू व्यक्त गर्ने कविहरू ताना शर्मा, भूपी शेरचनलाई उदाहरणका रूपमा लिइएको छ ।

**(ख) सिद्धान्तकेन्द्री**

खण्ड एकमा सिद्धान्तकेन्द्री समालोचनात्मक लेखहरू *दादावाद, भविष्यवाद, अस्तित्ववाद, प्रभाववाद, अभिव्यञ्जनावाद, प्रयोगवाद* र *चेतनप्रवाह टेक्निक* शीर्षकमा सातवटा रहेका छन् र यिनीहरूको विषयवस्तु यस प्रकार रहेको छ :

*दादावाद* शीर्षकको लेखमा प्रथम विश्वयुद्ध उर्लिएको बेला १९१६ मा ट्रिटान जाराले जिरिखमा यो आन्दोलनको सुरुआत गरेको चर्चा गर्दै यो वादका विशेषतालाई छोटकरीमा चर्चा गरिएको छ । चार पृष्ठमा संरचित उक्त लेखमा *दादावाद* शून्यवादी आन्दोलन हो भन्दै उक्त वादका विशेषतामा आबद्ध भएका कविताहरू उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । यस वादसँग सम्बन्धित विभिन्न कविहरूको सामान्य चर्चा पनि यस लेखमा गरिएको छ ।

*भविष्यवाद* शीर्षकको लेखमा *भविष्यवाद*को पृष्ठभूमि र कलाको क्षेत्रमा १९०९ मा यस वादको स्थापना भएको र यसका संस्थापक फिलिपो मारिनेती नामक एक इटालियन भएको कुरा उल्लेख गरिएको छ । चार पृष्ठमा संरचित भएको यस लेखमा *भविष्यवाद*का विशेषताका साथै यस वादको घोषणापत्रमा भएका कुराहरूलाई यथार्थ रूपमा राखिएको छ

भने यस वादका विशेषताका रूपमा विनाश, खतरा, आक्रमणकारितको प्रेम, अतीतको घृणा, युद्धको प्रशंसा र समयको वाटो भएर हिड्ने सारा परम्पराको विनाश अनि बर्बर युद्धको पूजा-प्रेम आदि कुराहरू रहेका छन् भनी उल्लेख गरिएको छ ।

*अस्तित्ववाद* शीर्षकको लेखमा बीसौं शताब्दीको आरम्भतिर उदाएको एक दर्शनसम्बन्धी आन्दोलनको रूपमा *अस्तित्ववाद*को चर्चा गर्दै यस वादका प्रवर्तक जाँ पाल सार्त्र भनी उल्लेख गरिएको छ । छ पृष्ठमा संरचित भएको उक्त लेखमा *अस्तित्ववाद*सँग सम्बद्ध भएका कवि तथा लेखकहरूको नाम उल्लेख गर्दै यस वादका विशेषताहरूलाई स्पष्ट पारिएको छ । बीचबीचमा यस वादसँग सम्बन्धित कविताहरू उदाहरणका रूपमा पेस गरिएका छन् भने यस वादले नेपाली साहित्यमा केकस्तो प्रभाव पार्‍यो भन्ने कुराको चर्चा पनि सङ्क्षिप्त रूपमा यस लेखमा स्पष्ट पारिएको छ ।

*प्रभाववाद* शीर्षकको लेखमा यो वाद पनि कलाका क्षेत्रबाटै सुरु भएको चर्चा गर्दै १८७४ मा क्लड मोनेले गरेको चित्रकलाका माध्यमबाट यस वादको जन्म भएको कुरा स्पष्ट पारिएको छ । चार पृष्ठमा संरचित भएको यस लेखमा यस वादका विशेषताका साथै आधारहरूसमेत प्रस्तुत गरिएको छ । यस वादको विकास गर्ने कविहरूको उल्लेख गर्दै यस वादसँग सम्बन्धित केही कविताहरू पनि बीचबीचमा उदाहरणका रूपमा प्रस्तुत गरिएका छन् । नेपाली साहित्यमा यस वादको प्रभाव भने ध्रुवचन्द्रका उपन्यासमा परेको चर्चा गर्दै तेराखको सर्वजा उपन्यास यस वादसँग सम्बन्धित भएको उपन्यास हो भनी चर्चा गरिएको छ ।

*अभिव्यञ्जनावाद* शीर्षकको लेखमा यो वाद यथार्थवादको तीव्र विरोधमा चलेको एउटा साहित्यिक आन्दोलन हो भन्दै फ्रान्सबाट यस वादको सुरु भएको चर्चा गरिएको छ । तीन पृष्ठमा विस्तारित यस लेखमा यस वादका विशषताहरूको चर्चा गर्दै साहित्यका क्षेत्रमा उपन्यास विधाबाट यस वादले प्रवेश गरेको कुरा उक्त लेखमा स्पष्ट पारिएको छ । यस वादसँग सम्बद्ध विभिन्न साहित्यकारहरूको नामोल्लेख गर्दै उनीहरूले लेखेका कृतिहरूमा यस वादका विशेषताहरूलाई देखाउने काम गरिएको छ । उपन्यासबाट नाटकविधामा यस वादको विकास भएको कुरा स्पष्ट पार्दै विभिन्न गीतहरू उदाहरणका रूपमा प्रस्तुत गरिएको छ ।

*प्रयोगवाद* शीर्षकको लेखमा यो वादको जन्म अन्य वादको जस्तै यसै समयमा जन्मेको हो भन्न गारो भएको चर्चा गर्दै १९०० देखि यताको पाश्चात्य साहित्यमा देखिएका अनेक प्रवृत्ति, नौल्याइँ, आन्दोलन, मोड, विद्रोह, घोषणा, अस्वीकृति, नारा र चिन्तनमा आधारित भई बिम्बवाद, अतियथार्थवाद, प्रकृतिवाद, भविष्यवाद, प्रभाववाद, दादावाद, अभिव्यञ्जनावाद, घनत्ववाद आदि अनेकौं प्रविधिका आन्दोलनका प्रभावमा जन्मिएको नवसाहित्यलाई प्रयोगवादी भनिएको कुरालाई स्पष्ट पारिएको छ । दस पृष्ठमा संरचित यस लेखमा विभिन्न साहित्यकारहरूको नाम उल्लेख गर्दै ती साहित्यकारहरूको चिन्तन र दर्शनबाट प्रभावित भएको साहित्य नै प्रयोगवादी साहित्य हो भनिएको छ । यो वादका विशेषताहरूको चर्चा गर्दै विषयवस्तु, शैली, वाक्यविन्यास, दर्शन, स्थापितपरम्परा, स्वीकृति र मान्यतामध्ये कुनै एक वा सबैलाई भत्काएर रचनाकारितालाई जीवित राख्ने चेष्टा नै प्रयोगवाद हो भनेर चिनाइएको छ । विभिन्न साहित्यकारहरूले प्रयोगवादमाथि गरिएको दृष्टिकोणलाई प्रस्तुत गर्दै उदाहरणसहित चित्रकाव्यसँग प्रयोगवादको तुलना गरिएको छ । यसमा चित्रकला, सङ्गीत, गीत संवेग र लयको सङ्गम पनि हुन्छ भन्दै फ्रेन्च कवि अपोलिनिअरको ‘पानी परिरहेछ’ कविताको उदाहरण दिएर स्पष्ट पारिएको छ । यसका विशेषताहरूमा नवीन विचित्र प्रयोगद्वारा पाठकलाई आश्चर्य चकित पार्नु, बौद्धिक विवेचन,

विश्लेषण र खण्डनमण्डनको प्रवृत्तिका साथै कवितालाई अकविता बनाउने काव्य र गद्यको मौलिक अन्तर मेट्ने प्रवृत्ति रहेको कुरा पनि उल्लेख गरिएको छ । परम्परालाई अस्वीकार गर्दै प्रतिक्रियावादी प्रवृत्तिलाई आत्मसात् गरी अगाडि बढिरहेको प्रयोगवाद नेपाली साहित्यमा मोहन कोइरालाबाट २०१७ मा स्थापित भई २०२९ मा समाप्त भएको कुरा उल्लेख गरिएको छ । नेपाली साहित्यमा कुमारी कल्पनाको *'निम्न सृष्टि'* नामक कविताको उदाहरण दिँदै अन्त्यमा टिप्पणीसमेत दिइएको छ ।

*चेतनप्रवाह टेक्निक* शीर्षकको लेखमा फ्रायडको मनोविश्लेषण सिद्धान्त जन्मिएपछि मानवविचार, धारणा र दृष्टिकोणमा आएको परिवर्तनलाई वा मनोलोकलाई निर्बाध रूपमा प्रकट गर्नलाई लेखनमा नयाँ शैलीको विकास भयो । त्यही शैलीलाई चेतनप्रवाह टेक्निक भनिन्छ भनेर चर्चा गरिएको छ । यस टेक्निको प्रयोग खासगरी १९१३ यताको साहित्यमा देखापर्न थालेको र प्रथम विश्वयुद्धपश्चात् यसले पूर्णता पाएको चर्चा गरिएको छ । तीन पृष्ठमा विस्तारित यस लेखमा यस टेक्निकका विशेषताका साथै नेपाली साहित्यमा यस टेक्निकको प्रंयोग आयामेली आन्दोलन (२०२०) सालदेखि देखापरेको हो भनी चर्चा गरिएको छ । यस टेक्निकलाई पुष्टि गर्नका लागि विभिन्न कविहरूका कविताहरूलाई उदाहरणका रूपमा पनि प्रस्तुत गरिएको छ ।

**(ग) अङ्ग्रेजी साहित्यकेन्द्री**

खण्ड एकमा अङ्ग्रेजी साहित्यसम्बन्धी लेखहरू *अङ्ग्रजी साहित्यको सङ्क्षिप्त परिचय, साहित्यिक आधुनिकतावाद र अङ्ग्रेजी साहित्य र आधुनिक अङ्ग्रेजी साहित्यको प्रभातकाल* शीर्षकमा तीनवटा लेखहरू रहेका छन् । यी लेखहरूको विषयवस्तु यस प्रकार रहेको छ :

*अङ्ग्रेजी साहित्यको सङ्क्षिप्त परिचय* शीर्षकमा भट्टराईले अङ्ग्रेजी साहित्यको परिचय २७ पृष्ठमा दिएका छन् । अङ्ग्रेजी साहित्यको काल विभाजनमा केही मतान्तर रहेको अवस्थालाई स्पष्ट पार्दै उनले ऐतिहासिक घटनाक्रम, परिवर्तनका कारक तत्त्वहरू, त्यसभित्र पर्ने साहित्यिक व्यक्ति तथा तिनीहरूका कृतिहरूलाई आधार मानेर ८ प्रकारमा अङ्ग्रेजी साहित्यको काल विभाजन गरेका छन । अङ्ग्रेजी साहित्यले इ. पू. ४२८ देखि आजसम्म विभिन्न काल पार गरिसकेको छ भन्दै ती कालहरूको व्याख्या यस लेखमा गरिएको छ । प्रत्येक कालमा देखिएका कविहरूको परिचयका साथै उनीहरूका कृतिहरूसमेत प्रस्तुत गरिएको छ । समग्रमा प्रस्तुत लेखको विषयवस्तु अङ्ग्रेजी साहित्य रहेको छ ।

*साहित्यिक आधुनिकतावाद र अङ्ग्रेजी साहित्य* शीर्षकमा अङ्ग्रेजी साहित्यलाई कहिलेदेखि आधुनिक मान्ने भन्ने विषयलाई प्रतिपादन गरिएको छ । आधुनिक भनेको एउटा समयसापेक्ष आग्रह हो भन्दै ई सं. १९०१ देखि यताको अङ्ग्रेजी साहित्यलाई आधुनिक मान्ने चलन रहेको कुरा यहाँ उल्लेख गरिएको छ । मात्र दुई पेजमा विस्तारित प्रस्तुत लेखमा १९०१ देखि आजसम्म अङ्ग्रेजी साहित्यमा केकस्ता वाद, शैली, चिन्तन र आन्दोलन चले । ती विषयवस्तुलाई अत्यन्त सङ्क्षिप्त रूपमा भट्टराईले चर्चा गरेका छन् ।

*आधुनिक अङ्ग्रेजी साहित्यको प्रभातकाल* शीर्षकमा अङ्ग्रेजी साहित्यमा विभिन्न वादहरू जन्मदै भिक्टोरियनवाद युगको पराजय भएपछि १९०० देखि आजसम्मको अथवा बीसौँ शताब्दीभरिको रचनाकारितालाई समेटेर आधुनिक अङ्ग्रेजी साहित्यअन्तर्गत अध्ययन गरिनुपर्दछ भन्ने प्रस्तुत लेखको मूल विषयवस्तु रहेको छ । उक्त लेख मात्र दुई पृष्ठमा संरचित रहेको छ ।

### (घ) विविध विषय

विविध विषयअन्तर्गत *फ्रेन्च कला र साहित्यको आधुनिकतालाई योगदान* र परिचय-पृष्ठभूमि शीर्षकमा दुईवटा लेखहरू रहेको छन् । ती लेखहरूको विषयवस्तु यस प्रकार रहेको छ :

*परिचय-पृष्ठभूमि* शीर्षकमा समालोचनाको समान्य परिचय दिइएको छ । आज नेपाली साहित्य पनि विश्वसाहित्य साहित्यको स्तरनजिक पुगेको अवस्थामा नेपाली नेपाली साहित्यको छायाँ छिमेकी साहित्यमा पर्न नसकेको कुरालाई आत्मसात् गर्दै साहित्यको समालोचना गर्ने परिपाटी परम्परित रहेको कुरालाई भट्टराईले स्पष्ट पारेका छन् । आज हामी पश्चिमेली साहित्यको लेखन, चिन्तन र दर्शनबाट प्रभावित भएका छौँ । त्यसैले विश्वचेतना नहुने वा विश्वसाहित्यको रङ्गमञ्चमा तीव्र गतिले आइरहेका अनेकौँ हुरी र छालको ज्ञान नहुनेले वर्तमान नेपाली साहित्यको समीक्षा/समालोचना गर्न कठिन हुने भएकाले पाश्चात्य साहित्यको अध्ययन गर्नाले ती समस्याहरूको निराकरण गर्न सकिन्छ भन्ने ध्येयले यो पुस्तकमा पाश्चात्य साहित्यका वाद, आन्दोलनका साथै नेपाली साहित्यका आन्दोलन र विभिन्न वादमा आधारित कविताहरूको परिचय दिन लागिएको हो भनेर भट्टराईले भनेका छन् ।

*फ्रेन्च कला र साहित्यको आधुनिकतालाई योगदान* शीर्षकमा साहित्यमा आधुनिकताको जन्म पाश्चात्य साहित्यबाट भएको र आधुनिकतालाई भित्र्याउन साहित्यको भन्दा कलाको योगदान अझ बढी भएको सन्दर्भलाई कोट्याइएको छ । सबैजसो आन्दोलन र साहित्यिक मोडहरू कलाबाट सरेका हुन् भन्दै सबैको जन्मस्थल फ्रान्स रहेको कुरा स्पष्ट पारिएको छ । दुई पृष्ठका संरचित उक्त लेखमा कुनकुन वाद कलाबाट साहित्यमा विकास भएको हो भनेर समान्य चर्चा गरिएको छ ।

### (ङ) आन्दोलनकेन्द्री

यस खण्डमा आन्दोलनसम्बन्धी लेखमा *अतियथार्थवादी आन्दोलन* एक मात्र लेख रहेको छ । त्यसको विषयवस्तु यस प्रकार रहेको छ :

*अतियथार्थवादी आन्दोलन* शीर्षकमा मानिसका अवचेतन मनभित्र लुकिबस्ने अनगिन्ती वेगहरूलाई कला र साहित्यमा अभिव्यक्ति दिने फ्रान्समा १९२० देखि यो आन्दोलन जन्मिएको तथ्य प्रस्तुत गर्दै अतियथार्थवादी आन्दोलन जन्मिनुको कारण, यस आन्दोलनसँग सम्बन्धित कविहरू र यस आन्दोलनका विशेषताहरूलाई उक्त लेखमा स्पष्ट पारिएको छ । चार पृष्ठमा संरचित यस लेखमा अतियथार्थवादको विस्तार क्षेत्रको सामान्य चर्चासँगै नेपाली साहित्यमा मोहन कोइरालाद्व यस वादसँग सम्बन्धित भएका कवि हुन् भनी मोहन कोइरालाका कविताहरूको केही अंशसमेत उक्त लेखमा उदाहरण रूपमा प्रस्तुत गरिएको छ ।

यसरी यस प्रथम खण्डअन्तर्गत पाश्चात्य साहित्यका विभिन्न वाद, आन्दोलन र विभिन्नवादले पाश्चात्य साहित्यमा पारेको प्रभावको चर्चा गरिएको छ ।

## (२) खण्ड दुई

यस खण्डमा *अमेरिकी साहित्यको सङ्क्षिप्त परिचय* शीर्षकमा जम्मा चारवटा लेखहरू चर्चा गरिएको छ । यी लेखहरूमा पहिलो *परिचय र पृष्ठभूमि* शीर्षकमा रहेको छ

भने दोस्रो, तेस्रो र चौथो क्रमशः *आधुनिक कालको परिचय, आधुनिक अमेरिकी कविता* र *१९२० देखि १९५० को नव कविता* शीर्षकमा रहेका छन् । यी शीर्षकहरूमा प्रयुक्त भएको विषयवस्तु क्रमिक रूपमा निम्नलिखित रहेको छ :

*परिचय-पृष्ठभूमि* शीर्षकमा अमेरिका र बेलायत दुवै क्षेत्रमा अङ्ग्रेजी भाषाको प्रयोग भए तापनि यी दुवै स्थानका अङ्ग्रेजीहरू कतिपय शब्दमा वाक्यगठन र राष्ट्रिय साहित्यको निर्माणमा अन्तर देखिँदै आएको कुराका साथै अङ्ग्रेजी साहित्यको १५०० वर्ष लामो इतिहास छ भने अमेरिकी साहित्यको केवल पाँच सय वर्षको इतिहास मात्र रहेको भनी परिचय दिइएको छ । दुई पृष्ठमा संरचित यस लेखमा अमेरिकामा साहित्यको विकास कसरी भयो भन्नेबारे सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ ।

*आधुनिक कालको परिचय* शीर्षकमा आधुनिक अमेरिकी साहित्य भन्नाले प्रथम विश्वयुद्धका हाराहारीका र त्यसपछिका रचना कृतिहरू पर्दछन् भनी उल्लेख गरिएको छ । आधुनिक अमेरिकी साहित्यले विश्वसाहित्यलाई महत्त्वपूर्ण योगदान दिएको र विभिन्न साहित्यिक आन्दोलनमध्ये अमेरिकी पुनर्जागरण, अन्तर्ज्ञानवादी सम्प्रदाय, बिट पुस्ताका आन्दोलन, पलायनवादी समूह, नवसमालोचना, बिम्बवादी आन्दोलन, नारीवादी आन्दोलनजस्ता साहित्यिक अभियानहरूलाई जन्माउँदै आञ्चलिकता, पीतपत्रकारिता, अन्तर्राष्ट्रिय उपन्यासजस्ता धारणाहरूलाई पनि फैलाएको छ । १९३० देखि आजसम्ममा आठ जना अमेरिकी साहित्यकारहरूले नोवेल पुरस्कार ग्रहण गरिसकेका छन् भन्दै अमेरिकी साहित्य अति उन्नत, सशक्त र प्रभावकारी बन्न पुगेको कुरालाई यस लेखमा चर्चा गरिएको छ । मात्र दुई पृष्ठमा विस्तारित यस लेखको अन्त्यतिर नेपाली साहित्यमा पनि अङ्ग्रेजी साहित्यको पुनर्जागरण कालको प्रभाव परेको देखिन्छ भनी चर्चा गरिएको छ ।

*आधुनिक अमेरिकी कविता* शीर्षकमा १९१२ मा कविताप्रधान पत्रिका **पोएट्री** को प्रकाशन भएपछि अमेरिकी साहित्यमा आधुनिकता भित्रिएको कुरा उल्लेख गरिएको छ । सुश्री मुन्रोले सुरु गरेको उक्त पत्रिकाको सम्पादन पछाडि एमी लोवेलले गरेको चर्चा गर्दै विलियम बटलर यिट्स, एज्रा पाउन्ड, भ्यासेल लिन्डसे, डी. एच्. लरेन्स, टी. एस्. एलिअट, एड्गर ली मास्टर्स, रबर्ट फ्रस्टजस्ता विश्वप्रसिद्ध कविहरूले आफ्ना युगान्तकारी रचनाहरूको प्रकाशनबाट अमेरिकी साहित्य नयाँ मूल्य र मान्यताहरूलाई आत्मसात् गर्दै अगाडि बढेको कुरा उक्त लेखमा स्पष्ट पारिएको छ । पाँच पृष्ठमा विस्तारित उक्त लेखमा विभिन्न अमेरिकी साहित्यकारहरूले रचिएका कविताको चर्चा गर्दै कविताका उदाहरणबाट यो साहित्यमा रचिएका कविताहरूले विश्वमै प्रभुत्व जमाएको चर्चा गरिएको छ ।

*१९२०-१९५० को नवकविता* शीर्षकमा १९२० मा स्यान्डबर्ग, लिन्डसे र फ्रस्टजस्ता कविहरूले नवकविताको प्रथम प्रवाह सिर्जना गरी त्यसैमा प्रसिद्धि पाएको चर्चा गर्दै यस पुस्तामा एलिअट, हार्ट क्रेन, एज्रा पाउन्ड जस्ता व्यक्तित्वहरूले पनि चर्चा पाएको उल्लेख गरिएको छ । १९२४ मा मारियानीले प्रसिद्धि पाइन् भने १९२९ मा पुलित्जर पुरस्कारले कन्याड विभुषित भएपछि यो मान्यता नयाँ पुस्ताले लिएको चर्चा गरेका छन् । छ पृष्ठमा संरचित यस लेखमा १९२३ देखि १९२९ सम्ममा सर्वहारा कविताले स्थान पाएको चर्चा पनि गरिएको छ । व्यङ्ग्यकविताले पनि यस समयमा मान्यता पाएको चर्चा गरिएको छ भने युद्धका कविता पनि यस समयमा लेखिएको कुरा उल्लेख गरेका छन् । सङ्क्षिप्त रूपमा यस समयका कविताहरूका विशेषताको चर्चा पनि यस लेखमा गरिएको देखिन्छ ।

## (३) खण्ड तीन

यस खण्डको शीर्षक *नेपाली साहित्य : विभिन्न वाद र आन्दोलन* दिइएको छ भने २२ वटा लेखहरू यस खण्डभित्र समावेश भएका छन् । यस खण्डमा नेपाली साहित्यका विभिन्न विधाको चर्चा गर्दै ती विधामा भित्रिएको आधुनिकताको पनि उल्लेख गरिएको छ । नेपाली साहित्यको विषयलाई लिएर भएका आन्दोलनको चर्चा पनि यस खण्डअन्तर्गत गरिएको छ । यी विभिन्न विषयहरूलाई लिएर लेखिएका समालोचनात्मक लेखहरूलाई विषयका प्रकृतिका आधारमा निम्नलिखित रूपमा विभाजन गरिएको छ :




### (क) आन्दोलनकेन्द्री

यस भागमा आन्दोलनकेन्द्री लेखहरू *मोतीमण्डली, मकैपर्व, झर्रोवादी आन्दोलन, आयामेली आन्दोलन, लेकाली समूह, राल्फाली आन्दोलन, अस्वीकृत जमात, अमलेख, यङ राइटर्स फ्रन्ट, बुटपालिस, सडक कविता क्रान्ति, सर्वनाम (सडक नाटक अभियान), भोक कविता आन्दोलन, रङ्गकर्मीहरूको आरोहण मञ्च, तरलवाद, लीलालेखन, जनआन्दोलन २०४६ र साहित्यकार* र *केही नयाँ आन्दोलन* शीर्षकमा अठारवटा लेखहरू रहेका छन् । यी लेखहरूको विषयवस्तु यस प्रकार रहेको छ :

*मोतीमण्डली* शीर्षकमा मोतीराम भट्टको सक्रियतामा बनारसमा स्थापना भएर काठमाडौँसम्म प्रभाव फैँल्याउन सफल भएको मोतीमण्डलीको सामान्य परिचय प्रस्तुत गरिएको छ । एक मात्र पृष्ठमा आबद्ध यो लेखमा मोतीराम भट्टले आफ्ना समकालीन कविहरूलाई सङ्गठित गरी समस्यापूर्ति कवितापरम्परा चलाएको कुराको उल्लेख सङ्क्षिप्त रूपमा गरिएको छ ।

*मकैपर्व* शीर्षकमा १९७७ सालमा घटेको मकैपर्वको सङ्क्षिप्त परिचय दिइएको छ । कृष्णलाल अधिकारीद्वारा चलाइएको उक्त पर्वमा पं. साम्बभक्त सुवेदी र शम्भुप्रसाद ढुङ्गेल पनि सामेल थिए भनिएको छ । व्यङ्ग्यात्मक रूपमा चलाइएको उक्त पर्व घट्नुको कारण राणा शासनमा रहेका चन्द्र शमशेर र भीम शमशेरको नेपाली साहित्यलाई हेर्ने कुदृष्टि अन्त्य गर्नका लागि हो भनेर चर्चा गरिएको छ भने उक्त लेख दुई पृष्ठमा संरचित रहेको छ ।

*झर्रोवादी आन्दोलन* शीर्षकमा २०१३ सालमा बनारसमा नेपाली विद्यार्थीको सक्रियतामा जन्मेको आन्दोलनको परिचय दिइएको छ । हलन्त बहिष्कारपछिको आधुनिक कालको प्रथम आन्दोलनको रूपमा जन्मिएको यस आन्दोलनका आरम्भकर्ता ताना सर्मा, बालकृष्ण पोखरेल, बल्लभमणि दाहाल र अन्य साथीहरू थिए भनेर चर्चा गरिएको छ । नेपाली भाषाका ग्राम्य शब्दहरूको अपहेलना गर्नाले यो आन्दोलनको सुरुआत भएको कारण देखाउँदै झर्रोवादी आन्दोलनका विशेषताहरूलाई यस लेखअन्तर्गत चर्चा गरिएको छ । चार पृष्ठमा संरचित यस लेखमा यस आन्दोलनको विकासमा पुष्कर शमशेर, बालकृष्ण सम र महानन्द सापकोटाको समेत उल्लेख्य भूमिका रहेको कुरा जनाइएको छ । अन्त्यमा टिप्पणीसमेत दिइएको छ भने टिप्पणीमा यस शीर्षकअन्तर्गतका उद्धृतांश कति कुराहरू बल्लभमणि दाहालको **नेपाली भाषा र साहित्य**बाट लिइएको हो भनेर जनाइएको छ ।

*आयामेली आन्दोलन* शीर्षकमा २०२० सालमा दार्जिलिङमा इन्द्रबहादुर राई, वैरागी काइँला र ईश्वरबल्लभ त्रिमूर्ति मिलेर प्रतिपादन गरिएको आयामेली आन्दोलनको सङ्क्षिप्त परिचय दिइएको छ । चार पृष्ठमा संरचित यस लेखमा आयामेली आन्दोलनका विशेषताका साथै पाश्चात्य दर्शन, चिन्तन, प्रणाली, कला र सङ्गीतबाट प्रभावग्रहण गरी यो आन्दोलन चलाइएको हो भनी पुष्टि गरिएको छ । अन्त्यमा यो आन्दोलनबाट प्रभावित लेखकहरूको चर्चा गर्दै यस आन्दोलनको सिद्धान्तमा आधारित रचनाहरूको उल्लेख पनि यस शीर्षकअन्तर्गत गरिएको छ ।

*लेकाली समूह* शीर्षकमा २०२४ सालको वसन्तपञ्चमीका दिन स्थापना भएको २०२० देखि २०३० को दशकसम्म सक्रिय हुने नेपाली सङ्गीतकारहरूको समूहद्वारा खोलिएको लेकाली समूहको सङ्क्षिप्त परिचय दिइएको छ । यस समूहका सदस्यहरूमा उर्मिला श्रेष्ठ, नवीनकिशोर राई, न्हुच्छेबहादुर डङ्गोल, निर्मला श्रेष्ठ, कमला श्रेष्ठ, इन्द्रनारायण र शशि भण्डारी रहेका थिए भनेर चर्चा गरिएको छ । यो लेकाली समूहका विशेषताहरूमा गीतसङ्गीतमा नेपाली पन उतार्नु, लोकजीनवनको रन्को दिनु र लोकगीतलाई नौलो पाराले प्रस्तुत गर्नु रहेको कुराको चर्चा यस शीर्षकमा गरिएको छ । पाँच पृष्ठमा संरचित यस लेखअन्तर्गत यस समूहले रचना गरेका विभिन्न गीतहरू उदाहरणका रूपमा बीचबीचमा प्रस्तुत समेत गरिएका छन् ।

*राल्फाली आन्दोलन* शीर्षकमा २०२३ सालतिर पारिजात राल्फा, मञ्जुल राल्फा, निनु राल्फा, विमल राल्फा, नोरेम राल्फा, रायन राल्फा, अरिम राल्फा, शिसोम राल्फा आदिद्वारा चलाइएको आन्दोलन राल्फाली आन्दोलन हो भनी सङ्क्षिप्त परिचय दिइएको छ । यी युवाजगत्ले रेडियो नेपालको व्यवहारको विरूद्धप्रति उक्त आन्दोलन चलाएको कुराको चर्चा गर्दै यो आन्दोलनका विशेषताहरूलाई यस शीर्षकअन्तर्गत स्पष्ट पारिएको छ । पाश्चात्य साहित्यका विभिन्न सिद्धान्तहरूबाट प्रेरणा लिएर यो आन्दोलन चलाइएको थियो भनी चर्चा गरिएको यो लेख तीन पृष्ठमा संरचित रहेको छ ।

*अस्वीकृत जमात* शीर्षकमा कविताराम, शैलेन्द्र साकार, परशु प्रधान आदिद्वारा २०२६ सालमा चलाइएको अस्वीकृत जमातको सङ्क्षिप्त परिचय दिइएको छ । यस जमातसँग सम्बद्ध साहित्यकारहरूको नाम र यस जमातको विशेषतालाई यस शीर्षकअन्तर्गत दर्साइएको छ । छ पृष्ठमा संरचित यस लेखमा विभिन्न साहित्यकारका यस जमातसँग सम्बन्धित घोषणापत्रहरूको उल्लेख गरिएको छ । अन्त्यमा निष्कर्ष शीर्षकमा यो जमात पाश्चात्य साहित्यमा जन्मिएका दादावाद र भविष्यवाद एवम् भारतको अस्वीकृत साहित्यको नेपाली परिवेशअनुसारको रूपान्तरण हो भनेर पुष्टि गरिएको छ ।

*अमलेख* शीर्षकमा २०२६ सालमा कविहरू द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, मोहन कोइराला, मोहनहिमांशु थापा, रत्न शमशेर थापा, मदन रेग्मी, ध्रुवचन्द्र गौतम, भुवन कोइराला, पुरुषोत्तम बस्नेत र तारानाथ शर्माहरूद्वारा खोलिएको एउटा सङ्गठन अमलेख हो भनी यस सङ्गठनको सङ्क्षिप्त परिचय दिइएको छ । यसका विशेषताहरूको उल्लेख गर्दै यस सङ्गठनले **सिउँडी** पत्रिकाको प्रकाशन गरिएको चर्चा गरिएको छ । नेपाली साहित्यमा **सिउँडी**ले पारेको प्रभावको चर्चा गर्दै यो लेख तीन पृष्ठमा संरचित रहेको छ ।

*यङ राइटर्स फ्रन्ट* शीर्षकमा २०३१ सालमा मोहन घिमिरे, ध्रुव सापकोटा,, भाउपन्थी र शैलेन्द्र साकारको कार्यकारिणीमा २१ जनाजति युवाहरूले समसामयिक सङ्कलनको प्रकाशनमाथि तत्कालीन सरकारले लगाएको प्रतिबन्धको बिरुद्धमा खोलिएको साहित्यिक जमात यङ राइटर्स फ्रन्ट सङ्गठनको परिचय सङ्क्षिप्त रूपमा दिइएको छ । युगानुकुल

आवाजलाई अगाडि बढाउन खोलिएको यस सङ्गठनका उद्देश्यहरूमाथि प्रकाश पारिएको यो शीर्षक अत्यन्त छोटा मात्र एक पृष्ठमा विस्तारित लेख हो ।

*बुटपालिस* शीर्षकमा २०३१ साल असोज १२ गते शैलेन्द्र साकार, काशीनाथ तमोट, कविताराम, मोहन घिमिरे, तेज खरेल, ध्रुव सापकोटा, भाउपन्थी, विजय शर्मा, आनन्द जङ्गली, विनोद रिमाल, प्रेम कैदी, हरि न्यौपाने, नारायण ढकाल, भवानी घिमिरे, विश्वनाथ न्यौपाने, सन्तोष भट्टराई आदि युवा साहित्यकारहरूले असाहित्यिक क्षेत्रमा एउटा नौलो प्रयोग राजधानीस्थित हालको न्युरोडस्थित पीपलको बोटको अगाडि रमागृहको पेटीमा बसेर दिनभरि मानिसहरूका जुत्ता पालिस गर्ने काम गरेका थिए । त्यो कार्यलाई नै बुटपालिस भनेर नामाकरण गरिएको यस आन्दोलनको सङ्क्षिप्त परिचय दिइएको छ । यस आन्दोलनको प्रमुख अभिलक्षण 'युवालेखन प्रकाशनार्थ' भन्ने सूचना टाँसी अर्थ सङ्कलन गर्ने काम गरिएको कुराको चर्चा गरिएको छ । चार पृष्ठमा विस्तारित उक्त लेखमा युवासाहित्यकारमाथि पर्न आएको आघातलाई यस बुटपालिसले विरोध गरेको कुरासमेत स्पष्ट्याइएको छ । अन्त्यमा टिप्पणीसमेत दिइएको उक्त लेखमा भट्टराईले सो बुटपालिसको आन्दोलन प्रत्यक्ष देखेको र सो अनुभवलाई नै यहाँ प्रस्तुत गरेको कुरासमेत जनाएका छन् ।

*सडक कविता क्रान्ति* शीर्षकमा २०३६ सालको सडक कविता क्रान्तिको सङ्क्षिप्त परिचय दिइएको छ । २०२७ साल जेठ २७ गते उक्त आन्दोलनको सुरुआत भवानी घिमिरे, मोहन कोइराला, अशेष मल्ल आदिबाट गरिएको कुराको चर्चा गर्दै यस आन्दोलनले नेपाली साहित्यमा ठूलो परिवर्तन ल्याएको कुराको चर्चा गरिएको छ । पाँच पृष्ठमा संरचित यस लेखमा सडक कविता क्रान्तिले नेपाली साहित्यमा ल्याएको परिवर्तनको छटालाई स्पष्ट पारिएको छ ।

*भोक कविता आन्दोलन* शीर्षकमा २०४० सालमा झापाबाट भएको साहित्यिक आन्दोलनको नाम भोक कविता क्रान्ति रहेको थियो भनी यस आन्दोलनको सामान्य खाँका प्रस्तुत गरिएको छ । देशमा उन्नत विभिन्न आर्थिक समस्या, विसङ्गति, कुण्ठा र दमनबारे कविताको विषयवस्तु बनाइनु पर्ने मूल उद्देश्य यस आन्दोलनको थियो भनी यस लेखअन्तर्गत स्पष्ट पारिएको छ । भद्रपुरमा भोक कवि गोष्ठी सम्पन्न भन्ने उपशीर्षकमा २०४० साल असार ३१ गते भद्रपुरमा भएको कवि गोष्ठीको चर्चा गर्दै यस गोष्ठीमा सुनाइएका कविताहरूका केही अंश पनि यस लेखअन्तर्गत चर्चा गरिएको छ । पाँच पृष्ठमा विस्तारित यस लेखमा विभिन्न पत्रिकामा छापिएका भोक कविताहरूको लामो सूची समेत दिइएको छ । यस लेखको अन्त्यमा टिप्पणीमा यो लेख प्रथम संस्करणमा नभएको कुरा समेत जनाइएको छ ।

*सर्वनाम (र सडक नाटक अभियान)* शीर्षकमा पञ्चायतको शासनकालमा सत्ताधारीसामु आफ्नो बेग्लै अस्तित्व खडा गर्न केही युवारङ्गकर्मी मिलेर २०३८ साल चैत १८ गते खोलिएको सर्वनाम नामक नाट्यसंस्थाको परिचय सङ्क्षिप्त रूपमा दिइएको छ । अशेष मल्ल यस नाट्यसंस्थाका अगुवा थिए भने पहिलोपल्ट यस संस्थाले **सडकदेखि सडकसम्म** नामक प्रयोगात्मक सडक नाटक प्रदर्शन गराएको थियो भनी चर्चा गरिएको छ । दुई पृष्ठमा लेखिएको यस लेखमा सडक नाटकले नेपाली साहित्यको प्रबर्द्धनमा ठूलो योगदान दिएको चर्चासमेत गरिएको छ ।

*रङ्गकर्मीहरूको आरोहण मञ्च* शीर्षकमा २०३८ साल माघ १७ गतेका दिन आरोहण नाट्यपरिवारबाट जन्मिएको एक संस्था हो भनेर यसको सङ्क्षिप्त परिचय दिइएको छ । नाटक क्षेत्रमा शिक्षाप्राप्त केही युवाहरूद्वारा खोलिएको यस संस्थाको विशेषताहरूलाई

केलाउँदै यस संस्थाका अगुवा सुनील पोखरेलले नाटकको महत्त्वमाथि गरिएको टिप्पणीलाई यस शीर्षकअन्तर्गत चर्चा गरिएको छ । पाँच पृष्ठमा संरचित यस लेखमा यस संस्थासँग सम्बन्धित रङ्गकर्मीहरूको चर्चाका साथै यस संस्थासँग सम्बद्ध भएर नेपालभरि अन्य संस्थाहरू पनि खोलिएको जानकारी र तिनीहरूको नाम पनि उल्लेख गरिएको छ । बीचमा इब्सेनको नाटक पहिलो पल्ट नेपालीमा भनी उपशीर्षकमा **पुतलीको घर** नाटकको कथावस्तु सङ्क्षिप्त रूपमा दिइएको छ ।

*तरलवाद* शीर्षकमा २०४० साल वैशाख १ गते नौसूत्रीय घोषणापत्रसँगै जन्मिएको वादको नाम तरलवाद भनिएको छ । यस वादसँग सम्बद्ध साहित्यकारहरू तीर्थ श्रेष्ठ, फणीन्द्र नेपाल र विनय रावल रहेका छन् भनी चर्चा गरिएको छ भने यस वादलाई २०४६ सालमा तरलतावाद बनाएको चर्चा पनि गरिएको छ । संशोधित प्रथम घोषणापत्र शीर्षकमा तरलतावादको घोषणापत्रमा उल्लेख भएका बुँदाहरू प्रस्तुत गरिएको छ भने यो घोषणामा भएका बुँदाहरूको सङ्क्षिप्त रूपमा विश्लेषण गरिएको छ । तरलतावादका विशेषताहरूलाई सङ्क्षिप्त रूपमा चर्चा गरिएको यो लेख छ पृष्ठमा संरचित रहेको छ ।

*लीलालेखन* शीर्षकमा लीला आयामिक चिन्तक इन्द्रबहादुर राईको धारणा हो भन्दै इन्द्रबहादुरका आधारमा लीलालेखनको परिचय प्रस्तुत गरिएको छ । लीलालेखनको सिद्धान्तका प्रतिपादक इन्द्रबहादुर राईबाटै प्रयोगमा ल्याइएको **कठपुतलीको मन**को चर्चा गर्दै **कठपुतलीको मन**मा छापिएको लीलालेखनको घोषणापत्रलाई यथार्थ रूपमा यस लेखमा राखिएको छ भने यो लेख चार पृष्ठमा संरचित रहेको छ ।

*जन आन्दोलन २०४६ र साहित्यकारहरू* शीर्षकमा २०४६ सालको आन्दोलन केवल राजनैतिक मात्र नभएर साहित्यिक आन्दोलन पनि थियो भनी स्पष्ट पारिएको छ । यस आन्दोलनले नेपाली साहित्यमा ल्याएको परिवर्तनलाई त्यस बेलामा रचिएका विभिन्न साहित्यकारहरूका कविताहरूको उदाहरण दिँदै यस शीर्षकअन्तर्गत स्पष्ट पारिएको छ । त्यस बेला क्रान्तिकारी कविताको वाचनले आन्दोलनलाई थप ऊर्जा प्रदान गरिएको चर्चा गर्दै तत्कालीन शासकहरूको अत्याचारको विरोधमा छयालीस जना साहित्यकारहरूले निकालिएको प्रेस वक्तव्य र त्यस प्रेस व्यक्तव्यमा हस्ताक्षर गर्ने साहित्यकारहरूको नाम समेत लामो सूचीमा उक्त शीर्षकअन्तर्गत राखिएको छ । सात पृष्ठमा संरचित उक्त लेखमा प्रेस वक्तव्यले आन्दोलन चर्किंदै गएको थियो र केही साहित्यकारहरू गिरफ्तारसमेत भएको कुराको चर्चा गरिएको छ । प्रगतिशील लेखकसङ्घ र जनसाहित्य मञ्चले पनि यस आन्दोलनथाई थप टेवा पुऱ्याएको चर्चासमेत यसै लेखमा गरिएको छ ।

*केही नयाँ आन्दोलन शीर्षकमा* २०४५ देखि आजसम्ममा केही साहित्यिक आन्दोलनहरू भइसकेका छन् भन्दै तिनीहरूको चर्चा केही उपशीर्षकमा गरिएको छ । ती उपशीर्षकहरूमध्ये पहिलो शीर्षक *संरक्षण कविता आन्दोलन* रहेको छ । यो आन्दोलन पोखराबाट सरुभक्तको अगुवामा भएको कुरा उल्लेख गरिएको छ । दोस्रो उपशीर्षक *नारी साहित्य प्रतिष्ठान* रहेको छ । यस शीर्षकमा २०५६ सालमा नारीका हतहितको संरक्षण, नारीसिर्जना र उनीहरूको मूल्याङ्कन नारी सापेक्षताका आधारमा गरिनु पर्दछ भनी अगि बढेका नारी साहित्य प्रतिष्ठानको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ । तेस्रो उपशीर्षक *सिर्जनशील अराजक समूह* रहेको छ । २०५८ सालमा हाङ्युग अज्ञात, राजन मुकारुङ र केही साथीहरूले वैचारिक अनेकानेक, सांस्कृतिक वैविध्य, नश्लीयताबोध, कवित्व निस्सीमता र सिर्जनात्मक निर्णय मान्यता लिई खोलेका आन्दोलनको नाम नै सिर्जनशील अराजक समूह रहेको कुराको जानकारी उक्त लेखमा दिइएको छ । चौथो उपशीर्षक *चक्रव्यूह सञ्चेतना* रहेको छ । २०६० सालमा एच्. बी भण्डारी 'प्रभात', सुरेश हाचेकाली र दुर्गाप्रसाद

पोखरेलद्वारा काठमाडौँमा समालोचनाको परम्परामा एउटा नौलो दृष्टिकोण स्थापित हुनुपर्ने धारणा लिई खोलिएको आन्दोलनको नाम नै चक्रव्यूह सञ्चेतना रहेको कुरा उल्लेख गरिएको छ । यसका विशेषताहरूलाई पनि यस उपशीर्षकमार्फत् सङ्क्षिप्त रूपमा स्पष्ट पारिएको छ ।

**(ख) नेपाली साहित्यकेन्द्री**

नेपाली साहित्यकेन्द्री लेखहरू *नेपाली साहित्यमा आधुनिकता र मूल्याङ्कनको प्रश्न, नेपाली साहित्यमा केही सङ्गठन र आन्दोलनहरू* र *नेपाली कला र साहित्य* शीर्षकमा तीनवटा रहेका छन् । यी लेखहरूको विषयवस्तु यस प्रकार रहेको छ :

*नेपाली साहित्यमा आधुनिकता र मूल्याङ्कनको प्रश्न* शीर्षकमा पाश्चात्य साहित्यमा उत्पन्न भएका विभिन्न वाद र प्रणालीले नेपाली साहित्यमा प्रवेश गर्दै मोतीराम भट्ट पाश्चात्य साहित्यलाई नेपाली साहित्यमा भित्र्याउने प्रथम प्रयोक्ता हुन् भनेर उल्लेख गरिएको छ । स्व. पहलमानसिंह स्वाँरको **अटलबहादुर** नाटकले पाश्चात्य नाटकको सिद्धान्तलाई आत्मसात् गरेको कुरा उल्लेख गर्दै स्व. ऋद्धिबहादुर मल्लले अनुवाद विधालाई पाश्चात्य साहित्यबाट नेपाली साहित्यमा ल्याएको चर्चा गरिएको छ । समालोचना विधा रामकृष्ण शर्माले र तुलनात्मक साहित्यको अध्ययन यदुनाथ खनालले पाश्चात्य साहित्यबाट नेपाली साहित्यमा ल्याएका हुन् भनी चर्चा गरिएको छ । यसै गरी देवकाटा र समले पाश्चात्य ज्ञानको स्रोतलाई आत्मसात् गरी नेपाली साहित्यमा कलम चलाएको चर्चा पनि उक्त लेखमा गरिएको छ । सात पृष्ठमा विस्तारित उक्त लेखमा पाश्चात्य साहित्यबाट नेपाली साहित्यमा परेको प्रभावको निरूपण गर्दै अन्त्यमा नेपाली साहित्यमा उत्कृष्ट समीक्षकहरूको खाँचो भएको कुरालाई औँल्याइएको छ ।

*नेपाली साहित्यमा केही सङ्गठन र आन्दोलनहरू* शीर्षकमा विश्वका साहित्यकारहरू अनैकौं प्रयोग र आन्दोलनमा पसेर परम्पराको परीक्षणमा खारिएर आजको अवस्थामा आइपुगेका छन् । नेपाली साहित्यमा पनि यस्ता आन्दोलनहरू बारम्बार भइरहेको कुराको चर्चा गरिएको छ । दुई पृष्ठमा विस्तारित यस लेखमा अगाडि वर्णन गरिने आन्दोलनको पृष्ठभूमिलाई सङ्केत गरिएको छ ।

*नेपाली कला र साहित्य* शीर्षकमा कला र साहित्यका बीच अन्योन्याश्रित सम्बन्ध रहेको कुरालाई स्पष्ट पार्न खोजिएको छ । पूर्वीय संस्कृतिमा आफ्नै खाले अन्तर्ज्ञानबाट र रहस्यवादसँग आध्यात्मिकता मिसिएकाले गर्दा कला र साहित्यका पक्षबीच हार्दिक समन्वयको अभाव देखिए तापनि कला र साहित्य भनेका एउटै शरीरका देब्रे र दाहिने गोडा हुन् भनेर कला र साहित्यलाई स्पष्ट पारिएको छ । चार पृष्ठमा संरचित उक्त लेखमा २०४८ सालमा सुप्रसिद्ध कलाकार मनुजबाबु मिश्रसँगको भट्टराईले गरेको तीन घन्टा लामो वार्तालापको सारसङ्क्षेपलाई प्रस्तुत गरिएको छ ।

**(ग) कविताकेन्द्री**

कविताकेन्दी *नेपाली कविता : एक विहङ्गम दृष्टि* शीर्षकमा एउटा मात्र लेख रहेको छ । यस लेखको विषयवस्तु यस प्रकार रहेको छ :

*नेपाली कविता : एक विहङ्गम दृष्टि* शीर्षकमा नेपाली कविताको कालविभाजनको चर्चा गर्दै मोहनराज शर्मा र डा. दयाराम श्रेष्ठको काल विभाजनको रेखाङ्कनलाई प्रस्तुत गरिएको छ । यस रेखाङ्कनमा आधारित भएर वीरकाल, भक्तिकाल, श्रृङगारकाल, नव्यकाल, २००७-०१७ को सन्धिकाल, केही समकालीन स्वरहरू र उतातिर शीर्षकमा

सङ्क्षिप्त नेपाली कविताको परिचय दिइएको छ । नेपाली कविता साहित्यका क्षेत्रमा आएका मोड तथा परिवर्तनहरूको चर्चा गर्दै यी कालहरूमा विभिन्न कविहरूले दिएको योगदानको चर्चा पनि यस शीर्षकअन्तर्गत गरिएको छ । सत्र पृष्ठमा संरचित यस लेखमा आजसम्म नेपाली साहित्यअन्तर्गत कविता विधामा देखिएका प्रवृत्ति, विशेषता र कविहरूको उल्लेख सपाट रूपमा गरिएको छ ।

## (४) खण्ड चार

यस खण्डमा *अन्य आधुनिक साहित्य : एक सर्वेक्षण* मूल शीर्षकमा जम्मा चारवटा *आधुनिक नेवारी कविता, आधुनिक मैथिली कविता, आधुनिक किराती कविता* र *आधुनिक हिन्दी कवितामा केही आन्दोलनहरू* शीर्षकका समालोचनात्मक लेखहरू समाविष्ट गरिएका छन् । यी लेखहरूको विषयवस्तु निम्नलिखित रूपमा रहेको छ :

*आधुनिक नेवारी कविता* शीर्षकमा नेपाली भाषाको प्रथम अभिलेखको नमुना वि. सं. १११४ को एक ताडपत्रलाई मान्दै यस भाषाको प्रथम ग्रन्थ १३७४ को **हरमेखा** हो भनेर चर्चा गरिएको छ । यसरी विकसित हुँदै आएको नेवारी साहित्यको सुरुआत भने १५१८ देखि मानिएको छ भने १५७० देखि आजसम्मको समयवधिमा नेवारी साहित्यलाई चार कालमा विभाजन गरी देखाइएको छ । नौ पृष्ठमा संरचित लेखमा नेवारी साहित्यको विकासको अवस्थाका साथै विभिन्न कालसँग सम्बन्धित भएका नेवारी साहित्यका साहित्यकारहरूको परिचयको पनि चर्चा गरिएको छ ।

*आधुनिक मैथिली कविता* शीर्षकमा रामभरोस कापडीका अनुसार मैथिली साहित्यको लेखनलाई चार कालमा विभाजन गर्दै **वर्षरत्नाकर** यस भाषाको आदिग्रन्थका रूपमा चर्चा गरिएको छ । ई. ७५० देखि आजसम्मको मैथिली भाषाको विकास एवम् त्यस भाषासँग सम्बन्धित काव्य-कविताहरूको चर्चा पनि यहाँ गरिएको छ । पाँच पृष्ठमा संरचित उक्त लेखमा मैथिली साहित्यसँग सम्बन्धित कविहरूको सूचीका साथै विभिन्न कालमा पत्रपत्रिकामा छापिएका मैथिली भाषाका कविताहरूको चर्चा पनि गरिएको छ ।

*आधुनिक किराँती कविता* शीर्षकमा किराती भाषाको चर्चा गर्दै राई र लिम्बू यस भाषाका उपभाषिका हुन् भनी चर्चा गरिएको छ । **पञ्चायत स्मारिका**मा दिइएको किराँती भाषाको परिचयलाई यथार्थ रूपमा प्रस्तुत गर्दै यस भाषासँग सम्बन्धित कवि र काव्य-कविताको सङ्क्षिप्त परिचय पनि यहाँ गरिएको छ । छ पृष्ठमा संरचित यस लेखमा किराती भाषाको महत्त्वका साथै किराती भाषासम्बन्धी पत्रपत्रिकाको प्रकाशनका बारेमा पनि चर्चा गरिएको छ ।

यस पुस्तक वा खण्ड चारको अन्तिम लेख *आधुनिक हिन्दी कवितामा केही अन्दोलनहरू* शीर्षकको रहेको छ । यस लेखमा आधुनिक हिन्दी काव्यचेतनाको इतिहास १८५० देखि प्रारम्भ भएको भन्दै हिन्दी साहित्यको कालक्रमलाई तीन चरणमा विभाजित गरिएको छ । यसरी नै अभ्युदय युगअन्तर्गत छायाँवाद, प्रगतिवाद, प्रयोगवाद, नयाँ कविता, साठोत्तरी कविता, समकालीन कविता आदिलाई समयको मापदण्डका आधारमा छुट्याउँदै हिन्दीमा प्रयोगवादी कविता १९४३ देखि **तारसप्तक** पत्रिकाको प्रकाशनबाट प्रारम्भ भएको कुरालाई स्पष्ट पारिएको छ । प्रयोगवादी कवि र तिनका काव्य-कविताको चर्चा सङ्क्षेपमा गरिएको छ । यसै शीर्षकअन्तर्गत *अकविता* उपशीर्षकमा १९६३ जगदीश चतुर्वेदीले **प्रारम्भ** काव्यसङ्ग्रह सङ्कलित गरेर अकविता आन्दोलन चलाएको चर्चा पनि सङ्क्षिप्त रूपमा गर्दै केही अकविताहरूको उदाहरणसमेत दिइएको छ । दोस्रो उपशीर्षक *सहज कविता* रहेको छ र यसको स्थापना १९६७ मा डा. रवीन्द्र भ्रमरले गरेका हुन् भन्दै यसका विशेषताहरूलाई

अतिसङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । तेस्रो उपशीर्षक *१९६० को दशकपश्चात्* रहेको छ भने १९६० को दशकपश्चात् कविहरू आक्रोश, व्यङ्ग्य, वस्तुस्थितिसँगको सीधैँ साक्षात्कारको विचार पोख्न थालेको चर्चा गरिएको छ । यस लेखमा अर्को उपशीर्षक *विचार कविता* रहेको भने यो आन्दोलन १९७३ मा **सञ्चेतना** पत्रिकाबाट सूत्रपात भएको चर्चा गरिएको छ । वलदेव वंशीद्वारा **समकालीन कविता : विचार कविता** सम्पादन भएपछि यस आन्दोलनले विकासको गति प्राप्त गरेको चर्चा गरिएको छ । छ पृष्ठमा संरचित यस लेखमा अन्त्यमा यी आन्दोलनको सन्दर्भसूची दिइएको छ ।

## ३. भाषाशैलीय विन्यास

यस कृतिको भाषामा सरलता र स्पष्टता भएकाले कठिन एवम् जटिल कुरा बुझ्न गाह्रो पर्दैन । यसमा पाश्चात्य साहित्यका विभिन्न सिद्धान्त एवम् नेपाली साहित्यमा चलेका साहित्यिक आन्दोलनको परिचय सङ्क्षिप्त एवम् स्थूलमा चर्चा गरिएको छ । यो कृति खोजअनुन्धानमूलक रहेको छ । कृतिका लेखमा प्रयुक्त भएका कुराहरूलाई पुष्टि गर्नका लागि फुटनोटको प्रयोग गरिएको भए तापनि फुटनोट राख्ने विधिमा चाहिँ फुटनोटको नियम अँगालिएको छैन । लेखका अन्त्यमा टिप्पणी एवम् सन्दर्भसूचीसमेत प्रस्तुत गरी लेखहरूमा प्रयुक्त भएका कुरालाई सकेसम्म पाठकलाई दर्साइएको छ । कृतिमा प्रयुक्त भाषा सपाट, गम्भीर, चिन्तनयुक्त रहेको छ । पाश्चात्य साहित्यका विभिन्न कृतिहरूका साथै नेपाली साहित्यका विभिन्न कृतिहरूबाट कतिपय सिद्धान्तहरूमा सिद्धान्तको परिभाषा, वादको घोषणापत्र, आन्दोलनका घोषणापत्र यथार्थ रूपमा राखिदिएर पाठकहरूलाई अध्ययन-विश्लेषण गर्न सजिलो बनाइएको छ । सैद्धान्तिक मापदण्डहरूको चर्चा गरिएको यो कृतिमा पाश्चात्य साहित्य एवम् नेपाली साहित्यबारे सङ्क्षिप्त चर्चा र बीचबीचमा टिप्पणी गर्नुजस्ता विशेषताले भट्टराई यहाँ केही वस्तुवादी समालोचकका रूपमा देखिए पनि मूल रूपमा प्रभाववादी समालोचक हुन् । यस कृतिको भाषा विश्लेषणात्मक एवम् विवरणात्मक रहेको छ । कृतिमा अन्य भाषाका कविता, गीत आदिलाई नेपालीमा अनुवाद गरेर देखाइएकोले भट्टराईको अनुवादक व्यक्तित्व पनि केही मात्रामा यहाँ झल्किएको देखिन्छ । बीचबीचमा आन्दोलन, सिद्धान्त एवम् वादको चर्चा गर्ने क्रममा त्यस सिद्धान्त, वाद र आन्दोलनसम्बन्धी कविता, काव्य आदिको उदाहरण दिएर कृतिलाई सकेसम्म वस्तुवादी बनाउन खोजिएको छ । समालोचनात्मकहरूमा विषयवस्तुको तटस्थ रूपमा वर्णन नगरी आफ्नो धारणालाई पनि समावेश गरिएको छ । समग्रमा यस कृतिको भाषाले सरलता, सुबोधता र स्पष्टता आदि विशेषताहरू बोकेको देखिन्छ ।

## ७.३ 'आख्यानको उत्तरआधुनिक पर्यावलोकन' कृतिको विश्लेषण

## १. परिचय

**आख्यानको उत्तरआधुनिक पर्यावलोकन** कृति रत्न पुस्तक भण्डारबाट प्रथमपटक २०६१ सालमा प्रकाशित भएको कृति हो । डा. दयाराम श्रेष्ठद्वारा लिखित 'मन्तव्य' दिइएको लेख भूमिका अगाडि रहेको छ भने सनत रेग्मीद्वारा 'भूमिका' लेखिएको छ । आकारप्रकारका दृष्टिले लघु आकारको देखिने प्रस्तुत कृति ७९ पृष्ठमा संरचित रहेको छ । आवरण पृष्ठमा आधाभागमा अमूर्त चित्र कोरिएको छ भने आधाभागमा सेतो रङमा बैजनी अक्षरले **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** लेखेर कृतिको नामकरण गरिएको छ । अन्त्यमा सेतो रङमा नै कृतिलेखकको नाम दिइएको छ । दुई भागमा विभाजित प्रस्तुत कृतिको पहिलो भागलाई खण्ड एक मानिएको छ । यस खण्डको शीर्षक *आख्यानको उत्तरआधुनिक पर्यावलोकन* रहेको छ भने यस खण्डमा १४ वटा शीर्षकहरूमा धुवचन्द्र गौतमका २०५५

सालयताका प्रकाशित केही कथाउपर गरिएको समीक्षात्मक अवलोकन रहेको छ । यो भाग ४९ पृष्ठमा विस्तारित रहेको छ । खण्ड दुई *आख्यानको उत्तरआधुनिक पर्यावलोकनमाथि आख्यानकारको उपस्थिति* शीर्षकमा २६ वटा प्रश्नोत्तर सामेल गरिएको छ । यस खण्डमा भट्टराईले ध्रुवचन्द्र गौतमसँग लिएको प्रत्यक्ष अन्तर्वार्तालाई २९ पृष्ठमा संरचित गरेर प्रस्तुत गरेका छन् । यसरी संरचित भएको प्रस्तुत कृतिको मूल्य रु ९५।- रहेको छ ।

## २. विषयवस्तु

**खण्ड एक**अन्तर्गत १४ वटा शीर्षकमा ध्रुवचन्द्र गौतमका कथाका प्रवृत्ति, संरचना, कारकतत्त्व, पात्र, पस्तुति, प्रतीक, बिम्ब, भाषाप्रयोग आदि विषयवस्तुलाई सङ्क्षेपमा विश्लेषण गर्ने काम गरिएको छ भने खण्ड दुईमा गोविन्दराज भट्टराईले ध्रुवचन्द्रसँग लिएको प्रत्यक्ष अन्तर्वार्तालाई समावेश गरिएको छ ।

**(१) खण्ड एक**

यस खण्डमा रहेका शीर्षकहरूको विषयवस्तु निम्नलिखित रूपमा रहेको छ :

*परिचय* शीर्षकमा प्रस्तुत कृतिमा रहेको विषयवस्तुको जानकारी दिइएको छ । ध्रुवचन्द्र गौतमका २०५५ सालयताका केही कथाउपर गरिएको समीक्षात्मक अवलोकन नै यस कृतिको विषयवस्तु रहेको जानकारी दिइएको प्रस्तुत परिचयमा भुमन्डलीकृत परिस्थितिका लेखक ध्रुवचन्द्र गौतम वर्तमान समयका समस्त मानव नियतिका प्रस्तोता र व्याख्याता हुन् भन्दै उनका विशेषताहरूलाई सङ्क्षेपमा स्पष्ट पारिएको छ । ध्रुवचन्द्र गौतमको कथाकारितालाई अन्य कथाकारहरूको प्रवृत्तिभन्दा भिन्न देखाउनलाई उनका कथाका तत्त्वहरूको विश्लेषण गर्न लागिएको कुरा पनि यस परिचयअन्तर्गत दर्साइएको छ ।

*टेक्नोकल्चर अर्थात् सार्विक परिवेश* शीर्षकअन्तर्गत विज्ञान र प्रविधिले किचेको यान्त्रिक समाजमा बनेको संस्कृति नै टेक्नोकल्चर हो भन्दै गौतमले लेखेका कतिपय कथाहरू यस टेक्नोकल्चरभित्र पर्दछन् भनी चर्चा गरिएको छ । उनका कथाहरू नागरी सभ्यतालाई केन्द्र बनाएर परम्पराबाट फुक्लिसकेका छन् । एक्काइसौँ शताब्दीको अजिङ्गरको मुखमा परिसकेका छन् । मानिसलाई निकृष्ट पार्ने तत्त्वहरू *सन्न्यास, मुक्ति, उक्लेको, हेल्लुस, बाँस* आदि कथामा झल्किएका छन् भनी यी कथाहरूको सङ्क्षेपमा विषयवस्तुको चर्चा यस शीर्षकअन्तर्गत गरिएको छ ।

*स्थानिक परिवेश* शीर्षकअन्तर्गत गौतमका केही कथाहरूको परिवेशलाई प्रस्तुत गरिएको छ । मूल रूपमा काठमाडौँ सहरलाई केन्द्रित बनाएर लेखिएका कथाहरू *साठी वर्षमा हृदयघात, सन्न्यास, मुक्ति, उल्केको, हेल्लुस, बाँस, जीवाश्म* आदि रहेका हुन् भन्दै यी कथाहरूको परिवेशको चर्चा सङ्क्षेपमा गरिएको छ । दुई पृष्ठमा विस्तारित यस शीर्षकमा कथा रचिनाका मूल कारणहरूको परिचय पनि दिइएको छ ।

*संरचनागत नवीनता* शीर्षकमा उनका केही कथाको आङ्गिक विकासको चर्चा गरिएको छ । संरचनागत आधारमा गौतमका केही कथाहरूमा आदि, मध्य र अन्त्यको संरचना चुडिएको प्रसङ्गलाई *अल्झो, निरङ्कुश, जीवाश्म, हेल्लुस* आदि कथाहरूको कथानक प्रस्तुत गरी प्रस्ट पारिएको छ । दुई पृष्ठमा विस्तारित यस शीर्षकमा गौतमका कथाहरूको संरचनात्मक अध्ययन गरिएको छ ।

*पात्र प्रस्तुति* शीर्षकमा गौतमका कथाका पात्रहरू कसरी प्रस्तुत गरिएको छ भनी चर्चा गरिएको छ । उनका कथाका पात्रहरूका विशेषता तुलनीय रहेका देखिन्छन् । कथामा पुरुष पात्रको प्रधानता रहेको देखिन्छ । *साठी वर्षमा हृदयघात, सन्न्यास, हेल्लुस बाँस,*

*दुर्घटनामा न्याय* आदि कथाहरूको उदाहरण दिँदै यी कथामा प्रयुक्त पुरुष पात्रहरूको प्रस्तुतिको चर्चा सङ्क्षेपमा गरिएको छ । दुई पृष्ठमा विस्तारित यस शीर्षकमा सङ्क्षेपमा गौतमका पात्रहरूका विशेषताहरूलाईसमेत स्पष्ट पारिएको छ ।

*असम्बेद्यता* शीर्षकमा गौतमका पात्रहरूको मनोदशाको चर्चा गरिएको छ । गौतमका पात्रहरू संवेदनाहीन छन् । ती पात्रहरूको मनमा माया छैन, प्रेम छैन, करुणा छैन । एकको कष्टमा अरु दुःखित हुने, रुने, कराउने स्थिति छैन भन्दै *साठी वर्षमा हृदयाधात, सन्न्यास, उक्लेको, हेल्लुस, जीवाश्म, निरङ्कुश, काफ्काको कीरो बधशालामा* आदि कथामा प्रयुक्त भएका पात्रहरूको मनोदशालाई सङ्क्षिप्त रूपमा परिचय गराइएको छ । एक पृष्ठमा उक्त शीर्षक विस्तारित रहेको छ ।

*एकाकीपन* शीर्षकमा गौतमका पात्रहरूको अनुभवलाई चर्चा गरिएको छ । गौतमका पात्रहरू मनोरोगले पीडित रहेका छन् । पात्रहरूमा विश्वास छैन । मानिस परिवारबाट अलग भएपछि उसको समाजप्रति विश्वास समाप्त हुँदै जान्छ र सहाराविहीन अवस्थामा पुगेजस्ते गौतमका कथाका पात्रहरू पनि यस्तै हालतमा आफ्नो जीवनयापन गरिरहेका छन् भन्ने कुरालाई स्पष्ट पारिएको छ । चार पृष्ठमा संरचित यस शीर्षकमा *साठी वर्षमा हृदयाघात, मुक्ति, उक्लेको, हेल्लुस, सन्न्यास, बाँस* आदि कथामा प्रयुक्त पात्रबाट उक्त कुराको पुष्टि गरिएको छ ।

*मानवीय सम्बन्ध* शीर्षकमा गौतमका कथामा प्रयुक्त पात्रहरूमा मानवीय सम्बन्ध समाप्त भएको चर्चा गरिएको छ । मान्छेमान्छेका बीचमा सम्बन्ध भावनात्मक नभएर यान्त्रिक रहेको कुरालाई *साठी वर्षमा हृदयाघात, सन्न्यास, मुक्ति, उक्लेको, हेल्लुस, बाँस, जीवाश्म, कथान्त-१, २, न्याय, निरङ्कुश, काफ्काको कीरो बधशालामा* आदि कथाको उदाहरण र तिनको परिस्थितिको चर्चा गरिएको छ । पाँच पृष्ठमा उक्त शीर्षकलाई चर्चा गरिएको छ ।

*कारक तत्त्वहरू* शीर्षकमा गौतमको जीवनदर्शनको बारेमा चर्चा गरिएको छ । अस्तित्ववादी र विसङ्गतिवादी चेतले ढाकिएको गौतमको जीवनदर्शनका कारकतत्त्वहरू निराशा, व्यर्थताबोध र एकाकीपन, त्यसबाट उत्पन्न हुने जीवनप्रतिको मोहभङ्ग, जगत्को उपहास, मृत्युबोध र मृत्युको खोजी रहेको कुरा जनाइएको छ । यस शीर्षकअन्तर्गत चारवटा उपशीर्षकहरू रहेका छन् । ती मध्ये पहिलो उपशीर्षक *अभाव, गरिबी र बेरोजगारी* रहेको छ । यस उपशीर्षकमा गौतमका कथाका पात्रहरू बेरोजगारी, गरिबी तथा अभावले पिल्सिएका छन् भन्दै *साठी वर्षमा हृदयाघात, सन्यास, मुक्ति, उक्लेको, हेल्लुस, बाँस, जीवाश्म, अल्झो, निरङ्कुश, काफ्काको कीरो बधशालामा* आदि कथाका पात्रहरूलाई उदाहरण दिँदै स्पष्ट पारिएको छ । यस शीर्षकको अर्को उपशीर्षक हो *राजनीति/प्रजातन्त्र/नेता* । यस उपशीर्षकमा गौतमका कथामा प्रयुक्त पात्रहरूले राजनीति वा राज्यव्यवस्थालाई जडवत्सूत्र अमानवीयतातन्त्रको रूपमा मानेका छन् भनेर चर्चा गरिएको छ । यो कथनलाई *सन्न्यास, मुक्ति, जीवाश्म, उक्लेको* आदि कथाका पात्रहरूको भनाइबाट पुष्टि गरिएको छ । अर्को उपशीर्षक *मूल्य विघटन*मा गौतमका कथाले मूल्य, मान्यता, संस्कृतिको लोप भएको कुरालाई देखाएका छन् भन्दै *जीवाश्म, अल्झो, दुर्घटनामा न्याय, काफ्काको कीरो बधशालामा* आदि कथाका माध्यमबाट स्पष्ट पारिएको छ । अर्को उपशीर्षक *आर्थिक परिवेश*बाट यी सबैको मूल कारकतत्त्व भनेको राष्ट्रिय अर्थतन्त्र रहेको र यी कारणले सम्पूर्ण मूल्यमान्यताहरूको स्खलित भई उराठलाग्दो र विसङ्गतिपूर्ण जीवनयापन गर्न मानिसहरू बाध्य हुनुपरेको स्थितिलाई नै गौतमका कथाले देखाउन खोजेको मूल उद्देश्य हो भनेर स्पष्ट पारिएको छ ।

*विभिन्न प्रतीकहरू* शीर्षकमा गौतमका कथाहरूमा निश्चित प्रकारका प्रतीकहरूको प्रयोग भएको छ भन्दै त्यस्ता प्रतीकहरू भोक, वस्त्र, जुत्ताभिज्नु, पैसा आदि रहेका छन् भनी चर्चा गरिएको छ ।

*केही टेक्निक* शीर्षकमा अन्य कथाकारहरूभन्दा ध्रुवचन्द्र गौतमको कथाकारितामा केही भिन्न विशेषता रहेको कुरालाई स्पष्ट पारिएको छ । गौतम आफ्नै देशकाल परिस्थितिभित्र सीमाबद्ध भएर कथा लेख्ने कथाकार हुन् । अरूको भाषामा नै कथा लेखे तापनि अनेकौं व्यक्तिगत विशेषताले गर्दा अरू कथाकारहरूको भन्दा यिनको कला, शिल्प र दृष्टिकोण टड्कारो रूपमा छुटिन्छ । गौतमलाई अरूबाट छुट्याउने टेक्निकहरू कथाको आकस्मिक अन्त्य, फ्यान्टासी र मिथकको सिर्जना तथा श्याम व्यङ्ग्यको प्रयोग रहेको चर्चा यस शीर्षकअन्तर्गत गरिएको छ । यी टेक्निहरूको उदाहरण *जीवाश्म, कथान्त १, २, हेल्लुस, निरङ्कुश, काफ्काको कीरो बधशालामा* कथाबाट पुष्टि गरिएको छ भने यो शीर्षक तीन पृष्ठमा संरचित रहेको छ ।

*अद्‌भुत प्रयोग* शीर्षकमा ध्रुवचन्द्र गौतमका *हेल्लुस, निरङ्कुश* र *काफ्काको कीरो बधशालामा* कथामा गरिएको अद्‌भुत प्रयोगको चर्चा गरिएको छ ।

*भाषाप्रयोग* शीर्षकमा गौतमको भाषा समकालिक, बोलीचालीमा आधारित, संवादात्मक, पात्रहरूको स्तर, योग्यता, ज्ञान र उचाइको रहेको कुरा स्पष्ट पारिएको छ । अधिकांश कथा गौतमले आत्मकथ्यको शैलीमा लेखेका छन् भन्दै भाषामा व्यङ्ग्यात्मकता तीव्र रूपमा रहेको कुरालाई पनि स्पष्ट पारिएको छ । सूक्तिपरक बोली, कथ्यबोली, वाक्यहरू छोटाछोटा, सबै कथामा भूतकालको वर्णन आदि गौतमका भाषागत विशेषताहरूको चर्चा पनि सङ्क्षिप्त रूपमा गरिएको छ ।

*अन्त्यमा* शीर्षकमा गौतमका कथा संरचनात्मक दृष्टिले अपरम्परित, पात्रविधानका दृष्टिले नवीनता, शैलीगत दृष्टिले मौलिकता, जीवनदृष्टि वैश्विक परिवेशसँग मिल्ने अत्याधुनिक प्रवृत्ति र प्रयोगको प्रवाह बोकेका छन् भन्दै गौतमले आख्यानजगत्‌मा दुईवटा स्थापना विरोध र नवकेन्द्रको निर्माणद्वारा क्रान्ति ल्याउने काम गरेका छन् भनी स्थापना विरोध र नवकेन्द्रको बारेमा विश्लेषण गरिएको छ ।

यसरी यस खण्ड एकमा ध्रुवचन्द्र गौतमका कथामा प्रयुक्त नवीन धारणाहरूलाई उदाहरण दिँदै भट्टराईले स्पष्ट पारेका छन् ।

(२) **खण्ड दुई**

**खण्ड दुई**अन्तर्गत ध्रुवचन्द्र गौतमसँग भट्टराईले लिएको प्रत्यक्षअन्तर्वार्ता प्रश्नोत्तर रूपमा राखिएको छ । यस खण्डको शीर्षक *आख्यानको उत्तरआधुनिक पर्यावलोकनमाथि आख्यानकारको उपस्थिति* रहेको छ । यसमा जम्मा छब्बीस वटा प्रश्न र ती प्रश्नहरूको उत्तर रहेको छ भने यो २८ पृष्ठमा विस्तारित रहेको छ । यस अन्तर्वार्तामा आख्यानमा उत्तरआधुनिक प्रयोग गर्नुको गौतमको उद्देश्यलाई स्पष्ट पार्दै वर्तमान कथाका क्षेत्रमा देखिएको उत्तरआधुनिकको प्रयोगमा केकस्ता अप्ठ्याराहरूको सामना लेखकले गर्नु परिरहेको छ भन्ने कुरालाई स्पष्ट पारिएको छ ।

## ३. भाषाशैलीय विन्यास

गोविन्दराज भट्टराईले **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** कृतिमार्फत् ध्रुवचन्द्र गौतमका आख्यानका प्रवृत्ति एवम् उनीसँग भएको प्रत्यक्ष अन्तर्वार्ता प्रस्तुत गरिएको छ । यस कृतिको भाषामा सरलता र स्पष्टता भएकाले कठिन एवम् जटिल कुरा बुझ्न गाह्रो

पर्दैन । यसमा सिद्धान्त र प्रयोग दुवैलाई एकै ठाउँमा राखिएकाले पाठकलाई जोडेर हेर्दा धेरै कुरा स्वतः ज्ञान हुन्छ । ध्रुवचन्द्र गौतमका कथाहरूको विश्लेषणात्मक लेखहरूले यो कृति अत्यन्त रोचक र उत्कृष्ट बन्न पुगेको देखिन्छ । विश्वसाहित्यको दृष्टिबाट वर्तमान नेपाली साहित्यको आख्यान क्षेत्रमा देखिएका नयाँ प्रवृत्तिलाई ध्यानमा राखी ती प्रवृत्तिको स्पष्ट व्याख्या ध्रुवचन्द्र गौतमका कथामा गरेका छन् । गोविन्दराज भट्टराईको यो कृति आधुनिक नेपाली समालोचनाका क्षेत्रमा नौलो, सार्थक, गहन र दूरगामी प्रभाव जमाउने रचना हो । यस कृतिमा ध्रुवचन्द्र गौतमका विशेषता, उनका कथामा देखिएका उत्तरआधुनिकताका प्रयोग र उनीसँगको लामो अन्तर्वार्ताले नेपाली साहित्यको आख्यानको वर्तमानिक स्वरूपलाई स्पष्ट्याउने काम गरेका छन् । उनको अथक प्रयास, परिश्रम, बौद्धिकचेतना र विश्लेषणात्मक क्षमता एवम् मूल्याङ्कन योग्यता यस कृतिमा राम्ररी प्रतिविम्बित भएको छ । कृतिमा प्रयुक्त भाषा विश्लेषणात्मक रहेको छ । हरेक कृतिलाई उदाहरणका रूपमा पेस गर्दै ती कृतिमा भएका यथावत् पक्षहरूलाई उनले केलाएका छन् । अन्त्यमा ध्रुवचन्द्र गौतमसँगको लामो अन्तर्वार्तालाई यस कृतिमा समावेश गरेर आख्यानमा उत्तरआधुनिकलाई आत्मसात् गरेर आख्यानको सिर्जना गर्न केकस्ता तत्त्वहरू, केकस्तो विचार, भावना, धारणा चाहिने रहेछ भन्ने कुरालाईसमेत पाठकका अगाडि राखिनु यो कृतिको एक सबल पक्ष हो । समग्रमा कृतिको भाषा सरल रहेको छ । प्रभाववादी समालोचकको दृष्टिबाट विश्लेषण गरिएको प्रस्तुत कृतिमा केही सैद्धान्तिक मान्यताहरूको पनि चर्चा गरेर सैद्धान्तिक समालोचकका रूपमा आफूलाई उभ्याउने कोशिस भट्टराईले गरेका छन् । केही समालोचनात्मक लेखहरूमा निजात्मक शैली पनि अभिव्यक्ति भएको छ । लेखहरू अत्यन्त छोटा रहेका छन् । यस समालोचना कृतिबाट ध्रुवचन्द्र गौतमको आख्यानकारितालाई केलाउने काम गरिएको छ ।

## ७.४ 'पश्चिमी बलैँसीका बाछिटा' कृतिको विश्लेषण

## १. परिचय

**पश्चिमी बलैँसीका बाछिटा** नामक समालोचनात्मक कृति नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट २०६१ सालमा पहिलोपटक प्रकाशित भएको हो । यस कृतिमा 'प्रकाशकीय' शीर्षकमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा लेखिएको छोटो लेख पहिलो लेखका रूपमा रहेको छ भने प्रा. मोहनराज शर्माद्वारा 'मन्तव्य' शीर्षकमा भूमिका लेखिएको छ । कृतिको आवरण पृष्ठमा आधाभाग पहेँलो रङमा कृतिको नाम, लेखकको नाम र प्रकाशनको नाम लेखिएको छ भने आधाभागमा एउटा अमूर्त चित्र कोरिएको छ । विभिन्न विषयक्षेत्रका २८ वटा लेखहरू समावेश गरिएको प्रस्तुत कृति जम्मा २५० पृष्ठमा संरचित भएको छ । आकारप्रकारका दृष्टिले डिमाइ साइजको आकारका रूपमा कृति प्रकाशित भएको छ । प्रस्तुत कृतिमा *गम्भीर पाठकका लक्षण, अर्को दृष्टिमा कविताको परिभाषा, कविताका शब्दहरूमा, कवितामा व्यङ्ग्यको एउटा नमुना, कविताका पत्रहरूमा शैलीविज्ञान, चित्र कविता : एक चिनारी, गजपथको यात्रा भएर : प्रयोगको सगरमाथा आरोहण, एउटा प्रयोगात्मक गद्यशैलीको परिचय, पाठक प्रतिक्रिया, नारीवादी : समालोचना : प्रारम्भिक परिचय, समकालीन भारतीय साहित्यमा नारीवादी लेखन, कालो साहित्यिक समालोचना, वर्तमान कथाप्रवृत्तिका झलकहरू, नेपाली कथामा नवप्रयोग : दृष्टि र घनघोर जङ्गल, समालोचनामा विनिर्माणवाद, विनिर्माणवादी समालोचना र नेपाली साहित्यको प्रसङ्ग, विसङ्गति नाटकको छोटो चर्चा, आधुनिक पाश्चात्य नाटकका प्रयोगवादी मोडहरू : सन्दर्भ नेपाली नाटक, दुःखान्तको परिवर्तित धारणा, वेदना, पीडा, आँसु र सुस्केराको गाथा, एक्काइसौँ शताब्दीको विद्युतीय सञ्चारका पृष्ठभूमिमा नेपाली वाङ्मय र साहित्य, झापाले*

*झङ्कृत हुँदो छ यो लीलामय मन, साहित्यमा भ्रमको खेती र असत्यको गीत, उत्तरआधुनिक कालबारे छोटो चर्चा, उत्तरआधुनिकवादको सन्दर्भमा नेपाली आख्यान, श्री इन्द्रबहादुर राईकृत लीलालेखन : एउटा सरलबोध पत्रउपर टिप्पणी, लीलादेखि भ्रान्तिसम्म र नेपाली उपन्यासमा उत्तरआधुनिकताको चेतना* शीर्षकका लेखहरू समावेश भएका छन् । यी लेखहरूमध्ये केही लेख विभिन्न पत्रपत्रिकामा पूर्वप्रकाशित भएका छन् भने केही लेख प्रकाशित नभएका छन् । यी लेखहरू कुनै अत्यन्तै छोटा छन् भने केही लामा रहेको छन् । यी लेखहरूभित्र विषय र प्रसङ्गअनुसार विभिन्न पङ्क्तिपुञ्जमा विभाजनको रेखा कोरिए तापनि ती एउटैजस्ता देखिन्छन् । यसरी संरचित भएको उक्त पुस्तकको मूल्य रु.१५९।- रहेको छ ।

## २. विषयवस्तु

प्रस्तुत कृतिमा विभिन्न विषय क्षेत्रसँग सम्बन्धित २८ वटा लेखहरू सङ्गृहीत भएका छन् । ती लेखहरूलाई विषयका प्रकृतिका आधारमा निम्नलिखित रूपमा विभाजन गरिएको छ :

विषयवस्तु

सिद्धान्तकेन्दी　कविताकेन्द्री　आख्यानकेन्द्री　विविध विषय　नाटककेन्द्री　समालोचना

**(१) सिद्धान्तकेन्द्री**

यस कृतिमा सिद्धान्तमा आधारित भएर लेखिएका लेखहरू नौवटा रहेका छन् । ती लेखहरू *एउटा प्रयोगात्मक गद्यशैलीको परिचय, पाठक-प्रतिक्रिया सिद्धान्त, नारीवादी समालोचना : प्रारम्भिक परिचय, समकालीन भारतीय साहित्यमा नारीवादी लेखन, कालो साहित्यिक समालोचना, दुःखान्तको परिवर्तित धारणा, झापाले झङ्कृत हुँदो छ यो लीलामय मन, उत्तरआधुनिक कालबारे छोटो चर्चा, लीलादेखि भ्रान्तिसम्म* शीर्षकमा रहेका छन् । यी लेखहरूको विषयवस्तु यस प्रकार रहेको छ :

*एउटा प्रयोगात्मक गद्यशैलीको परिचय* शीर्षकमा भट्टराईले गद्यशैलीको व्याख्या गरेका छन् । शब्द र शिल्पको जगत्लाई हेर्ने क्रान्तिकारी र प्रयोगवादी समूहहरूले गरेको आग्रहलाई उनले यहाँ प्रस्तुत गरेका छन् । उनीहरूले साहित्यमा स्वतःस्फूर्त भावनाको अभिव्यक्ति  हुनुपर्दछ । कला उत्पादन गर्ने शक्ति खालि वस्तुको बोक्रे दर्शनबाट आउँदैनन्, न खालि विवेक या ज्ञानबाट, तर यो निक्लन्छ सूक्ष्म चेतहरूबाट । यिनीहरूले शैलीलाई जोड दिँदै चेतनप्रवाह टेक्निकलाई उभ्याएका छन् भन्दै भट्टराईले नयाँ विचार राख्ने कविहरूको परिचय दिएका छन् । स्वतःस्फूर्त गद्यलेखनका अपरिहार्य गुण निम्न उपशीर्षकमा उनले गद्यलेखनको चर्चा गरेका छन् । आरम्भ, प्रक्रिया, तरिका, विषयक्षेत्र, प्रक्रियागत कमजोरी, कालमापन, अभिरुचिकेन्द्र, कृतिको संरचना, मानसिक अवस्था नै गद्यलेखनका मूल अपरिहार्य गुण हुन् भनेर यस लेखमा चर्चा गरिएको छ ।

*पाठक-प्रतिक्रिया सिद्धान्त* शीर्षकको लेखमा भट्टराईले पाठक-प्रतिक्रिया सिद्धान्तका बारेमा चर्चा गरेका छन् । पाठक-प्रतिक्रिया सिद्धान्त नव समालोचना र संरचनावादको विरोधमा १९५० को दशकयता विकसित भएको साहित्यिक समालोचनाका सिद्धान्तहरूमध्ये एउटा सिद्धान्त हो । यस सिद्धान्तअनुसार पाठक र पाठबीच अनि पाठ र पाठकबीच पारिस्परिक सम्बन्धबाट कृतिको अर्थग्रहण गरिन्छ । यस सिद्धान्तले पाठक र कृतिबीचको

सम्बन्ध स्थापित गर्दछ । दुईबीचको सम्बन्धमा उत्पन्न हुने विभिन्न सन्दर्भ र समस्याहरूबीच पारस्परिक सम्बन्ध यस सिद्धान्तमा देखाइन्छ । यस सिद्धान्तको मूल लक्ष्य एउटा पाठकको कृतिपाठको योगदानको मूल्याङ्कन गर्नु हो भनेर भट्टराईले स्पष्ट व्याख्या गरेका छन् ।

*नारीवादी समालोचना : प्रारम्भिक परिचय* शीर्षकमा भट्टराईले नारीवादको चर्चा गरेका छन् । पुरुषप्रधान समाजभित्र युगौँको उत्पीडनले पिल्सेका नारी जातिले पूर्ण स्वतन्त्रता र मुक्तिको खोजीमा गरिएको आन्दोलन नै नारी स्वतन्त्रतावादी आन्दोलन हो । यही आन्दोलनसँग जोडिएर विकसित भएको समालोचना नारीवादी समालोचना हो । यो समालोचनाले साहित्यमा अभिव्यक्त नारी जातिका अनुभूतिहरूलाई व्याख्या गर्दछ । सारा पितृसत्तात्मक पर्खालहरू भत्काएर नारी अस्तित्वको अलग पहिचान स्थापित गराउनु नै यस नारीवादी समालोचनाको मूल लक्ष्य हो । यस समालोचनाले पुरुषकेन्द्री भएर गर्ने समालोचनाको विरोध गर्दै भाषा, शैली र विचारको हिसाबले नारीको 'स्त्रीत्व' जनाउने विशेषताले युक्त रचनाको आग्रह गर्दछ र त्यस सम्भावनाको खोजी समेत गर्दछ भनेर भट्टराईले नारीवादी समालोचनालाई चिनाएका छन् ।

*समकालीन भारतीय साहित्यमा नारीवादी लेखन* शीर्षकमा १९५० पश्चात् नारीवादी समालोचनाले पाश्चात्य साहित्यमा एउटा तीव्र आन्दोलनको रूप लिएको चर्चा गर्दै सो आन्दोलनले आधुनिक शिक्षा र पाश्चात्य साहित्यको चेतनाले गर्दा बर्सौंदेखि पुरुषहरूबाट पिल्सिएका भारतीय महिलामा पनि आफ्नो अस्तित्व पहिचानको खोजी अत्यन्तै तीव्र देखिएको कुरालाई भट्टराईले प्रस्ट पारेका छन् । विभिन्न भारतीय नारीलेखकहरूले अन्याय, असमानता, दासत्व, पुरुषहरूले बनाएका नारी चित्रहरूको विरोध गरेका छन् । **विमिन राइटिङ्ग इन इन्डिया, इनर कोर्टयार्ड, इनर स्पेसिज्, अर अन्डर द साइलेन्ट सन**जस्ता समकालीन कृतिहरूमा अतीतको विरोध, पुनमूर्ल्याङ्कनको प्रयत्न र अस्तित्वको दाबी प्रबल हुँदै गएको छ । नारीलेखनसम्बन्धी प्रकाशनको खोजी र अध्ययन बढिरहेको छ । नारीहरूले सिर्जना गरेका कृतिहरूको महत्त्व बढिरहेको छ । जीवनी, संस्मरण र बिर्सिएका अनेक नारी प्रतिभाहरूको उत्खनन एवम् पुरुषहरूबाट दबाइएका समस्त स्वरहरूको खाजी भइरहेको छ भनेर भारतीय साहित्यमा नारीवादी लेखनको प्रभावलाई यस लेखमा भट्टराईले चर्चा गरेका छन् ।

*कालो साहित्यिक समालोचना* शीर्षकमा भट्टराईले कालो साहित्यिक समालोचनाको परिचय दिएका छन् । छालाको रङले कला, साहित्य र सङ्गीतको विश्वलाई दुई चिरा पारेको कुरा उल्लेख गरिएको छ । अमेरिका र अफ्रिकातिरका अभिशप्त कालाजातिहरूको रङ्गभेदक इतिहासले उनीहरूलाई आफ्नै कला, धर्म राजनीति र साहित्यको सृष्टि गर्न प्रोत्साहित गऱ्यो । कारण १९७६ मा अमेरिकामा स्वतन्त्रताको घोषणा हुँदा त्यस स्वतन्त्रभित्र नपर्ने कालाहरूको समुदायले दासत्वको उन्मोचन र राजनीतिक स्वततन्त्राका लागि बुकर टी. वासिङ्गटनजस्ता काला जननेताहरूबाट सुरु गराइएको चेतनाको लहर १९५० पछि चर्कर गयो, पृथक्तावादको सँघारमै पुग्यो र ७० को दशकमा यस चेतनाको लहरले उत्कर्ष प्राप्त गऱ्यो । यसलाई नै कालो साहित्यिक समालोचना भनिन्छ । कालाहरूको निम्ति बसमा सिट अलग्गै, स्कुल र चर्चहरू अलग्गै, क्लब, अलग्गै, रेस्टुरेन्ट अलग्गै र सामाजिक जीवन अपमानजनक थियो । यस्तो स्थितिको विरोध गर्दै मुक्ति आन्दोलन चल्न थालेपछि उनीहरूका कलासाहित्यमा यी कुराको चेतना भरियो । अमिरी बाराका र उनका साथीहरूबाट सुरु गरिएको यो अभियान कालाहरूको समालोचना (ब्ल्याक क्रिटिसिज्म) ले १९८० को दशकमा महत्त्वपूर्ण मोड पारगऱ्यो । काला नारीवादी स्वरहरू

अगाडि आउन थाले । परिणाम स्वरूप विश्वसाहित्यमा यसले स्थान पाउन थाल्यो भनेर यस शीर्षकमा कालो साहित्यिक समलोचनालाई भट्टराईले स्पष्ट पारेका छन् ।

*दुःखान्तको परिवर्तित धारणा* शीर्षकमा परम्परागत रूपमा नाटकमा देखिएको दुःखान्तको धारणा वर्तमान समयमा परिवर्तन भइसकेको कुरालाई भट्टराईले चर्चा गरेका छन् । अबको परिस्थितिमा अरिष्टोटलको दुःखान्तसम्बन्धी धारणालाई आत्मसात् गरेर नाटक लेखिनु असम्भव भएको छ । अब त्यो सिद्धान्तमा दुःखान्त नाटक बन्दैन किनभने वर्तमान समयको मानवको नियति विज्ञानको हातमा छ । आज प्रयोगशालाको कोठाजस्तै भइसकेको विश्वमा कुनै महानायक कल्पना गरेर वा अतिमानव सिर्जना गरेर तिनीहरूको जीवनमा दुःखान्त देखाउनु असम्भव र हास्यापद हुन जान्छ । सयौँ भोका, नाङ्गा, गरिब, दुःखित, पीडित, भ्रान्त र अशिक्षित, युद्धपीडित, शरणार्थी, प्राकृतिक र अमानवीय प्रकोपका सिकार, करोडौँको सङ्ख्यामा अनिकाल र सुख्खाले ग्रस्त भएका मानिस, पहिरोपीडित, बाढीपीडितहरूका घटनाहरू अगाडि हुँदाहुँदै यस्तो विकराल परिस्थितिमा व्यक्तिको दुःखान्तता गाउनु मूर्खता ठहरिने छ भन्दै आजको मानवको नियतिलाई नाटकमा देखाउनु पर्दछ भन्ने धारणा यस लेखमा भट्टराईले राखेका छन् ।

*झापाले झङ्कृत हुँदो यो लीलामय मन* शीर्षकमा भट्टराईले झापा जिल्लामा फस्टाएको लीलालेखनबारे चर्चा गरेका छन् । दार्जिलिङबाट प्रारम्भ भएको लीलालेखनलाई झापामा प्रयोगमा ल्याउने र चिनाउने प्रवक्ता कृष्ण धरावासी हुन् भन्दै लीलालेखन भनेको सिर्जनाको परम्परागत शैलीलाई पूर्ण रूपमा त्याग्न सकिने सम्भावनाको खोजी हो । परम्परागत लेखनमा एक मात्र सम्भावना हुन्छ भने यसले अनेक सम्भावनाको खोजी गर्दछ । सत्य भन्ने वस्तु स्थिर, शाश्वत, एक र अपरिवर्तनीय नभएको लीलारूपी ठहर गरिएको छ । कृष्ण धरावासीको **शरणार्थी** उपन्यास यस लीलालेखनको प्रयोग हो भनेर भट्टराईले चर्चा गरेका छन् ।

*उत्तरआधुनिक कालबारे छोटो चर्चा* शीर्षकको लेखमा भट्टराईले उत्तरआधुनिकतावादको चर्चा गरेका छन् । उत्तरआधुनिकता युरोप र अमेरिकाबाट एउटा समयको साहित्य, कला, सङ्गीत आदिलाई बुझाउन वा छुट्याउन दिइएको नाम हो । यो विशेषणले १९६० पछिको साहित्यलाई बुझाउँछ । बीसौँ शताब्दीको प्रारम्भदेखिको साहित्यसंस्कृतिलाई आधुनिक भनिएझैँ आधुनिकले जन्माएका प्रवृत्ति, विशेषता, गुणहरू देखिन छोडेपछि नयाँ प्रवृत्ति लिएर जन्मेको कालकण्डलाई उत्तरआधुनिक भनिएको हो । यो आधुनिक कालको विपरीत कला, दर्शन, साहित्यचिन्तनमा नयाँ प्रयोग लिएको वाद हो । यसका मूल प्रवृत्तिहरूमा परम्पराको विरोध, नयाँ प्रयोग र लेखनमा निर्बाध स्वतन्त्रता हुन् । यी प्रवृत्ति भित्रिनाका मूल कारक तत्त्व टेक्नोकल्चर अर्थात् प्राविधिक विकासले उकुसमुकुस भएको कृत्रिम संस्कृति, बढी यान्त्रिक समाज हुन् । संस्कृति र सभ्यताले परम्पराबाट छुट्टिएर परिभाषित हुन खोज्दा जन्मेको प्रवृत्ति उत्तरआधुनिक हो भनेर भट्टराईले यस वादको चर्चा गरेका छन् ।

*लीलादेखि भ्रान्तिसम्म* शीर्षकमा २०३४ सालमा लीलालेखनको धारणा प्रारम्भ भएको हो भने यसको प्रयोग २०४५ मा 'कठपुतलीको मन' मा देखियो । यसका प्रवर्तक इन्द्रबहादुर राई हुन् । यस लेखनको सैद्धान्तिक सूत्रधार र प्रयुक्त रचना हेर्दा लीलालेखनमा पाश्चात्य जगततिर व्याप्त उत्तरआधुनिक लेखन र चिन्तनको प्रयोग देखिन्छ । यो सिद्धान्तमा केन्द्रित भएर राईले सिद्धान्त र प्रयोग दुवैलाई देखाइदिए । यो नवप्रयोग मोहन कोइराला, ध्रुवचन्द्र गौतम, दौलतविक्रम विष्ट देखि आधुनिक पुस्ताका अनैकौँ रचनाकारका प्रयासमा हुर्किँदै ती लेखकहरू आधुनिक हुँदै उत्तरआधुनिक लेखनतिर हिँडिरहेका छन् । लीलालेखन नवलेखन

हो । यो प्रयोगवादी लेखन हो । यो उत्तरआधुनिक चेतना हो । गद्यमा ध्रुवचन्द्र गौतमको **फूलको आतङ्क**लाई कतिले लीलालेखनको उदाहरण दिए पनि ध्रुवचन्द्र स्वयम् यो कुरालाई मान्न तयार छैनन् त्यसैले लीलालेखन के हो यो भ्रान्ति मेटिएको छैन भन्दै भट्टराईले यस भ्रान्तिमा बाँच्नुभन्दा यसलाई उत्तरआधुनिक लेखन भनौँ भन्ने आग्रहका साथ यो लेखलाई समाप्त गरेका छन् ।

(२) **कविताकेन्द्री**

यस कृतिमा कवितामा केन्द्रित भएर छवटा लेखहरू लेखिएका छन् । ती लेखहरू *अर्को दृष्टिमा कविताको परिभाषा, कविताका शब्दहरूमा, कवितामा व्यङ्ग्यको एउटा नमुना, कविताका पत्रहरूमा शैलीविज्ञान, चित्र कविता : एक चिनारी,* गजपथको यात्रा भएर प्रयोगको सगरमाथा आरोहण शीर्षकमा रहेका छन् । यी लेखहरूको विषयवस्तु निम्नलिखित रूपमा रहेको छ :

*अर्को दृष्टिमा कविताको परिभाषा* शीर्षकको लेखमा भट्टराईले नारायणप्रसाद अधिकारीद्वारा लेखिएको 'कविता' निबन्धको बारेमा टिप्पणी गरेका छन् । संवेदनशीलता, भावुकता र कलात्मक परिष्कार वा निख्खार नै कविताका अपरिहार्य गुण भए तापनि यी गुण केवल छन्दोबद्ध कवितामा मात्र फेला पार्न सकिन्छ तर आज रचिएका गद्य कविता हरेक दृष्टिले अनन्य हुन खोज्दछ । शास्त्रीय नियममा नरहेर विभिन्न भावमा कविता रच्नु कवितालाई अकविता बनाउनु हो र यो नै अनन्य हो भनेर भट्टराईले चर्चा गरेका छन् । नारायणप्रसाद अधिकारीले 'जटिलताले कवितालाई चिरस्थायी बनाउँदैन' भन्ने कुरालाई व्याख्या गर्दै भट्टराईले चिरस्थायी हुनु कविताको अन्तिम लक्ष्य होइन, आधुनिक साहित्य नै जटिल जगत्को प्रतिबिम्ब भएकाले सिर्जना जटिल हुन्छ । विभिन्न क्षेत्रमा आएको जटिलतालाई नै कविताले उतार्न सक्नुपर्छ । विभिन्न क्षेत्रमा आएको गति, तीव्रता र अन्तराष्ट्रिय संस्कृतिअनुसार कविता रच्नुपर्छ भनेर भट्टराईले व्याख्या गरेका छन् । अन्त्यमा कवितालाई नयाँ परिदृश्यमा केलाउने प्रवृत्तिको विकास गर्नु परेकाले यो लेख लेखिएको हो, अधिकारीज्यूको पूर्वाग्रहका होइन भनेर भट्टराईले स्पष्ट पारेका छन् ।

*कविताका शब्दहरूमा* शीर्षकको अर्को लेख रहेको छ । यस लेखमा पूर्व र पश्चिम दुवैतिरका सर्जक, चिन्तक र साधकहरूले शब्दको महिमागान गाएका छन् भन्दै साहित्यकारको संसार शब्दले बनेको हुन्छ । साधकका लागि शब्द रङ हो, प्रकाश हो र विचारको भवन शब्दले नै ठडिन्छ । सौन्दर्य र विद्रूपता शब्दमै टाँसिएका हुन्छन् । गद्यकारभन्दा पनि कविताका निमित्त शब्दप्रयोग अझ जोखिमपूर्ण खेल हो । कमभन्दा कम शब्दलाई छानेर, टिपेर, माझेर, टल्काएर उपयुक्त स्थानमा सजाइ तिनीहरूलाई बल्ने, टल्काउने, घुम्ने, छमछमाउने र सलल बग्ने गरी मिलाएर राख्नु एवम् अत्यधिक लय, भाव र अर्थको सिर्जना गर्नामा नै कविता सफल हुने हुनाले कवितामा शब्दको अत्यधिक महत्त्व हुन्छ भन्दै शब्दका बारेमा भट्टराईले यस लेखमा चर्चा गरेका छन् ।

*कवितामा व्यङ्ग्यको एउटा नमुना* शीर्षकमा भट्टराईले कविताका आधारमा व्यङ्ग्यलाई चिनाउने प्रयास गरेका छन् । व्यङ्ग्य हास्यको रूप भए तापनि धेरै ठाउँमा दुवै एक तत्त्व भएर आएका हुन्छन् । व्यङ्ग्यमा अप्रत्यक्ष पाराले कुनै काम वा कुरालाई छड्के हान्ने, घोच्ने र सुल्टोलाई सहज पाराले उल्ट्याउने काम गरिन्छ । अन्य विधामा झैँ कवितामा व्यङ्ग्यको प्रयोग सबैतिरका साहित्यको साझा चरित्र हो । व्यङ्ग्य प्रयोग गरिएको चित्र वा दृश्यको मर्म यथार्थमा ठीक उल्टो हुन्छ । तसर्थ व्यङ्ग्य भनेको मानिसले थाहा पाएको सत्य र सत्य लाग्ने प्रस्तुतीकरणको अन्तर हो । समाजका विकृति र विसङ्गतिलाई

उदाङ्गो पार्ने काम व्यङ्ग्यद्वारा गरिन्छ । मानिसका कुकर्महरू, अन्धविश्वास, मकिएका विचारधारा, संस्थाका कार्यपद्धति र विसङ्गति एवम् मूर्खता नै व्यङ्ग्यका मारखाने तत्त्व पर्दछन् भन्दै कवितामा व्यङ्ग्यको प्रयोग शक्तिशाली हुन्छ भनेर भट्टराईले यस लेखमा चर्चा गरेका छन् ।

*कविताका पत्रहरूमा शैलीविज्ञान* शीर्षकमा अन्य विधाभन्दा कविता शाब्दिक कलायुक्त सङ्कथन भएकाले कवितालाई लयबद्ध शब्दहरूको संरचना भनिन्छ । एक टुक्रा कवितालाई बुझ्न छन्द, रस, अलङ्कार, बिम्ब र काव्यशास्त्रजस्ता साहित्यिक साधनहरूको उपयोग, विविधतामा एकता खोज्नु वा एकतामा विविधता भेट्नु शैलीवैज्ञानिक पद्धति हो तर यथार्थमा भाषा र शैलीको संयोजनभन्दा अरू धेरै कुरा हुन्छन् । त्यस कवितामा विचार र कलाका, भाव र सन्देशका अनेक पत्र हुन्छन् । त्यसैले कति समालोचकहरू यसै कारणले गर्दा यस पद्धतिलाई सन्देहको दृष्टिले हेर्छन् भन्ने चर्चा यस लेखमा भट्टराईले गरेका छन् ।

*चित्र-कविता : एक चिनारी* शीर्षकमा भट्टराईले चित्र कविताबारे चर्चा गरेका छन् । चित्र कवितामा शब्दलाई लेख्दा कुनै पङ्क्ति लामो हुने गरी, कुनै छोटो हुने गरी, विभिन्न प्रकारले मिलाएर लेखिन्छ । परिणामस्वरूप कविताले वर्णन गरेको वस्तु वा विषयको चित्र उतार्ने गरी ती शब्द देखापर्दछन् । परम्पराभन्दा नौलो प्रयत्नमा भावलाई तीव्रता प्रदान गर्ने उद्देश्यले यस्तो भाषाको प्रयोग गरिन्छ । कविता छपाउँदा खाली छोड्नु, फुलाउनु, सुकाउनु, रोकिनु, हरफ लम्याउनु, छोट्याउनु, शब्द भाँच्नु, अक्षर टुक्र्याउनु र अर्थ बोक्ने विचित्र आकृति सिर्जना गर्नु चित्र कविताको विशेषताहरू हुन् भन्दै यस लेखमा विभिन्न चित्रकविताका उदाहरणहरू प्रस्तुत गर्दै भट्टराईले चित्र कवितालाई स्पष्ट पारेका छन् ।

*गजपथको यात्रा भएर : प्रयोगको सगरमाथा आरोहण* शीर्षकमा भट्टराईले मोहन कोइरालाको **गजपथ** काव्यकृतिको चर्चा गरेका छन् । **गजपथ** आजभन्दा ६०-७० वर्ष पहिलाको पृष्ठभूमिमा तत्कालीन समाज, भूगोल, इतिहास, संस्कृति र क्रमिक परिवर्तनका दृश्यहरूलाई अङ्कित गर्दै लेखिएको काव्य हो । यसको विषयवस्तु नौलो छैन । प्रमुख घटना तराइको भावर प्रदेशको छ । पुरानो समाजको परिवेशको कथा भए तापनि नयाँ आवाजहरूले यहाँ स्थान पाएका छन् । सामाजिक र सांस्कृतिक जीवन उचाल्ने सबै पक्षका पात्रहरूको उपस्थिति यहाँ छ । यसभित्र भूराजनैतिक परिवेश, केही इतिहास र केही मनोविज्ञान झल्किएको छ । यस काव्यको मूल विशेषता भाषामा प्रयोगको अनन्य कला हो । यस कृतिमा कोइरालाले शब्दप्रयोगको नवीवतालाई देखाएका छन् । परिस्थितिको अत्यन्त सूक्ष्म निरीक्षण गर्न सक्ने प्रतीकहरूको प्रयोग यसमा गरिएको छ । यसको परिवेश ऐतिहासिक हुँदाहुँदै वर्तमानका कुराहरू पनि पसेका छन् । यो राष्ट्रिय भावलाई, यो तीक्ष्ण सांस्कृतिक चेतनालाईलाई साराले बुझौँ, सम्झौँ भन्ने कविको आग्रह यस काव्यमा देखिन्छ भन्दै भट्टराईले चर्चा गरेका छन् ।

**(३) आख्यानकेन्द्री**

यस कृतिमा आख्यानमा आधारित भएर लेखिएका लेखहरू चारवटा छन् । ती लेखहरू *वर्तमान कथाप्रवृत्तिका पश्चिमी झलकहरू, नेपाली कथामा नवप्रयोग : दृष्टि र घनघोर जङ्गल, उत्तरआधुनिकवादको सन्दर्भमा नेपाली आख्यान, नेपाली उपन्यासमा उत्तरआधुनिकताको चेतना* शीर्षकमा रहेका छन् । यी लेखहरूको विषयवस्तु यस प्रकार रहेको छ :

*वर्तमान कथाप्रवृत्तिका पश्चिमी झलकहरू* शीर्षकमा पाश्चात्य कथा साहित्यमा प्रथम विश्वयुद्धयता शैली, प्रस्तुतीकरण, संरचना र वैचारिक मूल्यहरूमा आएको

नवीनतालाई भट्टराईले सङ्क्षेपमा चर्चा गरेका छन् । बीसौँ शताब्दीको प्रारम्भलाई नवयुगतिर प्रवेश गराउने अन्तर्राष्ट्रिय व्यक्तित्वहरूमध्ये कथाका क्षेत्रमा रसियाली एन्टन चेखब हुन् भन्दै शैली, विचार र टेक्निकमा विश्वकथालाई नयाँ मोड चेखबले दिएका छन् । उनले परम्परालाई तोड्दै कथामा निर्वैयक्तिकता हुनुपर्दछ भन्दै भट्टराईले चेखबका कथामा देखिएको नयाँ प्रयोगहरूलाई देखाएका छन् । त्यस्तै कथाकारहरू विलियम फौनकर, अर्विन शा, जोन सीमर र पारोल ओटिजका कथासम्बन्धी अन्तर्वार्ताहरूलाई पनि यस लेखमा भट्टराईले प्रस्तुत गरेका छन्

*नेपाली कथामा नवप्रयोग : दृष्टि र घनघोर जङ्गल* शीर्षकमा भट्टराईले ध्रुव मधिकर्मीको **दृष्टि र घनघोर जङ्गल** कथासङ्ग्रहको चर्चा गरेका छन् । यस सङ्ग्रहका कथाहरूमा आजको समालोचनात्मक दृष्टिबाट हेर्दा अपरम्परित उपायहरूको प्रयोग गरिएको छ । पात्र सार्वकालिक छन् । कथाहरू पुराणकथाका किम्बदन्तीहरूबाट लिएर आजका प्रयोगमा र परिवेशमा मिल्नेगरी बुनिएका छन् । परम्परित कथाविधानलाई उल्ट्याइउको छ । यी कथाहरू उत्तरआधुनिक प्रवृत्तिलाई आत्मसात् गरेर लेखिएका छन् । पात्रहरूको विनिर्माण, उचनीचको भेदको समाप्ति, जातिगत श्रेणीको अभेद स्थिति, सम्भ्रान्त संस्कृतिलाई भत्काएर नयाँ संस्कृतिको निर्माण आदि विशेषताहरूलाई यी कथाहरूले बोकेका छन् । मधिकर्मीले पाठको विनिर्मित गरेर परम्पराको विरोध जनाएका छन् । कथाका सर्वमान्य तत्त्वहरूको प्रयोग नगरिए तापनि यी कथा भएका छन् । प्रयोगका दृष्टिले नौला, छोटा, प्रस्ट र कम पात्रयुक्त, प्रतीकात्मक, परिपक्क, प्रौढलेखन भएका यी कथाहरू पठनीय छन् । उनका कथाहरूमा सुन्दर भाषाप्रयोग, वर्तमान परिवेश र प्रकृतिप्रति तीखो प्रहार गरिएको छ भनेर भट्टराईले व्याख्या गरेका छन् ।

*उत्तरआधुनिकतावादको सन्दर्भमा नेपाली आख्यान* शीर्षकमा भट्टराईले उत्तरआधुनिकतावादको चर्चा गर्दै नेपाली आख्यानको क्षेत्रमा यसले प्रवेश पाइसकेको कुराको चर्चा गरेका छन् । नेपाली साहित्यमा इन्द्रबहादुर राईको 'कठपुतलीको मन' यसको उदाहरण हो । यस वादले कुनै पाठको अर्थ लेखकको पूर्ण नियन्त्रणमा हुँदैन र पाठकको पूर्ण नियन्त्रणमा पनि हुँदैन । यो अन्तिम पनि हुँदैन त्यस कारणले सदैव अनिश्चित र अनिर्णित हुन्छ । यसले परिम्परित मान्यतालाई भत्काउँछ । तथ्य र कल्पनालाई मिसाउँदै उच्च संस्कृतिको सट्टा लोकप्रिय संस्कृति रोज्छ । इतिहासभित्र पुनः प्रवेश गर्छ र परम्परालाई सुधार्ने प्रयत्न गर्छ । प्रविधि नियन्त्रित संस्कृतिको नियन्त्रणमा साहित्यको सिर्जना गरेर प्रत्येक क्षेत्रमा नौला उपाय र प्रयोगको पत्ता लगाउँछ भनेर भट्टराईले चर्चा गरेका छन् । उत्तरआधुनिक आख्यानकारिताको प्रमुख चरित्र नै प्रयोगशीलता हो । शैली, पात्रचयन, विषयवस्तु, घटना र प्रस्तुति आदिमा नौलो प्रयोग देखाउनु हो भन्दै भट्टराईले यस लेखमा **समकालीन साहित्य** (कथा विशेषाङ्क, १/२५, २०५३) का कथाहरूलाई उत्तरआधुनिकवादका विशेषताका आधारमा व्याख्याविश्लेषण गरेका छन् ।

*नेपाली उपन्यासमा उत्तरआधुनिकताको चेतना* शीर्षकमा भट्टराईले नेपाली आख्यानमा उत्तरआधुनिकताको भूमिकालाई प्रस्ट पारेका छन् । पाश्चात्य साहित्यमा विविध नयाँ प्रयोग लिएर भित्रिएको उत्तरआधुनिकतावादले नेपाली आख्यानको क्षेत्रमा पनि तिनै प्रयोग लिएर भित्रिएको छ । यसले खासगरी नयाँ धारणाको विकास, विचित्रता र परम्परासँग सम्बन्ध विच्छेद भएको देखाउँछ र अनेक नयाँ सम्भावनालाई अघि सार्दछ । आज लेखनमा विचित्रता आउनुका मूल कारणहरूमा साइबर संस्कृतिको परिवेशमा लेखन हुनु, उपन्यास विधालाई एउटा मुक्त परिस्थितिको विधा बनाउनु, यसमा सम्पूर्ण पुराना मान्यता भत्किदै जानु, नव संस्कृतिकेन्द्र जन्मनु, नव केन्द्रहरूको स्थापना हुनु, परम्परित लेखनलाई

अँध्यारातिर ठेल्दै जानु आदि रहेका छन् । उत्तरआधुनिकवादका उपन्यासलाई हेर्ने केही तत्त्वहरूमा साइबर संस्कृति, पुनर्लेखन, विधाहीनता, बहुलता, तथ्य र स्वैरकल्पना, नवकेन्द्रको स्थापना र विविध प्रयोग आदि रहेका छन् भन्दै यी तत्वहरूको विश्लेषणमा विभिन्न उपन्यासकारहरूका उपन्यासहरू उदाहरण दिँदै भट्टराईले नेपाली आख्यानमा उत्तरआधुनिकताको चेतनालाई व्याख्या गरेका छन् ।

(४) **विविध विषय**

विविध विषयसँग सम्बन्धित रहेका लेखहरू पाँच वटा रहेका छन् । ती लेखहरू *गम्भीर पाठकका लक्षणहरू, वेदना, पीडा, आँसु र सुस्केराको गाथा, साहित्यमा भ्रमको खेती र असत्यको गीत, एक्काइसौँ शताब्दीको विद्युतीय सञ्चारका पृष्ठभूमिमा नेपाली वाङ्मय र साहित्य* र *श्री इन्द्रबहादुर राईकृत लीलालेखन : एउटा सरलबोध पत्रउपर टिप्पणी* शीर्षकमा रहेका छन् । यी लेखहरूको विषयवस्तु यस प्रकार रहेको छ :

*गम्भीर पाठकका लक्षणहरू* शीर्षकमा भट्टराईले पाठकमा हुनुपर्ने लक्षणहरूको बारेमा चर्चा गरेका छन् । जो पाठक कल्पनाशील हुन्छ । जसमा स्मरणशक्ति तीव्र हुन्छ । शब्दहरूको ज्ञान र कलात्मक चेतना पनि पाठकमा हुनु आवश्यक छ । कृतिमा व्यक्त गर्न खोजेको कुरालाई आफ्नो प्रतिभाले पाठकले छाम्न सक्नुपर्छ । कृतिको जगत्विशेषलाई पाठकले राम्ररी बुझ्न सक्नुपर्दछ । कृतिको परिवेश, कृतिमा प्रयुक्त पात्र आदिलाई राम्ररी चिन्न सक्नुपर्छ । आजको यो विश्वग्रामीकरणको युगमा कुन परिस्थितिमा कृति लेखिएको हो भनेर जान्नका लागि साहित्यको विश्वपरिस्थिति पनि पाठकलाई बोध हुनुपर्छ भन्दै पाठकका लक्षणहरूलाई उक्त शीर्षकमा चर्चा गरिएको छ ।

*वेदना, पीडा, आँसु र सुस्केराको गाथा* शीर्षकमा भट्टराईले २०५७ साल साउन ९ गते नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले माधव घिमिरेको दुःखान्त गीतिनाटक **मालती मङ्गले**को मञ्चन गरेको प्रसङ्गलाई कोट्याउँदै उक्त नाटकको चर्चा गरेका छन् । यो नाटकमा दर्शकलाई स्तब्ध गराउने शक्ति रहेको छ । यस नाटकले नेपाली माटो, नेपाली जीवन, नेपाली आत्माको धड्कन र सुसेलीलाई समाहित गरेको छ । यो सुसेली आजको नभएर अनादिकालदेखिको वेदनाको सुसेली हो । अत्याचार, पीडा र विरहको गीत गाइएको उक्त नाटक पीडा, वेदना र दुःखान्त सभ्यताको निरन्तर इतिहास हो । काला र गोराबीच, धनी र गरिबबीच, माथिल्लो र तल्लोबीच अनेक विषमतायुक्त यस जगत्मा द्वन्द्व चलिरहेकै हुन्छ । त्यसको कहिल्यै अवसान हुँदैन । व्यक्तिहरू त्यसबाट कहिल्यै मुक्ति हुँदैनन् । प्रवृत्तिहरू कहिल्यै नसकिने गरी घुमिरहन्छन् भन्ने कथालाई यस गीतिनाटकको कथानकले बोकेको छ भन्ने निष्कर्ष भट्टराईले निकालेका छन् ।

*एक्काइसौँ शताब्दीको विद्युतीय सञ्चारका पृष्ठभूमिमा नेपाली वाङ्मय र साहित्य* शीर्षकमा भट्टराईले रेडियो, टेलिभिजन र कम्प्युटरको विशेषतालाई बताउँदै यी विद्युतीय उपकरणले नेपाली वाङ्मय र साहित्यको प्रबर्द्धनमा दिएको योगदानबारे चर्चा गरेका छन् । आजभन्दा ५१ वर्ष अगाडि स्थापना भएको रेडियो नेपालले हप्ताको १५ मिनेट विभिन्न साहित्यकारका आफ्ना आवाज, कृति, कृतिसमीक्षा, भेटघाट, अन्तर्वार्ता आदिद्वारा नेपाली साहित्यको परिधिलाई फराकिलो पार्दै आएको छ । त्यस्तै सोरबर्से आफ्नो इतिहासमा नेपाल टेलिभिजनले पनि नेपाली साहित्यको श्रीवृद्धिमा ठूलो योगदान दिएको छ । सबैभन्दा कान्छो समयमा जन्मेको कम्प्युटरले आजको विश्वको साहित्य एवम् नेपाली साहित्यको क्षेत्रमा ठूलो यो योगदान पुऱ्याएको छ । मात्र ५ वर्षको इतिहास बोकेको यो विद्युतीय सञ्चारले आजको

विश्वलाई एउटै गाउँको रूपमा विकास गर्दै नेपाली साहित्यलाई विश्वसामु चिनाइसकेको छ भन्ने चर्चा यस लेखअन्तर्गत भट्टराईले गरेका छन् ।

*साहित्यमा भ्रमको खेती र असत्यको गीत* शीर्षकमा भट्टराईले विष्णु भट्टराईको **भक्तिदेखि लीलासम्म** कृतिको चर्चा गरेका छन् । झापाको नियात्रा प्रकाशनबाट प्रकाशित उक्त कृति नेपाली साहित्यमा सर्वाधिक त्रुटिले भरिएर प्रकाशित भएको कृति हो । यसमा जम्मा १८ वटा समीक्षात्मक लेखहरू सङ्गृहीत भएका छन् र विषयसूचीमा भने जम्मा १३ वटा लेखहरू मात्र देखाइएको छ । पाँचवटा शीर्षकहरू विषयसूचीमा नभएकाले ती रचनाहरू ओझेलमा परेका छन् । तेरवटा शीर्षकका लेखहरूमा पनि विषयसूचीमा राखिएका लेखहरू भित्र पुस्तकमा अर्कै शब्दमा रहेका छन् भन्दै ती लेखहरूलाई भट्टराईले यहाँ उल्लेख गरेर देखाएका छन् । किताबको आवरण पृष्ठमा पनि तेर जना साहित्यकारहरूको मात्र फोटो छापिएको छ र ती अर्थविहीन र विसङ्गत अवस्थामा छन् । कृतिभित्र विचारहरू विशृङ्खलित र क्रमहीन छन् । यसरी बोली र विचारको वजन नहुनेहरूले हावाकै भरमा लेखक/समीक्षक हुन खोज्नु एउटा विडम्बनायुक्त परिस्थिति हो । नेपाली साहित्यमा यस्ता दुस्साहस पूर्ण कार्यले पाठकहरू दिग्भ्रमित हुन्छन् । आज नेपाली साहित्यमा पाठकले राम्ररी आँखा खोलेर पाइला चाल्नु पर्ने परिस्थिति आएको कुरालाई भट्टराईले यस लेखमार्फत् दर्साएका छन् ।

*श्री इन्द्रबहादुर राईकृत लीलालेखन : एउटा सरलबोध पत्रउपर टिप्पणी* शीर्षकको लेखमा इन्द्रबहादुर राईको लीलालेखन विषयक पत्रमाथि भट्टराईले टिप्पणी गरेको कुरालाई समावेश गरेका छन् । हिन्दू दर्शनको लीला अनादिकालको हो । त्यसको समकक्षी परिभाषा अन्य दर्शनमा पनि पाइन्छ भने त्यसलाई वर्तमानमा बहुलवादको धारणाले बुझ्न सकिन्छ । राईले सहिष्णुता र अनाशक्त कर्मशीलता सिकौँ भन्दै लीलाभित्र आध्यात्मिक चेतको पनि प्रवेश गराएका छन् यो युटिलिटेरियन धारणा हो । यसरी सुरुको उहाँको लीलामा उपयोगितावाद थिएन । आज आएर मात्र यसलाई भ्रान्तिको वादल बनाउनु खोज्नु भएको छ । यसलाई परिस्कृति गर्नु भएको हो भन्दै यतातिर विकसित भएको लीलालेखन उतातिरको विनिर्माणवाद हो । राईले लीलालेखन पूर्वीय आध्यात्मिक चिन्तनमा केन्द्रित छ भनेर भनेको कुरालाई भट्टराईले यसमा पाश्चात्य साहित्यका चिन्तनको प्रभाव प्रबल रहेको छ । राईले त्यो प्रभाव ग्रहण नबताए तापनि लीलालेखनको सिद्धान्तमा पाश्चात्य जगत्का विभिन्न विषयक चिन्तनलाई अदृश्य रूपमा पैँचोको रूपमा लिइएको छ भनेर भट्टराईले प्रष्ट व्याख्या गरेका छन् ।

**(५) नाटककेन्द्री**

यस कृतिमा नाटकसँग सम्बन्धित भएर लेखिएका लेखहरू दुईवटा रहेका छन् । ती लेखहरू *आधुनिक पाश्चात्य नाटकका प्रयोगवादी मोडहरू : सन्दर्भ नेपाली नाटक, विसङ्गतिवादी नाटकको छोटो चिनारी* शीर्षकमा रहेका छन् । यी लेखहरूको विषयवस्तु यस प्रकार रहेको छ :

*विसङ्गतिवादी नाटकको छोटो चर्चा* शीर्षकको लेखमा भट्टराईले दोस्रो विश्वयुद्धले जगत्लाई खरानी बनाएपछि मानिसहरूको ईश्वरप्रतिको आस्था समाप्त भएर विसङ्गतिवादी धारालाई आत्मसात् गरी विश्वसाहित्य अगाडि बढ्यो । यसै परिप्रेक्ष्यमा पाश्चात्य साहित्यको नाटक विधामा विसङ्गतिवादी नाटक (थिएटर अब् दी अ्याब्सर्ड) को जन्म भएको हो भनेर चर्चा गरेका छन् । विसङ्गतिवादले प्रत्येक सोचाइ, गराइ, कार्य र कारणमा सङ्गतको अभाव पुष्टि गर्दछ । मूल्यहीन प्रयत्नहरू जोडिएको देखाउँछ ।

अर्थहीनताले ढाकेको देखाउँछ । विसङ्गतिवादी चिन्तनको बीजाङ्कुर अल्बेयर कामुले 'सिसिफसको कथा' (१९९२) बाट प्रारम्भ गरे भने निराशावादी चिन्तनले हुर्काएको यस साहित्यिक सिद्धान्तको उत्कर्षकाल १९६० मा देखियो । यो दशकलाई प्रयोगवादी साहित्यको प्रारम्भिक काल पनि भनिन्छ । यसपछि पलाएका नयाँ प्रयोगवादी सिद्धान्तहरूको खोजी र विकासमा विसङ्गतिवादको योगदान रहेको छ । यसबादसँग सम्बन्धित अन्य नाटककारहरू बेकेट, ह्यारोल्ड, पिन्टर, टम स्टोपार्ड र फिर्गार्ड आदि हुन् भनेर भट्टराईले यस लेखमा चर्चा गरेका छन् । नेपाली साहित्यमा भने यो वाद २०२० को दशकमा भित्रियो र निकै सिर्जनाहरू यस सिद्धान्तमा आधारित भएर लेखिए । वर्तमान समयमा ध्रुवचन्द्र गौतम र गोपाल पराजुलीका कृतिहरूमा विसङ्गतिवादको टड्कारो आवाज देखिन्छ भनेर पनि भट्टराईले व्याख्या गरेका छन् ।

*आधुनिक पाश्चात्य नाटकका प्रयोगवादी मोडहरू : सन्दर्भ नेपाली नाटक* शीर्षकको लेखमा भट्टराईले पाश्चात्य नाटक विधामा देखिएका प्रयोगहरूको चर्चा गर्दै नेपाली नाटक विधामा ती प्रयोगहरू भित्र्याउने नाटककार एवम् तिनीहरूका नाटकको चर्चा गरेका छन् । आधुनिक नाटकमा यथार्थवाद र आधुनिक नाटकमा प्रकृतवाद उपशीर्षकमा यथार्थवाद र प्रकृतवादको चर्चा गर्दै वर्तमान नाटकका प्रयोगवादी प्रवृत्तिहरूमा प्रतीकवाद, अभिव्यञ्जनावाद, विसङ्गतिवादका प्रवृत्तिहरू पनि समाहित भएका छन् । यी वादका सिद्धान्त र प्रवृत्तिहरूलाई आत्मसात् गर्दै प्रयोगवादी नाटकको विकास भएको हो भन्ने चर्चा भट्टराईले गरेका छन् । प्रयोग र नेपाली नाटकसाहित्यको सन्दर्भ उपशीर्षकमा नेपाली साहित्यमा हृदयचन्द्रसिंह प्रधान, बालकृष्ण सम, भीमनिधि तिवारी, गोपालप्रसाद रिमाल, गोविन्दबहादुर मल्ल गोठाले, विजय मल्ल, फणीन्द्रराज खेताला, ईश्वर बल्लभ, मीनबहादुर मुखिया, रमेश विकल, श्यामदास वैष्णव, मोहनराज शर्माहरूले प्रयोगवादमा आधारित भएर नाटकहरू लेखेका छन् भन्दै यिनीहरूमध्ये केही नाटककारका नाटकहरूको उदाहरणसमेत भट्टराईले दिएका छन् । यस प्रयोगवादी नाटकको उत्तरोत्तर विकासमा वर्तमान समयमा अशेष मल्ल, शिव अधिकारी, अविनाश श्रेष्ठ, गोपाल पराजुली आदि नाटककारहरूले नाटक लेखिरहेका छन् र उनीहरूका नाटकहरू प्रयोगधर्मी रहेका छन् । यो कुरालाई उनीहरूका केही नाटकहरूको उदाहरणसहित भट्टराईले पुष्टि गरेका छन् ।

(६) **समालोचनाकेन्द्री**

यस कृतिमा समालोचनासँग सम्बन्धित लेखहरू दुईवटा रहेका छन् । ती लेखहरू *समालोचनामा विनिर्माणवाद, विनिर्माणवादी समालोचना र नेपाली साहित्यको प्रसङ्ग* शीर्षकमा रहेका छन् । प्रस्तुत लेखहरूको विषयवस्तु निम्नलिखित रहेको छ :

*समालोचनामा विनिर्माणवाद* र *विनिर्मावादी समालोचना र नेपाली साहित्यको प्रसङ्ग* शीर्षकका दुईवटा लेखमा १९६० को जगत्मा समालोचनाका क्षेत्रमा ज्याक डेरिडाबाट प्रतिपादित समालोचना सिद्धान्त विनिर्माणवाद देखापरेको हो भन्दै नव समालोचना पश्चात् यस समालोचनाले स्थान लिएको कुराको चर्चा उक्त लेखमा गरिएको छ । यस सिद्धान्तको मतानुसार रचना र समालोचकबीच विचित्रको सम्बन्ध स्थापित गर्दछ । आजको समीक्षक कृतिसँगै टाँसिएर परै हुन्छ । परै बसेर पनि सधैँ टाँसिएकै हुन्छ । समीक्षकले कृतिकारलाई फोर्छ, चुस्छ, सुकाउँछ । यस सिद्धान्तमा केन्द्रित भएको समीक्षकले कृति फोरेपछि त्यसभित्रको गुण, अवगुण भत्काएर देखाउँछ । लेखक र समीक्षकको आहारा एउटै हुन्छ कृति । पाठकले कृतिको रस आफू पिउँछ र उसले बनाएको रस फेरि अरुले पनि पिउँछन् भनेर भट्टराईले यस सिद्धान्तको व्याख्या गरेका छन् । भाषाको विशेष व्याख्यामा र रूपकीय उदाहरणका रूपमा यो सिद्धान्त आधारित छ । आधुनिक मतमा कुनै पनि कृति

पूर्ण रूपले मौलिक हुँदैन, केवल नक्कल मात्र हो । यसमा ब्रेख्त, सेक्सपियर, चेखव, स्टिन्डवर्गको वासना लुकेर आएको हुन्छ । कुनै कृति परजैविक अणुबाट जन्मेको हुन्छ । हजारौँले चलाएका बिम्ब, उपमा, अलङ्कार, अक्षर, चेतनालाई सर्जकले कसरी संयोजन गरेको छ, त्यो कुरा मात्र मौलिक हुनसक्छ, अन्य सबै कुरा पुरानै हुन् भन्ने निष्कर्ष भट्टराईले यी लेखबाट निकालेका छन् । अन्त्यमा नेपाली साहित्यको सन्दर्भमा यो सिद्धान्त आज नेपाली साहित्यको समालोचना विधामा पनि भित्रिसकेको छ । यसका प्रयोक्ता इन्द्रबहादुर हुन् र उनले 'कठपुतलीको मन' कथाको विनिर्माण गरी यस सिद्धान्तको प्रयोग गरिसकेका छन् भन्दै 'कठपुतलीको मन' कथाको उदाहरण दिएर भट्टराईले पुष्टि गरेका छन् ।

### ३. भाषाशैलीय विन्यास

**पश्चिमी बलैँसीका बाछिटा** नामक समालोनात्मक कृतिमा गोविन्दराज भट्टराईले पाश्चात्य जगत्मा बीसौँ शताब्दीको उत्तरार्धदेखि देखिन थालेका नयाँ साहित्यिक वाद एवम् विभिन्न सिद्धान्तहरूको चर्चा आवश्यक विस्तारका साथ गरेका छन् । विभिन्न सिद्धान्तहरूले पाठकलाई कृतिको सहसर्जक तुल्याउने सन्दर्भमा विभिन्न वाद, सिद्धान्त र सिद्धान्तका स्वरूप तथा विकासक्रमलाई भट्टराईले यस कृतिमा देखाउने प्रयास गरेका छन् । त्यस्तै कृतिमा नारीवादी समालोचनाको विकासका साथै त्यसले नेपाली र भारतीय साहित्यमा पारेको प्रभावलाई पनि उनले यस कृतिमा चर्चा गरेका छन् । भट्टराईले यस कृतिमा विभिन्न लेखकका कृतिहरूको पनि विश्लेषण गरेका छन् । भाषाशैलीय विन्यासका दृष्टिकोणले हेर्दा प्रस्तुत कृतिमा प्रयुक्त भाषा सरल र प्रस्ट रहेको छ । समालोचना गर्ने क्रममा भट्टराईले जटिल विषयलाई पनि सरल एवम् सुस्पष्ट भाषामा प्रस्तुत गरेकाले विषयलाई बुझ्न पाठकलाई गारो पर्दैन । विभिन्न सिद्धान्तहरूको व्याख्या गर्ने क्रममा भट्टराईले सैद्धान्तिक परिभाषा प्रस्तुत गर्दै सिद्धान्त केन्द्रित कृतिलाई पनि खोतलेर देखाएका छन् । समालोचना सिद्धान्तको पृष्ठभूमि, विकास र सिद्धान्तले कुनै कृतिलाई व्याख्या-विश्लेषण गर्दै पाठकलाई अर्थ्याउने प्रयास यस कृतिमा भट्टराईले गरेका छन् । लेखको अन्त्यमा टिप्पणी र सन्दर्भसूचीसमेत प्रस्तुत गरेर लेखलाई प्रामाणिक बनाउने कार्य पनि उनले गरेका छन् । यी विशेषता हुदाँहुँदै पनि भट्टराईको द्रष्टाचेत केही कसरमसर युक्त देखिन्छ । प्रस्तुत कृतिका कृतिकेन्द्री लेखहरूमा भने उनले प्रभाववादी समालोचक भएर समालोचना गरेका छन् । उनको समालोचनाको भाषा कतै आत्मपरक निवन्धात्मक शैलीमा देखिएको छ । यसको उदाहरण *वेदना, पीडा, आँसु र सुस्केराको गाथा* हो । यस शीर्षकको लेख समालोचनाको दायरा भित्र पर्दैन किनभने प्रथम पुरुष शैलीमा समालोचना लेखिँदैन तर उनले यो शीर्षकमा प्रज्ञाप्रतिष्ठानमा **मालती मङ्गले** नाटक हेरिसकेपछि उनका मनमा आएका अनुभूतिलाई पोखेका छन् । यस्ता प्रथमपुरुषीय शैलीमा उनका केही समालोचनात्मक लेखहरू अरु पनि रहेकाले उनी निबन्धकार पनि भएका नाताले उनको निबन्धात्मक भाषा समालोचनामा पनि पर्न गएको हो कि जस्तो भान हुन्छ । निष्कर्षमा भन्नुपर्दा केही वस्तुवादी, केही प्रभाववादी र केही आत्मपरक अनुभूतिको शैलीमा उनका यी समालोचनात्मक लेखहरू रचित छन् ।

## ७.५ 'उत्तरआधुनिक ऐना' कृतिको विश्लेषण

### १. परिचय

गोविन्दराज भट्टराईको **उत्तरआधुनिक ऐना** (२०६२) रत्न पुस्तक भण्डारबाट पहिलो पटक प्रकाशित समालोचनात्मक कृति हो । यस कृतिमा सङ्गृहीत भएका लेखहरूमध्ये केही चाहिँ कान्तिपुरलगायत विभिन्न पत्रपत्रिकामा पूर्व प्रकाशित भएका छन् भने केही लेखहरू कृति विमोचनमा लिखित मन्तव्य रहको छन् । कतिपय लेखहरू भने प्रकाशित भएका

छैनन् । भूमिका नभएको प्रस्तुत कृतिको आवरण पृष्ठमा कालो रङ रहेको छ । सिरानमा **उत्तरआधुनिक ऐना** लेखिएको छ । बीचमा एउटा अमूर्त चित्र राखिएको छ । अन्त्यमा कृतिलेखकको नाम रहेको छ । परम्परित नेपाली समालोचनालाई विदा दिदैँ वस्तुवादी, वैज्ञानिक र बहुलवादी समालोचनाको दृष्टिकोणलाई आत्मसात् गरी प्रस्तुत समालोचनात्मक कृति प्रकाशित भएको छ । यसमा उत्तरआधुनिकताले दिएको विचार र क्रान्तिकारी दृष्टिकोणका आधारमा कृतिलाई फुकाल्ने, खोतल्ने र व्याख्या गर्ने काम गरिएको छ । यो **उत्तरआधुनिक ऐना** आधुनिकताको विषयको दरो आधार, व्याख्या-विश्लेषण गर्ने महत्त्वकुञ्जी र ग्रन्थको रूपमा प्रस्तुत भएको छ । **उत्तरआधुनिक ऐना** ३४३ पृष्ठमा संरचित छ । यो कृति उत्तरआधुनिक अनुहार देखाउने सफा ऐना हो । यसमा जम्मा चवालीसवटा लेख समावेश गरिएका छन् । ती लेखलाई मोटामोटी रूपमा दुई भागमा विभाजन गरिएको छ । सिद्धान्त खण्ड र विधाखण्ड ।

सैद्धान्तिक रूपमा उत्तरआधुनिकता भनेको के हो ? भन्ने बुझाउन सुरुमा राखिएका पन्ध्रवटा लेखहरूलाई 'नयाँ सिमाना' नाम दिइएको छ । यो भागका लेखहरू *सामालोचना सिद्धान्तको उत्तरआधुनिक पृष्ठभूमि, पाठकहरूको मृत्युमा एउटा शोकगीत, धोद्रे सिमल फोरेर नयाँ पीपल (साहित्य सिर्जना र मूल्याङ्कनचक्र), नेपाली समालोचना पद्धति रुग्ण भएको बेला, स्वर्गीय ज्याक डेरिडाप्रति, नयाँ सत्यको खोजीमा विनिर्माण-प्रक्रिया, उत्तरआधुनिककालको आगमनबारे एउटा भ्रम, उत्तरआधुनिक सङ्घारमा धर्मराईरहेका पाइला, उत्तरआधुनिक जङ्गलको एउटा भ्रान्तिवृक्ष, साहित्यिक पुनसिर्जनाको उत्तरआधुनिक प्रक्रियामाथि केही प्रश्न, वर्तमान नेपाली साहित्यमा लीला : दिशाहीनताको निरन्तर खोजी, बर्खान्तको बेला डेरिडाको सम्झना, पर्खाल ढलिरहेका साहित्यिक सिमाना, उत्तरआधुनिक संस्कृतिबोधक केही अबधारणा र विश्वसाहित्यमा समकालीनताको निक्यौंल : एक गम्भीर प्रश्न* रहेका छन् ।

दोस्रो 'विधाखण्ड'मा बहुसङ्ख्यक नेपाली लेखकहरूका लेखकहरूलाई समेटेर तिनको लेखनमा पाइने विषयगत नवीनता, शैलीगत नवीनता, विचारगत नवीनताको चर्चा गरिएको छ । समसामयिक रचनाकार र तिनका रचनाका शक्तिहरूको निरूपण गर्ने क्रममा अधिकांशतः वर्तमान लेखकहरूलाई भट्टराईले लिएका छन् ।

*कविताभित्र* शीर्षकमा *नवीनतम प्रयोगकाव्य : **नयाँ ईश्वरको घोषणा,** काँडाकाँडामा टेकेर उनी, मात्रै खण्डहरमा बाँच्नु सिवाय, विचार काव्यको सङ्गम विनयका कविता, साइबर युगका त्रासद ध्वनिहरू, मनका अक्षरले मनभित्रै बजेको अर्केष्ट्रा, हिरासतमा उभिएर अराजकतामाथि एक चिन्तन, भीरैभीरको रङ्ग हेर्दा, रङ्गैरङ्गको भीर आरोहण : एक स्वप्नील यात्राको स्मृति अवशेष, उत्तरआधुनिक प्रदेशको यात्रा, र सुन्दरताको केवल अनुभूति हुन्छ* लेखहरूमा कविहरूमा गोपाल पराजुली, विष्णुविभु घिमिरे, मीनबहादुर बिष्ट, विनय रावल, सरुभक्त, मनप्रसाद सुब्बा, हाययुग अज्ञात, धर्मेन्द्रविक्रम नेम्बाङ, राजन मुकारुङ, स्वप्निल स्मृति र गीता कार्की गरी एघारजनालाई समाविष्ट गरेका छन् ।

*नाटकभित्र* शीर्षकमा *बेख्तको काव्यनाटक : एक परिचय, झम्टिन ढुकिरहेको **उताको बाघ,** आदिम दुःखको अनुत्तरित प्रश्न : **अग्निको कथा, जुत्ता**सँगै अधुरा सपना छोडिजानेलाई, नेपाली वाङ्मयमा चेखव : एक शताब्दिपछिको यात्रा* शीर्षकका लेखहरू समाहित भएका छन् भने यस विधाअन्तर्गत ब्रेख्त र चेखव गरी दुई विदेशी नाटककार र नेपाली नाटककारहरूमा मोहनराज शर्मा, अभि सुवेदी र शिव अधिकारी समावेश गरिएका छन् ।

*निबन्धभित्र* शीर्षकमा *नयाँ वाङ्मयिक केन्द्रहरूको विस्तार, यस्तो एउटा राँको जो सधैँ बलिरहेछ, देश चुटिएको **नीलडाम** हेरेर, **मृत्यु उत्सव**को विषयमा सङ्क्षिप्त टिप्पणी, युद्धसाहित्यमा एक नौलो उपहार : **गृहयुद्धका पीडा** लेखहरूमा* कृष्णचन्द्रसिंह प्रधान, युवराज नयाँघरे, ज्ञानेन्द्र विवश र विश्वासदीप तिगेला गरी चार जना निबन्धकारहरूसम्मिलित देखिन्छन् ।

*उपन्यासभित्र* शीर्षकमा ***फूलको आतङ्क**को निरूपण, केन्द्रभञ्जनको एउटा नमुना **जेलिएको** उपन्यास, नेपाली उपन्यासजगत्मा **सर्वजा**, नेपाली उपन्यासको नयाँ बिसौनी **पल्पसा क्याफे*** लेखहरू समावेश भएका छन् । तीमध्ये दुईवटा लेखहरू डा. ध्रुवचन्द्र गौतमका दुई उपन्यासबारे, एउटा तेजराज खतिवडा र अर्को लेख नारायण वाग्लेको उपन्याससँग सम्बन्धित छ ।

*कथाभित्र* शीर्षकमा *ध्रुव सापकोटाको **अन्धकार**भित्र प्रवेश, अस्तित्वको खोजीमा टुङ्गिएको **आत्महन्ता**, निस्पट्ट अँध्यारोमा टाँगिएका दुःखका दृश्यहरू लेखहरू समावेश भएका छन् भने* कथाकारहरू ध्रुव सापकोटा, नारायण ढकाल र महेशविक्रम शाहका बारेमा छन् ।

*भोलिको भाषा* शीर्षकमा प्रा. हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराईको प्रयोगात्मक नेपाली शब्दकोशबारे चर्चा गरिएको छ ।

यसरी विधाखण्डअन्तर्गत छवटा खण्डभित्र जम्मा चौबीसजना नेपाली लेखकहरूका र विदेशी दुई लेखकहरूलाई विशिष्ट रूपमा व्याख्या गरिएको छ । यसरी संरचित भएको प्रस्तुत कृतिको मूल्य रु. २९५ रहेको छ ।

## २. विषयवस्तु

### (१) नयाँ सिमाना (सिद्धान्त खण्ड)

'नयाँ सिमाना'अन्तर्गत सिद्धान्त खण्डमा पन्ध्रवटा लेखहरू रहेका छन् । यस खण्डको पहिलो लेख *समालोचना सिद्धान्तको उत्तरआधुनिक पृष्ठभूमि* शीर्षकमा उत्तरआधुनिकको सङ्क्षिप्त परिचय दिइएको छ । परम्परागत सिद्धान्तले आधुनिक कृतिको विश्लेषण गर्न सम्भव छैन । अहिलेको पठन अत्यधिक साहित्येतर केन्द्रमा आश्रित भएकाले राजनीतिक, समाजवैज्ञानिक मनोविश्लेषणात्मक, सांस्कृतिक आदिका सिद्धान्तसँग साहित्यलाई जोडेर हेर्नु आवश्यक छ भनेर भट्टराई भन्दछन् । आजको सिद्धान्त भन्नु नै विविध प्रकारका चिन्तनले बोकेको इन्द्रेणीवृत्त हो । आज साहित्यसिद्धान्त भन्ने कुरा अनेकौं विषयमा लेखिएका वा सोचिएका असीमित विचार, सिर्जना बोकेका कृति नै हुन् । विभिन्न परिस्थितिले गर्दा आज सिद्धान्त भन्ने कुरा अन्तरविषयक संवाद (इन्टरडिसिप्लिनरी डिस्कोर्स) प्रमाणित भइसकेको छ । यस्तो एउटा विषय नारीवादलाई भट्टराईले उदाहरणका रूपमा प्रस्तुत गरेका छन् । आजका लेखकहरूले कृतिमा अर्थ राख्न खोजेर मात्र पुग्दैन । पाठक कुन दृष्टिकोणमा छन् र कस्तो धारणा र दृष्टिकोण बोकेको पाठकले त्यो कृति पढ्छन्, त्यस कुरामा पनि कृतिको अर्थ अन्तर्निहित हुन्छ भनेर भट्टराईले भनेका छन् । पाठकको, श्रोताको, दर्शकको दृष्टिकोणबाट कृतिमा केकस्तो अपेक्षा राख्न सकिन्छ भन्ने चिन्ताबाट जन्मेको एउटा सिद्धान्त हो पाठक प्रतिक्रिया समालोकीय सिद्धान्त । यसअनुसार कृतिको अर्थ लगाउने अन्तिम जिम्मा पाठकको अनुभवमा आधारित हुन्छ भनेर भट्टराईले भनेका छन् । यसरी आजको कृतिद्वारा दिइने सन्देश खोज्ने काम केवल पाठकमा निर्धारित भएको समय हो भनेर यस लेखमा भट्टराईले चर्चा गरेका छन् ।

अर्को उत्तरआधुनिक चिन्तनमा आधरित भएर लेखिएको लेख हो : *पाठकहरूको मृत्युमा एउटा शोकगीत ।* यस लेखमा कवि बाल आवारावाट लेखिएको **पाठकहरूको मृत्युमा** कृतिका माध्यमबाट युरोपमा भएको लेखकको मृत्यु, युरोपबाटै ईश्वरको मृत्युको घोषणा प्रारम्भ भएको तर नेपाली कविले विश्वको एउटा गरिब राष्ट्रमाथि उभिएर पाठकहरूको मृत्यको घोषणा गरेका छन् भनेर चर्चा गरिएको छ । यस कृतिमा आवाराले पाठकहरू सबै मरे त्यो कुरा सुनाउन म कविता लेखिरहेको छु भन्ने तथ्यलाई उद्घाटन गर्दै आवाराले राष्ट्रले मेरा कविता पढ्दैन, त्यसैले पाठकहरूको मृत्यु भयो भनेर भनेको हो भन्ने तथ्यलाई यस शीर्षकमा भट्टराईले चर्चा गरेका छन् । आजको समय सांस्कृतिक विविधता र वैचारिक अनेकताको हो । अहिलेको चिन्ता जता हेरे पनि केन्द्रबाट बहिष्कृतहरूको चिन्तन हो । परम्परामा नअटाएकाहरू बोल्ने हो; परम्परा नमान्नेहरूले लेख्ने हो; नयाँ लेख्ने हो । तेस्रो सोच उभ्याउने हो । सीमान्तीकृत विचार अघि आउने हो । नयाँ सम्भावनको तर्क पुष्टि गर्ने हो । आवाराको सोच पनि उपर्युक्त विचारहरूमा समाहित रहेको छ भनेर भट्टराईले पुष्टि गरेका छन् ।

*धोद्रे सिमल फोरेर नयाँ पीपल (साहित्यसिर्जना र मूल्याङ्कनचक्र)* शीर्षकमा परम्परावादी कृतिको र सिर्जनाको मूल्यमान्यताका विपरीत आजका हरेक कृतिले आफ्नो महत्ताको मूल्याङ्कन गर्ने निर्णयशक्ति आफैँसँग सुरक्षित राखेको हुन्छ । प्रत्येक शाब्दिक संरचनासँग सामाजिक तथा मनोवैज्ञानिक परिस्थितिहरू प्रतिबिम्बित गर्ने र कृतिले आफैँ आफ्नो विश्लेषण वा व्याख्याका लागि पाठक/समालोचकलाई आह्वान गर्ने शक्ति अन्तर्निहित हुन्छ । पहिलो शक्ति परम्परागत शक्ति हो भने दोस्रो शक्ति आजको युगको शक्ति हो । यो दोस्रो शक्ति आधुनिक विनिर्माणवादी चिन्तनमा आधारित छ । यो दोस्रो सिद्धान्तको मतानुसार रचना र समालोचकबीच विचित्रको सम्बन्ध स्थापित हुन्छ । आजको समीक्षक कृतिसँगै टाँसिएर परै हुन्छ । परै बसेर पनि सधैँ टाँसिएकै हुन्छ । समीक्षकले कृतिकारलाई फोर्छ, चुस्छ, सुकाउँछ । यस सिद्धान्तमा केन्द्रित भएको समीक्षकले कृति फोरेपछि त्यसभित्रको गुण, अवगुण भत्काएर देखाउँछ । लेखक र समीक्षकको आहारा एउटै हुन्छ कृति । भट्टराईले पाठकले कृतिको रस आफू पिउँछ र उसले बनाएको रस फेरि अरुले पनि पिउँछन् भनेर यस सिद्धान्तको व्याख्या गरेका छन् । भाषाको विशेष व्याख्यामा र रूपकीय उदाहरणका रूपमा यो सिद्धान्त आधारित छ । आधुनिक मतमा कुनै पनि कृति पूर्ण रूपले मौलिक हुँदैन, केवल नक्कल मात्र हो । यसमा ब्रेख्त, सेक्सपियर, चेखव, स्ट्रिन्डवर्गको वासना लुकेर आएको हुन्छ । कुनै कृति परजैविक अणुबाट जन्मेको हुन्छ । हजारौँले चलाएका बिम्ब, उपमा, अलङ्कार, अक्षर, चेतनालाई सर्जकले कसरी संयोजन गरेको छ भन्ने कुराले नै मौलिक हुनसक्छ भन्ने निष्कर्ष भट्टराईले यस लेखबाट निकालेका छन् ।

*नेपाली समालोचना पद्धति रुग्ण भएको बेला* शीर्षकमा भट्टराईले नेपाली साहित्यमा एक शताब्दीयता डेढ दर्जन आन्दोलनहरू जन्मिए । यी आन्दोलनले केही कालखण्डमा केही सकारात्मक कुरा लिएर आए । ती मध्ये एक पक्ष उदारअनुकूल सिर्जनामा विविधताको आरम्भ हो । सिर्जनामा विविधतासँगै मूल्याङ्कनमा पनि नवीनता वा विविधताको खोजी हुन थाल्यो । परम्परागत मान्यतामा आधारित सिर्जना र मूल्याङ्कन दुवैपद्धति फेल हुनथाले । परिणामस्वरूप नयाँनयाँ धारणाहरूको विकास भयो भनेर भट्टराईले सर्वप्रथम समालोचना विकासको एकाइलाई स्पष्ट पारेका छन् । २०५५ सालयताका साहित्यिक आन्दोलनले नेपाली साहित्यको रूपरेखाालाई पल्टाउन थालेका छन् । ती आन्दोलनका घोषणापत्रमा बहुलवादी चिन्तनलाई आधार बनाएर कृतिको विश्लेषण गरिनुपर्छ भन्ने तर्क अगाडि सारिएको छ भनेर भट्टराईले उल्लेख गरेका छन् । यस लेखको अन्त्यतिर भट्टराईले **चक्रव्यूह संचेतना र ऐकिक**

**पद्धति**को समालोचनाबारे केही चर्चा गरेका छन् । यो समालोचनाको विषयमा पुनर्विचार गरौँ भन्ने आग्रह लिएर आएको घोषणा पत्र हो । यो घोषणापत्रमा भएका विचारहरू हाम्रै देशमा अध्ययन र अनुभवमा आधारित भएर उत्पन्न भएका विचार हुन् । यसमा अहिलेसम्म नेपाली वाङ्मयमा उठेका प्रायः सबै आन्दोलनहरू (आयामेलीबाहेक) सिर्जनाकै अर्थको परिधिमा पुग्छन् भने यस विचारले मूल्याङ्कनलाई उठाएको छ भनेर भट्टराईले स्पष्ट पारेका छन् । यस विचारले अहिलेको उत्तरआधुनिक परिवेशमा बहुलता, बहुसंस्कृति, नयाँ विचार आदिलाई आत्मसात् गरको छ । सबै प्रकारका आग्रहभन्दा टाढा बसेर जगत् अनन्त संभावनाहरूको प्रयोगशाला हो भन्ने सत्य स्विकार्दै जानुपर्दछ । अन्तिम अर्थ कहीँ छैन । सबै कुरा दृष्टिकोणको सापेक्षतामा मात्र अर्थपूर्ण हुन्छन् भन्ने भ्रममाथि विश्वास लिएर मात्र नयाँ संसार कृति समक्ष प्रस्तुत गर्नुपर्दछ भन्ने चिन्तनलाई लिएर आउने भाइहरूलाई स्वागत छ भन्दै भट्टराईले आजको समय भनेको समालोचना रुग्ण भएको समय हो । यो जडतारित ढल्कदै छ । बहुलतालाई यसले स्वीकार्न सकेको छैन । नवलेखन अटाउन सकेको छैन । यसले अहिलको उत्तरआधुनिक चिन्तनलाई स्वीकार्न सकेको छैन । यस्तो अभाव उत्पन्न भएको बेला सूत्रपात भएको यस चक्रव्यूहलाई भट्टराईले स्वागत गरेका छन् ।

अर्को शीर्षक *स्वर्गीय ज्याक डेरिडाप्रति* रहेको छ । यस लेखमा भट्टराईले डेरिडाले प्रतिपादन गरेको विनिर्माणवादको चर्चा गरेका छन् । हामीले जे बोल्छौ, लेख्छौ ती शब्दले अनेक अर्थ बोक्ने हुँदा पाठकपिच्छे बेग्लाबेग्लै अर्थ देखिन्छन् । शब्दले सधैँ सबैको लागि एउटै अर्थ बोक्तैनन् भने तिनीहरूमा अन्तर्निहित अन्यअन्य अर्थलाई खोज्न पठनप्रक्रियालाई उल्टाउनु पर्छ र उच्छेदन गर्नुपर्छ । यी उल्टापाल्टीद्वारा पुनसिर्जित कार्यलाई डेरिडाले डिकन्स्ट्रक्सन नाम दिए । जसलाई हामीले विनिर्माण नाम दिएका छौ भनेर भट्टराईले भनेका छन् । आज यो धारणा राजनीतिमा, समाजमा, साहित्यमा, धर्ममा र चिन्तनमा व्याप्त छ । यथास्थितिवादीको परास्त गर्दै विचलनको आँधीहुरी ल्याउने यस्तो धारणाका बीज हुन् डेरिडा भनेर यस लेखमा चर्चा गरिएको छ । यस दर्शनको मूल विचार पाखा परेका लाई समाहित गर्नुपर्दछ, संरचनावादको स्थिरत्वलाई विरोध गर्दै केन्द्ररहित विश्वको स्थापना गर्नुपर्दछ, । एक विचारको केन्द्रीयतामा कुनै कुरो पनि रहनुहुन्न । वस्तु, विचार, प्रतीक, वा त्यसको रूप वा कला कहिल्यै एकार्थक हुँदैन, त्यो बहुआर्थिक हुन्छ भन्ने रहेको छ । यिनै विचारलाई समाहित गरेर डेरिडाले नवकेन्द्रको स्थापना गरे । यस सिद्धान्तले हरेक शब्दको, प्रतीकको, संस्कृतिको, दबिएको अर्थ, नदेखिएको अर्थ, सीमान्तीकृत अर्थ खोज्ने प्रयास गर्दछ । अर्थहरू वाक्यका, शब्दका, पदका मात्र होइन, सीमान्तीकृत अर्थहरू सामाजिक संरचनाभित्र लुकेका हुन्छन् । अर्थनीतिभित्र, धर्मभित्र, संस्कृतिभित्र, जीवनशैलीभित्र, हाम्रो बँचाइभित्र वा सर्वत्र हुन्छन् । यी भित्रका अर्थहरूलाई बदल्ने काम विनिर्माणवादले गर्दछ । अन्त्यमा नेपाली साहित्यमा यस वादलाई प्रयोगको भूमि बनाउने साहित्यकार ध्रुवचन्द्र गौतम हुन् र छोपिएका सीमान्तीकृत अर्थलाई केन्द्रतिर ल्याउने काम यिनले गरेका छन् भनेर यस लेखमा भट्टराईले व्याख्या गरेका छन् ।

अर्को लेख *नयाँ सत्यको खोजीमा विनिर्माणप्रक्रिया* रहेको छ । यस लेखमा भट्टराईले विनिर्माण भनेको ऐँठन भएको बेला कोल्टे फेरेर सुत्नु, हामीले सोचिरहेकालाई अर्को कोणबाट सोच्नु, देखिरहेकालाई अर्को धारबाट हेर्नु, लेखिरहेकालाई अर्को तरिकाबाट लेख्नु, विकल्पको खोजी गर्नुजस्ता कुराहरू पर्दछन् भनेर व्याख्या गरेका छन् । विनिर्माणवादले परम्परावादी दृष्टिकोणले हेर्ने साहित्यलाई विभिन्न कोणबाट हेर्नुपर्दछ । एउटै वस्तुलाई विभिन्न बिम्बमा राखेर हेर्नुपर्दछ । प्रत्येक भाषा-संस्कृतिमा जसरी देवीदेवताहरूको सङ्ख्या, स्वरूप, आकार, पूजा गरिने विधि र बस्ने घर फरकफरक हुन्छन् त्यस्तै साहित्यका क्षेत्रमा

पनि विभिन्न नयाँनयाँ धारणाहरूले साहित्यलाई हेर्नुपर्दछ भनेर भट्टराईले विनिर्माणवादको व्याख्या गरेका छन् । हाम्रा परम्परावादी सोचका बाटाहरू अरू पनि छन् कि? भनेर खाजी गर्नुपर्दछ । तरिका र प्रयोगको विकल्प, अर्थको विकेन्द्रित, अर्थको अन्तिम व्याख्या हुँदैन भन्ने विनिर्माणवाद सिद्धान्तको सैद्धान्तिक अवधारणा रहेको छ भनेर व्याख्या गरेका छन् ।

*उत्तरआधुनिककालको आगमनबारे एउटा भ्रान्तिवृक्ष* शीर्षकमा भट्टराईले उत्तरआधुनिक चिन्तनबारे व्याख्या गरेका गरेका छन् । यस अगिका सारा चिन्तन आंशिक थिए । हामी नयाँ दृष्टिले भविष्यलाई हेर्दछौँ तर हामी पनि अन्तिम होइनौँ, पछि आउने पनि त्यस्तै हुनेछन् । त्यसैले नयाँ विचारले सधैँसधैँ यहाँ आइरहन पाउनुपर्दछ । एउटै व्याख्याले, विचारले, धर्मले, संस्कृतिले प्रकृतिले केहीले पनि जगत्लाई परिभाषित गर्न सक्दैन । विविधता, सहस्यमयता र सन्देहपूर्णस्थिति जगत्का परिभाषा हुन् । जगत्मा सार्वभौम सत्य र सत्ता छैन, यो विविधतायुक्त र अज्ञेय छ भन्ने तथ्य हामी सामु छ । कुनै कुराको निश्चित ठोकुवा गरेर हामी भन्न सक्दैनौँ । त्यसैले जगत् बहुलताको सङ्गम हो । विविधताको सङ्गम हो, एउटा अस्थिर र अनिर्णित आकृति हो । यस्तै प्रकारका केही कोमल र प्रियकर लाग्ने तर कतिपय क्रूर यथार्थ बोकेर आएको अहिलेको समय उत्तरआधुनिकता हो भनेर भट्टराईले यहाँ व्याख्या गरेका छन् । यसले साहित्यमा विधाभञ्जन, संरचनाभञ्जन, विचारभञ्जनको मार्ग हुँदै सर्वथा नवीनसिर्जना बोकेर भित्रिएको छ । अतीतमै टेकेर पनि कतिसम्म नयाँतिर जान सकिन्छ, त्यतैको यात्रा गर्नु, सुधार गर्नु, परिष्कार गर्नु, नवीनताको खोजी गर्नु भनेकै उत्तरआधुनिक चिन्तनको मान्यता हो भनेर उनले स्पष्ट पारेका छन् ।

*उत्तरआधुनिक सङ्घारमा धर्मराइरहेका पाइला* शीर्षकमा उत्तरआधुनिकता एउटा खास प्रवृत्ति विशेष मात्र नभएर वर्तमान हामी बाँचेको सिङ्गो समयको लक्षण हो । यो वर्तमान काल हो । उत्तरआधुनिकता परम्परावादी चिन्तनलाई त्यागेर विज्ञान र प्रविधिको गतिमा आफूलाई समाहित गर्दै मानिसको तार्किक र बौद्धिक प्रगतिको अन्तिम चौतारी हो भनेर भट्टराईले चिनाएका छन् । यो दर्शन, संस्कृति, सौन्दर्यशास्त्र मानविकी, गणित, विज्ञान, कला र सङ्गीत आदि क्षेत्रमा व्याप्त भएको छ । वैज्ञानिक ठहरिएका व्याख्यालाई यसले उल्टाइदिएको छ । अनेकौँ त्यस्ता आधारमाथि पनि यसले प्रश्नचिह्न उठाएको छ । यस्तै मान्यता बाकेर वर्तमानमा हिँडिरहेको एउटा चिन्तन उत्तरआधुनिकता हो भनेर भट्टराईले भनेका छन् । उत्तरआधुनिकता समयको अन्त्य होइन, अनादि अनन्तबीचको केही दशक जोड्ने एउटा कडी हो । यो समय हाम्रा धारणामा परिवर्तन आएर देखिएको प्रतिबिम्ब हो । वर्तमान समयमा हाम्रा चिन्तन, दर्शन र विश्वास-धारणामा आएका परिवर्तनले प्रभाव पारेको हुन्छ । अहिले सामाजिक संरचना, लैङ्गिकता, यौनिकता र सांस्कृतिक संरचनाका बनावटका विषयमा हामी अपरम्परित कोणबाट पनि व्याख्या गर्न थालेका छौँ । सोचमा परिवर्तन आएको छ । वर्तमान समय रूपान्तरणप्रक्रियामा प्रवेश गर्न थालेको छ । यो जगत्प्रतिको धारणा सांस्कृतिक परम्पराको प्रकाशन हो । त्यसकारणले हामीले जे ग्रहण गरिरहेका हुन्छौ त्यो एउटा सिर्जनात्मक छ । यस्तो धारणाको विकास भइरहेको समयमा यो पाश्चात्य चिन्तनमा हिड्दा अँध्यारो हुने हो कि भन्ने सन्देहमा परी यो सङ्घारको समयमा खुट्टा लर्बराउनु हुँदैन भन्ने दृष्टिकोणलाई भट्टराईले यस लेखमा प्रस्ट पारेका छन् ।

*उत्तरआधुनिक जङ्गलको एउटा भ्रान्तिवृक्ष* शीर्षकमा लीला चिन्तनबारे स्पष्ट पार्दै लीला चिन्तनको प्रशंसा गर्दै खेदो पनि गरेका छन् । सिक्किमको गोष्ठीमा गएर अब लीलालेखनचाहिँ रहेन भन्ने टुङ्गोसमेत भट्टराईले लगाएका छन् । लीलालेखनसम्बन्धी यस लेखमा लीलालेखन पूर्वीय दर्शनमा आधारित रहेको छ भन्ने इन्द्रबहादुर राईको विचार

भ्रमात्मक हो, गलत हो, लीलालेखन भनेको डेरिडाको डिकन्स्ट्रक्सन नै हो भन्ने कुरालाई भट्टराईले विभिन्न किसिमले विभिन्न पक्ष र तर्कबाट प्रमाणित गरेका छन् ।

*साहित्यिक पुनर्सिर्जनाको उत्तरआधुनिक प्रक्रियामाथि केही प्रश्न* शीर्षकमा भट्टराईले विनिर्माणवादको चर्चा गरेका छन् । एक प्रकारले विनिर्माणिक प्रक्रियालाई उत्तरआधुनिकताको आत्मा नै मानिन्छ । विनिर्माण भनेको एक प्रकारले हेरिएको कुरालाई अर्को प्रकारले पनि हेर्नु हो । कुनै पनि सत्य शाश्वत हुँदैन; त्यो सन्दर्भ सापेक्ष हुन्छ भन्ने मान्यता स्वीकार्नु हो । त्यसैले कुनै पनि साँध र सिमाना अन्तिम हुँदैन, त्यो भत्किरहन्छ । उत्तरआधुनिकता बहुलवादी सिद्धान्त भएकाले यसले कुनै पनि कुराको सीमाङ्कन गर्दैन । प्रत्येक तार्किक कुरालाई यसले अँगाल्दछ । यो समावेशी प्रकारको सिद्धान्त हो । यसले एककेन्द्रलाई भत्काएर नयाँनयाँ केन्द्र एवम् उपकेन्द्रहरू स्थापित गर्ने कुरालाई मान्यता दिन्छ । यसले साहित्यमा वर्तमान समयसम्म स्थापित नभएका, चित्रण हुन नसकेका, घटना बन्न नसकेका सबैलाई समावेश गर्ने सानासाना र नयाँ केन्द्रहरू खडा गर्दै जाने प्रतिज्ञा गर्दछ । अहिलेसम्म साहित्यमा आउन नसकेका पात्र, घटना, विषयवस्तु, संरचना आदिलाई समेट्ने यो सिद्धान्त बहुलवादी सिद्धान्त हो भनेर भट्टराईले व्याख्या गरेका छन् ।

*वर्तमान नेपाली साहित्यमा लीला : दिशाहीनताको खोजी* शीर्षकमा भट्टराईले लीला लेखनबारे चर्चा गरेका छन् । लीलालाई गहिरिएर हेर्दा दुईवटा पाटामा यो विभाजित छ । एउटा चिन्तन-दर्शन विचारको र अर्को त्यसअनुसारको लेखनको । लीलाको प्रवर्तन भारत भूमिको भएको मानिए तापनि यसको प्रयोगभूमि नेपाली साहित्य हो । नेपाली साहित्यको दिशालाई केले निर्धारित गर्दैछ र यो कता जाँदैछ भन्ने कुरा थाहा पाएपछि मात्र लीलाको स्थान सुनिश्चित गर्न सकिन्छ भन्दै वर्तमानको नेपाली साहित्य उत्तरआधुनिकतातिर ढल्किसकेको छ । विगत दुई दशकदेखि यताको नेपाली साहित्यले शैलीमा, विषयवस्तुमा, पात्रमा, स्थानमा, संरचनामा र दर्शनमा नवीनताको लक्षण देखाउँदै आएको छ । उत्तरआधुनिक चरित्रभित्र विश्वसाहित्यका नमुना हेर्दा चार कुरा फेला पर्दछन् । ती हुन् : समावेशिता, नवीनता, प्रयोग र मूल्यको संरक्षण । यी मध्ये सबैभन्दा ठूलो कुरा सर्वसमावेशिता हो । राष्ट्रिय साहित्यभित्र सबैले स्थान पाउनुपर्दछ भन्ने यस सूत्रको आग्रह छ । राष्ट्रिय भावनाहरू संस्कृतिमा, भाषामा, मातृभाषामा प्रतिबिम्बित हुन्छन् । परम्परा, भूगोल, धर्म, भाषा, जातिले छोडेका, छुटाएका र थिचेका साराहरूको समावेशीकरण नै आजको नेपाली साहित्य हो । आज नेपाली साहित्यको पहिलो आख्यान, दोस्रो कविताले यस्तो नवीन मार्ग राजेका छन् । तेस्रो नाटकले पनि यो प्रक्रिया अपनाएको छ । नेपाली चित्रकला, मूर्तिकला, निबन्ध, समालोचनामा पनि उत्तरआधुनिकप्रक्रिया देखिसकिएको छ । उपन्यासमा विधामा **पल्पसा क्याफे** यसको उदाहरण हो भनेर भट्टराईले चर्चा गरेका छन् । लीलालेखनको बारेमा मैले पनि **काव्यिक आन्दोलनको परिचय** कृतिभित्र धेरै धारणाहरू राखिसकेको छु भन्दै इन्द्रबहादुर राईको पूर्वीय पौराणिक दर्शनमा आधारित लीलालेखन हो भन्ने भ्रामपूर्ण सत्यलाई हेर्दा यो पाश्चात्य उत्तरआधुनिकको एउटा चिन्तन हो भनेर भट्टराईले व्याख्या गरेका छन् । यस लेखमा लीलालेखनबारे भट्टराईले यसरी स्पष्ट पारेका छन् : 'लीलादर्शनको चर्चा निरन्तर चलिरहन्छ तर लीलालेखनको औचित्य नेपाली साहित्यमा समाप्त भएको छ । उसबेला निकालेको लेखनप्रविधिले आजको लेखकीय चेतनालाई दिशानिर्देश गर्न सक्तैन । यसबेला र आजको परिस्थिति र लेखकीय धारणामा ठूलो अन्तर देखिइसकेको छ । आजको साहित्यले उत्तरआधुनिक चेष्टा र परिवेशअनुसारका कृतिहरू निकालेको तीन दशक नाघिसक्यो । लीलालेखनको प्रयोजन सीमित भयो । यो आज

उत्तरआधुनिकतामा विलीन भइसक्यो । लीला शब्दको प्रयोजन साहित्यमा समाप्त भएको छ (पृ. ६९) । यिनै सन्दर्भहरूमा यो लेख भट्टराईले लेखेका छन् ।

*बर्खान्तका बेला डेरिडाको सम्झना* शीर्षकमा भट्टराईले डेरिडाको दर्शनको चर्चा गरेका छन् । जीवनभरि उच्छेदनको दर्शन र क्रान्तिकारी चिन्तन लिएर हिँडेका डेरिडा अन्तिम दिनहरूमा प्राचीन मूल्यमान्यता र आदर्शतिर फर्केका थिए भन्दै आपसी मेलमिलाप र क्षमाद्वारा विश्वबन्धुत्वको स्थापना गर्न उनी प्रयत्नशील रहे । वर्तमान विश्वइतिहास रक्तपात भएको बेला यसको मूल कारण शस्त्रात्रको निरन्तर उत्पादन र सर्वत्र सहज उपलब्धताले हो । यसको सञ्चालक तत्त्वचाहिँ मानिसको हातमा परेको अन्धशक्ति हो । यस कारण वर्तमान विश्वमा जाति विनाश, आत्महत्या, नरसंहार, देशनिकाला, थुना, नजरबन्दी, र प्रतिबन्धका उदाहरणहरू पेस गर्दै भट्टराईले डेरिडाका निबन्धहरूको विषयवस्तुले हाम्रो देशको परिस्थितिलाई नै हेरेर लेखिएका जस्ता लाग्दछन् भनेर भनेका छन् । विश्वमा देखिएको शरणार्थी समस्यालाईलाई उनका निबन्धले टड्कारो रूपमा देखाएका छन् भनेर भट्टराईले भनेका छन् । विश्वभरि चलिरहेको हत्या र हिंसा तथा विविध प्रकारको यातनालाई कम गराउन डेरिडाले क्षमादानको प्रस्तावना गरेका छन् भन्दै क्षमाको प्रस्तावनाले विश्वग्रामीणकरण, विश्वभ्रातृत्व, जाति, वर्ग, दल वा समूहप्रति उत्पन्न भएका द्वेष, ईर्ष्या, बदलाभाव मेटाउनु, अक्षम्यलाई क्षमादिनु आदि विशेषतालाई आत्मसात् गरेको छ भनेर भट्टराईले चर्चा गरेका छन् ।

*पर्खाल ढलिरहेका साहित्यिक सिमाना* शीर्षकको लेखमा भट्टराईले वर्तमान साहित्यको कुनै सीमा छैन । त्यस्तो नेपाली साहित्य पनि बिना पर्खाल अगाडि बढ्न थालेको छ भनेर व्याख्या तथा विश्लेषण गरेका छन् । आज नेपाली साहित्यमा पर्खाल नुहुनाको कारण नयाँनयाँ धारणाको उद्भव र साइबर संस्कृतिले छोएपछि शब्द, वाक्य र विचारमा आएको परिवर्तन, परम्परावादी लेखनको शैलीको सीमाना भत्काउँदै नयाँदिशाको खोजी र समयको तीव्र चापले सूचना जगत्मा आएको अकल्पनीय क्रान्तिले गर्दा हो । नयाँ पुस्ताले नयाँ ज्ञान र सूचनाको आधारमा आफ्नो परिवेशलाई विश्लेषण गर्दा जगत् धेरै बदलिएको पाउँछ र यहाँ लेखनमा यस्तै यस्तै कुराले प्रवेश पाइरहेका छन् । साहित्यिक विधा छुट्याउने पर्खालहरू बिस्तारै ढल्दै गएका छन् । सिर्जनाभित्र विविध प्रयोग र विविध प्रकृतिका (साहित्येतर) सिर्जनाले गर्दा यस्तो स्थिति उत्पन्न हुँदैछ । नेपाली साहित्यमा पनि यस्तो विधासीमाको अवज्ञा हुन थालेको निकै समय भइसकेको छ । विधाभञ्जनको गति तीव्र भइसकेको अवस्थालाई भट्टराईले औँल्याएका छन् ।

*उत्तरआधुनिक संस्कृतिबोधक केही अवधारणा* शीर्षकमा भट्टराईले उत्तरआधुनिकता विषयक केही विशिष्ट शब्दहरूको अर्थ, व्याख्या र उदाहरण दिएर उत्तरआधुनिकतालाई स्पष्ट पारेका छन् । यस्ता शब्दमा एप्रोप्रियसन, ग्लोबल कल्चर, कमोडिफिकेसन, साइनबोर्ग, डिकन्स्ट्रक्सन, डिफराँस, डिस्कोर्स, हाइपररियल, हाइपररियालिटी, ग्याम्प, सम्पूरक, हाइब्रिडिटी आदि पर्दछन् भनेर भट्टराईले भनेका छन् । एप्रोप्रियसन कला, साहित्य वा संस्कृतिका अनेक वृत्तमा लोकप्रिय हुँदै गरेको विशेषता हो । ग्लोकल कल्चर भनेको आजको विश्वसंस्कृतिमा सांस्कृतिक विलयनका उदाहरणमा हरेका क्षेत्रमा पढेको पहिलो कारण हो । आजको इलेक्ट्रोनिक र मिडियाको तीव्र संवाहक भूमिका र नागरिकमा टाढाको ग्लोबल र आफ्नो नजिकको लोकल दुवैको संस्कृतिप्रतिको मोह र आकर्षणलाई ग्लोकल कल्चर भनिन्छ । उत्तरआधुनिक संस्कृतिलाई बुझाउने अर्को पद कमोडिफिकेसन छ । यसको तात्पर्य वर्तमान समाज बजारतन्त्रप्रति अर्थात् तीव्र व्यापारीकरणप्रति आकर्षित भएको छ । उपभोग्य वस्तुको उत्पादन, उपभोगको नवीनता, मूल्यमा अस्थिरता आदिलाई यस पदले जनाउँछ ।

शुष्कता, यान्त्रिकता र यान्त्रिक समवेदनाको रन्को उपस्थित गराउने लेखनलाई साइन्बोर्ग भनिन्छ । डिकन्स्ट्रक्सन भनेको विनिर्माणीकरण हो । डिफराँस भनेको अर्थस्थनगता एवम अर्थभिन्नता हो । डिस्कोर्स भनेको लिखित वाणी वा मौखिक वाणीमा प्रत्यक्ष भएको सार हो । हाइपररियल भनेको अतियथार्थिक हो । हाइपररियालिटी भनेको यथार्थको प्रभावलाई पनि अति गरेर प्रभाव पार्ने तरिका हो भन्दै यस्ता अनेक शब्दहरूको विश्लेषण भट्टराईले यस लेखमा गरेका छन् ।

समग्रमा भन्नुपर्दा यी उत्तरआधुनिकता सम्बन्धी लेखहरूअन्तर्गत उत्तरआधुनिकतालाई चिनाउनका लागि व्याख्या गरेर त्यो के हो ? भन्ने बुझाउनका लागि लेखक भट्टराईले उत्तरआधुनिकताको सिद्धान्तसँग सम्बद्ध विभिन्न पक्षबाट कुरो उठाएका छन् । यस क्रममा उनले अर्थको अनिर्धारणलाई स्पष्ट्याउँदै अर्थको अनिर्धारण भन्ने सिद्धान्त अगाडि ल्याएर उत्तरआधुनिकताले पुरानो अर्थसम्बन्धी पूर्ववर्ती विचारलाई उल्ट्याएर महत्त्वपूर्ण सिद्धान्त स्थापित गरेको हो भनेका छन् । उत्तरआधुनिकताका अनुसार अर्थ अन्तिम सत्य हो भनेर कसैले अर्थलाई अन्तिम सत्य भन्न मिल्दैन । अर्थ पाठक र कृतिका भिन्नाभिन्नै हुँदै जान्छन् । परम्परित समालोचनामा अर्थ निश्चित हुन्छ भनिएको थियो तर यस धारणाको विपरीत अर्थको अनिर्धारण उत्तरआधुनिकवादीहरूको विचार हो । त्यसैले उत्तरआधुनिक दृष्टिमा अर्थ एउटा अनिर्णित अस्तित्व हो । उत्तरआधुनिक परम्पराविरोधी प्रवृत्ति वा सिद्धान्त हो, तर यसले परम्पराको विनाश नै चाहिँ गर्न चाहदैँन । यसले परम्परित रूपमा आएको कृतिमा केही स्थानान्तर गरी उल्टोपाल्टो गर्दा त्यसमा नौलोपना र नौलाशक्ति उत्पन्न हुन्छ भन्ने दृष्टिकोण अघि सारेको हो । भट्टराईले यसरी विभिन्न परिप्रेक्ष्यबाट उत्तरआधुनिकता के हो ? भन्ने कुरा बुझाउन खोजेका छन् ।

उत्तरआधुनिकतासँग गाँसिएको अर्को कुरा पाठक-प्रतिक्रिया सिद्धान्त हो । यस सिद्धान्तको माध्यमबाट भट्टराईले उत्तरआधुनिकतालाई बुझाउने प्रयत्न गरेका छन् । पाठक पनि प्रत्येक कृतिको सहसर्जक र पुनःसर्जक हो । कुनै पनि लेखकले एउटा कृतिसिर्जना गरेको छ भने त्यो पाठकसमक्ष पुगेपछि उसले पठनक्रममा जहाँजहाँ रिक्तता छ, त्यहाँत्यहाँ पसेर आफ्नो अनुभव र भोगाइका आधारमा अर्थ भन्ने काम गर्छ । उसले त्यसलाई अर्थ्याउँछ पनि । वास्तवमा पाठक-प्रतिक्रिया नै नयाँ अर्थलाई छुने एउटा महत्त्वपूर्ण प्रक्रिया हो । प्रत्येक पाठकले सहसर्जक भएर कृतिको पुनर्सिर्जना पनि गर्दै जान्छ र मानसिक तह वा भौतिक रूपमा नवीनता पनि थप्दै जान्छ । लेखकको मृत्युको अवधारणा पनि यसै सन्दर्भमा आएको देखिन्छ । जब कृति पाठकमा जान्छ, त्यसबाट लेखक छुट्टिन्छ वा लेखकको मृत्यु हुन्छ । पाठकले आफ्नो प्रतिक्रियाद्वारा अर्थ भन्दै गएपछि वास्तवमा कृति सम्पन्न हुन्छ भन्ने धारणा उनले व्यक्त गरेका छन् । यहाँ प्रस्तुत गरिएको अर्को अवधारणा कृतिले आफैँ समालोचक जन्माउँछ भन्ने हो । त्यसकारण कुनै सर्जकले समालोचनाका लागि कसैका पछि लाग्नु पर्ने वा कसैलाई अनुरोध गर्नु पर्ने आवश्यकता पर्दैन । कृति शसक्त छ भने त्यसैले आफ्ना व्याख्याताहरू वा समालोचकहरू स्वयम् जन्माउँछ भन्ने उत्तरआधुनिक मान्यता यसमा स्पष्टताका साथ भट्टराईले राखेका छन् । आफ्नो समालोचना र समालोचक आफैँ पैदागर्ने कृतिका रूपमा **पल्पसा क्याफे**लाई लिइएको छ ।

भट्टराईले विधाभञ्जनका रूपमा कवितालाई अन्य विभिन्न रूपमा प्रस्तुत गर्ने, कथाभित्र अरुविधा मिश्रण गर्ने, संरचना भङ्ग गरी आदि, मध्य र अन्त्यको सुसङ्गति भङ्ग गरिदिने साथै विचारभञ्जन गरिदिने कुराका उदाहरणसमेत प्रस्तुत गरी उत्तरआधुनिकताका विशेषता व्यक्त गरेका छन् । त्यसैगरी विश्वमा बढेको साइबर सँस्कृतिको उर्लदो भेल,

प्रविधिको सर्वत्र विगविगी र भुमण्डलीकरणको प्रभावले छोपेको छ । यी सबै विचारधाराहरू पनि उत्तरआधुनिकतासँगै सम्बद्ध छन् भनेर भट्टराईले निष्कर्ष दिएका छन् ।

नयाँ सिमानाअन्तर्गत पन्ध्रौ लेखचाहिँ *विश्वसाहित्यमा समकालीनताको निक्यौंल : एक गम्भीर प्रश्न* शीर्षकको रहेको छ । यस लेखमा समकालीनताबारे स्पष्ट पार्दै भट्टराईले खास गरेर **अक्सफोर्ड गाइड टु कन्सेम्पोरेरि राइटिङ शीर्षक**को पुस्तकको अध्ययन गर्दा उनका मनमा लागेका प्रतिक्रिया एवम् खुलदुलीहरू व्यक्त गरेका छन् । उक्त कृतिमा विश्वका समकालीन साहित्यअन्तर्गत भारत, अफ्रिका, अरबियन देश, चाइना, जापान आदिका कृति परेका छन् तर नेपाली साहित्यका कृति भने छैनन् । यसरी नेपाल र नेपालीलाई पर सारिएकोमा उनले किन नेपाल परेन, किन यसको नाम लिइएन । के नेपालको समकालीन लेखन विश्वस्तरको छैन ? भन्ने प्रश्नहरू उठाएका छन् । भारतको लेखनचाहिँ विश्वका आँखामा समकालीन भयो र त्यस कृतिमा पऱ्यो भन्ने कुराको विश्लेषण गर्दै भट्टराईले अङ्ग्रेजी भाषाको माध्यमबाट नेपाली साहित्य कम लेखिनु र नेपाली भाषामा लिखित कृतिहरूको अङ्ग्रेजीमा अपर्याप्त अनुवाद हुन नसक्नु प्रमुख दुईवटा कारणहरू फेला पारेका छन् । साहित्यमा भावनाको वास्तविक प्रतिनिधित्व आफ्नै भाषामा लेखिएको साहित्यले गर्दछ, अनुवाद साहित्यले गर्दैन । त्यसैले वास्तविक साहित्य बुझ्नु छ भने विश्वले नेपालतिर पनि दृष्टि लगाइदिनु पऱ्यो भन्ने आह्वानका साथ भट्टराईले समकालीनताको चर्चा टुङ्ग्याएका छन् ।

यसरी यस कृतिको पहिलो सिद्धान्त खण्डमा उपर्युक्त विभिन्न शीर्षकमा उत्तरआधुनिकताको व्याख्या-विश्लेषण गर्दै भट्टराईले उत्तरआधुनिकतालाई चिनाउने प्रयास गरेका छन् ।

(२) **विधाखण्ड**

विधाखण्डअन्तर्गत भट्टराईले कविता, नाटक, निबन्ध, उपन्यास, कथा विधा र अन्यमा भोलिको भाषालाई समेटेका छन् । यी विधाअन्तर्गत विभिन्न शीर्षकमा भट्टराईले विभिन्न लेखकहरूको चर्चा गरेका छन् । यस विधा खण्डका विभिन्न शीर्षकहरूको विषयवस्तु निम्नलिखित रूपमा तल चर्चा गरिएको छ :

(क) **कविता खण्ड**

कविता खण्डमा एघारवटा लेखहरू रहेका छन् । ती लेखहरूको विषयवस्तुलाई तल चर्चा गरिन्छ :

कविता खण्डको चर्चा गर्ने क्रममा *नवीनतम प्रयोग काव्य :* ***नयाँ ईश्वरको घोषणा*** शीर्षकमा पहिला कवि गोपाल पराजुलीको **नयाँ ईश्वरको घोषणा** कविता कृतिको व्याख्या-विश्लेषण गरिएको छ । यस कृतिलाई अपारम्परिक भनिएको छ । यो नौलो छ, यसमा अत्यधिक प्रयोगशीलता छ, नवीनता छ, र यो एकदम मुक्त छ, अरुअरुले ईश्वर मार्थे तर यसमा चाहिँ ईश्वरको खोजी गरिएको छ । यस अपारम्परिक लक्षणले उनको कवितालाई उत्तरआधुनिक तुल्याएको छ ।

*काँडाकाँडामा टेकेर हिंडिरहेका उनी* लेखमा विष्णुविभु घिमिरेको **काँढाकाँढामा** भन्ने कवितासङ्ग्रहको विश्लेषण गरिएको छ । यस कवितासङ्ग्रहमा मानवकेन्द्रित, आफूकेन्द्रित, समयकेन्द्रित, मायाकेन्द्रित कविताहरू रहेका छन् भन्दै उदाहरणका साथ ती कविताहरूको व्याख्या-विश्लेषण गरिएको छ । यसमा घिमिरेको निजी शैली छ, कविता लेख्ने टेक्निक पनि

नयाँ छ र सङ्कलित कविताहरूमा अधिकांशतः जीवन र जगत्का दृष्टिकोणहरू व्यक्त भएका छन् भनेर भट्टराईले विश्लेषण गरेका छन् ।

*मात्रै खण्डहरमा बाँच्नु सिवाय* लेखमा मीनबहादुर विष्टको **मीनबहादुर विष्टका कविता** शीर्षकको कवितासङ्ग्रहका कविताहरूको विवेचना गरिएको छ । मीनबहादुरको कवित्व संवेदनशील रहेको छ । यस्ता संवेदनशील कविको मन सदैव देश र जनतामा ठोकिएको छ । आफ्ना निजी पीडामा र नेपाली जनतामा ठोकिएको छ । उनको कवित्वशक्तिमा सरलता, स्पष्टता, निर्दोषपना झल्किन्छ । कविताहरू सरल, स्पष्ट र निर्दोष छन् । सबै कवितामा चिन्तनको घनत्व छ भनेर भट्टराईले विष्टका कविताहरूको विशेषता बताएका छन् ।

*विचार र काव्यको सङ्गम विनयका कविता* शीर्षमा विनय रावलका बारेमा भट्टराईले उनका **मलाई तिमी आफू जस्तै बनाऊ** र **सपनाको देशमा** शीर्षकका दुईवटा सँगालोहरूको व्याख्या-विश्लेषण गरेका छन् । विनय रावलका कविताहरू संरचनाका दृष्टिले छोटा र चोटिला छन् । कविताहरूमा छोटाछोटा कथा भएका आख्यान पाइन्छ । दार्शनिक दृष्टिकोणले हेर्दा विनयका कविताहरूमा अस्तित्वादी चिन्तनको प्रभाव देखिन्छ । विनयका कविता सहरकेन्द्रित छन् र कवितामा चेतनाको स्वर झल्काइएको छ । आगो, सूर्य, आँधी, ढोका, हावा रुख आदि अनेकौँ प्रतीकको प्रयोग गरेर कविता लेख्ने कवि विनय रावल हुन् भनेर भनिएको छ । स्थायी भावको पुनरावृत्ति उनका कवितामा जतातततै पाइन्छ । यी कुराहरूलाई उनका कविताभित्र खोज्दै केही कविताको उदाहरणसमेत दिँदै कविताहरूमा ईश्वरको सत्ताप्रति बारम्बार सन्देह व्यक्त गरिएका कविताहरू रहेका छन् भनेर भट्टराईले चर्चा गरेका छन् ।

*साइबर युगका त्रासद ध्वनिहरू शीर्षकमा* सरुभक्तको **इतर समय**को चर्चा पाइन्छ । यसको खास विशेषताचाहिँ अत्यधिक साइबर विम्बहरूको प्रयोग हो । अधिकांश कविता साइबर संस्कृतिले उत्पन्न गरेका इमेजले भरिएका छन् । प्राकृतिकता लोप हुँदै गएको, सहजता प्राप्त हुँदै गरेको, कृत्रिम र अस्वाभाविक विश्वले भरेको त्रास उनका कविताको मूल सार हो भनेर भट्टराईले भनेका छन् । यसमा महत्त्वपूर्ण ढङ्गमा ब्रह्माण्डीय विषय र प्रश्नहरूलाई उठाइएको पाइन्छ । कविताहरूमा भुमण्डलीकरणको चर्चा छ । विद्रूपताको प्रस्तुति छ र वैश्विक चेत छ । भट्टराईको मूल्याङ्कनअनुसार सरुभक्तका कविताहरूमा कविताको एउटा छुट्टै धारा बगेको छ र उनमा एउटा भिन्न प्रतिभा छ र त्यो साइबर को प्रयोग तथा ब्रह्माण्डीय प्रश्नहरूको सन्दर्भबाट प्रमाणित भएको छ ।

*मनका अक्षरले मनिभित्रै बजेको अर्केष्ट्रा* शीर्षकमा मनप्रसाद सुब्बाको **अक्षर अर्केस्ट्रा** भन्ने कृतिको व्याख्या विश्लेषण भट्टराईले गरेका छन् । अर्केस्ट्रा सङ्गीतमा प्रयुक्त शब्द हो । यसले विभिन्न प्रकारका वाद्ययन्त्रहरू बजाउने समूहलाई जनाउँछ । यसरी मनप्रसादले यहाँ त्यही अर्केस्ट्रा बजाएका छन् । मनप्रसादका कविताको सौन्दर्य सरलता हो तर उनले ती सरल शब्दमा यो युगको जटिल प्रश्नलाई प्रस्तुत गरेका छन् भनेर चर्चा गरिएको छ । कवितामा अस्तित्ववादी चिन्तन सघन भएर आएको छ । यसमा उनलाई शिल्प र शक्तिको नवीन पहिचान भएका कवि भनिएको छ । कविताहरू सरल छन्, अस्तित्ववादको गुञ्जन छ, सूक्ष्म आध्यात्मिक चेतना र बिम्बहरू नौला र सरल खालका छन् । दैनिक अनुभूतिहरू शसक्त ढङ्गमा व्यक्त गर्ने सुब्बाको कृति नेपाल बाहिरका साहित्यकारहरूको प्रतिनिधित्व गर्ने कृति हो भनेर भट्टराईले भनेका छन् ।

*हिरासतमा उभिएर अराजकतामाथि एक* चिन्तन शीर्षकमा हाङ्युङग अज्ञातको **करङको हिरासत** भन्ने कवितासङ्ग्रहको विश्लेषण गर्दै भट्टराईले उनका कवितामा उत्तरआधुनिक विचार वा सिद्धान्तलाई अराजक चेतनाका नामले प्रस्तुत गरिएको छ भनेका छन् । सँगालोका कविता अराजक कविता हुन् तर राजनीतिक दृष्टिकोणले भने होइनन् । कविको शिल्प नयाँ छ, कतिपय कविता चित्रात्मक र दृश्यात्मक छन् । उत्तरआधुनिकताले परम्पराको नाश गर्दैन, त्यसलाई अझ नयाँ रूपमा प्रस्तुत गर्दछ भन्ने कुराको प्रमाण अज्ञातका कविताहरूबाट भट्टराईले स्पष्ट पारेका छन् ।

***भीरैभीरको** रङ्ग हेर्दा शीर्षकमा* धर्मेन्द्रविक्रम नेम्बाङको **मौरीमौरीको रङग** नामक कवितासङ्ग्रहका बारे भट्टराईले विश्लेषण गरेका छन् । उनका कविताहरू स्पष्ट रूपमा अर्थ बुझ्न गाह्रो छ र विश्लेषण गर्न कठिन छ । कविताहरूमा अमूर्तशैलीको प्रयोग, दर्शन, बौद्धिकता, संवेग, अन्तरलय, वैचारिकताजस्ता प्रयोगले यिनका कविता नयाँ पुस्ताको सशक्त कलाका रूपमा देखिएका भन् भनेर भट्टराईले चर्चा गरेका छन् ।

***रङ्गैरङ्गको भीर** आरोहण : एक स्वप्नील यात्राको स्मृति अवशेष* शीर्षकमा स्वप्निल स्मृतिको **रङगैरङगको भीर** नामक कृतिमाथि विचार गर्दै यसमा नौलो र अपरम्परित कुरा के छ भने कविताहरू उल्टो क्रममा राखिएका छन् । यो सँगालो पृष्ठ ७८ बाट सुरु भएर १ मा टुङगिन्छ । कवि १ लाई मासेर १ निर्विकल्पनाको सङ्केत हो, बहुलवादी सोचको स्थापनाका लागि १ ले केन्द्रबाट हट्नुपर्छ भन्ने उत्तरआधुनिकता दृष्टिकोण उक्त सँगालोमा व्यक्तिएको कुरा भट्टराई औल्याउँछन् ।

*उत्तरआधुनिक प्रदेशको अराजक यात्रा* शीर्षकमा भट्टराईले अर्का कविका रूपमा राजन मुकारुङको **मुकारुङ्गका कविताहरू नयाँ घोषणमा**लाई लिएका छन् । उनले मुकारुङका कवितालाई पूर्ण कविताका साथै सुन्दर, कोमल र प्रयोगात्मक छन् भनेर विश्लेषण गरेका छन् । यिनका कविताले परम्पराको विरोध र विमति जनाएका छन् । कविताहरू केही दृश्यात्मक पनि छन् र ती कवितालाई खतरनाक कवितासमेत भनिएको पाइन्छ भनेर भट्टराईले विश्लेषण गरेका छन् ।

यस कविता खण्डको अन्तिम शीर्षक हो *सुन्दरताको केवल अनुभूति हुन्छ । यस शीर्षकमा* गीता काकीको **मलाई अँध्यारो मन पर्छ** कवितासङ्ग्रहको व्याख्या-विश्लेषण गरिएको छ । यिनका अधिकांश कविताहरू कालातीत शाश्वत सत्यहरूको कोमल, सुन्दर निजात्मक अभिव्यक्ति हुन् । यिनले कवितामा अव्यक्त प्रेम, माया, मातृत्व, देशभक्ति, सम्झना, क्षयबोध र वर्तमानको भयचित्रलाई प्रस्तुत गरेकी छिन् । यिनका कविता कलात्मक दृष्टिले बेजोड रहेको छन् भन्दै यिनी नारी लेखनका मानकस्तम्भ हुन् भन्ने विश्लेषण भट्टराईले गरेका छन् ।

**(ख) नाटक खण्ड**

नाटक खण्डमा पाँचवटा लेखहरू रहेका छन् । ती लेखहरूको विषयवस्तु यस प्रकार रहेको छ :

नाटक खण्डभित्र *ब्रेख्तको काव्यनाटक : एक परिचय* शीर्षकमा विश्वप्रसिद्ध नाटककार ब्रेख्तबारे पहिलो चर्चा छ । महानाटकको प्रारम्भ गरेर आधुनिक नाटकमा उनले कसरी नयाँ लहर ल्याए भन्नेकुरालाई यो लेखमा भट्टराईले चर्चा गरेका छन् । ब्रेख्तले प्रस्तावित गरेको काव्यनाटक र परम्परागत नाटकमा ठूलो अन्तर रहेको छ भन्दै भट्टराईले काव्यनाटक र परम्परित नाटकका प्रस्तुतिको अन्तरलाई स्पष्ट पारेका छन् । यस्तो काव्यनाटको उदाहरणका रूपमा **सेचुआँको असल मान्छे** नाटकलाई विश्लेषण गर्दै ब्रेख्तको

यो नाटकको विषयवस्तु मानवले भोगेको एउटा दृष्टान्त कथा रहेको छ । यसमा सङ्गीत, हास्यात्मकता, राजनीति र चिन्तन सबै मिश्रित छ । यो नाटकसिद्धान्त संसारभरि फैलिइसकेको छ । यस सिद्धान्तलाई ब्रेख्तीय सिद्धान्त पनि भनिन्छ भन्दै काव्यनाटक हाम्रो समयलाई बदल्ने प्रयास हो भनेर भट्टराईले विश्लेषण गरेका छन् ।

*नेपाली वाङ्मयमा चेखव : एक शताब्दीपछिको महायात्रा* शीर्षकमा भट्टराईले अर्का विदेशी नाटककार चेखोव बारे स्पष्ट पारेका छन् । नवीनताले युक्त हल्का हास्यले भरिएको शैलीमा उनले सिर्जना गरेका नाटकले उनलाई रसियाली लेखकका रूपमा स्थापित गराएको छ । यिनको प्रविधि प्रभाववाद हो । उनी आफ्ना प्रत्येक कर्ममा सांसारिक सफलतालाई आत्माको क्षयसँग तुलना गर्दछन् । यिनका नाटकका प्रमुख पात्रहरू अत्यन्तै बलशाली, अविजेय शक्तिसँग लड्ने, तिनीहरूकै कृपाले बाँचेका संवेदनशील व्यक्तिहरू हुन्छन् । उनका नाटकका घटनाले उन्नाइसौँ शताब्दीका अन्त्यको मध्यमवर्गीय चरित्र देखाए पनि ती कृतिमा कालजयी शक्ति रहेको हुन्छ । तिनीहरूमा मानिसजातिको लघुता र असहायपन पाइन्छ भन्ने कुरा स्पष्ट पार्दै भट्टराईले चेखोब इब्सेनपछिका समस्यानाटकहरूमध्ये सर्वोकृष्ट नाटककारका रूपमा स्थापित भएका छन् भनेर भनेका छन् ।

*झम्टिन ढुकिरहेको* ***उताको बाघ*** शीर्षकमा तेस्रा नाटककारका रूपमा मोहनराज शर्माको **उताको बाघ** एकाङ्कीसङ्ग्रहको चर्चा भट्टराईले गरेका छन् । यसमा जम्मा एघारवटा एकाङ्की सङ्गृहीत भएका छन् भन्दै ती एकाङ्कीको प्रकाशन वर्ष र स्रोतसमेत दिइएको छ । यी एकाङ्कीभित्र प्रयोग प्रधानता, बहुविकल्पी अर्थको प्रावधान, स्वैरकल्पनाको प्रयोग, परम्परित रङगमञ्चको तोडफोड, व्यङ्ग्यको सघन प्रयोग, विनिर्माणिक प्रक्रियाजस्ता विशेषता रहेका छन् भनेर भट्टराईले यस कृतिका विशेषताहरूको चर्चा गरेका छन् ।

*आदिम दुःखको अनुत्तरित प्रश्न :* ***अग्निको कथा*** शीर्षकमा अर्का नाटककार अभि सुवेदीको **अग्निको कथा**को समीक्षा छ । यो नाटक पठनीय र मञ्चनीय दुवै गुणले युक्त छ भनेर भट्टराईले विश्लेषण गरेका छन् । यो वैचारिक एवम् शक्तिशाली नेपाली काव्यनाटक हो । अपरम्परित वैचारिकता वा दार्शनिकता र काव्यात्मकताका कारणले यो सिर्जना अद्वितीय ठहरिएको भन्दै दिक्काललाई विश्वसँग जोड्ने अहिलेको अन्तिम काव्यनाटक हो भनेर भट्टराईले विश्लेषण गरेका छन् । यस नाटकका खास विशेषताचाहिँ कवितात्मकता, नवीनता, समसामयिकता, वैचारिकता र दार्शनिकता हुन् भनिएको छ ।

***जुत्तासँगै*** *अधुरा सपना छोडिजानेलाई* शीर्षकमा नाटककार शिव अधिकारीको **जुत्ता** नाटकसङ्ग्रहको विश्लेषण भट्टराईले गरेका छन् । शिव अधिकारी तीक्ष्ण तर्कवादी, अत्यन्तै मौलिक र आडम्बर नरुचाउने, लेखनशक्तिमा ठूलो शक्ति भएका व्यक्ति हुन् । उनीद्वारा रचना गरिएको यस सङ्ग्रहमा भएका नाटकहरू मञ्चनीय छन् । नाटकका पात्रहरू सामान्य निम्नकोटिका यथार्थ र हाम्रै परिवेशका छन् । यस सङ्ग्रहले पारिवारिक सम्बन्ध, सामाजिक परिस्थिति आदि बदलिएको र राजनीतिको भ्रष्टताले निराश भएका उपायहीनहरूलाई प्रस्तुत गरेको छ । यसका पात्रहरू उत्तरआधुनिक विशेषताले मुक्त छन् किनभने ती सबै एन्टिफाउन्डेसनल छन् । नाटकका शीर्षकहरू प्रतीकात्मक छन् । सांस्कृतिक विचलनको कारण उत्पन्न भएको मूल्यहीनता नै नाटकको मूल सार हो भनेर भट्टराईले विश्लेषण गरेका छन् ।

**(ग) निबन्ध खण्ड**

यस खण्डभित्र पाँचवटा लेखहरू रहेका छन् । ती लेखहरूको विषयवस्तु निम्नलिखित रूपमा रहेको छ :

*निबन्धभित्र* शीर्षकमा *यस्तो एउटा राँको जो सधैँ बलिरहनेछ* शीर्षकमा पहिलो निबन्धकारमा कृष्णचन्द्रसिंह प्रधान र उनको हालै प्रकाशित **समय सुनामी** निबन्धसङ्ग्रहको चर्चा रहेको छ । तीन वर्षभित्र लिखित तथा प्रकाशित निबन्धहरूमध्येमा यी निबन्धको पहिलो शक्ति हो सामयिकता । राष्ट्रिय चोटबाट अथवा विसङ्गति र व्यथाबाट भस्केर लेख्ने व्यक्ति भएकाले यी सबै निबन्धमा वर्तमान नेपालले देखेभागेका मर्मको उद्घाटन गरिएको छ । यो कृति सामयिकता, विषयवस्तुको ताजापन र राष्ट्रिय कष्ट एवम् पीडाको दस्तावेजका रूपमा रहेको छ भन्दै भट्टराईले विश्लेषण गरेका छन् । विषयवस्तुको ताजापन, भाषा परिस्कृत, राष्ट्रको चिन्ता व्यक्त भएको विषयवस्तु, राष्ट्रिय चरित्रका अँध्यारा पक्षको उद्घाटन आदि गरिएको छ भनेर चर्चा गरिएको छ । यिनका निबन्ध चिन्तनका गहिरा दह हुन् । यी निबन्धहरूले साहसपूर्ण अन्तिम सत्यको खोजीमा कम्मर कसेर लाग्नु पर्ने सन्देश दिएका छन् भनेर निबन्धको उद्देश्यलाई पनि स्पष्ट पारिएको छ । ओजपूर्ण गद्यशैलीले कवितात्मक रूप लिएको छ । छोटाछोटा वाक्य, शक्तिशाली भाषाशैली, दार्शनिक चिन्तन र कवितात्मक प्रस्तुतीकरणको राम्रो नमुना बनेको छ । यस दशकका निबन्धमा युद्धको गर्जन र विनाशको भयले ढाकेको, मान्छेको आस्था भत्केर ढलेको, प्रजातन्त्रको उपहास गरिरहने जोकरहरू निर्लज्ज भएर नाचिरहेको पृष्ठभूमि भएको यो पहिलो निबन्धसङग्रह हो भनेर भट्टराईले यसलाई लेखकको 'डिस्टर्ब्ड' मानसिकताको प्रस्तुति भनेका छन् ।

*देश चुटिएको नीलडाम हेरेर* शीर्षकमा भट्टराईले अर्का निबन्धकार युवराज नयाँघरेको **नीलडाम** निबन्धसङ्ग्रहको चर्चा गरेका छन् । यस सङ्ग्रहमा समसामयिक चिन्ताले युक्त आत्मपरक शैलीका २४ वटा निबन्धहरू रहेको छन् भन्दै भट्टराईले यस सङ्ग्रहको परिचय दिएका छन् । विषयवस्तुको प्रस्तुतीकरण र समग्र प्रभावका दृष्टिकोणले यी निबन्ध अत्यन्तै खारिला, चोटिला, र उत्कृष्ट दर्जाका छन् । यस सङ्ग्रहका सबै निबन्धहरूमा समयको छाप रहेको छ । निबन्धहरूले टेक्नोकल्चरले नागर सभ्यताभित्र पसेर मानिसलाई चुस्न थालेको विकराल रूप प्रस्तुत गरेका छन् । देशका विषयका चिन्ता, विकृत राजनीतिका चिन्ता, सडिएको संस्कारले कहिल्यै नछाडेका चर्चा प्रस्तुत निबन्धहरूमा गरिएको छ भनेर भट्टराईले औँल्याएका छन् । यसमा उत्कृष्ट, चोटिला, ताजासमयको छाप बोकेका, सीमान्त जीवनको चित्र उतार्ने खालका निबन्धहरू रहेका छन् भन्ने भट्टराईको विश्लेषण छ । भट्टराईले यसलाई निबन्ध विधाको एक विशेष र सफल नमुनासमेत मानेका छन् । उनले नयाँघरेको सबभन्दा ठूलो पहिचान उनको गद्यशैली रहेको र शैली काव्यात्मक छ भनेका छन् । मौलिकता, गेयात्मकता, काव्यात्मक सुन्दरता बोकेको एक कविताजस्तो, नेपाली माटोको सुवास चलाउने क्षमता, सरल र सुसङ्गतिपूर्ण ग्राम्य जीवनमा निश्चल, निष्कपट, कुरा आज हराएको छ भनेर देखाउनु नै प्रस्तुत निबन्धसङ्ग्रहले बोकेका विशेषताहरू हुन् भनेर भट्टराईले स्पष्ट पारेका छन् ।

***मृत्यु उत्सव**को विषयमा सङ्क्षिप्त टिप्पणी शीर्षकमा* भट्टराईले अर्का निबन्धकार ज्ञानेन्द्र विवशको **मृत्यु उत्सव**को विश्लेषण गरेका छन् । यस सङ्ग्रहभित्र २४ वटा निबन्धहरू रहेका छन् । यी निबन्धहरूमा देशको भयावह परिस्थिति र मृत्यु उत्सवमा मानिसहरू उत्रिएकाले तिनीहरू संवेदनाशून्य जीवनलाई निरर्थक मान्ने परिस्थितिलाई देखाएका छन् । गाउँको सुन्दर अतीत र ध्वस्त वर्तमानलाई पनि यिनका निबन्धले देखाएका छन् । केही निबन्धमा अतीतप्रेम, ग्राम्य पीडा र सुसङ्गति लोप भएका निराशाका चित्र कोरिएका छन् । शैली निजी छ । सरलता र स्पष्टता यिनको शैलीगत विशेषता हो । पहाडका प्रतिध्वनि र काठमाडौँको कोलाहलपूर्ण वातावरणलाई यिनका निबन्धहरूले

देखाएका छन् । यिनका निबन्धहरू निजात्मक, समसामयिक, चिन्तनपरक र सबल छन् भनेर भट्टराईले यस लेखमा विश्लेषण गरेका छन् ।

*युद्ध साहित्यमा एक नौलो उपहार **गृहयुद्धका पीडा*** शीर्षकमा भट्टराईले निबन्धकार विश्वासदीप तिगेलाको **गृहयुद्धका पीडा** निबन्धसङ्ग्रहको विश्लेषण गरेका छन् । यो कृति नेपाली युद्ध साहित्यको जीवन्त चित्रले गरिएको सिर्जना हो । लेखक स्वयम्ले देखको, भोगको र अनुभव गरेको एउटा दस्तावेज हो । युद्ध साहित्य बोकेको यो पहिलो निबन्धसङ्ग्रह हो भनेर भट्टराईले भनेका छन् । यसले वर्तमान जगत्को त्रासद यथार्थलाई प्रस्तुत गरेको छ । यसले निबन्धका क्षेत्रमा एउटा आधुनिक मोड ल्याएको छ किनभने युद्धचित्रको वर्णन गर्ने, ध्वस्त भएका ठाउँको चित्र उतार्ने प्रथम युद्ध निबन्ध नेपाली साहित्याकाशमा भित्रिएको नौलो प्रयोग हो भनेर भट्टराईले भनेका छन् ।

**(घ) उपन्यास खण्ड**

उपन्यास खण्डभित्र तीनजना लेखकका चारवटा कृतिहरू छन् । एकैजना उपन्यासकार ध्रुवचन्द्र गौतमका **फूलको आतङक** र **जेलिएको** परेकाले त्यसो भएको हो । उपन्यास खण्डमा भएका शीर्षकहरूको विषयवस्तु यस प्रकार रहेको छ :

***फूलको आतङ्क**को निरुपण* शीर्षकमा भट्टराईले ध्रुवचन्द्र गौतमको **फूलको आतङ्क** उपन्यास एकसय वर्ष लामो नेपाली उपन्यासको क्षेत्रमा अपरम्परित आविष्कार भएको प्रमाणित गरेका छन् । यस लेखनले हाम्रो जीवनदर्शन बदलिएको कुराको सङ्केत गरिएको छ । उनको **फूलको आतङ्क**मा अर्डर इन् डिस्अर्डर पाइन्छ । संरचनामा यसको अपरम्परिता र नवीनता छक्क पर्ने खालको देखिन्छ । यसमा प्यालिस आर्टको प्रयोग छ । उपन्यासले परिवर्तित जीवन दर्शन, पात्र, कथानक, संरचना सबैको असङ्गतिले उपन्यास निर्माण, भाषा, विचार र संरचनाको अद्वितीय नमुना भएको उपन्यास हो भनेर भट्टराईले विश्लेषण गरेका छन् ।

*केन्द्रभञ्जनको एउटा नमुना **जेलिएको** उपन्यास* शीर्षकमा भट्टराईले ध्रुवचन्द्र गौतमको **जेलिएको** उपन्यासको व्याख्या-विश्लेषण गरेका छन् । कल्पना र यथार्थताको विचित्र प्रयोग भएको यो उपन्यासमा स्वैरकाल्पनिकतालाई आख्यानीकरण गरेर लेखिएको छ । यसमा यथार्थभन्दा पनि त्यसको सम्पूर्ण चित्र हाम्रो सामु आउँछ । यसले जङ्गली अवस्थादेखि प्रकृतिसँग भिड्दै आएको दुःखी मानिसलाई प्रस्तुत गरेको छ भने परोक्ष रूपले उत्तरआधुनिकतातिर उसको सङ्घर्षयात्रालाई प्रस्तुत गरेको छ । यसमा वस्तु वा घटनाको स्वरूप छुट्टिदैन । लेखनप्रक्रिया पनि मिश्रित छ । यो कृति दुईजना लेखकद्वय ध्रुवचन्द्र गौतम र राम उपाध्याय मिलेर लेखिएको हो । यस उपन्यासमा प्रयोगको निरन्तरता, भाषा र विचित्रको शैली आदि नवीन प्रयोगहरू छन् भन्ने कुरा भट्टराईले औंल्याएका छन् ।

*नेपाली उपन्यासमा एउटा प्रयोग **सर्वजा*** शीर्षकमा भट्टराईले अर्का उपन्यासकार तेराखको **सर्वजा** उपन्यासको विश्लेषण गरेका छन् । यस उपन्यासको पृष्ठभूमिमा नवीनता, प्रस्तुतिकरणमा टेक्निक, पात्रको चारित्रीकरणमा नवीनता, शैलीमा नयाँपन देखिन्छ भन्दै भट्टराईले पात्र, कथानक, विषयवस्तु, परिवेश, शैली र सन्देश उपशीर्षकमा यस उपन्यासको व्याख्या-विश्लेषण गरेका छन् । यसले मोफसलबाट प्रयोगलाई केन्द्रमा पठाउने काम गरेको छ एवम् नारीको प्रधानता, महानता र सर्वव्यापकताको महत्त्व स्थापित भएको छ भनेर भट्टराईले विश्लेषण गरेका छन् ।

यस खण्डको अन्तिम लेख *नेपाली उपन्यासको नयाँ बिसौनी : **पल्पसा क्याफे*** शीर्षकमा चर्चित उपन्यासकार नारायण वाग्ले र उनको **पल्पसा क्याफे**को चर्चा छ । यस

उपन्यासको संरचना, पात्र, स्थान, भाषाशैली, कला, अप्रबासी चेतना, युद्ध र प्रेम, त्रासदीको कथा आदि दृष्टिकोणबाट उपन्यासलाई चर्चा गर्दै यस उपन्यासको विश्लेषणको आधार अनेक पत्र भएर लुकेका छन् । यो उपन्यास प्रेमकथाजस्तो भएर बाटिँदै जान्छ, युद्धकथा भएर मडारिँदै जान्छ र युवापुस्ताको सोच र शैलीको मुखपत्रजस्तै भएर प्रस्तुत भएको छ भनेर भट्टराईले भनेका छन् । नेपाली भाषाको अत्यन्तै सुन्दर, सरल भइकन पनि परिस्कृत बोलीमा उत्कृष्ट साहित्यिक सङ्कथन कसरी निर्माण गर्न सकिन्छ भन्ने तथ्यको उदाहरण यस उपन्यासले प्रस्तुत गरेको छ भनेर भट्टराईले चर्चा गरेका छन् । सर्वव्यापी बनाएको भाषा, बोली, खानपिन, सोच र संस्कृति देखाउँछ भने आजको साहित्य, सङ्गीत, कला, खेल सबैकुरालाई मिडियाले बोकेर चारैतिर पुऱ्याउँछ र संसारकै नयाँ पुस्ताको सोच एवम् शैली उस्तै र अर्कै भएको छ भन्ने तथ्यलाई भट्टराईले व्याख्या गरेका छन् र अन्त्यमा यो उपन्यास जनयुद्धको टड्कारो आवाज आउने प्रथम उपन्यास हो भनेर पनि भनेका छन् ।

**(ङ) कथा खण्ड**

कथा खण्डमा तीनवटा लेखहरू रहेका छन् । यी लेखहरूको विषयवस्तु यस प्रकार रहेको छ :

*ध्रुव सापकोटाको **अन्धकार**भित्र प्रवेश* शीर्षकमा भट्टराईले ध्रुव सापकोटाको **अन्धकार** कथासङ्हको चर्चा गरेका छन् । तेईसवटा छोटा कथा भएको उक्त सङ्ग्रहका कथाहरूमा अधिकांश पुरुष पात्रहरू रहेका छन् । घटना सहरभित्र घटेका र घट्नसक्ने खालका छन् । बदलिँदो परिस्थितिको टड्कारो चित्र यसभित्रका कथामा रहेको छ । यस सङ्ग्रहका कथाभित्र नरनारीबीचको सम्बन्धका, प्रेमका, विछोडका, व्यक्तिगत जीवनका, पारिवारिक जीवनका, मनोवैज्ञानिक, समाजिक र राजनीतिक अनि कर्मचारीतन्त्रीय परिवेशका कथाहरू रहेका छन् भन्दै भट्टराईले कहाँलिदो परिस्थितिको चित्र, गाउँको भय भोग्दै सहर पसेको दृश्य, शैली र संरचनामा निखार, कथाहरू सरल, सुन्दर र ताजा छन् भनेर विश्लेषण गरेको छन् ।

*अस्तित्वको खोजीमा टुङ्गिएको **आत्महन्ता*** शीर्षकमा भट्टराईले ९४ पृष्ठको आकार लिएर आउने नारायण ढकालको **आत्महन्ता**बारेको सङ्क्षिप्त चर्चा गरेका छन् । यसले उच्चकोटिको समसामयिक चिन्तन र त्यसअनुरूपको डिस्कोर्स प्रस्तुत गर्दछ । रचनामा नवीनता, सुन्दरप्रयोग, कथा र संस्मरणको दोसाध, यथार्थिक पात्र, यथार्थिक घटना, काल्पनिकता आदि यसभित्रका कथामा पाइने विशेषता हुन् । यस भित्रका कथाहरूमा केही नौलो प्रयोग, मनोविज्ञान, अस्तित्ववादी चिन्तन, राजनैतिक समसामयिकता, वर्तमान समयको द्वन्द्व र युद्ध आदि विशेषतालाई भट्टराईले देखाएका छन् ।

*निस्पट्ट अँध्यारामा टाँगिएका दुःखका दृश्यहरू* शीर्षकमा महेशविक्रम शाहको **अफ्रिकन अमिगो**को विश्लेषण छ । वर्तमान समयको गाउँको यथार्थलाई कथाका माध्यमबाट प्रतिबिम्बित गर्ने शाहको कथालखनको विशेषता हो भन्दै उनले विकराल स्थितिबाट गुज्रिरहेको देशको बारेमा पनि कथा लेखेका छन् भनेर भट्टराईले भनेका छन् । शाहका कथाहरू अत्यन्तै आकर्षक, दुरुस्त एवम् भयावह दुःख, पीडा र दर्द, सम्भाव्य खतरा र सङ्कटलाई देखाउन समर्थ छन् । शाहले व्यक्तिगत जीवनका आरोहअवरोहलाई भन्दा राष्ट्रको पीडालाई देखाएका छन् । उनका कथामा पश्चिमाञ्चलको दुर्दान्त कथा, पहाडी परिवेशका दःख कष्ट अभावको स्थानिक चित्रण गरिएको छ भनेर भट्टराईले विश्लेषण गरेका छन् ।

यसरी भट्टराईले उपर्युक्त विभिन्न विधाका आधुनिक कवि, उपन्यासकार, निबन्धकार र कथाकारहरूका कृति तथा रचनाहरूमा उत्तरआधुनिकताको छाप रहेको कुरा यो दोस्रो विधाखण्डमार्फत् प्रस्तुत गरेको कुरा छर्लङ्गिन्छ ।

**(च) भाषा खण्ड**

यस खण्डमा एक मात्र लेख निम्नलिखित शीर्षकमा रहेको छ :

*इलेक्ट्रोनिक युगको सङ्घारमा सम्पन्न एक महान कार्य* शीर्षकमा भट्टराईले **प्रयोगात्मक नेपाली शब्दकोश**को बारेमा छोटो चर्चा गरेका छन् । धेरै प्रकारका कोशको प्रकाशनले आजको भाषा समृद्धतिर जाँदैछ । प्रत्येक कोश उद्देश्य, प्रकृति, सीमाले भिन्न हुन्छन् । नेपाली वाङ्मयको कुरा गर्नुपर्दा एकसयभन्दा बढी कोशहरू निर्मित भएका छन् । यसै मध्ये करिब सातदशक लामो शब्दकोशको इतिहासमा डा. हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराईको ***प्रयोगात्मक नेपाली शब्दकोश*** सबैभन्दा नौलो र नेपाली शब्दकोश निर्माणमा भएका निरन्तर विकासको अन्तिम महत्त्वपूर्ण कोश हो । यसमा समसामायिकता, प्रयोग, उच्चारण, एकरूपता, र मानकीरणलाई विशेष ध्यान दिइएको छ भनेर भट्टराईले भनेका छन् ।

## ३. भाषाशैलीय विन्यास

गोविन्दराज भट्टराईले **उत्तरआधुनिक ऐना** कृतिमार्फत् पाश्चात्य साहित्यका विचार, चिन्तन र सिद्धान्तलाई दर्साएका छन् । यस कृतिमा प्रयुक्त भाषामा सरलता र स्पष्टता भएकाले कठिन एवम् जटिल कुरा बुझ्न गाह्रो पर्दैन । यसमा सिद्धान्त र प्रयोग दुवैलाई एकै ठाउँमा राखिएकाले पाठकलाई दुवै जोडेर हेर्दा धेरै कुरा स्वतः ज्ञान हुन्छ । यस कृतिका माध्यमबाट परम्परित समालोचनाका विरुद्ध एउटा शक्तिशाली र प्रभावकारी रूपमा उत्तरआधुनिक समालोचनालाई चिनाउने प्रयास हो । यसमा आत्मपरक शैली अँगालिएको छ । यस कृतिमा प्रयुक्त अधिकांश समालोचनात्मक लेखहरूको प्रारम्भ गर्दा लेखकले प्रथम पुरुषीय शैलीमा समालोचना लेख्नुको कारण उल्लेख गरेका छन् । जस्तै : *जीवन आचार्यको अवशानपश्चात् मैले 'अब हामी कदापि साथसाथ हिँड्ने छैनौं' शीर्षक सम्झना लेख २०४६ को साहित्यिक पत्रिका त्रिरत्नमा छपाएँ । त्यहाँ हेर्दै जाँदा शिव अधिकारी यसरी आउँछन्* (पृ. २२७) । यसरी प्रथमपुरुष शैलीमा अभिव्यक्त भएका यस्ता कुराहरूले यो समालोचनात्मक कृतिको भाषामा निबन्धात्मक आत्मपरक शैलीको प्रभाव परेको देखिन्छ । समालोचनात्मक लेखको बीचबीचमा उल्लेखनीय गर्नु नपर्ने गफजस्ता कुराहरू पनि भट्टराइले राखेका छन् । जस्तै : *विस्तारै समय निकालेर जुत्ता दोहोऱ्याइ, तेहऱ्याइ पढें, अन्डरलाइन गरें, लेखें, टाइप गराएँ र त्यो देखाएर छलफल गर्न उनलाई घरैमा बोलाएँ । असोज २८ गते दिउँसो शिव अधिकारी मेरो घरैमा आए । मलाई आफ्ना कृति* ***पुँश्चली र हिमालको हालचाल*** *उपहार ल्याइदिए (पृ. २२८)* यस्तो अभिव्यक्ति समालोचनाको भाषामा पक्कै नपर्ने कुरा हो । यस्ता कथनले उनको यो कृतिको भाषामा केही कसरमसर रहेको देखिन्छ । यस कृतिमा भएका समालोचनाको अध्ययनले उनी प्रभाववादी र सैद्धान्तिक समालोचकका रूपमा उभिएका देखिन्छन् ।

समग्रमा भन्नुपर्दा यस कृतिमा रहेका विश्लेषणात्मक लेखहरूले यो कृति अत्यन्त रोचक र उत्कृष्ट बन्न पुगेको देखिन्छ । विश्वसाहित्यको दृष्टिबाट वर्तमान नेपाली साहित्यमा देखिएका नयाँ प्रवृत्तिलाई ध्यानमा राखी उनले उत्तरआधुनिक चरित्रको स्पष्ट व्याख्या यसमा गरेका छन् । गोविन्दराज भट्टराईको यो कृति आधुनिक नेपाली समालोचनाका क्षेत्रमा नौलो, सार्थक, गहन र दूरगामी प्रभाव जमाउने रचना हो । यसको विस्तारमा

लेखकको अथक प्रयास, परिश्रम, बौद्धिकचेतना र विश्लेषणात्मक क्षमता एवम् मूल्याङ्कन योग्यता राम्ररी प्रतिविम्बित भएको छ । कृतिमा प्रयुक्त भाषा विश्लेषणात्मक रहेको छ । हरेक कृतिलाई उदाहरणका रूपमा पेस गर्दै ती कृतिमा भएका यथावत् पक्षहरूलाई उनले केलाएका छन् ।

## ७.६ निष्कर्ष

पाश्चात्य, आधुनिक र उत्तरआधुनिक समालोचना सिद्धान्तको गहिरो अध्ययन र ज्ञानले नेपाली समालोचनालाई अपरम्परित, असम्पृक्त र नवीन बनाउने कार्यमा समर्पित भएर लाग्ने भट्टराई नेपाली समालोचनाका क्षेत्रमा प्रभाववादी एवम् सैद्धान्तिक समालोचकका रूपमा पनि स्थापित भएका देखिन्छन् । हालसम्ममा उनका **काव्यिक आन्दोलनको परिचय** (२०३९), **पश्चिमी बलेँसीका बाछिटा** (२०६१), **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** (२०६१) र **उत्तरआधुनिक ऐना** (२०६२) चारवटा समालोचनात्मक कृति प्रकाशित भएका छन् । यी समालोचनात्मक कृतिहरूले गोविन्दराज भट्टराईलाई एक उत्तरआधुनिकतावादी समालोचकका रूपमा समालोचनाको इतिहासमा स्थापित गराएका छन् । कतिपय समालोचात्मक लेखहरूमा भट्टराईले प्रथम पुरुषीय वाक्यहरूको भाषाप्रयोग गरेकाले उनको निबन्धात्मक भाषाको रन्को समालोचनात्मक भाषामा पनि परेको देखिन्छ । समालोचना गर्दा सिद्धान्त र प्रयोगलाई एकै ठाउँमा राखेर विश्लेषण गरेकाले पाठकलाई विषयप्रति बुझ्न त्यति गारो पर्दैन । वर्तमानमा भट्टराई उत्तरआधुनिकवादी चिन्तनलाई चिनाउनका लागि हरसमय प्रयत्नशील रहेका छन् । समग्रमा भन्नुपर्दा सरल भाषामा पाश्चात्य साहित्य एवम् सिद्धान्तलाई नेपाली साहित्यमा चिनाउनु नै उनको समालोचनाको विशेषता हो ।

# आठौँ परिच्छेद

# उपसंहार

**पहिलो परिच्छेद**अन्तर्गत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखासम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद**अन्तर्गत गोविन्दराज भट्टराईको जीवनी पक्षबारे चर्चा गरिएको छ । गोविन्दराज भट्टराईको जन्म वि. सं. २०१० साउन १० गते पाँचथर जिल्लाअन्तर्गत फलैँचा गा. वि. स. मा भएको हो । बाबु टेकनाथ र आमा मन्दोदरा भट्टराईका सातभाइ छोरामध्ये यिनी साहिँला छोरा हुन् । यिनको बाल्यकाल जन्मस्थान पाँचथरको फलैचा, च्याङ्थापु र फेवाखोलाका विभिन्न स्थानहरूको वातावरणसँग खेल्दै बितेको देखिन्छ । पौडी खेल्नु, ऐँसेलु खानु, उफ्री खेल्नुजस्ता रमाइला खेल खेल्दै र घरपरिवारका काम गर्दै उनले बाल्यकाल बिताएका थिए । गोविन्दराज भट्टराईले अक्षराम्भदेखि सामान्य लेखपढ आफ्ना हजुरबा शिवनिधि भट्टराईबाट गरेका थिए । हजुरबाबाट बारखरी सिकेपछि घरनजिकैको गढीस्थित हरिमिडिल स्कुलबाट सातसम्मको अध्ययन गरेका भट्टराईले माध्यमिक तहको शिक्षा झापा घैलाडुब्बास्थित श्री आदर्श मा. वि. बाट गरेका थिए । २०२६ सालमा भट्टराईले द्वितीय श्रेणीमा प्रवेशिका उत्तीर्ण गरेका थिए । २०२८ मा बनारसबाट द्वितीय श्रेणीमा आई. ए. उत्तीर्ण गरे । भट्टराईले त्रिभुवन विश्वविद्यालयबाट २०३१ सालमा द्वितीय श्रेणीमा बी. एड्. र २०३४ सालमा व्यक्तिगत रूपमा द्वितीय श्रेणीमा बी. ए. पनि उत्तीर्ण गरे । उनले २०३७ सालमा त्रिभुवन विश्वविद्यालयबाटै स्नातकोत्तर तह (एम्. एड्. र एम्. ए.) द्वितीय श्रेणीमा उत्तीर्ण गरे । भट्टराईले २०५४ सालमा हैदरावाद विश्वविद्यालयबाट अनुवाद विज्ञानमा विद्यावारिधिको उपाधि हासिल गरे ।

ब्राह्मण कुलमा जन्म भएका गोविन्दराज भट्टराईको पारिवारिक आर्थिकअवस्था केही कमजोर रहेको थियो । बाबुहरू सबै पण्डित भएकाले पण्डित्याइँ र खेतीपातीद्वारा सामान्य जीवन सञ्चालन गर्दै आएका थिए । निम्नमध्यमवर्गीय परिवार भए तापनि भट्टराईको परिवार शैक्षिक रूपले भने सुशिक्षित रहेको थियो । ८ वर्षको उमेरमा हिन्दूसंस्कारअनुसार उपनयन संस्कार गरेका भट्टराईको विवाह २०३८ सालमा धनुकटा निवासी अञ्जना वस्तीसँग भएको थियो । श्रीमान् र श्रीमती दुवै प्राध्यापन पेसामा संलग्न भएकाले भौतिकवस्तु समस्याका रूपमा देखानपरेका भट्टराईको घर हाल कीर्तिपुर नगरपालिका वार्ड नं. २ मा आठ आना जग्गामा निर्मित छ ।

अत्यन्त सरल र मिजासिलो स्वभावका गोविन्दराज भट्टराई त्यत्तिकै इमान्दार, सहयोगी र मिलनसार पनि छन् । सामान्य खाना, साधारण पहिरनमै सन्तुष्ट हुने यिनी साहित्यसिर्जना, चिन्तनमनन र साहित्यिक तथा वैचारिक अध्ययनमा रुचि राख्दछन् । भट्टराई कार्यक्षेत्रका दृष्टिले मुख्यतः शिक्षण-प्राध्यापन र गौणतः प्रशासनिक क्षेत्रमा संलग्न भएका व्यक्ति हुन् । २०२६ सालबाट भुटानको देन्चुखास्थित सरकारी स्कुलबाट शिक्षण कार्यमा

संलग्न भएका यिनले २०२९ सालदेखि सरस्वती नि.मा. वि. मा अध्यापन गराएका थिए । त्यसपछि राधिका मा. वि. उर्लावारीमा अध्यापन गराएका थिए । २०३२ सालमा हिमालय माध्यमिक विद्यालयमा अध्यापन गराएका भट्टराईले केही समय धर्मस्थली माध्यमिक विद्यालय, काठमाडौँमा समेत अध्यापन गराएको देखिन्छ । यसरी अध्यापन गराउँदै आएका भट्टराई २०३८ सालमा त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र अङ्ग्रेजी विभागको उपप्राध्यापक पदमा नियुक्त भए । धनकुटा क्याम्पसमा नियुक्ति पाएका भट्टराईले काजमा दमक क्याम्पसमा एक वर्ष प्राध्यापन गरे भने पुनः धनकुटा क्याम्पसमा २०४७ सालसम्म प्राध्यापन गरेका थिए । त्यसपछि कीर्तिपुरस्थिति त्रिभुवन विश्वविद्यालयमा सरुवा भएका भट्टराई शिक्षाशास्त्र अङ्ग्रेजी विभागको प्राध्यापक भएर कार्य गर्दै आएका छन् । २०२६ सालदेखि शिक्षण पेसामा लागेका भट्टराईले २०५५ सालमा शिक्षाशास्त्रअन्तर्गत अङ्ग्रेजी विभागको प्रशासनिक सेवा पनि समालेका थिए । त्यसैगरी २०५७ सालमा शिक्षाशास्त्रको विभाग भएर पनि कार्य गरे भने भट्टराई वर्तमान समयमा २०६० सालदेखि शिक्षशास्त्रअन्तर्गतको सहायक डीनको उच्च पदमा रही कार्य गर्दै आइरहेका छन् ।

बाल्यकालदेखि नै स्वतन्त्रताका पक्षमा बोल्ने भट्टराई कुनै राजनीतिप्रति संलग्न भएका छैनन् । उनी स्वतन्त्रताप्रेमी व्यक्ति हुन् । अनेक क्षेत्रसँग सम्बन्ध र सरोकार राख्ने बहुआयामिक बौद्धिक व्यक्तित्वका रूपमा यिनको देशका शैक्षिक, प्रशासनिक, सामाजिक, सांस्कृतिक गरी अनेक सङ्घसंस्थाहरूको स्थापना, विकास र प्रवर्द्धनमा ठूलो भूमिका रहेको देखिन्छ । यसै गरी यिनले देशको प्रतिनिधित्व गरी विदेशमा समेत नेपाली बुद्धिजीवी, प्राज्ञ, साहित्यविद्का रूपमा उल्लेखनीय कार्यहरू गरेका छन् । शैक्षिक, प्राज्ञिक तथा अध्ययन-अध्यापनजस्ता विविध उद्देश्यलाई लिएर गोविन्दराज भट्टराईले स्वदेशका विभिन्न ठाउँका अतिरिक्त विदेशमा भारत, अमेरिका, युरोप र पाकिस्तानजस्ता राष्ट्रहरूको भ्रमण गरेका छन् । साहित्यसाधना, सामाजिक कार्य, प्रध्यापन पेसा र प्रशासनिक सेवा भट्टराईका जीवनका मूल कार्यहरू हुन् ।

धर्मलाई परिष्कारका रूपमा मान्नुपर्दछ भन्ने भट्टराई मानवसेवा नै ठूलो धर्म हो भन्दछन् । मानवले स्वतन्त्रपूर्वक बाँच्न पाउनुपर्छ । कसैको दास भएर मानवता गुमाउनु हुन्न । कुनै आशा नगरी कुनै पनि क्षेत्रमा सङ्घर्ष गर्‍यो भने अवश्य सफलता प्राप्त हुन्छ । कर्म गर्दै जानुपर्छ र जीवनमा जेस्ता अप्ठ्यारा आइपर्छन् तिनीहरूको सामना पनि गर्नुपर्दछ भन्ने धारणा भट्टराईको रहेको छ । जीवनलाई सङ्घर्ष, क्रियाशील र परिवर्तनकामी रूपमा हेर्ने भट्टराई बहुप्रतिभा सम्पन्न व्यक्ति हुन् ।

**तेस्रो परिच्छेद**अन्तर्गत गोविन्दराज भट्टराईको व्यक्तित्वको चर्चा गरिएको छ । बाह्य रूपमा मझौला कद, गहुँगोरो वर्ण, सालाखालामा खाइलाग्दो चिटिक्क परेको निकै प्रभावशाली र आकर्षक देखिने उनी शारीरिक रूपले स्वस्थ देखिन्छन् । भट्टराईको स्रष्टा व्यक्तित्व कवि, आख्यानकार र निबन्धकार रूपमा फैलिएको छ भने द्रष्टा व्यक्तित्व समालोचक, अनुवादक भूमिकालेखक र सम्पादकका रूपमा रहेको छ । साहित्येतर व्यक्तित्वअन्तर्गत शिक्षक-प्राध्यापक, प्रशासक, शोधनिर्देशक र समाजसेवक आदिको रूपमा चर्चित रहेको छ ।

**चौथो परिच्छेद**अन्तर्गत गोविन्दराज भट्टराईको साहित्ययात्राको निरुपण गरिएको छ । सर्वप्रथम २०३१ सालमा **गोरखापत्र** पत्रिकाबाट ‘नदीका दुई किनारा’ शीर्षकको कथामार्फत् लेखनयात्रा प्रारम्भ गरेका गोविन्दराज भट्टराईको विधागत परिवर्तन, बौद्धिकता-परिपक्वताका आधारमा पहिलो (२०३१-२०४८) र र दोस्रो (२०४९-आजसम्म) गरी दुई चरण देखा पर्दछन् । पहिलो चरणमा कथा, उपन्यास र निबन्ध र फाटफुट रूपमा समालोचनाजस्ता

साहित्यिक विधामा केन्द्रित भएकाले यो चरण साहित्य सिर्जनाको अवधि र दोस्रो चरणमा समालोचनामा बढी केन्द्रित र केही सिर्जना भएकाले यो चरण समालोचना लेखनको अवधिका रूपमा चर्चित रहेको छ ।

**पाँचौ परिच्छेद**अन्तर्गत गोविन्दराज भट्टराईका आख्यानात्मक कृतिको विश्लेषण गरिएको छ । आख्यानका क्षेत्रबाट नेपाली साहित्यमा सार्वजनिक लेखनयात्रा प्रारम्भ गरेका गोविन्दराज भट्टराईका **मुगलान** (२०३१), **मणिपुरको चिठ्ठी** (२०३४) र **सुकरातका पाइला** (२०६२) उपन्यासहरू प्रकाशित भएका छन् । यथार्थवाद र उत्तरआधुनिक चिन्तनमा केन्द्रित रहेका यी उपन्यासहरूले नेपाली साहित्यमा सामाजिक यथार्थवादी सौन्दर्यचेतनालाई उदाहरणीय रूपमा प्रस्तुत गरेका छन् । भट्टराईले आख्यानका माध्यमबाट नेपालका शैक्षिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक क्षेत्रमा देखिएका विकृति तथा विसङ्गतिलाई छर्लङ्ग्याउन सफल भएका छन् । सिर्जनाप्रतिभा भएका भट्टराईले नेपाली आख्यानसाहित्यमा आफूलाई सामाजिक यथार्थवादी लेखकका रूपमा स्थापित गराउँदै आफ्नो आख्यानकारितालाई वर्तमानसम्म प्रवाहशील, आकर्षक र प्रभावकारी बनाइसकेका छन् । उनको आख्यानको भाषा सरल, सहज र सुबोध रहेको छ ।

**छैटौं परिच्छेद**अर्न्तगत गोविन्दराज भट्टराईका निबन्धात्मक कृतिको विश्लेषण गरिएको छ । २०३४ सालदेखि निबन्धलेखनमा सक्रिय भएका भट्टराईले जीवनमा विभिन्न प्रयोजन लिएर देशबिदेशका विभिन्न स्थानहरूको भ्रमण र आफू प्राध्यापक र प्रशासक भएका समयमा देखेका, सुनेका वा आफूले अनुभव गरेका विषयहरूलाई लिएर लेखिएका उनका निबन्धात्मक कृतिहरू **एक्लै एक्लै एक्लै** (२०६०) र **विश्वविद्यालयमा अग्निपूजा** (२०६१) प्रकाशित भएका छन् । पहिलो कृतिमा बाह्रवटा यात्रासँग सम्बन्धित निबन्धहरू सङ्गृहीत भएका छन् भने दोस्रो निबन्धसङग्रहमा वर्तमान नेपालका राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक आदि क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूलाई तीव्र व्यङ्ग्यको प्रहार गर्दै लेखिएका एक्काईसवटा निबन्धहरू रहेका छन् । भित्र वैचारिक गाम्भीर्यको सागर लहराउने र बाहिर हास्यव्यङ्ग्यको लेपले सतही जमीनजस्ता देखिने उनका निबन्धहरू प्रयोगपरकता र नवीनताले गर्दा उत्कृष्ट रहेका छन् । निबन्धका क्षेत्रमा उनी विशेष गरी यात्रा-निबन्धकारका रूपमा रहेका छन् । आत्मअनुभवमा आधारित उनका निवन्धको भाषा विवरणात्मक र वर्णनात्मक रहेको छ । विषयवस्तुप्रति गम्भीर चिन्तन गरिएका उनका निबन्धमा भाषागत कसरमसर भने कतैकतै रहेको देखिन्छ ।

**सातौं परिच्छेद**अन्तर्गत गोविन्दराज भट्टराईका समालोचनात्मक कृतिको विश्लेषण गरिएको छ । पाश्चात्य, आधुनिक र उत्तरआधुनिक समालोचना सिद्धान्तको गहिरो अध्ययन र ज्ञानले नेपाली समालोचनालाई अपरम्परित, असम्पृक्त र नवीन बनाउने कार्यमा समर्पित भएर लाग्ने भट्टराई नेपाली समालोचनाका क्षेत्रमा प्रभाववादी एवम् सैद्धान्तिक समालोचकका रूपमा पनि स्थापित भएका देखिन्छन् । हालसम्ममा उनका **काव्यिक आन्दोलनको परिचय** (२०३९), **पश्चिमी बलेंसीका बाछिटा** (२०६१), **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** (२०६१) र **उत्तरआधुनिक ऐना** (२०६२) चारवटा समालोचनात्मक कृति प्रकाशित भएका छन् । यी समालोचनात्मक कृतिहरूले गोविन्दराज भट्टराईलाई एक उत्तरआधुनिकतावादी समालोचकका रूपमा समालोचनाको इतिहासमा स्थापित गराएका छन् । कतिपय समालोचात्मक लेखहरूमा भट्टराईले प्रथम पुरुषीय वाक्यहरूको भाषाप्रयोग गरेकाले उनको निबन्धात्मक भाषाको रन्को समालोचनात्मक भाषामा पनि परेको देखिन्छ । समालोचना गर्दा सिद्धान्त र प्रयोगलाई एकै ठाउँमा राखेर विश्लेषण गरेकाले पाठकलाई विषयप्रति बुझ्न त्यति गारो पर्दैन । वर्तमानमा उनी पाश्चात्य साहित्यलाई नेपाली साहित्यमा चिनाउने

कार्यमा हरसमय प्रयत्नशील रहेका छन् । खासगरी वर्तमानमा उत्तरआधुनिक चिन्तनमा उनको समालोचना केन्द्रित रहेको छ । उनी पेसाले अङ्ग्रेजीका प्राध्यापक भएकाले विभिन्न अङ्ग्रेजीका कृतिहरूलाई नेपालीमा र नेपालीका कृतिहरूलाई अङ्ग्रेजीमा अनुवादसमेत गरेका छन् ।

एकातिर पेसाले शैक्षिक प्रशासक; रुचिले भने नेपाली साहित्यमा स्रष्टा र द्रष्टा दुवै विधामा कलम चलाउने भट्टराई रचनात्मक र सिर्जनात्मक कार्यका साथै नेपाली समालोचनालाई आधुनिकता, नवीनता, उत्तरआधुनिकता र प्रयोगपरकताका पथमा डोऱ्याउन करीब साढे तीन दशकदेखि अविच्छिन्न प्रवृत्तरत रहेका देखिन्छन् ।

**आठौँ परिच्छेद**मा यस शोधपत्रको सार प्रस्तुत गरिएको छ । समग्रमा भन्नुपर्दा नेपाली साहित्यका क्षेत्रमा अनुसन्धान, लेखन र शिक्षण-प्राध्यापन गरी जीवनलाई बिताउँदै आएका गोविन्दराज भट्टराई नेपाली साहित्यका एक वरिष्ठ स्रष्टा-द्रष्टा हुन् । विभिन्न क्षेत्रमा देखिएको उनको प्रतिभाले भट्टराई नेपाली साहित्यका एक उच्च सेवी व्यक्तिका रूपमा चिनिँदै आएका छन् । भाषासाहित्यका अतिरिक्त शैक्षिक, प्रशासनिक, प्राज्ञिक तथा सामाजिक क्षेत्रमा देखापरेको उनको उच्चप्रतिभा, सुझबुझपूर्ण कौशल र राष्ट्रवादी चिन्तनले प्रा. डा. गोविन्दराज भट्टराई ख्याति प्राप्त छन् । यिनको जीवनीका विविध घटनाहरू, व्यक्तित्वको उत्कृष्ट क्षमता र कृतित्वको परिवर्तनकारी र विकासकारी भूमिकाले भट्टराई सशक्त साधक, वरिष्ठ प्राज्ञ व्यक्तित्वका रूपमा स्थापित देखिन्छन् । यिनको अथक परिश्रम, निरन्तर साधना र समर्पणकारी भूमिकाद्वारा भट्टराईले नेपाली साहित्यलाई ठूलो योगदान दिएका छन् । अझ विशेष गरी आख्यान, निबन्ध र समालोचना तथा अनुवाद  विषयलाई यिनले आफ्नो कार्यक्षेत्र बनाएका छन् । आधुनिक समालोचना, नेपालको शैक्षिक-प्राज्ञिक र अनुवाद क्षेत्रका उन्नायक, प्रखर देशभक्त र राष्ट्रवादी चिन्तकका रूपमा उनको योगदान विशिष्ट रहँदै आएको छ ।